# पहिलो परिच्छेद

## शोध परिचय

### १.१ विषय परिचय

कैलाली जिल्ला ३२३५ वर्ग कि.मि. क्षेत्रफल भएको जिल्ला हो । यस जिल्लाको बढीजसो भूभाग तराई क्षेत्रमा र केही भूभाग चुरे पहाडी क्षेत्रमा पर्दछ । यस जिल्लामा ४२ गा. वि. स. र २ वटा नगरपालिका रहेका छन् ।

कैलाली जिल्लाको नामकरण सम्बन्धमा विभिन्न मतहरू रहेका छन् । ती मध्ये सबैभन्दा प्रमुख मत यस प्रकार रहेको छ । परापूर्व कालमा कैलाली जिल्लामा काला बन्जाराको राज्य थियो र उनीहरूको सदरमुकाम आजको कैलाली नाम गरेको गाउँमा थियो । त्यस ठाउँलाई पहिले कालापानी भन्ने गरिन्थ्यो । पहिलेको समयमा कसैले अपराध गरेको खण्डमा अपराधीहरूलाई यसै ठाँउमा पठाएर सजाय दिने गरिन्थ्यो । माथि कालापानी नामले बग्ने नदी तल आएर खुटियाको नामले प्रसिद्ध छ । सम्भवतः उपर्युक्त कारणले पनि शब्दको अपभ्रंश हुदै गएर यसको नाम कैलाली रहेको छ ।[१]

कैलाली जिल्लामा आदिवासीको रूपमा थारू जाति प्रमुख रहेको पाइन्छ । थारू जाति धार्मिक लोक संस्कृतिका दृष्टिले अत्यन्तै बलियो रहेको पाइन्छ । यस जिल्लामा डगौंरा, कठरिया र राना थारू गरी तिन थरीका जातिहरूको बसोबास रहेको पाइन्छ भने डगौंरा थारूको बाहुल्य रहेको छ । दाङबाट बसाइ सराइ गरेका डगौंरा थारूमा दाङकै रीति, संस्कार लोककथा प्रचलनमा रहेको छ भने कठरिया र राना थारूमा भारतको उत्तर प्रदेशका रीति संस्कार र चाल चलन रहेको पाइन्छ । यिनीहरूको समाजमा संस्कार अनुरूपकै लोककथा पाइन्छ । यो शोधपत्र डगौंरा थारूको लोककथा अध्ययनमा केन्द्रित रहेको छ । कैलालीका थारू जातिमा लोक आख्यानलाई बट्कोही र खिसा भनिन्छ । बट्कोही थारू लोक जीवनमा प्रचलित मौखिक कथा हो ।

कैलाली जिल्लाका थारू समुदायमा प्रचलनमा रहेका लोककथा थारू जीवनसँग सम्बन्धित रहेको पाइन्छ । थारू जाति खेतीको भरमा गुजारा गर्ने जाति हो र खेती गर्न रुचाउने खेतीपातीको समयमा लोककथा भन्ने सुनाउने प्रवृत्तिले मौखिक श्रुति परम्परामा जीवित लोककथा रहि आएको छ ।

लोक साहित्यका अन्य विधाहरूमा जस्तै लोककथामा पनि लोक जीवनको चित्र आएको हुन्छ । लोककथाहरू प्रायः न्यायको पक्षमा उभिएका पाइन्छन् । सुखान्त हुनु लोककथाको मूलधर्म हो । केही कथाहरू भने दुःखान्त नै हुन्छन् । कैलाली जिल्लाका थारू लोककथामा पनि कुनै सुखान्त र कुनै दुखान्त भएको पाइन्छ ।

लोककथाका विषयहरूको सीमा बाँध्न गाह्रो छ । तिनमा इतिहास, पुराण, धर्म-संस्कृति, समाज, प्रेम, साहसिकता, अलौकिकता आदि विभिन्न कुराहरूले स्थान पाएका हुन्छन् । कतिपय लोककथाका बिचमा लयात्मक स्वर वा श्लोक घुसाउने परम्परा पनि कत्थेकहरूले निर्वाह गर्छन् । आकारका दृष्टिले कुनै लोककथा ज्यादै छोटा पनि हुन्छन् भने कुनै चाँहि व्यक्त हुने क्रममा केही घण्टाको समय लिन सक्छन् । मौखिक परम्पराले गर्दा ठाँउ-ठाँउमा एउटै लोककथाका अनेक पाठ-भेदहरू फेला पर्नु कुनै अनौठो कुरा मानिदैन । लोककथाको अध्ययन सङ्कलनलाई हेर्दा कैलाली जिल्लामा प्रचलित थारू लोककथाहरूको अध्ययन कार्य भएको देखिदैन । त्यसैले कैलाली जिल्लामा प्रचलित थारू लोककथाहरूको सङ्कलन र अध्ययन शीर्षक छनौट गरिएको हो ।

---

[१] शाखा तथ्याङ्क कार्यालय, **कैलाली जिल्लाको वस्तुगत विवरण,** (कञ्चनपुर : शाखा तथ्याङ्क कार्यालय,२०६३), पृ.१ ।

## १.२ समस्या कथन

कैलाली जिल्लाका प्रचलित थारू लोककथामा स्थानीय जन जीवनका धर्म, संस्कृतिका साथै समाजका विभिन्न पक्षहरू समेटिएका छन् तर तिनका बारेमा समग्र रूपमा प्रस्तुत अनुसन्धान निम्नलिखित समस्याहरूमा केन्द्रित रही सम्पन्न गरिएको छ :-

क) कैलाली जिल्लाका थारू समुदायमा प्रचलित थारू लोक जीवनमा के कस्ता लोककथाहरू रहेका छन् ?

ख) कैलाली जिल्लामा प्रचलित थारू लोककथालाई के कसरी वर्गीकरण गर्न सकिन्छ ?

ग) कैलाली जिल्लामा प्रचलित थारू लोककथाहरू कथा तत्त्वका दृष्टिले के कस्ता रहेका छन् ?

## १.३ शोधको उद्देश्य

कैलाली जिल्लामा प्रचलित थारू लोककथाको विभिन्न पक्षहरूलाई सुव्यवस्थित अध्ययन गर्नु प्रस्तुत शोध पत्रको मूल उद्देश्य हो तसर्थ प्रस्तुत अध्ययनका निम्नलिखित उद्देश्यहरू रहेका छन् :–

(क) कैलाली जिल्लाका थारू लोककथाहरूको सङ्कलन गर्ने ।

(ख) कैलाली जिल्लामा प्रचलित रहेका थारू लोककथाहरूको विभिन्न आधारमा वर्गीकरण गर्ने ।

(ग) सङ्कलित लोककथाहरूलाई कथातत्त्वका आधारमा विश्लेषण गर्ने ।

## १.४ पूर्वकार्यको समीक्षा

कैलाली जिल्लामा केन्द्रित भई थारू लोककथाका बारेमा हालसम्म विस्तृत अध्ययन हुन नसके पनि यस सम्बन्धमा केही पुस्तक तथा पत्रिकाहरूमा सामान्य चर्चा भएको पाइन्छ । यस शोधपत्रमा त्यस्ता पुस्तक तथा पत्र पत्रिकामा प्रकाशित लेख रचनाहरूलाई पूर्वकार्यको समीक्षाका रूपमा समयक्रमानुसार यस प्रकार प्रस्तुत गर्न सकिन्छ :–

जीवेन्द्र देव गिरीले **लोकसाहित्यको अवलोकन** (२०५७) मा थारू लोक साहित्यको केही चर्चा गरेका छन् । उनले बर्दिया जिल्लामा प्रचलित थारू लोकगाथा र थारू उखानबारे विवेचना गरे पनि लोककथामा केन्द्रित अध्ययन गरेका छैनन् ।

देवीप्रसाद ओझाले **सुदूर पश्चिमाञ्चलमा साहित्य र साहित्यकारहरू** (२०६०) पुस्तकमा थारू लोक साहित्यको चर्चा गर्दा लोककथाको चर्चा संक्षिप्त रूपमा मात्र गरेका छन् ।

यज्ञराज यात्री र अन्य **साहित्यकार र परिचय कोश** (२०६०) मा लोक साहित्यका अध्येता गङ्गाराम महतोंको जीवन परिचय मात्र उल्लेख गरेका छन् साथै लोककथा बारे संक्षिप्त चर्चा मात्र गरेका छन् ।

कृष्णराज सर्वहारीले **मामा भान्जा** (२०६१)मा थारू लोककथा केही मात्रामा समावेश गरेका छन् तर वर्गीकरण र विश्लेषण भने गरेको छैनन् ।

गोपाल दहित **थारू संस्कृतिको संक्षिप्त परिचय**(२०६२)मा थारू संस्कृतिबारे मात्र चर्चा मात्र गरेका छन् तर लोककथा बारे केन्द्रित अध्ययन भने गरेका छैनन् ।

लक्की चौधरीले **तिहुवार** (२०६२ ) कैलाली जिल्लामा प्रचलित थारू लोकगीतको चर्चा गरेका छन् तर लोककथामा केन्द्रित अध्ययन गरेका छैनन् ।

गोविन्द आचार्यले **राप्ती लोक साहित्य** (२०६३) मा राप्ती अञ्चलका थारू समुदायका लोककथा सङ्लन अध्ययन गरेका छन् तर कैलाली जिल्लामा प्रचलित थारू लोककथा बारे अध्ययन भने गरेका छैनन् ।

पुष्कर राज भट्टले **सुदूर पश्चिमाञ्चलमा मातृभाषा साहित्य** (२०६५) पुस्तकमा सुदूर पश्चिमाञ्चलको थारू साहित्यको बारेमा अध्ययन गरे तापनि थारू लोककथा बारे अध्ययन भने गरेका छैनन् ।

वासुदेव भाइसाबले **थारू लोक साहित्य परिचय कोश** (२०६५) केही लोककथा बारे गरेको पाइन्छ तर विस्तृत अध्ययन विश्लेषण भने गरेको पाइदैन ।

महेश चौधरीले **गोचाली पत्रिका**मा केही लोककथाका बारे सक्षिप्त चर्चा मात्र गरेका छन् थारू लोककथा बारे कुनै केन्द्रित अध्ययन भने गरेका छैनन् ।

तुलसी दिवसको परियोजना निर्देशनमा प्रकाशित **थारू लोकवार्ता तथा लोकजीवन** (२०६५) मा केही थारू लोककथा सम्बन्धी चर्चा भए तापनि विश्लेषण भएको पाइदैन ।

यस बाहेक त्रिभुवन विश्वविद्यालयमा शोधपत्र तयार पार्ने क्रममा विभिन्न शोधार्थीले स्थानगत आधारमा लोककथाको सङ्कलन भए तापनि कैलाली जिल्लाका लोककथाहरूको सङ्कलन र विश्लेषणका लागि कुनै अनुसन्धान कार्य नरहेकाले यस अवस्थामा प्रस्तुत शोध कार्य सो आवश्यकता पूर्ती गर्ने आधार हुनेछ ।

## औचित्य, महŒव र उपयोगिता१.५ अध्ययनको

कैलाली जिल्लामा प्रचलित थारू लोककथा बारे अध्ययन भएको छैन । नगन्य रूपमा केही लोककथाहरूको चर्चा मात्र भएको छ त्यसैले यस अध्ययनको औचित्य र महत्त्व स्वतः पुष्टि हुन्छ । समाज विकासका क्रममा वि.स.२०२१ को औलो उन्मूलन कार्यक्रम पश्चात कैलाली जिल्लामा भएको मिश्रित बसोबास, सहरीकरण, विश्वव्यापीकरण तथा आधुनिक संस्कारका फिल्म, रेडियो, टी.भी.,नाटकको अत्याधिक प्रभावका कारण थारू लोककथाहरू क्रमशः लोप हुँदै जान थालेको अवस्थामा त्यहाँका लोककथाका बारेमा विस्तृत रूपमा अध्ययन गरी जातीय लोक संस्कृतिलाई संरक्षण गर्न आवश्यक छ । मौखिक रूपमा बाँचिरहेका थारू लोककथालाई केही मात्रमा लिपिबद्ध रूपमा जोगाउने कार्यमा प्रस्तुत शोधकार्य उपयोगी रहेको छ । यसले भावी पुस्तालाई थारू लोक परम्परासँग साक्षात्कार गराउनुका साथै थारू लोकसाहित्को संरक्षण र सम्वर्द्धनमा थप योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । यसका अतिरिक्त नेपालका थारू आदिवासी जनजातिहरूको लोक साहित्यिक अध्ययन अनुसन्धानका दृष्टिले पनि प्रस्तुत शोधकार्य औचित्यपूर्ण छ ।

## १.६ अध्ययनको सीमाङ्कन

लोककथा लोकमानसको ढुकढुकी हो । त्यसैले यसको सीमाङ्कन गर्नु कठिन कार्य हो तापनि बिशेष अध्ययन र अनुसन्धानका लागि निश्चित क्षेत्र तोके मात्र राम्रोसँग अध्ययन गर्न सकिने हुँदा कैलाली जिल्लाका थारू समुदायमा प्रचलित लोककथाहरूको सङ्कलन गरिएको छ । लोक साहित्य अन्तर्गत लोककथाको क्षेत्र व्यापक भए तापनि यस अध्ययन पत्रमा शीर्षक अनुसार कैलाली जिल्लाका ४२ गा. वि. स. मध्ये १८ वटा गा. वि. स. लाई नै प्रमुख कार्यक्षेत्र बनाएर लोककथाको सङ्कलन गरिएको छ । लोककथाको वर्गीकरण विश्लेषण विभिन्न आधारमा गर्न सकिने भए तापनि यहाँ वर्गीकरणका लागि विषयवस्तुलाई र विश्लेषणका लागि कथातत्त्वलाई मात्र आधार बनाइएको छ ।

## १.७ अध्ययन विधि

प्रस्तुत शोधपत्रका निम्ति सम्बन्धित जिल्लामा गई क्षेत्र कार्यका आधारमा सामग्री सङ्कलन गरिएको छ । त्यसैले यसमा क्षेत्रीय अध्ययन पद्धतिलाई अँगालिएको छ । यस क्रममा कैलाली जिल्लामा प्रचलित थारू लोककथाहरू थारू समुदायका विभिन्न व्यक्तिहरूलाई भन्न लगाई लिपिबद्ध गरिएको छ । सम्बन्धित ठाउँका बुढाबुढी, युवा युवती, साक्षर निरक्षर र बालबालिकासँग भेट गरी सामग्री सङ्कलन गरिएको छ । थारू लोककथाहरू प्रकाशित पुस्तक र पत्रपत्रिकाबाट पनि बटुलिएको छ । साथै सो भाषाका विज्ञहरूसँग भेटघाट, अन्तर्क्रिया एवम् अन्तर्वार्ताका आधारमा

यिनको प्रामाणिकता पनि परीक्षण गरिएको छ । लोककथाको सैद्धान्तिक अध्ययनका लागि तुलसी दिवस (२०३२), मोतीलाल पराजुली (२०४९) र जीवेन्द्र देव गिरी (२०५७) लाई मूल आधार बनाएको छ र अध्ययनको विश्लेषणका निम्ति विश्लेषणात्मक विधालाई अँगालिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित ढङ्गबाट पूरा गर्न निम्न लिखित मूल शीर्षक र  आवश्यकता अनुसार उपशीर्षक समेत राखी अध्ययन गरिएको छ :–

| | | |
|---|---|---|
| १. पहिलो परिच्छेद | : | शोधपरिचय |
| २. दोस्रो परिच्छेद | : | लोककथा सिद्धान्त |
| ३. तेस्रो परिच्छेद | : | कैलाली जिल्लाका थारू समुदायमा प्रचलित थारू लोककथाहरूको सङ्कलन, |
| ४. चौथो परिच्छेद | : | थारू लोककथाको वर्गीकरण र विश्लेषण |
| ४. पाँचौं परिच्छेद | : | उपसंहार |

# दोस्रो परिच्छेद
## थारू जाति र लोककथाको परिचय

### २.१ थारू जातिको परिचय

थारू शब्दको व्युत्पत्ति र अर्थका सम्बन्धमा विभिन्न तर्क दिएको पाइन्छ । आजसम्म प्राप्त जानकारी र घटनाको अध्ययनबाट यिनीहरूको बारेमा केही जानकारी लिने प्रयास गरिएको छ । यस क्रममा विभिन्न विद्वान्हरूले विभिन्न दृष्टिकोणहरू प्रस्तुत गरेको पाइन्छ । थारू शब्दको उत्पत्तिबारे विचार गर्नेमध्ये कुनैले संस्कृतको 'स्थास्नु' शब्दबाट कुनैले बुद्ध धर्मको एक शाखा स्थविरको 'स्थेर' शब्दबाट कुनैले 'स्थुर' शब्दबाट कुनैले थारूहरू 'थारो' (तला नपाटेको घर) मा बस्ने हुनाले 'थारो' शब्दबाट र कुनैले रैथाने अर्थमा ठालु (ग्राम प्रमुख) शब्दबाट यसको उत्पत्ति भएको पाइन्छ ।

जनकलाल शर्माका अनुसार शाक्य वंशीहरूमा स्थविरवादी सम्प्रदायका मानिसहरू 'स्थविर' कहलिन्थे र यसैको विकृत रूप थारू भएको हो । टेकनाथ गौतमका अनुसार 'थारू शब्द संस्कृतबाट आएको हो । उनका अनुसार संस्कृत व्याकरणमा 'थर्व' धातु पुलिङ्ग, एकवचनमा 'थर्वा' बहुवचनमा 'थर्वाण' स्त्री लिङ्गमा 'थर्वणी' प्रयोग हुन्छ । यसरी थर्वाबाट 'थारू' र थर्वणीबाट 'थरुनी' भएको हो । थर्वाको अर्थ एक ठाउँबाट अर्को ठाउँमा सर्नु अथवा स्थायी घरबार बनाएर नबस्ने हो । कैलाली स्थित स्थानीय जमिन्दार नन्दलाल चौधरीका अनुसार थारूहरू कोरियाबाट आई बर्मामा बसे, बर्माका मान्छेले पशु भनी लखेटेपछि भारतको 'थार' मा आए त्यहीँबाट थारू भनियो ।

### २.२ थारूहरूको मूलस्थान तथा प्रसार

थारू जातिको मूलस्थान तथा तिनको प्रसारका सम्बन्धमा विभिन्न विद्वान्हरूले आ-आफ्नै तर्क प्रस्तुत गरेको पाइन्छ । ऋषि केशवराज रेग्मीका अनुसार थारूहरू उत्तर प्रान्तबाट विभिन्न कारणले बसाइँ सरी तराई भेकमा आएका हुन् । मेदिनीप्रसाद शर्माका अनुसार भारतमा मुसलमानको आक्रमण पछि राजपुतहरू १२ औं शताब्दीतिर नेपाल पसेका हुन् तर यी भनाइलाई रामप्रसाद रायको भनाइले खण्डन गर्छ । उनका अनुसार दाङ उपत्यकाका अत्यन्त प्रतापी राजा 'दंगै भुसाई' थारू थिए । दंगै भुसाई नामाङ्कित मुद्रा नेपालको मधेशमा मात्र नभई भारतका गोरखपुर, गोन्डा, बहराइच, दरभङ्गा, चम्पारण आदि जिल्लामा समेत प्रचलित थिए । दाङको सुकौरा गढीमा 'दंगै भुसाई' थारू राजाको राजमहल थियो । त्यस किल्लाको अवशेष अहिले पनि पाइन्छ । योगी नरहरिनाथले उल्लेख गरेअनुसार आर्यघाट नाथेश्वर जलहरिको संवत् ४६७ को सिलापत्रको किराताहाङ् वंशावली विवरणमा 'थारू राजा दाङ्ग' भन्ने अंश स्पष्ट देखिन्छ । अर्को एक भनाइ अनुसार दाङ उपत्यकाबाट थारूहरू पूर्व पश्चिम फैलिएका हुन् । इतिहास शिरोमणि बाबुराम आचार्यका अनुसार पनि थारूहरूको मूल घर नेपालभित्र भएको पाइन्छ । थारूहरू काहाँबाट आए भन्ने सम्बन्धमा थारूहरूकै परम्परागत भनाइ यसप्रकार पाइन्छ :- रामचन्द्र श्रीलङ्काबाट फर्कदा थारूहरू उनैका साथ आएका थिए । रामचन्द्रको स्वर्गारोहणपछि अयोध्या उजाडिएकाले उत्तरी भेकतर्फ हालको नेपालको नयाँ मुलुकतिर (बाँके, बर्दिया, कैलाली, कञ्चनपुर) आए । त्यहाँ जङ्गल सकिई उत्पात बढेपछि दाङमा आउने र दाङमा जङ्गल सकिए फेरि नयाँ मुलुकतिर फर्किने गर्दथे । यस प्रकारले यी जातिहरू नेपालमा प्रवेश गरेका हुन् ।

सर्वप्रथम दाङमा थारूहरू कहिले पसेका हुन् भन्ने समय निर्धारणका लागि बलिया आधार खासै नभए तापनि टेकनाथ गौतमकै भनाइमा कुवा (इनार) खन्दा ६-७ हात गहिरो जमिनमुनि र ४-५ सय वर्ष पुरानो मानिने सालका रूख भएका वनभित्र पनि ७-८ हात गहिराइमा पाइने थारूबस्तीका अवशेषबाट तथा काठमाडौंसम्मका थारूले आफ्ना पूर्वजलाई दाङबाट त्यहाँ (काठमाडौँ) गएका बताउने हुनाले र उत्तर भारतको राजनीतिक अवस्थाले पनि विक्रमको तेस्रो शताब्दीमा देउखुरीको बाटो गरी दाङमा पसेका र पछि तराई र भित्री मधेस बाँके, बर्दिया, सुर्खेत,

कैलाली, कञ्चनपुर आदि जिल्लामा बसाइसराइ गर्दै गएको अनुमान गर्न सकिन्छ ।[२] दाङको थारू राजधानी सुकौरागढी वरपर केही तामाका मुद्राहरू पाइएकाले पनि थारूको मूल थलो दाङ भएको दावी गर्न सकिन्छ । थारूहरू दाङ उपत्यकाबाट नेपालको पूर्वी-पश्चिमी तथा दक्षिणी क्षेत्रतिर फैलिएका हुन् । थारूहरूको दाङबाट पश्चिमतिर बसाइ-सराइ गर्ने प्रक्रिया यथावत् पाइन्छ । कैलाली स्थित स्थानीय जमिनदार नन्दलाल चौधरीका भनाइमा थारूहरू कोरियाबाट बर्मामा आए । बर्माका मान्छेले पशु भनी लेखेटेपछि भारतको 'थार' मा आए त्यहीबाट थारू भनियो । फेरिपछि 'थार' बाट बसाइसराइका क्रममा दङदङ भन्ने थारू नारायणघाट हुँदै दाङमा जङ्गल फडानी गरी बसेका हुनाले दाङ भनियो । बसाइसराइका क्रममा तराइको पूर्वी -पश्चिमी भूभाग सिराहा, रूपन्देही, कैलाली, बाँके, बर्दिया, सुर्खेत आदि विभिन्न ठाउँमा बसोबास गर्दै आए जसले गर्दा स्थानै-पिच्छे थारूहरूको भाषा पनि फरक हुन गएको पाइन्छ ।

जे भए पनि 'थारू' नेपाली भूमिमा बसोबास गर्ने पुरानो जाति हो, नेपालको आदिवासी जाति हो र अन्य जातिभन्दा छुट्टै संस्कृति र पहिचान भएको एक परिश्रमी एवम् पौरखी महत्त्वपूर्ण नेपाली जाति हो भनी पहिचान गर्न सकिन्छ ।

नेपालमा रहेको राना, कठरिया, डगौंरा, चितौनिया र कोचिला गरी पाँच प्रकारका थारूहरूमा कैलाली स्थित थारूहरू डगौंरा र कठरिया थारूको मिश्रणको रूपमा रहेका छन् । थारूहरू तराईका विभिन्न ठाउँमा छरिएर बसे पनि उनीहरूको संस्कृति वा संस्कार मिल्दोजुल्दो पाइन्छ । पहाडीहरू २०२१/०२२ सालतिर औलो उन्मूलन पछि मात्र पहाडबाट तराईतिर पुनर्वास भएको पाइन्छ । सदा आफ्नै परिश्रम (खेती) गर्न रमाउने थारू जातिको अन्य जातिसँगको सामाजिक छलफल, भोजभतेर, विभिन्न सभा-समारोह, गोष्ठीमा त्यति सहभागी नभएकाले यिनीहरूको साहित्यको विकास त्यति परिष्कृत भएको दखिदैन । शिक्षा, सञ्चारको अभाव र गरिबी आदि कारणले साहित्य क्षेत्रमा खासै प्रगति भएको पाइदैन ।

## २.३ लोककथा सिद्धान्त

लोककथाको सिद्धान्तलाई निम्नानुसार चिनाउन सकिन्छ :–

### २.३.१ लोककथाको परिचय

लोककथा लोक साहित्यको महत्वपूर्ण र समृद्ध विधा हो । लोक साहित्यसँग सम्बन्धित लोककथाको परिचय प्रस्तुत गर्ने क्रममा लोक साहित्यको बारेमा सामान्य चर्चा गर्नु उपयुक्त र सान्दर्भिक ठहरिन्छ । "गाँउघरे चरीको सुमधुर लयमा गाँउघरे झरीको वर्षाको तालमा गाँउघरे झरना नदी नाला खहरे गतिमा गाँउघरे सुख दुःख आवाहन गाँउघरे जङ्गलको मृदुमुस्कानमा गाँउघरे डाँडाकाँडा हिमचुचुराको गगनचुम्बी लक्ष्यमा गाँउघरे जनताको नैसर्गिक हृदय उद्गारमा नेपाली साहित्यको सिर्जना भो, सिर्जना भइरहेछ र हुने पनि छ । यसैले लोक साहित्य जनताको श्रीसम्पत्ति हो जनताकै निमित्त सिर्जना भएको मानौ लोकतन्त्र सरकार झैं ।[३]

लोक साहित्य लोक जीवन र जनमानसमा अनुभव अनुभूतिको संगालो हो । लोक साहित्यसँग अन्तर्निहित रहेको लोककथा लोकमानसकै सामाजिक सांस्कृतिक पक्षहरूसँग सम्बन्धित सशक्त विधा हो । लोककथा प्राचीन समय देखि प्रवाहित हुँदै वर्तमान सम्म आइपुगेको विधा हो । यो लोकप्रिय र मनोरञ्जनात्मक विधाका रूपमा विकसित विधा हो ।

"वास्तवमा नेपाली लोक साहित्य त्यो साहित्य हो जसमा नेपालीहरूको विशुद्ध लोक संस्कृति छ, उन्नत कला छ आफ्नै पनको शैली छ अझ यस नेपाली लोक साहित्यमा सत्यम् शिवम् सुन्दरम्को रूपमा नेपाली नृत्य नेपाली सङ्गीत र नेपाली कविता पनि छ । सबै नेपाली छन्द नेपाली ताल नेपाली सुर र नेपाली भावमा ढालिएका ।[४]

---

[२] टेकनाथ गौतम, **थारू जातिको इतिहास तथा संस्कृति,** (दाङ : सुशीलकुमार गौतम, २०४४), पृ. १५ ।

[३] सत्यमोहन जोशी, **हाम्रो लोकसंस्कृति,** (काठमाडौ : रत्न पुस्तक भण्डार, २०१४), पृ. १९१ ।

[४] ऐजन, पृ. १९० ।

लोककथा मानव जीवनको विस्तृत गहिराइ एवं विविधतालाई काल र स्थान अनुरूप समृद्ध गरी विगतको सांस्कृतिक अवशेष संरक्षित गर्ने आफैमा सानो संग्रालय भएको मानव सभ्यता तथा संकृतिको विभिन्न चरणको ऐतिहासिक विकासोन्मुख भौगोलिक विभेदको यात्राक्रम अध्ययन तथा अन्वेषण गर्ने सर्वसुलभ, सर्वग्राही र मनोरम साधन हो ।

'लोक जीवनको अकृतिम तर मर्मस्पर्शी दिगम्बर अभिव्यक्ति लोककथा मनोरञ्जन तथा प्रशिक्षण दुबै दृष्टिकोणले संसारमा जताततै लोकप्रिय र व्यापक छ । सहि अर्थमा लोककथा जातिको लोक जीवनको सजीवतालाई परिपूर्ण हुन्छ । मानव समाजमा प्रचलित नीतिशास्त्र, न्यायशास्त्र, धर्मशास्त्र आदिको विकासक्रम अंकित मानव मनको सनातन पालि लोककथा मानवशास्त्रीय तथा समाजशास्त्रीय दृष्टिकोणले अत्यधिक महत्त्वपूर्ण प्रमाणित भैइसकेको छ । लोककथालाई परम्परागत सांस्कृतिक अवशेषका रूपमा मात्र  ग्रहण गरेर केवल संग्रहालयमा सङ्कलित गरिनु पर्ने वस्तु मान्नु अनुपयुक्त हुनेछ । लोककथा मानवको अतीत मात्र होइन वर्तमान पनि प्रतिध्वनित र निहित हुन्छ ।[छ]

लोककथा वर्तमान र अतीतको समिश्रण रहेको लोक साहित्यको सम्पन्न विधा हो । लोककथाले लोक साहित्यको महत्वपूर्ण विधाका रूपमा आफ्नो स्थान ओगटेको छ ।

लोककथालाई चिनाउने क्रममा बासुदेव त्रिपाठीले भनेका छन् "आदिम मान्छेको भावना र सांस्कृतिक अवस्था नै लोककथामा अभिव्यक्त गरिएको हुन्छ । वास्तवमा लोककथा भनेको त्यस्ता कथाहरू हुन् जुन कल्पनाको धरातलमा अडिएका हुन्छन् र वैज्ञानिक सचेतनाका दृष्टिले आदिम प्रतीत हुन्छन । तिनले संसारमा डुब्न कल्पनाको महल चहार्नुपर्ने हुन्छ ।[ट]

लोक संस्कृति र लोक सभ्यताको परिचायकका रूपमा लोककथाले आफ्नो परिचय दिएको छ । यो लोकमानसमा झंकार र सांकृतिक पक्षको सचित्र वर्णन हो । लोककथालाई "कथा" "दन्त्यकथा" वा "सास्तर" पनि भनिन्छ । यसको भन्ने सुन्ने परम्परा ज्यादै पुरानो मानिन्छ । त्यसैले लोककथालाई संसारको समस्त कथा साहित्यको जनक पनि भनिन्छ । जीवनमा सुख दुःख, उकाली ओराली, घामछाँया, हारजीत, घटना-दुर्घटना आदिबाट गुज्रदै मान्छेले सृष्टिकालदेखि वर्तमान समयको यात्रा पूरा गरेको छ । यस क्रममा ऊ कहिले शोकाकूल भएर रूदै र सुँकसुँकाउँदै कहिले नाच्दै, गाउँदै र उफ्रदैं कहिले प्रेम सागरमा पौडिदै वीरताको भाव पोख्ने र कहिले  घृणाका ज्वाला ओकल्दै आएको छ । यसै सिलसिलामा उसले अनन्त कल्पना उचाई र गहिराइ छुने प्रयास पनि गरेको छ । यी विभिन्न क्षणमा मनभित्र खेल्ने अनेक कुराहरू कार्य करणका सम्बन्धमा उनिदैं र बुनिदैं भाषिक माध्यमबाट हुँदा नानाथरीका लोककथाहरू जन्मेका छन् । तिनका सङ्ख्या अनन्त  छन् । संसारका अरू देशका कुरै छोडौं नेपालकै रस्तीबस्तीमा चहार्ने हो भने पनि अत्यन्तै धेरै लोककथाहरू सङ्कलनका पोल्टामा पर्न सक्छन् ।[ठ] लोक जीवनमा मौखिक परम्परामा हस्तन्तरित हुँदै आएका कथाहरू नै लोककथा हुन् । एउटाले भन्ने अरूले सुन्ने चलन भएकाले यस्ता कथालाई भन्ने कथा पनि भनिन्छ । लोककथा कथा शव्दको प्रचलन लोक साहित्यका धारणाको विकासपछि भएको हो । लोक जीवनमा दन्त्यकथा शव्दको प्रचलन पाइन्छ । कथा र कथुङ्ग्री मिलाएर कथाकुथुङ्ग्री भन्ने चलन पनि छ ।[ड]

नेपाल चारजात छत्तीस वर्णको फुलबारी हो । जातजातिमा पाइने जन विश्वासको आधारमा विभिन्न खालका लोककथाहरू यहाँ पाइन्छन् । लोककथाको माध्यमबाट असहाय, अशक्त, निर्धा निमुखालाई देवताले सहयोग गरेर विजय भएको पाइन्छ । जुन यथार्थमा सत्यको सधैँ विजय र असत्यको सधैँ पराजय गराएर मानवलाई नीतिमूलक शिक्षा दिएको पाइन्छ । लोककथाले मानव मनमा भएका विकारलाई सफा गरी हल्का फुल्का बनाइदिन्छ । लोककथाले

---

[५] तुलसी दिवस, **विश्वका लोककथा,** भूमिका, ( काठमाडौ :अनु.कृष्णविलास उपाध्याय)

[६] वासुदेव त्रिपाठी, **विचरण** (काठमाडौं : भानु प्रकाशन, २०२८), पृ. २ ।

[७] जीवेन्द्र देव गिरी, **नेपाली लोकसाहित्य अवलोकन** (काठमाडौं : एकता प्रकाशन, २०५७), पृ.२४ ।

[८] चूडामणि बन्धु, **नेपाली लोकसाहित्य**, (काठमाडौ : एकता प्रकाशन, २०५८), पृ. २८४ ।

मनोरञ्जनात्मक पाराले भावि सन्ततिलाई असल शिक्षा दिई सही बाटोमा हिँडाउने प्रयास गर्दछ । लोककथाले आउने नयाँ नयाँ सन्ततिलाई सही बाटो देखाउने उद्देश्यले लोककथा सुनाउने गरिन्छ । लोककथा तत्कालिन समयको चालचलन, रीतिरिवाज, सामाजिक, साँस्कृतिक परम्परा, संस्कार अनुष्ठान, विश्वास आदिको जीवित दस्तावेज हो ।

लोककथाका विषयहरूको सीमा बाँध्न गाह्रो छ । तिनमा इतिहास, पुराण, धर्म-संस्कृति, समाज, प्रेम, साहसिकता, अलौकिकता आदि विभिन्न कुराहरूले स्थान पाएका हुन्छन् ।[९] लोककथाका पानालाई पल्टाउदै जाँदा हामी वैदिक कालसम्म पुग्न सक्छौ । त्यसबेला नै लोककथाको जन्म भएको हुनसक्छ । त्यसबेलाका ऋषि मुनिहरूले मौखिक रूपमा नै शिक्षा दिने गर्दथे । त्यसबेला नै लोककथाको विकास केहि न केहि रूपमा भएको थियो । लिपिको विकास भएपछि तिनै कथाहरू वेद र उपनिषद ग्रन्थहरूमा छापिन थाले । त्यसपछि पुराणमा श्रृंखलाबद्ध तरिकाले प्रसारित भई पूर्वमा रामायण, महाभारत पाश्चात्य साहित्यमा इलियाड, ओडिसी जस्ता प्राचीन महाकाव्यहरूमा पनि कथाको बीज पाइन्छ । त्यसपछि पुराणमा नेपाली कथाहरू फारसी, उर्दू र अङ्ग्रेजी भाषामा पनि लेखिन थाले । यसरी लोककथाहरू मौखिक परम्परामा जीवित हुदै आँउदा के कति कथांशहरू विलाएर गए, कति थपिए, यो क्रम अनन्त कालसम्म जारी रहनेछ । लोककथात्मक उर्जालाई सामाजिक परिवर्तनका निम्ति पनि उपयोग गर्न सकिन्छ । लोककथा भन्ने, सुन्ने परम्परामै रहने भएकाले सरल सहज ज्यानदार भाषा तथा सरल र प्रभावकारी भाव पनि यसका विशेषताका रूपमा रहन्छन् ।[१०]

## २.३.२ लोककथाको परिभाषा

लोककथाको सामान्य परिचय पश्चात् यस सम्बन्धि परिभाषाहरू प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ । लोक साहित्यका अनुसन्धाताहरूले दिएको परिभाषाहरू निम्नानुसार छन् :–

(क) लोकले सजिलै बुझ्न र अनुभव गर्न सक्ने भाषा र भावनामा निर्मित मानव मुटुको स्पन्दनबाट निस्केको मीठो आकर्षणमय मौखिक साहित्य नै लोककथा हो ।[११]

– धर्मराज थापा र हंसपुरे सुवेदी

(ख) लोक साहित्य लोकको साहित्य अर्थात् लोकबाट आएको लोकको भावनामा फुटेको र लोकमय मौलाएको अभिव्यक्ति हो । यसमा लोक मानसको समस्त क्रिया प्रतिक्रिया गुन्जन्छन् लोकको आत्मजीवनी बोल्छ युगौंदेखि चल्दै र विस्तारित हुदै आएको लोक साहित्यमा आफ्नो देश आफ्नो राष्ट्रियता प्रतिविम्वित भएको पाइन्छ ।[१२]

–कृष्णप्रसाद पराजुली

(ग) लोककथा एकादेशमा वा परापूर्वकालमा भनि थालिन्छन् र श्रोताहरूमा वास्तविक जगत भन्दा भिन्न लोकको निर्माण गरिन्छ ।[१३]

–चूडामणि बन्धु

(घ) नेपाली लोककथाको अध्ययन अनुसन्धान गर्ने सन्दर्भमा लोककथामा मानवको अतीत मात्र होइन वर्तमान पनि प्रतिध्वनित हुन्छ र निहित हुने गर्दछ ।[१४]

---

[९] जीवेन्द्र देव गिरी, **पूर्ववत्** ।

[१०] **ऐजन** ।

[११] धर्मराज थापा र हंसपुरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना**,(काठमाडौं : पाठ्यक्रम विकास केन्द्र, २०४०), पृ. २१९ ।

[१२] कृष्णप्रसाद पराजुली, **नेपाली लोकसाहित्यको आलोक,** (काठमाडौं : वीणा प्रकाशन २०६६), पृ. ४१ ।

[१३] चूडामणि बन्धु, पूर्ववत्, पृ. २८९ ।

[१४] तुलसी दिवस, पूर्ववत्, पृ. ६ ।

–तुलसी दिवस

(ङ) लोककथा वास्तवमा आदिम मान्छेको स्मारक निशानी हो र यसलाई हामी प्रेमसाथ पुस्ता प्रतिपुस्तामा आफ्नो सम्भ्कनामा सुरक्षित गर्दै आएका छौं ।[ज्ञछ]

–वासुदेव त्रिपाठी

(च) संसारका प्राणी वनस्पतिका सुख दुःखका मर्म कथा व्यथाको आख्यानबद्ध मनोरञ्जनपूर्ण गद्यात्मक प्रस्तुति लोककथा हुन् ।[ज्ञट]

–मोतीलाल पराजुली

(छ) लोककथामा अवश्य नै तात्कालिन परिवेशको छाप परेको हुन्छ तर त्यहाँ प्रतीक र सुत्रहरू पहिल्याएर यर्थाथको नजिक पुग्न सकिन्छ ।[ज्ञठ]

–जीवेन्द्र देव गिरी

(ज) मौखिक वा श्रुती परम्पराद्धारा सम्प्रेषित अज्ञात रचनाकारहरूको संक्षिप्त सारगर्भित एवं सार्वित आख्यानात्मक गद्य संरचनालाई लोककथा भनिन्छ ।[ज्ञड]

–मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल

(झ) लोककथालाई संसारका समस्त कथा साहित्यको जनक भनिन्छ ।[ज्ञढ]

–कृष्णदेव उपाध्याय

यसरी परम्परादेखि मौखिक रूपमा सुन्दै सुनाउदै एक पुस्ताबाट अर्को पुस्तामा, एक स्थानबाट अर्को स्थानमा, एक देशबाट अर्को देशमा, एक समाजबाट अर्को समाजमा, के बालक, के युवा, के बुढा-बुढी, सम्पूर्णलाई मन्त्रमुग्ध पार्दै गोठाला, खेताला, ढाक्रे, हली, घाँसे, दाउरे, विभिन्न पेशामा संलग्न मानव जन समुदायलाई मनोरञ्जन, अर्ती, उपदेश, भाषा, रहन-सहन, लोक संस्कार, आदिलाई समेटेर अगाडि बढेको जीवन्त लोक आख्यान विधा नै लोककथा हो । पाप, धर्म, भाग्य र परलोक जस्ता धारणा र अतिरञ्जिक कुरा पनि लोककथामा आउँछन् । यी सबै कुराले मानव सभ्यताको अध्ययन र अनुसन्धानको विषयका निम्ति कम्ती महत्त्व र मूल्य राख्दैनन् ।

### २.३.३ लोककथाका विशेषताहरू

लोककथा नेपाली जन जीवनमा निकै लोकप्रिय बन्दै आएको लोक साहित्यको एउटा विधा हो । लोक साहित्य अन्तर्गतको लोककथाले पनि आफ्नो पहिचानका निमित्त विभिन्न विशेषताहरू अँगालेको छ । लोककथालाई चिनाउनका लागि भिन्न-भिन्न परिभाषाहरू प्रस्तुत भएका छन् । लोककथालाई कसैले बसिबिँयालोका रूपमा लिन्छन् । कोही यसलाई मनोरञ्जन र आनन्ददायक हो भनेर भन्छन् । लोक जीवनसँग सम्बन्धित लोककथा जन जीवनका विविध पक्षसँग गाँसिएको हुन्छ । लोककथा मनोरञ्जन र आनन्ददायक मात्रै नभएर नैतिक औपदेशिक र सन्देशपरक हुन्छन् ।

यिनीहरूमा मनोरञ्जनात्मकता, काल्पनिकता जासुसी, तिलस्मी आदि तत्त्वहरूको समावेश भएको हुन्छ । लोककथाका विशेषतालाई प्रस्ट्याउन गरिएका सामूहिक प्रयास र अध्ययनका क्रममा देखिएका विशेषतालाई यसरी देखाइएको छ ।

---

[१५] वासुदेव त्रिपाठी, पूर्ववत्, पृ. २८४ ।

[१६] मोतीलाल पराजुली, पूर्ववत्, पृ.२४ ।

[१७] जीवेन्द्र देव गिरी, पूर्ववत्, पृ.२५ ।

[१८] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, **लोकवार्ता विज्ञान र लोक साहित्य,** (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६३), पृ. ३७२ ।

[१९] कृष्णदेव उपाध्याय, **लोकसाहित्यकी भूमिका,** (इलाहाबाद : साहित्य भवन, इं. १९७७), पृ. १७४ ।

### २.३.३.१ कल्पनाको प्रबलता

लोककथामा कथा कथियताको कल्पनाले अत्यधिक स्थान प्राप्त गरको हुन्छ । शून्य यथार्थमा पनि कथियताको माध्यमबाट सुन्दर कथाको निर्माण हुन सक्छ । लोककथामा रोमाञ्चकता खोजिन्छ, यथार्थ खोजिदैन । लोककथाहरू कल्पनाको माध्यमबाट नै निर्मित हुन्छन् । जुनसुकै लोककथामा पनि कल्पनाको माध्यमबाट अलौकिक र असम्भव कुरालाई पनि सम्भव बनाइ प्रस्तुत गरिन्छ । कल्पनाको सहाराले वस्तु र पदार्थलाई जे बनाउन मन लाग्यो, त्यही बनाइन्छ । जुन वास्तविकताभन्दा टाढा हुन्छ । काल्पनिक लोकबाट बाहिर आउँदा त्यो कुरा हुनै नसक्ने र पत्यारै नलाग्ने पनि हुन्छ । यसरी लोककथामा कल्पनाले प्रबल भूमिका निर्वाह गरेको पाइन्छ ।

### २.३.३.२ उपदेशात्मकता

लोककथाको उद्देश्य बौद्धिक एवं नैतिक किसिमका उपदेश र सन्देश दिनु हो । आफूले जीवनको लामो कालखण्ड पार गरिसकेको बुढाबुढीले जीवनको अनुभवका आधारमा अनेक तितामिठा घटना र अनुभूति मिसाउदै आफ्ना सन्ततिलाई बौद्धिक ज्ञान र नैतिक र उपदेश दिनका लागि यसको उपयोग गरिएको हुन्छ । जुन उपदेश शिक्षा दिँदा मानिसले सजिलैसँग ग्रहण गर्न सक्दैन त्यस्तो शिक्षा दिँदा कथाका माध्यमबाट मनोरञ्जन रोचकता भरेर घुमाउरो पाराले उपदेश दिएको हुन्छ, जुन उपदेश श्रोताले सजिलैसँग ग्रहण गरी मानसपटलमा दीगो हुन सक्छ ।

### २.३.३.३ रोचकता

लोककथाको कथावस्तु विशेषगरी रोचक किसिमको हुन्छ । सिङ्गो लोककथा कथनको उद्देश्य नै मनोरञ्जन प्रदान गर्ने भएकाले श्रोताको मन जित्ने खालको कथावस्तु लोककथामा छानिएको हुन्छ । लोककथामा प्रेम विषयका  लोककथाहरू सुखान्त र संयोगान्त अवस्थामा पुगेर टुङ्गिन्छन् । प्रेम विषयक संयोगान्त हुने भएकाले रोचक हुन्छन् । त्यसमा हास्यव्यङ्ग्यको प्रयोगले लोककथा अझ रोचक र मिठासयुक्त हुन्छ । लोककथाको भाषा सरल र मिठासयुक्त हुने भएकाले कथावाचक र श्रोता दुबैलाई आनन्द दिन्छ ।

### २.३.३.४ ऐतिहासिकता

नेपाली लोककथाहरूले नेपालको इतिहास, ऐतिहासिक घटना, पुरुष र अन्य इतिहास सापेक्ष विषयलाई अङ्गीकार गरेको हुन्छ । विविध ऐतिहासिक पक्षलाई आत्मसाथ गर्दै तिनको सकारात्मक पक्षलाई जीवन्तता प्रदान गरेका हुन्छन् । यस किसिमका कथा ऐतिहासिक स्थल, मठ-मन्दिर, देवी-देवता आदिको उत्पत्ति विकास अनि ऐतिहासिक पुरुषहरूको विषयलाई कथाको विषयवस्तु बनाएर तयार पारिएको कथालाई लोककथा भनिन्छ । जसमा उल्लेख भएका विषय नेपाली लोककथामा समेटिएको छ । यी कथाहरूले ऐतिहासिक विषयवस्तुलाई कथाका माध्यमबाट समाजमा यसको अस्तित्वका बारेमा परिचय गराइ महत्त्वपूर्ण चिज तथा वस्तुको संरक्षणमा सहयोग पुऱ्याउँछ ।

### २.३.३.५ सामाजिकता

लोककथा नेपाली समाजको उपज नै भएको हुनाले लोककथामा नेपाली समाजको सिङ्गो तस्वीर फेला पार्न सकिन्छ । यसले समाजमा मूल्य-मान्यता, रीति-रिवाज, चालचलन आदिलाई टिप्दै सामाजिक आवश्यकता, घटना, जन भावना आदिको सिङ्गो चित्र उतारेको हुन्छ । यसलाई अर्को  प्रमुख प्रकृतिको रूपमा लिन सकिन्छ । यसरी नेपाली लोककथाले नेपाली समाजको छाँया चित्रलाई समावेश गरेर नेपालीपनको परिचय, लोकककथाको माध्यमबाट विश्वलाई आफ्नो पहिचान दिन सक्छ ।

### २.३.३.६ धार्मिक प्रवृत्ति

नेपाली समाज धर्ममा अडेको छ । प्रत्येक क्रियाकलापहरू धर्मका दृष्टिले गर्न हुने र गर्न नहुने धनी समाजले छुट्याउदै आएको छ । ईश्वरप्रतिको निष्ठा, धर्मप्रतिको आस्था, संस्कृतिको

संरक्षण आदिमा जनमानस औधी रुचाउँछ । त्यसैले यिनीहरूलाई विषयवस्तु बनाएर लोककथाहरूको रचना गरिएको पाइन्छ । दैवी शक्ति तथा अलौकिक तथ्य वस्तुको वर्णनका कथाहरूको प्रचलन हुनमा मुख्य कारण पनि यही हो । लोककथाको अर्को विशेषता के हो भने कथाले देवी देवताप्रति आस्था जगाइ समाजलाई सही काम गर्ने उपकार गर्न सहयोग गर्ने जस्ता भावनाहरू उनीहरूको मनमा भरी असल समाज निर्माणमा पनि ठोस योगदान दिन्छ । लोककथाका माध्यबाट धार्मिक आस्था जगाई समाजले आफ्नो संस्कृति र परम्पराको संरक्षण सम्वर्द्धनमा ठुलो सहयोग पुऱ्याउनु पनि लोककथाको एउटा विशेषता हो ।

### २.३.३.७ सरलता एवं सुगमता

लोककथा भन्ने र सुन्ने काम विशेषतः अशिक्षित नरनारी केटाकेटीले गर्दछन् । उनीहरूले कथाको कुनै औपचारिक एवं सैद्धान्तिक ज्ञान हासिल गरेका हुदैनन् । उनीहरू ग्रामीण समाजमा अनुभवी व्यक्ति हुन्छन् । लोककथामा  सरल, सहज भाषाको प्रयोग  गरिन्छ । यही सरल भाषाको प्रयोगले गर्दा कथावाचकले भनेका कुराहरू जुन समुदायले सजिलैसँग बुझ्न सक्छन् । साना बालकदेखि वृद्धासम्म लोककथा रोचक मानेर सुन्ने परम्परा यथावत रहेको पाइन्छ । लोकबोलीलाई नै अपनाइने भएकाले स्तरीय भाषाभन्दा अलग हुन्छ तर त्यस समाजले त्यो सहज तरिकाले बुझी मनोरञ्जन प्राप्त गर्दछन् ।

### २.३.३.८ मानवको मूल प्रवित्तिसँग साहचार्य

मानव मनभित्र काम, क्रोध, लोभ, मोह, ठगी, माया-ममता, धुत्याइँ, कपट आदि सुषुप्त अवस्थामा रहेका हुन्छन् । मानिसका मनमा भएका आवेग संवेग, हाँसो, आँसु, सुख, दुःख, हर्ष, विस्मात जस्ता भनात्मक क्षणहरूलाई कथाले बोकेको हुन्छ । सम्पूर्ण मानवमा हुने मूल प्रवृत्तिहरूलाई समेटेर लोककथा अगाडि बढेको हुन्छ, जुन समाजमा नकारात्मक र सकारात्मक पक्षको गुण-दोषलाई केलाई नकारात्मक कार्यहरू छोडी सकारात्मक, सही मार्गमा लाग्न लोककथाले प्रेरणा प्रदान गर्दछ ।

### २.३.३.९ भाग्यवादी प्रवृत्ति

नेपाली समाजले अन्धविश्वासमा विश्वास राख्ने र भाग्यलाई सर्वोपरि ठान्ने गर्दछ । कर्मलाई भन्दा भाग्यलाई विश्वास गर्ने हुनाले सबै कामहरूको सफलता र असफलता भाग्यमा निर्भर ठान्दछ । संस्कृतमा एउटा भनाइ पनि छ "भाग्य फलति न विधा न च पौरुषम्" यसरी नेपाली समाजले ईश्वरलाई सृष्टिकर्ता, पालनकर्ता र संहारकर्ताका रूपमा लिदैं सम्पूर्ण कार्यको सफलता असफलता ईश्वरको श्रेय ठान्दछ । यिनै कुरालाई बोकेर नेपाली लोककथा सिर्जना भएका हुनाले भाग्यवादी प्रवृत्ति लोककथाको अर्को विशेषता हो, यसरी लोककथामा भाग्यले गर्दाखेरि कसैको केही नलाग्ने अनि भाग्यले गर्दा भुतलाई पनि कावुमा ल्याउने देवताले पनि सहयोग गर्ने जस्ता घटनाहरू लोककथामा पाइन्छन् ।

### २.३.३.१० प्रकृतिमूलकता

नेपाली जन जीवन प्रकृतिसँग नजिक छ । प्रकृतिको सुन्दर छहारीमा ग्रामीण जीवनमा फुल्ने-फैलाउने गरेको हुन्छ । त्यसै कारणले गर्दा हाम्रा कतिपय लोककथाहरू प्रकृतिको वर्णनमा केन्द्रित रहेका कतिपय निर्जीव प्रकृतिलाई सजीवका रूपमा प्रस्तुत गरेर फलफुल तथा वनस्पतिलाई चेतना प्रदान गरेर लोककथाहरू बुनिएको पाइन्छ । त्यसैले प्रकृतिको वर्णनमा आधारित हुनु लोककथाको अर्को विशेषता हो । लोककथा निर्माणमा प्राकृतिक वस्तुलाई प्रकृतिबाट जस्ताको त्यस्तै टिपेर लोककथाको निर्माण गरिन्छ, जसले मानवले जस्तै अर्ती उपदेश दिएको पाइन्छ ।

### २.३.३.११ अतिशयोक्तिमूलकता

लोककथामा कथन कलाको ठुलो भूमिका हुन्छ । कथाकारले कतिपय कुराहरूलाई बढाइ चढाई अतिरञ्जित तरिकाले प्रस्तुत गरेको हुन्छ । यस खालका प्रवृतिमूलक लोककथाहरू

चमात्कारपूर्ण वस्तुको विभिन्न किसिमका अतिशयोक्ति पूर्ण घटना विवरणलाई कथावाचकले आफ्नो वाक्शक्तिले आफ्नो पारामा ढाली हाउभाउसँग प्रस्तुत गर्दा स्रोतालाई वास्तविकता जस्तो नै लागि काल्पनिक संसारमा डुबेका हुन्छन् । त्यसैले लोककथामा अतिशयोक्तिमूलकता पनि महत्त्वपूर्ण विशेषता हो । यसरी लोककथाका यी विशेषताले गर्दा सदा जीवन्त रहेको पाइन्छ ।

माथि उल्लेख गरिएका विशेषताहरू लोककथामा पाइने हुनाले लोक साहित्यको विशिष्ट एवं लोकप्रिय विधाको रूपमा रहेको छ ।

## २.४. लोककथाका तत्वहरू

लोककथाका तत्त्वहरू र अन्य विधाका तत्त्वहरूमा खासै फरक छैन । विधागत रूपमा खेल्नु पर्ने भूमिका केही भिन्नता पाइन्छ । लोककथामा कथावस्तु, पात्र, परिवेश, संवाद, उद्देश्य र भाषा जस्ता तत्त्वहरू पाइन्छन् । साहित्य विधामा वितरण भएका तत्त्वहरू यसमा हुनुपर्छ । लोककथामा लोकतत्त्व र अभिप्राय पनि अनिवार्य विषय हो । लोककथाको अध्ययन गर्ने क्रममा यसका निर्माणात्मक तत्त्वहरूका बारेमा बुझ्न पनि आवश्यक छ । साहित्य लोक साहित्य दुबैका विभिन्न विधाहरूका संरचक घटकहरू जस्तै लोककथाको संरचनामा पनि विभिन्न तत्त्वहरू समाविष्ट हुन आउछन् । मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले लोककथाका तत्त्वहरूलाई यसरी उल्लेख गरेका छन्

लोककथाको निर्माण गर्न आवश्यक सामग्रीलाई लोककथाका तत्त्व भनिन्छ । तत्त्वलाई उपकरण, अवयव, संरचक, घटक आदि पनि भनिन्छ । यिनका आवश्यक संयोजन र व्यवस्थापन गरेपछि मात्र कथाको निर्माण हुन्छ । कथाको निर्माणमा आवश्यक हुने र अभावमा कथाको र लोककथा दुबैका अनिवार्य तत्त्वहरूलाई क्रमशः तल प्रस्तुत गरिन्छ ।

### २.४.१ कथावस्तु

कथावस्तु लोककथाको प्रमुख तत्त्व हो । लोककथा आख्यानयुक्त विधा भएकाले कथावस्तु बिना लोककथा बन्न सक्दैन । सिङ्गो विश्व ब्राह्माण्डका कुनै पनि सन्दर्भ लोककथाका कथावस्तु सक्छन् ।[२०] यसरी लोककथामा कथाबस्तु विभिन्न प्रकारका हुन्छन् । पुराण, मिथ, वीरता, साहसिकता आदि वस्तुलाई समेटेर कथावस्तुको निर्माण भएको हुन्छ । देवता, मिथ, धार्मिक कुरा, नीतिकथा, पञ्चतन्त्र, धनी मानिस, ठगी, चतुऱ्याइँ, गरिब तथा असहयका अतिरञ्जनात्मक अलौकिक विषयवस्तु पशुपंक्षीका कथाहरू कथानकमा समावेश हुन सक्छन् । अनि कथानकको प्रारूप तयार हुन्छ । त्यसै गरी समाजमा रहेका अन्धविश्वाश, रूढि परम्परा लोकोक्तिको आधारमा पनि कथानकको ढाँचा तयार हुन्छ , जसले कथालाई अगाडि बढाउछ कथावस्तु प्रारम्भ, विकास र उपसंहार गरी कसिलो र सुगठित हुन्छ । यस्ता कथाहरू संयोगान्त र वियोगान्त गरी दुबैथरी हुन्छन् । सामान्यतः लेख्य साहित्यको कथा र उपन्यासका कथाहरू जस्तै लोककथाको पनि आख्यान निर्माण भएको हुन्छ ।

### २.४.२ पात्र

कथाको विषयवस्तु अनुरूप पात्रको चयन गरिन्छ । लोककथा कल्पना प्रधान र मौलिक विधा भएकाले यसमा उपयुक्त पात्रहरू जीवनका यथार्थ धरातलबाट टिपिएका नभएर काल्पनिक संसारबाट छोपिएका हुन्छन् । कथामा मानव मानवेतर पात्रहरू हुन्छन् । यी पात्रहरूको माध्यमबाट कथालाई रोचक र मनोरञ्जक बनाउन कथावाचकले उपयुक्त संवादको सिर्जना गर्दछ । नीति, शिक्षा, उपदेश दिने खालका संवादको परिकल्पना गरी पात्रलाई जीवन्तता प्रदान गरी लोककथाका पात्रहरूको गठन गरिएको हुन्छ । लेख्य साहित्यका पात्रहरूभन्दा लोककथाका पात्रहरू भिन्न हुछन् । लोक समाजमा आफ्ना भावना वरपर रहेका वस्तु पदार्थलाई पात्र बनाएर त्यसैका माध्यमद्वारा आफ्ना भावना पोख्ने र आनन्द लिने काम कथा वाचकहरूले गर्दछन् । त्यसैले

---

[२०] कृष्णप्रसाद पराजुली, **नेपाली लोकगीतको आलोक** (काठमाडौं, वीणा प्रकाशन, २०५७), पृ.४७ ।

निष्कर्ष स्वरूप के भन्न सकिन्छ भने लोककथामा कुनै पनि वस्तु र पदार्थलाई पात्रहरूको रूपमा प्रयोग गरिन्छ ।

## २.४.३ परिवेश

नेपाली लोककथाहरू नेपाल अधिराज्यका कुना-काप्चा, छाँगा-छहरा, डाँडा-पाखा, हिमाल पहाड, तराई, गाँउ, बस्ती, सहर आदि परिवेशबाट आएका छन् । यसरी भौगोलिक परिवेशलाई पनि लोककथामा समेटिएको पाइन्छ । नेपाली भौगोलिक परिवेश बाहेक स्वर्गलोक, पाताललोक, मर्त्यलोक नार्कलोग, परलोक आदि अलौकिक परिवेशलाई पनि नेपाली लोककथामा चित्रण गरिएको पाइन्छ । त्यसैगरी परापूर्वकालदेखि मध्यकाल र आधुनिक कालको कुनै पनि परिवेशलाई समेटेर लोककथाको निर्माण भएको पाइन्छ । यसरी नै कालखण्डको उल्लेख लोककथामा हुनुपर्छ । काल एकातिर, परिवेश अर्कोतिर र भयो भने त्यो कथाले पात्रको विश्वसनीयता गुमाउँछ । परिवेश पनि मिल्दोजुल्दो हुनुपर्छ । नेपाली लोककथाहरू यिनै विभिन्न परिवेशहरूको निर्माण गरी निर्मित भएका छन् ।

## २.४.४ संवाद

संवाद उपयुक्त हुनुपर्छ, जसले पात्रलाई मुग्धपारी कौतुहल प्रदान गर्नका साथै बिनोदप्रिय पनि हुनुपर्छ । यसले गर्दा कथावाचकले भनेका कुरा श्रोताका कानमा मिठासपूर्ण भएर गुन्जायमान हुन सकुन् । मानिसले जस्तै मानवेतर पात्रहरूले पनि उपयुक्त तरिकाले संवादमा बोलेको पाइन्छ, जसले लोककथालाई रोमाञ्चक बनाउनमा थप उर्जा प्रदान गर्दछ ।

## २.४.५ उद्देश्य

लोककथामा उद्देश्यको स्थान उच्च छ किनकि उद्देश्य विनाको कुनै काम नै हुन सक्दैन । यसले शिक्षाप्रद मनोरञ्जनात्मक अर्ती उपदेश दिन, थकाइ मेटाउन, दुःख सुखका कुरा व्यक्त गर्न आफ्ना सन्तानलाई कथाका पात्रहरू जस्तै गरेर आफ्नो भविष्य निर्माण गर्न योग्य होउन् भन्ने उद्देश्य राखेर लोककथाको कल्पना गरिएको हुन्छ । यिनै उद्देश्य पूर्ति गर्नु नै लोककथाको उद्देश्य हो भने हरेक लोककथाबाट कुनै न कुनै उद्देश्य प्राप्ति गरिएकै हुन्छ ।

## २.४.६ भाषा

लोककथाको भाषा लोकबोली अर्थात् स्थानीय बोलचालको भाषा प्रयोग भएको पाइन्छ । जहाँ भाषा स्तरीय भन्दा फरक पाइन्छ । जुन समाजको लोककथा प्रस्तुत गरिएको छ त्यही समाजको बोलीचाली लवज अनुसारको भाषा प्रयोग गरिन्छ, जुन सरल स्वाभाविक र प्राकृतिक भाषामा प्रष्ट रूपमा प्रस्फुटित भएको पाइन्छ ।

## २.४.७ लोकतत्व

लोककथामा कथाले लोकतत्त्व अनिवार्य रूपमा लिएको हुन्छ । जस्तै समाजमा चलेका विभिन्न प्रकारका लोक विश्वासहरू सकुन-अपसकुनहरू धर्म परम्परा लोक संस्कार आदिको विश्वास, देव-देवी धर्मप्रतिको आस्था विश्वासलाई समेटेर लोककथामा लोकतत्त्व रहेको हुन्छ । भाषा संस्कृति, रीतिरिवाज, चालचलन, वेशभूषा, भूगोल आदिको प्रयोगबाट त्यो कथाले कुन समाजको लोकतत्त्वलाई समेटेको छ, भन्ने कुरा कथा पढेपछि सजिलैसँग छुट्टयाउन सकिन्छ । लोककथामा लोकतत्त्व अनिवार्य रूपमा रहेको पाइन्छ ।

## २.५ लोककथाको वर्गीकरण

नेपाली लोककथाको वर्गीकरणका क्रममा लोककथा वर्गीकरण केही प्रारम्भिक आधारहरू प्रचलित मान्यताहरूको चर्चा गर्नु आवश्यक र प्रासङ्गिक हुन्छ । लोककथाको वर्गीकरण गर्दा साहित्यिक, सामाजिक, सांस्कृतिक तथा मनोवैज्ञानिक दृष्टिकोणअनुसार मूलरूप, विषयवस्तु, उद्देश्य, अभिव्यक्ति प्रणाली तथा प्रतीकलाई क्रमशः प्राथामिकता दिने गरिन्छ । तर कथाहरूको असङ्ख्यता, विषयवस्तुको विविधता उत्पत्तिको अनेकताले गर्दा लोककथाको वर्गीकरण कार्य

अत्यन्त कठिन अनुभव हुन्छ । मानव हृदय तथा मनका अगणित अनुभूति, अनुभव तथा मानव कल्पनाहरू र मानव समाजमका प्रचलित विश्वास रीतिरिवाजहरू सब लोककथाको विषय क्षेत्रभित्र पर्दछन् । ती विविध ढङ्गमा लोककथामा अङ्कित तथा अभिव्यक्त हुन्छन् । अतः लोककथाको क्षेत्र अत्यन्त व्यापक र विविधतापूर्ण हुन्छ । जसलाई कुनै एक मात्र निश्चित आधार या कसीले बाँध्न गाह्रो हुन्छ । त्यसैले ती कति प्रकारका कति वर्गका हुन्छन् निश्चित रूपले औंल्याउन र ठम्याउन निकै मुस्किल हुन्छ । विश्वका अन्य मुलुक र राष्ट्रहरू झैं हामीकहाँ पनि विविध रूप, विधा, उद्देश्य, स्थान, काल, परिस्थिति, सामाजिक संस्कृति, समूह अनुरूपका लोककथाहरू उपलव्ध र प्रचलित छन् । तिनीहरूको खास वर्ग वा समूहलाई लक्ष्य गरेर यदाकदा पढेलेखेका शिक्षितहरू दन्त्यकथा, किंवदन्ती, पौराणिककथा, जनश्रुति, आख्यान, परीकथा, वीरकथा, नीतिकथा आदि भन्ने गर्दछन् । यूरोपतिरका लोकवार्ताकारहरू पनि :बचअजभल (लोककथा) क्वनभल (वीरकथा) ‘भिनभलमक (गाथाहरू) त्वबमष्तष्यलक (परम्परागत कथाहरू) :थतजक, (पौराणिक कथाहरू) ँबदभिक (नीतिकथाहरू) आदि शव्दहरू परिभाषित रूपमा अर्थस्थिरको मात्रगत भिन्नता सहित प्रयोग गर्दछन् । यथार्थमा कथाहरूमा देखापर्ने कथाको रूपभेद औंल्याउने र स्थिर गर्ने सम्बन्धमा केही शव्दावलीको प्रयोग गर्नु सजिलो भए पनि याद राख्नु पर्ने कुरा के छ भने वर्गीकृत रूप फितला छन् र केही हदसम्म ती भिन्नभिन्न सांस्कृतिक समूहमा भिन्नभिन्न अर्थ राख्छन् ।[२१]

साधारणतया प्रायोगिक भेदले कथाहरू अभिनयात्मक, वर्णनात्मक दुई प्रकारका हुन्छन् । अभिनयात्मक कथाहरू अभिनयसहित भनिने हुनाले ती लोक गीतिनाट्य, लोकनाट्य तथा बालबालिकासँग सम्बन्धित छन् । वर्णात्मक कथाहरूमा अभिनय बिना सिधा विवरणहरू हुन्छन् । वर्णात्मक कथाहरू पनि भनिने र गाइने गरी दुई उपवर्गमा विभाजित हुन सक्छन् । गाइने कथा अन्तर्गत लोकगीति कथा वा लोकगाथाहरू पर्दछन् । गाइने कथा पद्यमा हुन्छ भने भनिने कथा विशेषतः गद्यमा हुने गर्दछ । कुनै कुनै कथामा गद्य-पद्य मिश्रित स्वरूप पनि पाइने गर्छ । यसै गरी प्रचार प्रसारको उमेर भेद, लिङ्गभेदको आधारमा पनि कथाहरू वर्गीकृत हुन सक्छन् ।[२२]

तर यस्तो वर्गीकरण पद्धतिले लोककथाको विविधता तथा सम्पूर्णताको बढी प्रतिशत भेट्न मुस्किल पर्दछ । उद्देश्यको दृष्टिकोणले मुख्यतया तिन वर्ग हुन्छ । १.मनोरञ्जनात्मक, २. उपदेशात्मक, ३.व्याख्यात्मक जो क्रमशः मनोरञ्जनात्मक तत्त्व, उपदेशात्मक तत्त्व र धार्मिक तत्त्वले युक्त हुन्छन् ।[२३] यस प्रसङ्गमा फोकलर सोसाइटी अफ इङ्ल्यान्डका संस्थापक जर्ज लरेन्स गामे, फिनेली विद्वान आन्द्रे येव, आफ्नासीयव सल्कभ भ्याद्भीर आइकोभले भिच्, प्रोप, अङ्ग्रेजी लोकवार्ता विदुषी सी. एस् वर्न, ई. एच्. हाटल्याण्ड एण्ड ल्याङ्ग जर्मनली ग्रीम बन्धुहरू, जापानी कथाविद् प्रो. कुमियो यानागिता, भारतीय लोकवार्ताविद् डा. सत्येन्द्र, डा. कृष्णदेव उपाध्याय, डा. दिनेशचन्द्र सेन र संस्कृत साहित्यका आचार्यहरू श्रद्धेय आनन्दवर्द्धन, हरिभद्र, अभिनवगुप्त आदिको नाम उल्लेखनीय छन् ।[२४]

यी विद्वानहरूले आ-आफ्ना तरिकाले परिभाषा गरे तापनि यहाँ संक्षिप्त रूपमा केही विद्वानको वर्गीकरण मात्र प्रस्तुत गरिन्छ ।

**आनन्दवर्द्धनको वर्गीकरण**

(१) परीकथा (२) सकलकथा (३) खण्डकथा

**डा. दिनेशचन्द्र सेनको वर्गीकरण**

(१) रूपककथा (२) हाँस्यकथा (३) धार्मिक कथा

(४) गीतिकथा

---

[२१] तुलसी दिवस, **नेपाली लोककथाः केही अध्ययन,** (काठमाडौं नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३३), पृ. १८ ।

[२२] ऐजन, पृ. १९ ।

[२३] ऐजन, पृ. १९ ।

[२४] ऐजन, पृ. २० ।

**डा. सत्येन्द्रको वर्गीकरण** [इछ]

(१) गाथाहरू (२) वीरगाथाहरू वा अवदान (३) कहानी

**डा. कृष्णदेव उपाध्यायको वर्गीकरण**

(१) उपदेशकथा (२) व्रतकथा (३) प्रेमकथा (४) मनोरञ्जन कथा

(५) सामाजिक कथा (६) पौराणिक कथा

**पाश्चात्य वर्गीकरण**

**जर्जगोमेको वर्गीकरण**

(१) शुद्धकथा (२) वीरकथा (३) वीरगाथा गीति काव्य

(४) स्थान विशेषसँग सम्बन्धित किंवदन्ती वा जनश्रुति छन् ।

**सी. एस बर्नको वर्गीकरण**

(१) सत्य रूपमा भनिने कथा (२) मनोरञ्जनका रूपमा भनिने कथा

(३) पशुकथा (४) लघुछन्द हास्यकथा (५) क्रमसम्बन्धि कथा

(६) युक्ति प्रमाणका कथा

**एण्टी आर्नेको वर्गीकरण** [इट]

(१) पशुपंक्षीको कथा (२) शुद्धकथा

(३) हस्यौली तथा चुट्किला लघुकथा

**स्टिथ थोमसनको वर्गीकरण**

(१) वीरकथा (२) परम्परागत कथा (३) नीतिकथा

(४) पञ्चतन्त्रीय कथा (५) पौराणिककथा

**नेपाली विद्वानहरूको वर्गीकरण**

**तुलसी दिवसको वर्गीकरण**

(१) सांस्कृतिक ऐतिहासिक लोककथाहरू

(२) अर्ती उपदेशका लोककथाहरू

(३) मानवका विशेष स्वभाव र प्रवृत्तिका लोककथाहरू

(४) अतिमानवीय लोककथाहरू

(५) दैवी लोककथाहरू

(६) पशुपंक्षीका लोकथाहरू

(७) फलफुलका लोककथाहरू

(८) साहस तथा बहादुरीका लोककथाहरू

(९) धार्मिक लोककथाहरू

(१०) विविध लोककथाहरू [इठ]

---

[२५] ऐजन, पृ. ३० ।

[२६] ऐजन, पृ. २६ ।

**कृष्णप्रसाद पराजुलीको वर्गीकरण**

(१) पौराणिक कथा

(२) नीतिकथा

(३) पुराकथा

(४) परीकथा

**चूडामणि बन्धुका वर्गीकरण** [२८]

(१) पौराणिक कथा र किंवदन्तीहरू

(२) परीकथा र नीतिकथाहरू

लोककथालाई वर्गीकृत गर्ने सन्दर्भमा पश्चिमी विद्वानहरू, पूर्वीय आचार्यहरू र नेपाली विद्वानहरूले विभिन्न परिभाषाहरू सार्वजनिक गरेका छन् । लोककथाका सन्दर्भमा गरिएका वर्गीकरणलाई आधारहरू भिन्न भिन्न किसिमले आएका देखिन्छन् । प्रत्येकका परिभाषाहरू कुनै न कुनै आलोचना या अपूर्णता न देखिने पनि होइनन् । विभिन्न विद्वानहरूले व्यक्त गरेका परिभाषालाई पनि ध्यानमा राख्दै लोककथाको अध्ययनका क्रममा गरिएको विश्लेषणका आधारमा यसको वर्गीकरण यसरी गर्नु सान्दर्भिक ठहरिन्छ ।

(१) सामाजिक लोककथा

(२) धार्मिक तथा पौराणिक लोककथा

(३) ऐतिहासिक लोककथा

(४) उपदेशमूलक लोककथा

(५) मनोरञ्जनपरक लोककथा

(६) वीरता साहसपरक लोककथा

(७) अलौकिक लोककथा

(८) लौकिक लोककथा

(९) हाँस्य व्यङ्ग्यात्मक लोककथा

## २.४.६ लोककथाको अध्ययन परम्परा

मानव समाज सभ्यतासँगै लोक साहित्यको पनि उठान भएको छ । लोक साहित्य लोकको सम्पत्ति हो । मान्छे जब सांस्कारिक युगमा प्रवेश गर्दै गयो आफ्ना अनुभव र अनुभूतिलाई उसले व्यक्त गर्दै गयो । यसैले लोक साहित्य लोकानुभव र लोकानुभूतिको समिश्रणबाट उठेको साहित्य हो । लोक साहित्य अन्तर्गतको विधा लोककथा पनि श्रुति परम्पराबाट हुर्कदै वर्तमानसम्म गतिशील रहेको छ ।

लोककथाको प्रादुर्भाव र विकासका सन्दर्भमा विभिन्न अध्येताहरूले अनुसन्धान गर्दै आएका छन् । भाषाको व्यवहार प्रारम्भ भएपछिका अवस्थामा लोककथा पनि मौखिक परम्पराबाट विस्तारित हुदै आएको पाइन्छ । लोककथाको प्रादुर्भावका सन्दर्भमा पूर्वी तथा पश्चिमी विद्वानहरूले आ-आफ्ना विचारहरू अभिव्यक्त गरेका छन् ।

मान्छेले भाषा पाउनुभन्दा पहिले आदिम मान्छेले मानसिक भाषामा नै कथा भन्यो र सुन्यो होला भनी बासुदेव त्रिपाठीले कथाको उठानलाई औँल्याएका छन् ।[२९] मनोविश्लेषणवादी

[२७] ऐजन, पृ. ३८ ।

[२८] चूडामणि बन्धु, **नेपाली लोकसाहित्य** (काठमाडौं : एकता प्रकाशन, २०५८), पृ. २८६ ।

फ्रायडले भनेका छन् “मान्छेको अवचेतन मनमा अनेकौं वासनात्मक इच्छाहरू दमित अवस्थामा रहेका हुन्छन् र चेतन मनलाई थाहै नदिई ती अतृप्त कामेच्छाहरू दमित अवस्थामा बाह्य रूपमा प्रकट हुने क्रममा लोककथाको पनि जन्म भएको हो ।[घण]

मानिसको क्रमिक विकास पश्चात् स्पष्टतः कृषि युग आएपछि जब मान्छे खेती बारीमा काम गर्न थाल्यो, काम गर्दाको थकाइ मेट्न, जाडोको बेलामा धुनीको वरिपरि बसी जाडो छल्न, केटाकेटी फकाउन वा लोग्ने मान्छे र आइमाई बिच परस्पर आकर्षण कढाउन आफूमा वा अरुमा बितेका घटनाहरूलाई बढाइचढाई सुनाउने उत्सुकताको गर्भबाट कथा जन्मेको हुनसक्छ । ढुङ्गामुढाको होस् वा पशुपंक्षीको होस्, चन्द्रमा ताराको होस् वा मेघ वा बिजुलीको होस् कथा मान्छेकै चेतनाबाट जन्मेको अभिव्यक्तिको एक कला हो, त्यसैले पहिलो कथा मान्छेकै संवेदनामा आधारित मान्छेकै कथनी हो ।[घञ]

तुलसी दिवसका विचारमा वक्ता सामाजिक परिवेशको उपज हुने हुँदा नेपाली लोककथामा वेद, उपनिषद, पुराण, रामायण, महाभारत, पञ्चतन्त्र कथा साहित्यसागर, बृहतकथा, कथामाला आदिको परम्परा एवम् प्रभाव पनि पाइन्छ । पिनासको कथा (१९७२) नेपाली भाषामा लेखिएको पहिलो लोककथा मानिन्छ । वनारसबाट पुस्तकहरू प्रकाशन हुन थाले पछि वहत्र सुगाको कथा (१८८०), लालहीराको कथा (१८८८), वेतालपच्चिसी विशक्तिका कथा (१८९३), स्वस्थानी व्रतकथा (१९४८), हरिश्चन्द्रको कथा (१९८२), तोतामैनाको कथा (१९८४), मधुमालतीको कथा (१९९६) आदि प्रमुख केही आख्यानात्मक कृति प्रकाशित भएका छन् ।[घद्द]

नेपाली लोककथाको क्षेत्रमा विभिन्न अन्वेषकहरूले शोध गर्दै आएका छन् । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट नेपाली लोककथा (२०३२) तुलसी दिवसको सम्पादकत्वमा प्रकाशित भएको छ । धर्मराज थापा र हंसपुरे सुवेदीद्धारा लिखित नेपाली साहित्यको विवेचना (२०४०), मोतीलाल पराजुलीको ‘धर्मात्मा राजा’ नेपाली लोककथा सङग्रह श्रृङ्खला (२०५९) आदि पुस्तकहरूले लोककथाको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका छन् ।

नेपाली लोककथाको अध्ययन अनुसन्धान र विश्लेषण २०२५ देखि सुरु भएको पाइन्छ । लोककथाका स्वनील कल्पनाशीलताको काखमा जीवनका सङ्केतहरूलाई विश्लेषणत्मक हेराइले आत्मसाथ गर्नु परेको छ ।[33] यसरी २०२५ सालबाट लोककथाको मूल्यलाई खोज्नु भनेको मानव मूल्यलाई खोज्नु हो । आधुनिक कथाविधा मूल आधार नै लोककथा हो । लोककथाले मानव जीवनका स्थूल पक्षहरूको खोज गरी मानव समाजमा आदिम समाजदेखि निरन्तर रूपमा चलिरहन्छ, जबसम्म मानव अस्तित्व रहन्छ, तबसम्म लोकथाको विकासक्रम चलिरहने छ ।

लोककथाको अध्ययन सङ्कलन परम्परा भरखरै सुरु भए तापनि लोककथाको मौखिक परम्परा आदिम मानवको जन्म सँगसँगै भएको हुन सक्छ । ईशापूर्व २ हजार वर्ष अघि होमर, सोफोक्लीज, वाल्मिकी, व्यास आदिका पालादेखि नै लोककथाको विकास भएको पाइन्छ । अतः लोककथाको परम्परालाई विभिन्न चरणमा विभाजन गर्न ज्यादै कठिन छ । नेपाली लोककथा अध्ययन परम्पराको खोजी गर्न नेपालका आदिवासी राई, शेर्पा, मगर, तमाङ, थारू आदि जातिमा पाइने लोककथाहरूको सबै सङ्कलन गर्न सकिएको छैन । त्यसबेलाका जनजातिमा के कस्ता लोककथाहरू थिए, के कति लोककथारू सङ्कलन भए र के कति मौखिक रूपमा जीवित छन् ती सबैको लेखाजोखा गर्न बाँकी नै छ ।

---

[२९] बासुदेव त्रिपाठी, पूर्ववत्, पृ.२ ।

[३०] धर्मराज थापा र हंसपुरे सुवेदी, पूर्ववत्, पृ. ३१९ ।

[३१] ऐजन, पृ.३२२ ।

[३२] सविना ज्ञवाली, गुल्मी जिल्लाका लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण, अप्रकाशित शोधपत्र त्रि.वि. ने. के. वि. २०६१ पृ.९६ ।

[३३] वासुदेव त्रिपाठी, “लोककथाको मूल्यलाई औल्याउन खोज्दा” **हाम्रो संस्कृति** (वर्ष अङ्क २०२५ ) पृ. ३१ ।

लोककथाको सङ्कलन, विश्लेषण र अध्ययनका लागि जारी रहेका अनुसन्धानहरूले अध्ययन परम्परामा विशेष भूमिका निर्वाह गरिरहेका छन् । प्रारम्भिक अवस्थाबाट उठान भएको लोककथा वर्तमानसम्म निरन्तर खोज अनुसन्धानको विषय बनिरहेको छ ।

# तेस्रो परिच्छेद

## कैलाली जिल्लामा प्रचलित थारू लोककथाको सङ्कलन

कैलाली जिल्लाका थारू लोककथामा अन्धविश्वास, कुरीतिका साथै भुतप्रेत, बोक्सीमाथि विश्वास हुनु, नायकले अविश्वसनीय कार्य गर्नु, विभिन्न मानव र मानवेतर पात्रहरू रहनु, खराबको पराजय र राम्रो काम गर्ने नायकको विजय देखाउनु यी लोककथाहरूका विशेषताहरू रहेका छन् । पात्रहरू, स्थानका नाममा थारू शब्द रहनु, स्वर्ग-नर्क, पृथ्वी-पातालको वर्णन पाइनु, मानव र दानवका द्वन्द्व देखाउनु लगायतका विशेषताहरू  लोककथामा रहेको छ ।

### ३.१.सपरजुवा लोककथा

यो कथा कैलाली जिल्लाको दोदोधरा गाविस-४ बस्ने धिकराम चौधरीबाट सङ्कलन गरिएको हो । यो कथा पौराणिक, ऐतिहासिक विषयसँग सम्बन्धित छ । सर्पराजाको जीवनमा आधरित रहेको छ ।

### ३.१.१ मूलपाठ

बहुट समय पहिलक बाट हो । एक देशमे भोकमरी परल । कैयौ मनैं भुक मरे लग्ला । धेरै समय पहिलेको कुरा हो । एकादेशमा धेरै भोकमरी पऱ्यो । यस्तक दानापानी खोज्य एक जाने बुढीया मनैं जङ्गलवर लाग्लिन् । उनले बल्लतल्ल एकथो रूखवामे पाकल गुल्लर (एक प्रकारके फल ) फेला पर्लिन् । उनी धेरै खुसी हुइनै ओ पाकल गुल्लर टुरे हाथ आघे बढ्इनै ।

उहे बेला रूखवाके थुड्कासे फुक्कार फ्याक्ती एकदम ठुल सपुवा निक्रल ओ बुढीयाहे कहल “तैं मोर गुल्लर काकरे चोराइते ? यहाँसे भाग । नितो तुहिन काटके मुवादेम् ।” लेकिन बुढीया नाइ डराइल । ऊ दुःखी स्वरमे कनै–मिहिन काटके का पैबे ए सपुवा ? हेर हमार गाँउमे बहुत भोकमरी परल बा । अगर आज यी गुल्लर फे नाइ लैजिम तो मोर तिन तिन छाइ भुखे मरजैही ।

तब जाके सपुवा बुढीया आगे एकथो अनौठा प्रस्ताव ढारल “हेर बुढी माँऊ तोरिक तिन तिन जाने छाइ बाटैं । मै यी फल बोक्न सेक्ना जत्रा नै देम लेकिन तोरिक छाइ मनिक जे यी फल खाइ उहिनहे तैं मोरिक जन्नी बनेक पठक परी । यदि मन्जुर बा कलेसे टुरके लैजा,नाइ हो कलसे ओस्तहे घुम ।”

बुढीया दोमनमे परल लेकिन भुक जित गैल, जा परी परी कहिके उ आपन बोक्न सेक्ना गुल्लरके फल टुरल ओ घरवर लागल अत्रा धेर गुल्लर नानल देखके छाइहुक्रे बहुत खुसी हुइनैं । ओइने तैं छोड मैं मै छोड तैं कर्ती गुल्लर खाइक हाथ आघे बढहैनै । तब उहे बेला बुढी सपुवाकसँग हुइल आपन करार बताइल ।

बरकी छाइ फन्कती कहल “न गुल्लर खाँउ न सपुवासे भोज करु ।”मझ्ली छाइ फे नाइ परल हो, हमहन सपुवासे भोज करना बरू भुखे मरू लेकिन सपुवासे भोज नाइ करम कहिके गुल्लर नाइ खाके उडके गैगिल । डाइक यी अवस्था देखके छोटकी छाइ हे दया लग्लिस आइल ऊ सपुवासे भोज कैना स्वीकार करल और कपाकप गुल्लर खाइ लागल ।

बुढीया रोइती रोइती छोट्की छाइहे रूखवक ठुट्कसम छोरके आइल । छोट्की छाइ फे सपुवा देखके डेराइल । यी सपुवा कब मिहिन काटके मुवाइ कहिके डेरैती रहे । सपुवा फे छोट्कीक यी अवस्था देखके ऊ डेराइता पत्ता पाइल ।

सपुवा कहल “हेर छोट्की यी हमार ठुट्का हमार घर नाइ हो चोल तरेओर जाइ ।” एकघची पाछे उहाँ एकदम बरुवार स्वर्ण महल देखा परथ । उहाँ कोनो चिजके कमी नाइरहे खानपिन हात्ती घोडा नोकरचाकर सब व्यवस्था रहे लेकिन ठरुवा नै सपुवा  हुइले मारे कैसिकके जिन्दगी बितैना हो ? छोट्कीहे अत्यास लागे लग्थिस् ।

जब साँझ हुइल दिन बुरल । सपुवा मनैयक रूप धारण करल । ऊ देखके छोट्कीक खुसीक सीमा नाइ रहल ऊ सपुवा वास्तावमे इच्छाधारी नाग रहे । ऊ देशके सपरजुवा (सर्प राजा) रहे । अब छोट्की सपुवकसँग खुसी जिन्दगी बिताइ लागल ।

छोट्कीक सुखद जिन्दगीबारे ओकर परिवारहे पत्ता हुइल । बरकी और मझली पछ्ताइ लाग्नैं "हत्तेरीका हम्रे गुल्लर काहे नाइ खाइली ?"यहार छोट्की सुग्घर छाइ पाइल लरका लैकै अपन लैहर आइल । ओकर लुगा गरगहना देखके गाउक मानिक मानै छक्क पर्नैं । एक छाइ तो कल्याण हुइल कहिके डाई खुसी हुइल ।कुछ दिन लैहर बैठके राजा अक्केली मोरिक डगरा हेरथुही कहिके रानी दरबार घुमगैल । ओकर बरकी दिदी क मनमे पापके डेरा जामासेकल रहे । ऊ तेल घस्ती एकचुटी दुरसम कहिनियाहे पुगाके आइम कहिके सँगे गैल ।

बिच डगरामे कुवा रहे । बरकी कहल "ले बाबु कुवामे आपन दुनुजाने बौनी हेरी के सुग्घर देखाइथ ?" ओइने छोटमे अस्तके खेल खेलैह । तबेक मारे दिदी मन बुझाइक लग ले हेरी नतो कहिके दुनु जाने कुवामे हेरीकहेरा करे लाग्नैं ।

छोट्की गहना पहिरके नाइ सुग्घर देखौना बात नाइ रहे यकर मारे दिदी मन और दुखाथ ऊ बहिनीया हे कहल एक चो अपन लुगा फेरके बौनी हेरी के सुग्घर देखाइथ ? छोट्कीक लुगा लगाके बरकी और बरकीक लुगा लगाके छोट्की लुगा लगाइथ और दुनु जाने फे हेराहेर करे लाग्नै यही मौकाम बरकी छाट्की हे कुवामे धकेलदेहथ और लरका बोकके सपरजुवाक दरबारमे पुगथ ।

दिदी बहिनियक अक्के मुहार मारे और छोट्कीक लुगा गरगहना लगैलेक मारे सपरजुवा बरकी हे अपन छोट्की रानी मनले रहथ लेकिन यी पाली राजा अचम्म परथ कोन मानेम की रानी छाइ हे दुध खुवाइक नाइ मानथ । ऊ छाइसे दुरेदुरे हुइथ ।अस्तके ऊ औरे दिन साँझ जुनसे बेरामके बहाना कहिके सुतके बिताइ लागल । छाइक रुवाइ सुनके राजा रातभर नाइ सुते सेकल ।

कुवामे अपने दिदी से धकेल्वा पाइल छोट्की अपन छाइक बिछोड सहे नाइ सेकल ऊ बयाल बनके रातके दरबारके आगनामे पुगथओ अपन प्यारी कुकिकियाहे गीत के भाकासे बोलाइल–

भुकभुक ए सखली कुकिनीया
आपन लरकाहे मै दुध खवाइम्

गीत सुनके कुकिनिया उथठ । वास्तविक रानीक स्वर चिनके ऊ पुछी हिलाइ लगाल । रानी दुवार खोलैना फे गीत गाइ लागथ–

खुल खुल ए बजरा केवारिया (ढोका)
आपन लरकाहे मै दुध खवाइम्

गीतसे दुवार घऱ्याक्क खुल्लथ । रानी आपन लरका छातीम चप्टालेहथ । लरकापर तेल लगादेहथ । और कोरीकाटी कैके पेटभर दुध खवाइथ । उज्रार हुइनासे पहिले लरकाहे चुमके बिदा हुइथ ।

बिहानके सपरजुवा छाइहेल कजरा लागइल चिरिच्याँट परल और मस्त निदमे सुतल देखके छक्क परथ । साँझके सुतेबेर नाङगैभुतुङ्गै हुइल छाइ ऊ रूप बिहान कैसिके हुइथ कहिके राजा एक रात पर्धी लागथ । गीत सुनके बाहेर कुकिनिया भुके आपनिही ढोका खुलल और रानी छाई हिन दुध खुवाइत देखके सपरजुवा आचर्य चकित हुइथ काकरेकी ओकर जन्नी तो नाक बोजाके मस्त निदमे सुतल रहथ अैसिके मोर छाइहन रातके दुध खुवाइया आइया के ? कहिके राजा छाइहन कोरीबाटी बनुइया जन्नी मानैयाक हाथ च्यापप से पकथ ।

छोट्की झकल ऊ रुइती रोइती सर्पराजाहे आपन दिदीक वृत्तान्त सुनाइल । राजा यथार्थ थाहा पाएल । सर्पराजा बेरामके बाहाना करल नक्कली रानीक नाक चभ्कुटी काटके सात सहरपार पठाएल । औरेक ईर्ष्यासे करुइयक अस्ते हालत हुइथ कहिके छोट्की फे बरकी दिदीक दुर्दशामे कुछ नाइ बोलथ् । ऊ फेरसे सपरजुवासँग सुखी जीवन बिताइ लागल ।

अत्रा हो बात अत्रै हो चित

हँसिया लेबो कि बेंट

बेंट

तोहार मोर सध्यें हुइ भेंट ।

स्रोत : धिकराम चौधरी दोदोधरा ४ कैलाली

### ३.१.२ नेपाली अनुवाद

धेरै समय पहिलेको कुरा हो । एकादेशमा धेरै भोकमरी पऱ्यो । कैयौं मान्छे भोकैभोकले मर्न थाले । यस्तैमा कन्दमूल खोज्न एक जना बुढी मान्छे जङ्गलतिर लागिन् । उनले बल्लतल्ल एउटा रुखमा पाकेको गुल्लर (एक प्रकारको फल ) फेला पारिन् । उनी धेरै खुसी भइन् र पाकेको गुल्लर टिप्न हात अगि बढाइन् ।

त्यसै बेला रूखको टोड्काबाट फुक्कार फाल्दै एक ठुलो सर्प निस्कन्छ र बुढीलाई भन्छ, "तिमी मेरो फल किन चोर्दै छ्यौ ? यहाँबाट भागी हाल । नत्र तिमीलाई टोकेर मार्नेछु ।"तर बुढी डराइनन् । उनले दुःखी स्वरमा भनिन्–मलाई टोकेर के पाउछस् ए सर्प ? हेर हाम्रो गाँउमा धेरै भोकमरी परेको छ यदि आज यही गुल्लरको फल पनि लगिन भने मेरा तिन तिन छोरी भोकै मर्ने छन् ।

त्यसपछि सर्पले बुढी समक्ष एक अनौठा प्रस्ताव राख्यो "हेर बुढी तिम्रा तिन तिन जना छोरी रहेछन् । मैले यो फल बोक्न सकुन्जेल नै दिउला तर तिम्रा छोरी मध्ये जसले यो फल खान्छ उसलाई तिमीले मेरी श्रीमती बनाउन पठाउनु पर्छ । यदि मन्जुर छ भने टिपेर लैजाऊ,होइन भने रित्तै फर्क ।"

बुढी दोमनमा परिन् तर भोकले जित्यो जे पर्ला पर्ला भनेर उनले आफूले बोक्न सक्ने गरी गुल्लरको फल टिपिन् र घर फर्किन् धेरै गुल्लर ल्याएको देखेर छोरीहरू निकै खुसी भए । उनीहरू तछाडमछाड गर्दै गुल्लर खान हात अघि बढाए । त्यसै बेला बुढीले सर्पसँग भएको आफ्नो करार बताइन् ।

जेठी छोरीले फन्किदै भनिन् "न गुल्लर खाँऊ न सर्पसँग बिहे गरुँ ।" माइली छोरी पनि पऱ्या छैन, हामीलाई सर्पसँग बिहे गर्न बरु भोकै मार्छु तर सर्पसँग बिहे गर्दिन भनेर गुल्लर नखाई उडेर गइन् । आमाको अवस्था देखेर कान्छी छोरीलाई टिठ लागेर आयो । उनले सर्पसँग बिहे गर्न सहर्ष स्वीकार गरिन् र कपाकप गुल्लर खान थालिन् ।

बुढी रुँदैरुँदै कान्छी छोरीलाई गुल्लरको रुखको टोड्कासम्म छाडेर आइन् । कान्छी पनि सर्प देखेर डराइन् । त्यो सर्पले मलाई कतिखेर टोकेर मार्ने हो भनी उनी सशङ्कित भइन् । सर्पलाई पनि कान्छीको त्यो अवस्था देखेर उनी डराएको थाहा भयो ।

सर्पले भन्यो "हेर कान्छी यो टोड्को हाम्रो घर होइन, हिड तल जाऊ ।" एकछिन हिडेपछि त्यहा ठुलो स्वर्ण महल देखियो । त्यहाँ कुनै पनि चिजको कमी थिएन, खानपिन हात्ती घोडा नोकरचाकर सबैको व्यवस्था थियो तर लोग्ने नै सर्प भएपछि कसरी जिन्दगी बिताउनु ? कान्छीलाई अत्यास लाग्न थाल्यो ।

जब साँझ भयो, दिन ढल्कियो । सर्प मनुष्यको रूपमा परिवर्तन भयो । त्यो देखेर कान्छीको खुसीको सीमा रहेन त्यो सर्प वास्तावमा इच्छाधारी नाग थियो । त्यो देशको सपरजुवा ( सर्पराजा) थियो । अब कान्छीले सपरजुवासँग निकै खुसी जिन्दगी बिताउन थालिन् ।

कान्छीको सुखद जिन्दगीबारे उनको परिवारलाई पनि थाहा भयो । जेठी र माइली पछुताउन थाले "हत्तेरी, हामीले गुल्लरको फल  किन खाएनौ ?" यता कान्छीले एक सुन्दर छोरी जन्माइन् । नवजात छोरीलाई लिएर उनी माइती भेटन आइन् । उनको लुगा गरगहना देखेर गाँउलेहरू छक्क परे  । एउटी छोरीको त कल्याण भयो भनेर बुढी आमा खुसी भइन् । केही दिन माइतीमा बसेर सर्पराजा एक्लै मेरै बाटो हेरेका होलान् भनेर कान्छी दरबारमा फर्की । उता उनकी जेठी दिदीको मनमा पापले डेरा जमाइसकेको थियो । उनी चिप्लो घसेर अलि टाढासम्म बहिनीलाई पुऱ्याएर आउँछु भनी सँगै गइन् ।

बिच बाटोमा एउटा गहिरो कुवा पर्थ्यो । जेठीले कान्छीसँग भनिन्, "ल बहिनी कुवामा दुबैले आफ्नो अनुहारको छायाँ हेरौं, को राम्री देखिदा रहेछौँ ?" "उनीहरू सानैमा पनि यस्ते गरी खेल खेल्थे । त्यसैले दिदीको मन राखी दिन कान्छीले पनि हुन्छ नि त लौ हेरौ ।" भनेर छोरीलाई छेउको रूखको छाहरीमा सुताइन् र दुबै कुवाको पानीमा छाँया हेराहेर गर्न थाले ।

कान्छी गहनाले ढाकिएकाले सुन्दर नदेखिने कुरै थिएन । यसले दिदीको मनमा अझ चोट पुऱ्यायो । उनले बहिनीसँग भनिन् "एक पल्ट एक अर्काको लुगा फेरेर छायाँ हेरौँ न त, को राम्री देखिदाँ रहेछौ ?" कान्छीका गहना लुगा जेठीले र जेठिका थाङ्ने लुगा कान्छीले लगाइन् । दुबै पुनः कुवामा मुहार हेराहेर गर्न थाले । यसै क्रममा जेठीले कान्छीलाई कुवाभित्र धकेली दिइन् र छोरी बोकेर सपरजुवाको दरबारमा पुगिन् ।

दिदी बहिनीको एउटै मुहार भएका हुनाले तथा कान्छीको लुगा गरगहना लगाउनाले सपरजुवाले जेठीलाई आफ्नै कान्छी रानी ठानेछ तर सर्पराजा यसपालि अचम्म कुन मानेमा परे भने रानीले छोरीलाई दुध खुवाउन मान्दैनथिन् । उनी छोरीदेखि टाढा टाढा हुन्थिन् । यस्तैमा उनी अर्को दिन बेलुकीबाट बिरामी भएको बाहाना गरी सुतेर बिताउन थालिन् । छोरीको रूवाइ सुनेर राजा रातभरि सुत्न सकेनन् ।

कुवामा आफ्नै दिदीबाट धकेलिएकी कान्छीले छोरीको बिछोड सहन सकिनन् । उनी हावा बनेर राति दरबारको आँगनमा आइन् र उनले दरबारकी प्यारी कुकुर्नीलाई गीतको भाकाले बोलाइन्–

भुकभुक ए सखली कुकुर्नी

आफ्नो बालकलाई म दुध खुवाउछु

गीत सुनेर कुकुर्नी बिउझिई । वास्तविक रानीलाई चिनेर उसले पुच्छर हल्लाउन थाली । रानीले ढोका खुलाउन पुन गीत गाउन थालिन्–

खुलखुल ए बजरा केवारिया (ढोका)

आफ्नो बालकलाई म दुध खुवाउछु ।

गीतले गर्दा ढोका घ्याक्क खुल्यो । रानीले आफ्नो बच्चालाई छातीमा टाँसिन् । बच्चालाई तेल घसिदिइन् । अनि कोरीबाटी गरेर पेटभरि दुध खुवाइन् । उज्यालो हुनुअघि बच्चालाई म्वाइँ खाएर बिदा भइन् ।

बिहान सपरजुवा छोरीलाई गाजल लाएको चिरिच्याँट परेको अनि मस्त निद्रामा सुतेको देखेर छक्क परे । बेलुका सुत्दा नाङगैभुतुङ्गै भएकी छोरीको त्यो रूप बिहान कसरी हुन्छ भनेर राजा एक रात चियो बसे । गीत गाएपछि बाहिर कुकुर भुकेको आफै ढोका खुलेको अनि रानीले छोरीलाई दुध खुवाउन थालेको देखेर सपरजुवा आश्चर्यचकित भए किनकि उनकी श्रीमती त बिछौनामा नाक बजाएर गहिरो निद्रामा सुतिरहेकी  थिइन् यसरी मेरी छोरीलाई राति दुध खुवाउन आउने को ? भनेर राजाले छोरीलाई कोरीबाटी गर्ने स्वास्नी मान्छेको हात च्याप्प समाते ।

कान्छी झस्किइन् उनले रूँदारूँदै सर्पराजालाई आफ्नी दिदीको वृत्तान्त सुनाइन् । राजाले यथार्थ थाहा पाए । सर्पराजाले बिरामीको बहाना गरेकी नक्कली रानीको नाक चुल्ठो काटेर सात सहरपारि पठाए  । अर्काको ईर्ष्या गर्नेको यस्तै हालत हुन्छ भनेर कान्छी पनि जेठी दिदीको दुर्दशामा केही बोलिनन् । उनी पुनः सपरजुवासँग सुखी जीवन बिताउन थालिन् ।

सुन्नेलाई सुनको माला

भन्नेलाई फुलको माला

यो कथा बैकुण्ठमा जाला

भन्ने बेला खुरुखुरु आउला ॥

## ३.२ हिटवा कथा

यो लोककथा कैलाली जिल्लाको बलिया गाविस-९ बस्ने भिखु डगौंरा थारूबाट सङ्कलन गरिएको हो । यो धार्मिक, पौराणिक विषयसँग सम्बन्धित छ । यस कथामा स्वर्ग र पृथ्वीका पात्र र तिनका गतिविधिहरू पाइन्छन् ।

## ३.२.१ मूलपाठ

बहुट जुग पहिलक बाट हो । एक्ठो सहरम धर्मी नाउँक रज्वा राज्य कर । रज्वा सिकार कर्नाम बरा शौखिन रह । रज्वक एक्ठो घोरिन्या रहिलिस् । एक दिन रज्वा शिकार कर गैल व्यालम रज्वह राक्षस मारडेठ ओ रज्वक भेष दर्ख राक्षस दरबारम अइठा । रज्वा आइल ठाहा पाख रानी रज्वक ग्वारा ढ्वाए अइठया । राक्षस कभुफे ग्वारा निढुइल ओर्से कौन ग्वारा आघ ढरु कैखन अक्मकइठ ओ बाउँ ग्वारा कोप्रम ढर्ठा । रानी रज्वक ग्वारा ढोखन क्वाठम लैजैठ्या । ओ खानपिन बनाइ लग्ठ्या ।

ओहोर घोरिन्या दाना निखखान ओस्टह रठ्या । घोरीन्यक सुसार कर्ना मनैया रानीक्ठें यी बाट कठा । रानी घोरिन्यह ह्यार जैठ्या ट घोरिन्या दाना निखखन आँस खसइटी रुइ डटल रठ्या । रानी घोरिन्यह पुछठ्या कि ट्वार आज का हुइटी टै रुइट्या कैखन । टब घोरिन्या रानीह कठ्या 'टुँ आज रज्वक चाल चलनम कुटु फरक पैलोकि नाही ?' रानी कठ्या 'और ट कुछु ठाहा निपैनु और दिन रज्वा डाहिन ग्वारा आघ ढरट आज ट बाउँ ग्वारा आघ कोप्रम ढर्ला ।' घोरिन्या कठ्या 'यी हमार रज्वा नि हो । शिकार ख्याल गैलव्यालम हमार रज्वह मार्ख खा दरल । यी राक्षस हो । हमनफे मार्ख खाडर्ने बा' टब रानी कठ्या 'यिहीसे बच्ना जुक्ति कौनो वा कलसे महिह कोह मै ज्याकर फे तयार बाटुँ ।' घोरिन्या रानीह जुक्ति सिखइठ्या । 'रज्वह पुछ्होकी काल टुहार कहा जैना बा कैखन, तब राक्षस कने बा शिकार ख्याल कैखन । ट टु कहो काल बिहान्नी शिकार कर जाजैबो आभ्रु मै शिकार ख्याल जाइकलाग सामान बनाइटुँ कहो । टावा ढिकाख उप्परसे भुर्मिम ट्याल ढैखन छुटीमुटी फ्वाङ्ग पार्ख टङ्ग डेहो । ट्याल तावाम चुहि ट रोटी पकाइ असक् हुजाई । टब्बहे हम्र भागजइबी ।' रानीफे रज्वकठे जाखन घोरिन्यक कहल जसिन सक्कु काम करठ्या । भुर्की टङ्गाख तरहोर्से टावा ढरल, उप्परसे ट्याल चुह लागल ट रोटी पकाईअसक मुन्मील लागल ।

रानी घोरिन्यकम लगाम कस्खन भाग लागल, घोरिन्या उर्लक शब्दा राक्षस सुन्ठा । रानी भाग लागल कैखन ठाहा पैटीकी बटासक तेज गतिम उर्ख लड्या टर्कबेर घोरिन्यक पुच्छी पकरडर्ठा । राक्षस बरा बलगर रह । उ घोरिन्य आघ जाइ निडेह लागल । टब घोरिन्या रानीह कठ्या, 'रानी भ्रुट्टसे म्वार पुच्छी काट डेओ । राक्षस लड्यम खस्खन मु जाई ।' रानी हरबराखन पुच्छी काटु कहबेर घोरिन्यक पछिल्का ग्वारा समेत तरबारले काट डेठ्या । राक्षस लड्यम खस्खन मु जइठा । घोरिन्याफे दुनु ग्वारक बलले रानीह लड्या टर्काख मु जइठ्या ।

रानीक गम्हीर जिउ रठिस । रानी लर्का पाख जलमहटारीक जिम्मा लगाइल ओ घोरिन्यक लाग चिता बनाइल । दागबत्ती डेखन अप्नफे उह चितम फनक्ख मुगैल । यी सक्कु घटल घटनाके बाद बर्डियाव गोरुन पानी पियाएर गैल ट लडया सुख लागल । लड्याह सुखट डेखन बर्डियाव पार्थना करलग्ल । टुँ काजे सुखटो हमन ओ हमार गोरुन पानी पिए डेओ । लड्या कहलकी म्वार ठे एक्लो लर्का बा वाकर जिम्मा लेबो कलसेकेल टुहन पानी पिए डिहम नकि निहिहम । बर्डियाव उ लर्कक जिम्मा लेठ कलसे बाँरी गैया दूध पिओइना जिम्मा लेठ्या । लड्याफे बह लागल सक्कुजन पानी पिल । बर्डियाव लर्कह उठाख राँरी बुत्यक ठे लैगिल व बाँरी गैया उ टुवर लर्कह

दुध पियाए । ऊ लर्काफे राँरी बुह्यक स्याहार सुसारम पुर्णिक जोन्ह्या जसिन दिनदिनिक बाह लागल ।

दिन मैन्हा वरष कर्टि ऊ बरा हुइल ट उह बाँरी गैयाह चह्राए जाइलागल । उ टुवर लर्कक आपन कना किउफे नैरहलिस् । डाइ बाबा ज्याक कलसेफे उह बाँरी गैया रहलिस् । उ लर्कक किउफे निरहलओर्से उहिहन सक्कुज हिट्वा कहलग्ल । हिट्वह किउफे मा नैमानस । बर्डियाव सद् पोखरीक आँजर पाँन्जर फाँन्डा लगाइट । चिरै बभ्म्लसे उहिह खाइकलाग ट के कह उहिह छुवफे निडीहस । हिट्वक गैया बाँरी हुइलहोर्से फाँडा लगाइकलाग भुट्ला नैपाखन कसुङ्नाले फाँडा लगाए ।

एकदिन इन्द्रासने इन्द्र रज्वा ओ रानी पृथ्वीम चिरै बन्खन बिहार कर आइल । बिहार कर्टी कर्टी आइबेर बर्डियोन्हक फाँडा लगाइल पोखरीक ढिकोम आपुग्ल । रानी आँख कसिख कसुङ्नक लाषा फाँडम पर्ठिस । रानी रज्वह कहल यी काहो कैखन । रज्वा कठा यी फाँडा हो यिहीम चिरै बभ्ठ । कसिक बभ्ठ रानी कर लगाइ लग्ठ्या । जन्नीन्हहक् जात बरा जिही कर्नाहा रठा जट्रा सम्भ्फइलसेफे आपन जिद्दी नि छोर्ना । रज्वह बभ्ना कर लग्ठिस । चिरैया रुपी रज्वा मुन्टा फाँडम डरटीको बाभ्फ जैठा । तब सक्कु चिरै पोखरीक पन्ज्रसे उर जैठ । बर्डियाव फ्याकर फाँडम चिरैया बाभ्फल कैखन ह्यार डौर्ठ । एहोर हिट्वक गैया जुन्हुँक है (बाली) खाए जाइ लग्ठ्स । हिटवा गैयह घुमाए डौरल ओ कह लागल 'आज ट्वार ग्वारा निटुर्ख निछ्रोरम, सक्कुज चिरैया छुटाए गैगिल टै जुन्हुक है खाए आइट्या ।' बाँरी गैया कठ्या हेर भैया महीह जिन्मार मै टुहिह अक्कील डेह आइटु 'ट्वार फाँडम चिरैया बाभ्फल बा । हुक्र चिरैया टुहिह निडेने हुइट । ट्वार फाँटडाठे चिरैयक भुट्ला खसल हुइ, उह भुट्ला लेखन जाइस ट टुहिहन उ चिरैया डेडरही ।'

हिट्वाफे गैयह घुमाख बर्डियोन्हकठे जइठा व चिरैया माङ्ग लग्ठा ट चिरैया निडेटिस । एक्ठो बुहाइल बर्डिया हिट्वह चिरैया मङ्गा डेठिस । एहोर इन्द्र रानीह बराभारी आपत पर्ठिस, उ उर्ख इन्द्रासन पुग्ठ्या । रानी इन्द्रासन पुग्खल कुब्री भण्डारी मामाह यी सक्कु बाट बटोइठ्या ओ कह लग्ठया जा हालि मामा भ्फट्टसे मृत्युलोकम रज्वह छुटाए । रज्वक ज्यान नैरहहिन, रज्वह मार्खन खाडरही । जसिखे हुइलसेफे रज्वक ज्यान बचाख ल्यानस । जौन चिज मङ्गही उ डिहस, हँसटकुवरीहे भरी जिन डेहस । अट्रा कैखन कुबरी भण्डारी मामाह पठाइल । कुबरी भण्डारी मामा आई लागल ट पोखरीक पन्ज्रसे धुँवा उरट डेख्ठा ट असिख कठा ।

अरे हाँ भुइ ट डेखु धुँवा रे ढकुन

ओई पोखरीक बिच हो जरटा

राजाके शरीर हो ।

(अरे हो भुइ ट डेखु धुँवा रे ढकुन)२

डरा-डराख कुबरी भण्डारी मामा पोखरीठे अइठा । एहोर हिट्वा अट्रा सुग्घर चिरैया पाखल खुवसे उल्रा उल्रा खेलाइटा । आज सम्म असिन सुग्घर चिरैया केकरो फाँडम बभ्म्ल निरह । हिट्वह चिरैया खेलाइट देख्खन औरजे बिह मुअट व कहट अर लानहलि भट्टसे मुवाइ ओ पकाख शिकार  खइबी । अट्रा बाट बट्वाइट सुन्खन कुबरी मामा असिख गीत गइठा ।

अरे चिरै उलारल रे चिरै डुलारल हो । अरे हा एक ट चिरैया सुट सुख निंड ।

कुबरी भण्डारी मामा हिट्वसे चिरै माङ्ग लग्ठा । कुबरी भण्डारी मामा कठा हेर मैया यी चिरैया महिह ड्या, यी चिरैया म्वार लर्कन्हक हो, लर्काओ घर रुइट । यी चिरैया महिह ड्या टुइ ज्या मङ्बो ट्या डिहम । सक्कु बर्डियाव दे डार कह लग्ठ । एहोर जुन्हुक बाँरी गैया हे (बाली) खाए जाइ लग्ठ्या । हिट्वगा गैयह घुमाए जैठा ओ कह लग्ठा "आज ट्वार ग्वारा निटुर्ख निछ्रोरम सक्कु मजा मजा चिज माङ्डरही टै जुन्हुक एहो है खाए आइट्या ।"

बाँरी गैया कट्या 'हेर भैया महिह जिन्मार मै तुहिहन अक्किल डिह आ रनु । हेर भैया टै कुबरी मामासे धनसम्पत्ती कुछु जिन्माङ्गस । खाली अत्र कहस की' "बाह्र वरष अठार जुग, जुग

जाई जरम सन्तान भर हसटकुबरी डेहो ।" हिट्वा डौरटी जाइलागल ट मुस खनावटम खस्ख विस्रा डारल 'बारही वरष हसतकुवरी' ह डेहो कह लागल और 'जुग जाइ जरम सन्तान भर' भरी कह विर्साडारल ।

एहोर बर्डियाब आपन-आपन पाल्या धनसम्पत्ति हिरामोती स्वाँन चाँदी हाथी ध्वार रुप्या पैसा मङ्ठ । कुबरी भण्डारी मामाफे हिटवासे हसतकुवरीह हार्ख रज्वह छुटाख लैजैठा । कुबरी मामाफे आपन बाचा करल अनुसार सक्कु चिज लेख डिह अइठा । हसतकुबरी ओर और ओस्तह सुग्घर लौऱ्यानफे लेख अइठा । हुसतकुवरीक मुहभर कज्रा, भेली ढुर घस्खन घिनाहुन बनाख आन्रख्ठा । और लौऱ्याब अट्रा सुग्घर सुग्घर बन्खन आरठ । सक्कु बर्डियाव आपन आपन माङगल चिज लिह लग्ठ ।

एहोर हिट्वक गैया है (बाली) खाए डौरलग्ठ्या । हिट्वाफे आपन गैयह घुमाए जइठा ओ कठा 'सक्कुन आपन माङ्गल चिज लिह लग्ल टै जुन्हुक है खाए आइट्या आज ट्वार ग्वारा निटुर्ख निछोरम कठा व गैयह एक लट्ठी मारडर्ठा । बारी गैया कठ्या 'भैया महिह जिन्मार मै तुहिन अक्किल डीह आरनु । हसतकुवरीहे करा भेली घस्खन निमजा बनाख आन्राखल, टै उहीहन माङ्गस, औरजहन जिन्माङूस ।' हिट्वा कुवरी मामकठे जइठा ट हिट्वह लौऱ्यन रोजाइ लगिठस । टव हिट्वा कज्रा लगाइल भेली घसल हसतकुवरीहे रोज्ठा । हसतकुवरीहे हिट्वक जिम्माम छोर्खन कुबरी मामाफे इन्द्रासनम जैठा ।

बाह्र बर्डियाव हिट्वक लाग एक्ठो छुटीमुटी अरहरीक डाँठक खुटा, पस्ठी, कोरइ, बाटी डार्ख घर बनाडेठ । इन्द्र रज्वा आपन छाड हसतकुवरीहे पठाइबेर कैरख्ठा छाइ टुहिन जौन चिज चाहि ऊ लहाख माङ्गस भै पठाडेहम । विचारा हिट्वकके का रहल हुइहिस जे । हसतकुवरी आपन बाबासे सक्कु चिज माङ्गल दरबार माङ्गल ट झोपरीम दरबार बन्गैलस । शहर माङ्गल ट सहर आगैलस । नोकर, चाकर, सिपाही, फुलऱ्या माङ्गल ट यी सक्कु चिज आगैलस । हिट्वा बिहान्ख उठल ट आपन छोटीमुटी झोपरीम बरा सुग्घर दरबार भेटाइल । आँन्र पाँन्जर सिपाही लागल भेटाइल । आपन पन्ज्र रानी हसतकुवरीह बैठल भेटाइल । असिन भेटाइ बेर हिट्वह एक फ्याँरा ट सपना होकी काहो कना जसिन लग्लिस । उ ट सप्ना निहोखन जट्टीख रहिलस ।

हिट्वा आपन पैल्ह पइलक दुःखह बिर्साख दरवारीक मोजमस्तीम दिन कटाइ लग्ठा । समय बरा छोटी रठा, विट्लक ठाहा नैहुइट । दिन, मैन्हा, बरष, कर्टी-कर्टी बाह्र वरष पुग लग्लिस । आज हसतकुवरीहे इन्द्रासनम लैजैना दिन । हसतकुवरीहे कुट्नी बुह्या लिह आ रलिस । हसतकुवरी हिट्वकठे यी बाट बटोइठ्या ओ कठ्या "आज तुहार व म्वार छुट्ना दिन हो, महिद इन्द्राससे बाबा लिह पठारख्ल । मै निजाइठुफे कह नैबनट । तु आझुल रातभर जग्ल रबो कलसे महिह लैजाइ नैसेकही ।" हिट्वा जग्ल रहल ओर्से हसतकुवरीहे लैइ निबनलग्टिस ट कुट्नी बुह्या हिट्वकम बाह्र हाठिक लाद निंद लाद डेठ्स । हिट्वा निंद सर नैस्याकट ओ निंडा जैठा । हसतकुवरीहे लैजाइ लग्ठिस त आपन हाथक मुन्द्री चिन्हा स्वरुप घलाख चलजैठया । हसतकुवरीहे कुट्नी बुह्या इन्द्रासन पुगैठ्या । हसतकुवरी आपन डाइ बाबह डाडु भौजिन स्यावा ढ्वाग लग्ठया । टबह्य भौजिन हसतकुवरीह असिख कठिस । मुअल पुरषवा हो ननडी सवकोइ छोर हो । अरे हा जियटी पुरषवा कैसे छोरलो ।

हिट्वा उट्ठा ट घर सुनसान भेटइठा ओ एहोर ओहोर हसतकुवरी ख्वाज लग्ठा । अङ्गनम ख्वाज अइठा ट दरबार उर्ख चल्जैठा । अस्टहक सहर, फुलरिया, सिपाही और जौन जौन चिज हसतकुवरी आपन बाबासे मङ्गरख्ठया उ सक्कु चिज उर्ख चलैठा । हिट्वा मु ढवाय कुवम जैठा, हाट ग्वाँरा ढुइकलाग । खराउ, लट्ठा घरठा, ट उफे उर्ख चलजैठिस ।

तब हिट्वा बिलाप कर्ठा ।

अघटी हे मै जनटु कुँवरी खराउ उरट जाइट हो ।

अरे हाँ खराउ लगाई, मै उरी जैटु । हिट्वा आव हसतकुवरीहे ख्वाज लागल, हसतकुवरीक मैयम हिट्वा बौराइसक होगिल । खोज्टी जाइवेर हिट्वा बन्वम पुग्ठा । बहिङगी ओ बहीङ्ग्वाक

ठाँटम गोमन सप्वा छौना खाए जाइटह । हिट्वा दयाखल ट सप्वह मुआँडिहल । हिट्वा अप्न रुख्खक टन सटल रह । बहिङगी बहिङ्गीवा आपन छौनन् आह्वा खवाइ लग्ठ ट नि खाडेटीन । आपन लर्कनसे पुछ्ट । टुह काजे आह्वा निखाइठुइटो । टव छौनाव कठन आज हमन जिटी डेख्ने नि रलहो । हमार शत्रुह मार्ख यी मनैया हमन बचाइल । याकर का दुःख बातिस पुछ्के आओ तब आह्वा खैवी नकि आह्वा निखाव हम्र भुख्ल मुजैवी । बहिङ्गी वा बहिङ्गवा हिट्वकठे जाख पुछ् । हिट्वा कठा-म्वार और कुछु दुःख निहो । मै हसतकुवरीहे ख्वाजटुँ टुह्र भेटाइ सेक्वोकि नाही ? बहिङ्गी व बहिङ्गवा कठ, हम्र हसतकुवरीहे भेटाइ ट निसेक्वी । हसतकुवरीक लहैना घटवा सम्म पुगाडेवी, हिट्वह हसतकुवरीक लहइना घटवा सम पुगाडेठिस् बहिङ्गी बहिङ्गवा । उहाँ हसतकुवरीक लुगा धोउइया ढोव्या रठा । उहिह डेख्टीको हिट्वा जदौ मामा कैख कठा । हिट्वा भैन ब्राह्मण हुइलहोर्से हिट्वह कुटु कराइ निबन्टीस, हिट्वा गधा चह्रैना काम करलग्ठा । अस्तहक दिन बिट्टी जाइबेर एकदिन हिट्वा लुगा ढुइकलाग मङ्गठा । ढोव्या लुगा ढुइकलाग डेठिस । लुगाढुइबेर हिट्वा कठा 'म्वार ढुइल लुगा बक्लक पंख हुइस' ढोव्यक ढूइल लुगा भर उज्जर हुइसि । ढोव्या हसतकुवरीह लुगा डिह गैल त औरदिनसे उज्जर लुगा देख्खन हसतकुवरी कठया मामा आज लुगा के ढुइल कैखन । ढोव्या कठा 'म्वार घरम एक्ठो पहुना आ रहल उह ढुइल ।' हसतकुवरीक जिउ कुल्बुलाइ लग्ठिस । लुगा विल्टाख ह्यारवेर हिट्वह घलाख अइलक मुन्द्री खस्ठस् । आपन मुन्द्रि डेख्खन हसतकुवरीहे बरा खुसी लग्ठिस । हिट्वा महिह ख्वाज आगिल कैहके ।

उहर कुछ दिन रैहके हसतकुवरीक दुलहा चुन्ना क्रम हुइल । उहाँ हिट्वा फे जाइठ, बडे डुस डुससे राजकुमार आइल रठा । जब दुलहा चुने बेर हठिया माला फाँकठ तब हिट्वक ध्याचम घाल जैठिस । आब हिटबवह उ ठाउँसे अल्गट्ट पठाडेठस् । फे ड्वासर हट्ठ्य फुलकमाला घलाइक लाग डेठ । हट्ठया फूलक माला फक्ठा ट फे अल्गट्ट रलक हिट्वकम घलाजैठिस फे ड्वासर मनै कहलग्ठ हम्र अट्रा सुग्घर बाटी हमन माला निघलाख यी कहाँ क घिनाहु मनैया ह माला घलैठा । कौनो मनै हट्ठ्या आव बौरागिल कहलग्ठ कलसे और मनै कठ हट्ठ्या बौराइल निहो हम्र बौराइल हुइटी कठ । टब्बफे निमान्ख बरडुस खोल्टी खान्ख हिट्वक मुन्टाकेल निक्शखिन भाँठ अइट । हट्ठ्यउाह फेन माला घलाइक लाग डेठ, यी फ्यारा माला फक्ठ टफे हिट्वकम घलजैठस । रज्वा हुक्याख हिट्वक भाग्य बरा बल्गार बाटिस कैखन आपन छाइ हसतकुवरीक भ्वाज कैडेठा । हिट्वक कुद्धु निरलक ओर्से रज्वा आपन आधार रायफे डेठा । हिट्वाफे रवा बन्ख हसतकुवरीसे सुखसे जीवन बिताइ लग्था ।

अत्रा हो बात अत्रै हो चित

हँसिया लेबो कि बेंट

बेंट

तोहार मोर सध्यें हुइ भेंट ।

स्रोत : भिखु डगौंरा बलिया ९ कैलाली

### ३.२.२ नेपाली अनुवाद

धेरै समय पहिलेको कुरा हो । एक सहरमा धर्मी नामक राजाले राज्य गर्दथे । राजा सिकार गर्नमा बडो शौकिन थिए । घोडामा सवार भई उनी एक दिन सिकारको खोजमा जङ्गल पसे । तर बिडम्वना राजालाई एक राक्षसले मारेर राजाकै भेषमा दरबार आइपुग्छ । राजा आएको थाहा पाएपछि रानी राजाको खुट्टा धुन गइन् । राक्षसको त्यसरी कहिल्यै खुट्टा धुने बानी नभएकोले ऊ अक्मकियो । त्यसैले उसले सुरूमा बायाँ गोडा कोपरामा राख्यो । खुट्टा धुन लगाउदा सधै दायाँ गोडा अगाडि अघि सार्ने राजाले आज किन पहिले बायाँ गोडा अघि सारे भनेर रानी अचम्म भईन् तर केही भनिनन् बरू राजा थाकेर भोकाएका रहेछन भनि खाना बनाउन भान्सातिर लागिन् ।

उता घोडा केही नखाई झोक्राएर बस्यो । घोडाको स्याहार सुसार गर्नेले त्यो खबर रानीछेउ पुऱ्याउँछ । रानी तबला पुग्दा घोडा आँसु झार्दै हिनहिनाउन थाल्यो । रानीले सोधिन, "ए घोडा, तिमिलाई के भयो ? किन यसरी रूँदै छौ ।"

आँसु झार्दै घोडाले भन्यो, "रानी साहिबा हजुरले आज राजाको चालचलनमा फरक पाउनु भयो कि भएन ?" रानीले उत्तर दिइन्, "अरू त केही थाहा भएन तर गोडा धुने बेला आज राजाले पहिले बाया गोडा अघि सारे ।" घोडाले अगाडि भन्यो, "आज आउने हाम्रो राजा होइनन्, यो त राक्षस हो । जसले सिकार गर्न गएको बेला राजालाई मारेर खायो । अहिले राजाकै भेष धारण गरेर यहा आएको छ । यसले त हामीलाई पनि मारेर खान बेर लाउदैन ।

रानी दुःखित हुदै घोडासग राक्षसबाट बच्ने जुक्ति सोध्छिन । घोडाले जुक्ति सिकाउँछ- राक्षसलाई सोध्नु भोलि उसको कहा जानु छ । उसले पक्कै पनि सिकारका लागि जंगल जानु छ भन्ने छ । अनि रानी साहिबा हजुरले उसलाई भन्नुहुनेछ । तपाई भोलि बिहानै सिकारका लागि गइहाल्नुहुन्छ त्यसैले हजुरका लागि मिष्ठान भोजन राति नै तयार पार्छु त्यसपछि हजुरले चूलोमाथि तावा बसाली त्यसमाथि तेलको सिसीमा सानो प्वाल पारेर झुन्ड्याई दिनुहोला । तावामा तेल चुहेपछि खाना पाकेझै हुन्छ अनि त्यसैबेला हामी यहाबाट भाग्नुपर्छ । रानीले पनि घोडाले उपाय सिकाएझैं गरिन् ।

रानी घोडामा सवार भई भाग्न थालिन । घोडाको टाप सुनेपछि राक्षस पनि उड्दै आइपुग्छ । त्यसपछि घोडा पनि हावामा उड्न थाल्छ । एउटा ठुलो नदी तर्ने बेला राक्षस घोडाको पुच्छर समात्न सफल हुन्छ । राक्षस बडो बलियो थियो । उसले घोडाको पुच्छर समातेपछि घोडाको अगाडि डेग चलेन अनि घोडाले रानीलाई तरबारले आफ्नो पुच्छर काट्न भन्छ । हडबडमा रानीले पुच्छर सहित घोडाको एउटा पछिल्लो खुट्टा काट्न पुग्छिन् । राक्षस नदीमा खसेर मर्छ । जसोतसो गरी नदी तारेर किनारमा घोडाले पनि आफ्नो प्राण त्याग्छ ।

रानी दुई जीउकी हुन्छिन् । त्यहि बेला उनलाई प्रसव व्यथाले च्याप्छ । उनले एक सुन्दर छोरा जन्म दिन्छिन् । छोरा जलमातालाई सुम्पिएर उनी पनि मर्छिन् । केही छिन पछि ग्वालाहरू गाईगोरूलाई पानी खुवाउन नदी किनार आइपुग्छन् तर अचम्म, नदीको सबै पानी आफसेआफ सुक्न थाल्छ । ग्वालाहरूको अगुवाले प्रार्थना गर्नथाल्छ–हे जलमाता, हजुर किन बिलाउदै हुनु हुन्छ । हामीलाई र हाम्रा गाईगोरूलाई पानी खान दिनुहोस् ।

जलमाताले भन्छिन्– मसँग एउटा बच्चा छ, उसको स्याहार सुसारको जिम्मा लिन्छौ भने तिमीहरूले पानी खान पाउछौं हैन भने पाउँदैनौं । ग्वालाहरूले बच्चा स्याहार सुसारको जिम्मा लिने वचन दिएपछि नदी पुनः बग्न थाल्छ । सबैले पानी खान्छन र बच्चालाई लिएर गाँउ फर्किन्छन । ग्वालाहरूले त्यो बच्चा एक बुढी विधवाको जिम्मा लगाउछन् । उनको पुच्छर चुडिएको एक गाई (बारी गैया) हुन्छ । त्यसको दुध खाएर बच्चा हुर्किन थाल्छ । दिन, महिना, वर्ष गर्दै ऊ त्यही ठुलो भएपछि उही पुच्छर चुडिएको गाईलाई चराउन जान थाल्छ । उसको कोही पनि थिएन । ग्वालाहरूले उसको बोलाउने नाम हिटवा राखिदिए । हिटवालाई कसैले मन पराउदैनथे । ग्वालाहरू सधै पोखरीको डिलमा चरा मार्न पासो थाप्ने गर्थे । चरा पासोमा परे हिटवालाई खाना दिनु त परै जावस, छुन समेत  दिदैनथे ।

एकदिन स्वर्गबाट राजा इन्द्र आफ्नी रानीसँग चराको रूप धारण गरी सयर गर्न पृथ्वी तिर झरे । सयर गर्दा गर्दै ती दुबै ग्वालाहरूले चरालाई मार्न पासो थापेको पोखरीको डिलनेर आइपुगे । हिटवाले अघिपछि कहिल्यै पासो नथापे पनि आज उसले कामचलाउ पासो थापेको थियो । जब पासोमा रानीको आखा पऱ्यो । उनले राजालाई सोधिन्- स्वामी त्यो के हो ?

राजाले उत्तर दिए-त्यो ग्वालाहरूले चरा समात्न थापेको पासो हो । "अनि यसमा चरा कसरी पर्छ नी ?" रानीले जिज्ञासापूर्वक सोधिन् । आइमाइको जातै त्यस्तो जति सम्झाए पनि नसम्झिने । रानीले राजालाई त्यस पासोमा चरा कसरी पर्छ भनेर देखाइदिन जिद्दी गर्न थालिन् । रानीको जिद्दीको अगाडि राजाको के जोड चल्थ्यो ? राजा बलिको बोकोझै भए । यसरी चरा पर्छ भनेर पासोमा टाउको के घुसारेका थिए, बन्धनमा परिहाले । त्यो पासो हिटवाले थापेको थियो ।

कामचलाउ पासोमा त रानीलाई देखाएर मात्र उम्किन्छु भनी राजा इन्द्रले हिटवाको पासोमा टाउको घुसारेका थिए तर पासो भनेको त पासो नै थियो । चरारूपी राजा कैद भए ।

ग्वालाहरू कसको पासोमा चरा पऱ्यो भनेर हेर्न दौडिए । उता हिटवाको बुढी गाई भने बाली खान दौडियो । हिटवा गाईलाई धपाउन दौडियो र भन्न लाग्यो, "आज तेरो खुट्टा नभाँची कहाँ छोड्छु ? सबै जना चरा हेर्न गए । तँ चाहीँ बाली खान जान्छस् ?" उसको बुढीगाईले सास थाम्दै भनि-हेर छोरा, मलाई नहान् , म तँलाई अर्ति दिन्छु । तेरै पासोमा चरा परेको छ तर तेरा साथीहरूले चरा दिन आनाकानी गर्न सक्नेछन् त्यसैले पासो छेउछाउ खसेको चराको भुत्ला लिएर जानु उनीहरूलाई दिन करै लाग्नेछ ।

हिटवा गाईलाई फर्काएर आफ्नो पासोमा परेको चरा माग्न दौडिन्छ तर ग्वालाहरू उसलाई चरा दिन मान्दैनन् । हिटवाकै पासोमा चरा परेको थियो तिमीहरू बित्थामा उसलाई किन दुःख दिन्छौ हँ ? यति भनी एउटा बुढो ग्वालाले चरा हातमा पारिदियो ।

यता रानी आत्तिदै इन्द्रासन (स्वर्ग) पुगेर मामा कुवरी भण्डारीसँग सम्पूर्ण वृतान्त सुनाउँछिन र भन्न थाल्छिन्-मामा, छिटै जानु पृथ्वीलोकमा राजालाई छुटाउन । चाँडो गएन भने राजाको ज्यानै रहने छैन । उहाँलाई मारेर मान्छेले खाइदेलान । जसरी भएपनि राजालाइ बचाएर ल्याउनु । राजाको ज्यानको बदलामा हाम्रो छोरी हसतकुवरीबाहेक उनीहरूले जे माग्लान् सबै थोक दिनु ।

रानीको आज्ञा बमोजिम मामा कुवरी भण्डारी पृथ्वीलोकमा पुगे । उनले टाढैबाट रानीले बताएको स्थान पोखरीको डिलबाट धुँवा उडिरहेको देख्छन् र विरह वेदनामा गीत गाउन थाल्छन्-

ए हो वातावरण देखियो धुँवा नै धुँवा

ओहो पोखरीको डिलैमा जल्दैछ

राजाको शरीर हे

ए हो वातावरण देखियो धुँवा नै धुँवा ।

डराई-डराई मामा कुवरी भण्डारी पोखरीको डिलमा आइपुग्छन । उनले कल्पना गरेझैं कुनै अनिष्ट भएको हुँदैन । उता हिटवा चराको रूप धारण गरेका राजाको खुट्टामा धागो बाँधी उफारी उफारी खेलाइरहेको हुन्छ । कुवरी भण्डारी मनमनै बरबराउँछन्-(चिरैयक जीउ जाइ लडकनके खेलवाड) चराको ज्यान जाने केटाकेटीको खेलवाड । अझ सम्म त्यस्तो सुन्दर चरा कसैको पासोमा परेको थिएन त्यसैले हिटवा एकदमै खुसी थियो । हिटवालाई त्यसरी चरा खेलाइरहेको देखेर उसका साथीहरूलाई ईर्ष्या हुनथाल्यो र भन्न थाल्यो-कति बेरसम्म चरा खेलाउँछस् ए । ल्या चाँडै मारौं र मासु खाउँ । यति कुरा सुनेपछि कुवरी मामाको मुखबाट पुनः विरहको गीत छुट्छ -

ए हो चरा उफाऱ्यो चरा पछाऱ्यो

ए हो अब त चरालाई देउ सुखनिन्द्रा सुतना ।

मामा कुवरी हिटवासँग चरा माग्न थाल्छन् । उनले हिटवालाई फकाउन थाल्छन्-हेर भाइ, यो चरा मलाई देउ । त्यो मेरा केटाकेटीको चरा हो । घरमा केटाकेटी चरा हराएर रोइरहेछन् । तिमीले चराको सट्टा मसँग जे माग्छौ, म तिमी र तिम्रा साथीहरूलाई समेत त्यही चिज दिनेछु । सबै ग्वालाहरूले हिटवालाई चरा दिन जोर गर्छन् तर उसकी बुढीगाई बाली खान दौडिन्छ ।

हिटवा गाईलाई धपाउन दौडिन्छ र लट्ठी बजाउँदै गाईमाथि रिस पोख्छ- आज तेरो खुट्टा नभाँची छोडदैन् । सबैले आफूलाई चाहिएको चिजबिज छुटाउन आउने मान्छेसँग मागिहाल्लान । तँ चाँही बाली खान आउँछस् ।

बुढीगाई डराउँदै हिटवालाई अर्ति दिन्छ-हेर छोरा मलाई नपिट । मैले तँलाई गोप्य सल्लाह दिन बोलाएकी हुँ । अरूले जेसुकै मागे पनि तैँले चाँही केही नमाग्नु । खालि यति भन्नु की बाह्र वर्ष अठार युगयुगौँसम्म हसतकुवरी देऊ ।

हिटवा दौडदै त्यतै लाग्छ । उता अन्य ग्वालाहरूले धनसम्पति, सुनचाँदी, रूपैया पैंसा जे जे चाहिन्छ, पालैपालो मागिसकेका हुन्छन । हिटवा दौडिएर जाँदा बिच बाटोमा खाल्डोमा लडदा बाँकी कुरा बिर्सन्छ र बाह्र वर्ष हसतकुवरी दिनु मात्र भन्न पुग्छ । कुवरी मामाले पनि हसतकुवरी दिने हिटवासँग वाचा गरेर चरारूपी राजालाई लग्छन् ।

वाचा कबुल गरे अनुसार केही दिनमै कुवरी मामा ग्वालाहरूका लागि सबै चिज ल्याएर आइपुग्छन् । कुवरी मामाले हसतकुवरीसँगै अन्य सुन्दर अप्सराहरूलाई पनि लिएर आएका हुन्छन् । हसतकुवरीलाई चाँही पुराना कपडा लगाई मुहारभरि कालो मोसो, हातखुट्टमा धुलो घसेर पुरै कुरूप बनाएर ल्याएका हुन्छन् । सबै ग्वालाहरूले आफ्ना माग अनुसार सरसामान छानी-छानी लिन थाल्छन् ।

उता हिटवाको बुढीगाई बाली चर्न दौडिन्छ । हिटवा बरबराउँदै दौडिन्छ र गाली गर्न थाल्छ-सबैले आफूले मागेका चिज लिन थालिसके तँचाँही बाली खान आउँछस् । आज तेरो खुट्टा नभाँचि छोडदिन । उसले गाईलाई एक लट्ठी हिर्काई पनि हाल्छ ।

छोरा मलाई नहान् । तँलाई अर्ती दिन बोलाएकी हुँ । यता सुन्, हसतकुवरीलाई कालो मोसो दली नराम्री बनाएर ल्याएका छन् । अरू अप्सरालाई देखेर भुलेलास् नी । तैँले त्यही हसतकुवरीलाई नै माग्नु, बुझिस् ? ल, जा बेर नगर, अब-बुढीगाईले भन्यो ।

हिटवा कुवरीमामा समक्ष पुग्दछ । उसलाई केटी रोज्न थालिन्छ । हिटवाले कुरूप बनाएकी हसतकुवरीलाई नै रोज्छ । त्यो देखेर अरू ग्वालाहरू गलल्ल हाँस्छन । हेर त्यो हिटवाको बुद्धि ? त्यत्रा राम्री-राम्रीलाई स्वास्नी बनाउन छाडेर त्यस्ती माग्ने जस्तीलाई रोजेको । थुइक्क त्यसको बुद्धि ।

हिटवालाई पनि त्यस्ती एकमन त त्यस्ती कुरूप देखिनेलाई नरोजौं की जस्तो लागेकै हो तर उसले जे काम पनि आफ्नी पुच्छर चुँडिएकी गाईकै सल्लाह मुताबिक गर्ने भएकोले उसलाई त्यही रोज्न कर लाग्यो । हसतकुवरीलाई हिटवाको जिम्मा छोडेर कुवरी मामा दुःखी मनले इन्द्रासन प्रस्थान गर्छन् ।

छोरी केही नभएको ग्वालाको जिम्मा दिनुपर्दा इन्द्र दम्पत्ति पनि साह्रै चिन्तित थिए । आफ्नै हठले छोरीको त्यो दुर्दशा भएको भनेर रानी अझ दुखी थिइन् । कुवरी मामाले सम्झाएका थिए-जे हुनु भइहाल्यो । भान्जीको जीवनमा त्यस्तै लेखिएको रहेछ, चित्त नदुखाउनुस् ।

यता ग्वालाहरूले हिटवाका लागि सानो झुपडी बनाईदिए । राजा इन्द्रले छोरीलाई बिदा गर्ने बेला भनेका हुन्छन्-छोरी, तिमीलाई जे चिजको आवश्यकता हुन्छ । त्यो नुवाइधुवाइ गरेर माग्नु म तुरन्तै पुगाईदिन्छु । बिचरा हिटवासँग केही छँदा पनि थिएन । हसतकुवरीले आफ्ना पिता इन्द्रसँग सबै चिज माग्छिन् । दरबार मागिन, झुपडीको स्थानमा दरबार ठडियो । नोकरचाकर, सिपाही, फूलबारी उनलाई जे चिजको आवश्यकता थियो, सबै चिज मागिन् । माग गरे अनुसार सबै चिज छिनभरमा पुरा भयो ।

हिटवा बिहानै सुतेर उठेपछि देख्छ । झुपडीको ठाँउमा दरबार, घरको मूल गेट वरिपरि सिपाही अनि आफै छेउमा सोह्र श्रृङ्गार गरेकी मन्द मुस्कानका साथ बसेकी हसतकुवरी । अझ झ्याल खोलेर हेर्दा उसको आँगनमा सुन्दर बगैचा देखापर्छ । उसलाई त्यस्तो दृश्य देख्दा सपना हो की जस्तो लाग्छ तर त्यो सपना नभई साँच्चिकै हुन्छ ।

हिटवा सुखसयलमा दिन बिताउन थाल्छ उसका सहकर्मी ग्वालाहरू ईर्ष्या गर्छन् । हिटवा पहिला आफूले पाएको सब दुःख बिर्सिन्छ । समय बित्न कति बेर लाग्छ । दिन, महिना, वर्ष गर्दै बाह्र वर्ष कसरी बिते, हिटवालाई पत्तै भएन । उसले भूलवश हसतकुवरीलाई जम्मा बाह्र वर्षको लागि मात्र मागेको थियो । त्यो दिन आइपुग्न लागेको थियो ।

आज हसतकुवरीलाई इन्द्रासन लाने दिन । उसलाई कुटनी बुढीले लिन आइसकेकी हुन्छे । हसतकुवरी आफ्ना स्वामी हिटवालाई दुःखी मनले भन्छिन्-आज हजुर र मेरो छुट्ने दिन हो । मलाई बाबाले इन्द्रासनबाट लिन पठाइबक्सेको छ । म जान्न भनी पनि नहुने हजुरले यति समयका लागि भनेर मात्रै मलाई मागिबक्सेको थियो ।

हिटवा पनि छुट्टिने कुरा सुनेर दुःखी हुन्छ-प्यारी हाम्रो युग युगसम्म मिलनको कुनै उपाय छैन त ? हसतकुवरीले आशाको किरण देखाउँछिन्-छ उपाय, यदि हजुरले गर्न सकिबक्सिन्छ भने । हिटवा भन्छ-के उपाय, ल छिटो भन् । म तिमीलाई पाउन जेसुकै पनि गर्न तयार छु । हसतकुवरी भन्छिन्-आज हजुर एक निँद पनि नसुतेर जागै रहनुभयो भने मलाई कसैले पनि लान सक्नेछैन । हिटवा खुसी हुँदै भन्छ-आ त्यति जाबो कुरा । त्यो कुन ठुलो कुरा हो र त्यति त म गरिहाल्छु नी । प्यारी तिमी चित्त नबुझाउ । तर हसतकुवरीलाई थाहा थियो त्यो सानो कुरा थिएन । ती दुवैको बिछोड कसैले पनि रोक्न सक्ने स्थिति थिएन तैपनि उनी बिछोडको त्यो घडीमा स्वामीको मुहारमा खुसीयाली छाएको देख्न चाहन्छिन् । हिटवा जागराम बसेकोले कुटनी बुढीलाई हसतकुवरीलाई लान बाधा पुग्यो । कुटनी बुढीको मन्त्रले बाह्र हात्तीको निन्द्रा हिटवामाथि पर्दा हिटवालाई निन्द्राले गाँज्छ । कुटनीबुढी सजिलै हसतकुवरीलाई इन्द्रासन लैजान्छिन । जाँदाजाँदै चिनो स्वरूप हसतकुवरीले हिटवाको औँलामा आफ्नो औँठी लगाईदिन्छिन् । हसतकुवरी इन्द्रासन पुग्छिन् । उनले क्रमैसँग बाबाआमा, दाजुभाउजु घरका सबै सदस्यलाई ढोग गर्छिन् । आमासँग छुट्टिएपछि आफ्नो नन्दलाई कोठामा ल्याएर जेठी भाउजुले गीतको भाकामा हसतकुवरीसँग सोध्छिन्-

मरेको स्वामी हो नन्द जो कोहीले बिर्सिन्छन्

ज्यूँदै स्वामीलाई तिमीले कसरी पो बिर्स्यौ ।

उता हिटवा निन्द्राबाट ब्युँझिएपछि घर सुनसान पाउँछ । ऊ यताउति हसतकुवरीलाई खोज्न थाल्छ । जब ऊ उनलाई खोज्न आँगनमा आइपुग्छ । दरबार उडेर जान्छ । त्यस्तै ऊ जहाँ जहाँ ऊ खोज्न दौडिन्छ, फुलबारी, सिपाही जे जे चिज हसतकुवरीले आफ्ना बाबासँग मागेकी थिइन, ती सबै उडेर जान्छन । हिटवा मुख धुन कुवामा जान्छ । खराउ, लट्ठी एकापट्टि राखेर मुख धुन थाल्छ । ती पनि उडेर जान थाल्छन्, अनि हिटवा विलाप गर्न थाल्छ-

अघिनै जानेको भए ए मेरी प्यारी खराउ उडी जान्छ रे

अरे हो खराउ लगाई मै उडिजान्छु ।

तिमीलाई जुनीजुनीसम्मका लागि माग्थे ।

हिटवा हसतकुवरीको खोजीमा भौतारिन थाल्छ । ऊ तिनको प्रेममा पागलझैं हुन्छ । खोज्ने क्रममा ऊ घनघोर जंगलमा पुग्छ । थकाइ मेटाउन ऊ एउटा रूखको मुन्तिर बस्छ । जब यसका आँखा निन्द्राले लोलाउन थालेका थिए चराका बचेराहरूको चिरिबिरी आवाजले उसको निन्द्रा भङ्ग हुन्छ । आँखा मिचेर हेर्दा हिटवाले के देख्छ भने सोही रूखमा रहेको गुँडमा बचेरा खान एक कालो नाग आइरहेको थियो । हिटवा हतपत एउटा लट्ठी लिएर रूखमा चढछ् तर कालो नागलाई खुत्रुकै मार्छ । ऊ पनि रूखमुनि आई सुत्छ ।

साँझ चराका भालेपोथी आहारा लिएर आइपुग्छन् तर बचेराहरू आहारा खान मान्दैनन् । भाले पोथीले कारण जान्न खोज्दा उनीहरू भन्न थाल्छन, आज हजुरहरूले हामीलाई बाँचेको देख्नु भयो । त्यो सबै हाम्रो गुँड भएको रूखमुन्तिर सुत्ने मान्छेले गर्दा हो । हाम्रो शत्रुलाई मारेर उसले हाम्रो ज्यान जोगायो । त्यसैले हजुरहरू पहिला ऊ यहाँ आउनुको कारण सोधेर आउनुस् । केही उसको समस्या छ भने सकेजति समाधान गरि दिनुहोस् अनि मात्र हामीले आहार खान्छौं ।

चराको दुवै जोडीले हिटवा त्यसरी भौतारिनुको उद्देश्य सोध्छन् । दुःख परेकोले निसङ्कोच भन्न आग्रह गर्छन् । हिटवा दुःखी मनले भन्छ-मेरी प्यारी हसतकुवरी मबाट टाढिएकी छिन् । उनलाई एक झलक देख्न पाए पनि मेरो जीवन धन्य हुन्थ्यो । मलाई अरू कुनै कुराको दुःख छैन । बस हसतकुवरीसँग भेट गर्न पाए हुन्थ्यो । चराको भालेपोथी दुवैले एकैसाथ हिटवाको

घाउमा मलम लगाईदिए । हेर मित्र हिटवा हामी तिमीलाई तिम्रा हसतकुवरीलाई भेटाइदिन्छौ भन्न त सक्दैनौ तर उनी कहिले काही नुहाउन आउने घाटसम्म देखाइ दिन सक्छौं ।

चराहरूको कुराले हिटवाको मन धेरै हलुङ्गो भई राति त्यही बास बसि बिहान चराहरू उडेको दिशा हुँदै हसतकुवरी नुहाउने घाटसम्म पुग्छ । त्यहाँ इन्द्रको दरबारको धोबी लुगा धोइरहेको हुन्छ । हसतकुवरीले लगाउने लुगा देख्ने बित्तिकै यो दरबारकै धोबी हो भनेर हिटवालाई ठम्याउन गाह्रो पर्दैन । उसले त्यो धोबीसँग मामा साइनो गाँस्दै जदौ मामा भनेर ढोग दिन्छ ।

अनि हिटवा धोबी समक्ष आफ्नो सारा इतिवृतान्त सुनाउँछ । ऊ त्यहीँ धोबीको गधा चराउन थाल्छ । केही दिनपछि हिटवाले धोबीमामासँग हसतकँवरीका लुगा धुन माग्छ तर धोबी डराउँछ र भन्छ-हेर भान्जा, धोबीको काम लुगा धुने हो । तिमीलाई दरबारको लुगा कसरी धुनु पर्दछ भन्ने के थाहा ? यदि केही तल माथि पऱ्यो भने राजाले मलाई ज्युँदै गाड्न लगाईदिन्छ । हिटवाले ढाडस दिँदै भन्छ-किन आत्तिनु हुन्छ धोबी मामा ? हेर्नुहोला यो भान्जाबाबुको कमाल । तँपाइले भन्दा पनि सफासाथ लुगा धोइदिन्छु । लौ केही तलमाथि पऱ्यो भने सफाइ दिने मौका त देलान् नी । त्यसबेला बरू मलाई ज्युँदै गाडन लगाईदिनु होला ।

जस्तो भान्जाको मर्जी भनेर धोबी मामाले हसतकुँवरीको कपडा धुन दिन्छ । नभन्दै लुगा सुकेपछि अघिपछिको भन्दा ती लुगामा निक्कै निख्खरपना आएको हुन्छ । खुसी हुँदै धोबी ती लुगा लिएर दरबार पुग्छ । हसतकुवरी पनि प्रफुल्ल भएर सुत्छिन । ओहो यस्तो सफा लुगा कसले धोएको नी ?

धोबीले अनकनाउँदै भन्छ-म कहाँ एकजना पाहुना आएका छन् । मामा नाता गाँसेका छन् । उनैले धोइदिए यी लुगा । धोबी अरू मैला लुगा लिएर फर्किन्छ । उता हसतकुँवरीले ती भर्खर धोएर ल्याएका लुगा ओल्टाइपल्टाइ गर्दा त्यसभित्रबाट औंठी खस्छ ।

त्यो त्यही औंठी थियो जुन हसतकुवरीले हिटवासँग छुट्टिदा हिटवालाई लगाई दिएकी थिईन् । उनलाई अनुमान गर्न बेर लाग्दैनथ्यो हिटवा आफूलाई खोज्न आइपुगेको छ, उनी पनि हिटवालाई भेटन आतुर हुन्छिन । उता केही दिनपछि हसतकुवरीको वर चुन्ने कार्यक्रम हुन्छ । धोबीमामा सँग हिटवा पनि त्यही कार्यक्रममा पुग्छ । देशविदेशका एक से एक तमाम राजकुमारहरू त्यहाँ विराजमान हुन्छन् उनीहरू कुर्चीमा गजधम्म बसेका हुन्छन् तर हिटवा अन्य दर्शकझै उभिएकै हुन्छ । वरमाला लिएर राजहात्ती लमकलमक गर्दै आइपुग्छ । हात्तीले जसको घाँटीमा वरमाला पहिऱ्याउँछ, हसतकुवरीको उसैसँग बिहे हुने घोषणा पहिले गरिसकेको हुन्छ । हेर्दाहेर्दै हात्तीले अन्य राजकुमारहरूलाई उछिनेर दर्शकहरूसँग उभिएको हिटवाको गलामा वरमाला लगाइदिन्छ । सबैले भन्छन्-यो हात्तीले के मजाक गरेको होला ? राजकुमारको गालामा माला पहिऱ्याउन छाडेर यो भिखारीको गलामा माला लगाइदियो । त्यसपछि हिटवालाई त्यहाँबाट पनि अलिपर धपाइन्छ ।

पुनः दोस्रो पटक हात्ती पक्कै बौलाएको हो ।

त्यसपछि हिटवालाई सभाभन्दा पर खाल्डो खनेर टाउको मात्र देखिने गरी राखिन्छ । जब तेस्रोपटक पनि राजहात्तीले त्यसरी खाल्टोमा कसरी गाडिएको हिटवाकै गलामा वरमाला पहिऱ्याउँछ । राजा इन्द्र हिटवाको भाग्य नै बलियो भएको ठान्छन् र उसैलाई छोरी सुम्पिन कर लाग्छ । साँच्चिकै युगौँयुगसम्मका लागि हिटवाले हसतकुवरीलाई पाउँछ । राजाले धुमधामका साथ धुमधामका साथ छोरीको बिहे हिटवासँग गरिदिन्छन् र आधा राज्य समेत दिन्छन । हिटवा पनि राजा बनेर सुखसयलका साथ हसतकुवरीसँग जीवन बिताउन थाल्यो ।

सुन्नेलाई सुनको माला

भन्नेलाई फुलको माला

यो कथा बैकुण्ठमा जाला

भन्ने बेला खुरुखुरु आउला ॥

## ३.३ दंगीशरण रज्वाको कथा

यो लोककथा कैलाली जिल्लाको पथरैया गाविस-२ बस्ने लौटन डगौराबाट सङ्कलन गरिएको हो । यो धार्मिक, पौराणिक  विषयसँग सम्बन्धित छ । यस कथामा थारूहरूका राजा दंगीशरण, श्रीकृष्ण र अप्सरासँग सम्बन्धित आख्यान पाइन्छ ।

### ३.३.१ मूलपाठ

द्वापर युगके बात हो, दाङ्ग जिल्लाके सुकौरा कना ठाउँम दङ्गीशरण थारू नाउँक एक रज्वा रलह । हुँकाहार बहुत वैभवशाली दरबार, फुलरिया, पर्खाल, कुवा आदि फेन दरबारके आसपासमे रलहन । उ रज्वक राज्यके सिमाना आपन जनजातिके मनै बैठलक यह दाङ्ग उपत्यका रलहन, उ समय दाङ्ग उपन्त्यका बहुत घना जङ्गलले भरिभराव रह । बिच बिच मन गाउँ व और सक्कु ठाउँमन जंगलले घ्यारल वर्से जंगलम बहुत प्रकारके जनावर व जीवजन्तु मिलत ।

यह क्रममे एकदिन दङ्गीशरण आपन फौज फक्करन लेख शिकार ख्याल हालके झार गञ्जगरी गाउँक आसपासके खोल्लोम् गैल । जब रज्वा हुँकाहार फौजफक्कर शिकारके खोजीम लग्ल बह व्यालाम एकठोर ब बहुत सुन्दर घोडीया फ्याला परल । ऊ सुन्दर घोडीया स्वर्गके अप्सरा उर्वशी रलही ।

एक दिनके बात हो, देबराज इन्द्र खानपीन कैख सेखके नाचगान हेर्न मनोरञ्जन करलग्ल । वह दिन उर्वशी अप्सरा आपन नाचके सजिसञ्जाक सामान छुटाइटलिटी । सामान गरगहना जिउमसे छुटैना काम ओरागैल रह । उहे समय एक ठोर ऋषि महर्षि देवराज इन्द्रीके पहुनक रुपमे स्वर्गम  पुग्ल । इन्द्रजी ऋषि महर्षीह बहुत मजा मान सममानसे भोजन ज्यूनार करैल । भोजन ज्यूनार कैख सेखके मनोरञ्जनक लग नाच फेन देखाई परल । नच्ना पाला वह दिने उर्वशीक अप्सराहे नच्ना अनुरोध करलग्ल । उर्वशी सजिसजाउक सामान गरगहना छुटस्याकल बर्से नै नच्ना बटोइली तब फेन इन्द्रजीके आग्रहले हुकहिन नाचहीन परलिन । रिसले उर्वशी अप्सरा घ्याचम घल्ना गहा ग्वारम घल्ली, ग्वारम बहन्ना घुङना कम्मरम बहन्ली, कम्मरम बहन्ना सजिसजाउक सामान ध्याचम बहन्ली व स्वरम वेस्वरमे तालम बेताल नाचके ऋषि महर्षी द देखैली ।

यसिक स्वरम बेस्वरमे तालम बेताल नाच देखाइल वर्से ऋषि महर्षी खुव रिसैल व उर्वशी अप्सराहे कल - हे उर्वशी आज महिह अभद्र नाच देखाके म्वार अपमान कर्लो । म्वार इज्जतसे तुँ खेलवाड कर्लो । वह बर्से मै आप तुहिन सराप देहतुँ कि तुँ मर्त्यलोकमे जाख दिनभर सुन्दर घोडीक जरम पाके रबो व रातख फेन सुन्दर अप्सरा बन्बो । यी म्वार सरापसे तब तुँ छुटकारा पैवो जब मर्त्य लोकम बहुत बडा राजा महाराज तुहार कारणसे लडाई झगडा करही तब तु फेन अप्सराके रुप लेख स्वर्गम ऐबो । ऋषि महर्षीक सराप पाके मर्त्यलोकम सुन्दर घोडीक रुप नै राजा दंगीशरणके शिकार फ्याला परलरह । दोसर राजा दङ्गीशरण आपन फौज फक्करसे सुन्दर घोडी भाग सफल हुइल । उ घोडीक पाछ दौरत दौरत दखिन वरीक पर्वत्वा काटके ओल्हाई लग्ल । घोडीह, फौज, कुकुर रगेतत रगेतत रात होगिल । ऊ सुन्दर घोडी रातमे त सुन्दर अप्सरा बन गैल । अप्सरा बनल बेर केल पक्र सेक्ल । घोडीहे पक्र जाइबेर कुकुर फेन गैल वर्से पथ्राम कुकुरके पौला परल वर्से आजकल फेन उ दगरीक चली चलाउ नाउ कुकुर गौरक दगरकना बात । पाछ अप्सराह पकरके राजा दङ्गीशरण एकठो बहुत सुन्दर क्वाठम आपन रानीक रुपमे धरे लग्ला । उ अप्सरा दिनम सुन्दर घोडीक रूप फेरत व रात अप्सरा बनत ।

यी बात देश विदेशम फैलल । विश्वके राजा महाराजा हुक्रन फेन थाह पैल । भारतके द्वारिकामे बैठना श्री कृष्णजी फेन यी बात थाह पैल व बहुत मनै हुकहित उचैला मचैला कि हे कृष्णजी अपन तिन लोकके राजा हुइली त फेन दाङके दङ्गीशरणके बराबर बहुत बहुमूल्य रत्न अप्नकथे नै हो । दङ्गीशरणके दरबारम असिन सुन्दर घोडी वा कि वाकर तुलनाम अप्नके कुच्छु नै हो । यी मेरके बात कृष्णी सुनख दङ्गीशरण के सुन्दर घोडी माङ्गल ऐल । दङ्गीशरण कलकि इच्छा बाट कलसे म्वार राजपात सब कुछ लैजाव तर मै सुन्दर घोडी नै देहम । यी मेरके बात दङ्गीशरण करल वर्से कृष्णजी लड्खे विजय होके अछिनक घोडी लैजैना विचारम गैल ।

दुनु राजनके लडाइके तयारी हुईल । लडाई रणभूमी सुर्खेत ओ दाङ्गके सिमाना कालीमाटी थे हुईल । लडाई सुरु हुइल । घमासानसे युद्ध चलल । वह समयम ऋषि महर्षीक सराप अनुसार उर्वशी अप्सरा मोक्ष प्राप्त कैख स्वर्गम उर्ख गैगैली । यीह हल्ला युद्ध हुइना ठाउँम गैल । जौन चीजके लाग लडाई हुइतह वह चीज नै अलोप हुइल वर्से दुनु पक्ष वर्से लडाई स्थागित हुइल । पाछ दङ्गीशरण आपन दरबारम ऐल ।

सुन्दर घोडी नै देख्ल, हुकहीन बहुत दु:ख ओ पीर लग्लिन । जब फेन वहा अप्सराके सम्भनाले सताइ लग्नि । आपन चिन्ता हटाइकलाग व जीवन जीवन सम अप्सराके सम्भना हमार जनजातिम कायम रह कैख आपन राज्यभरके मनैन माटीक घोडी पार्ख आपन दिउतक रुपम पूजा करहो कना सल्लाह देल । वह अनुसार जनतन पूजा सुरु कल । आज फेन हम्रा घोडवा पूज्जा काम कर्ति बाटी ।

अत्रा हो बात अत्रै हो चित

हँसिया लेबो कि बेंट

बेंट

तोहार मोर सध्यें हुइ भेंट ।

स्रोत : लौटन डगौंरा पथरैया २ कैलाली

## ३.३.२ नेपाली अनुवाद

द्वापर युगको कुरा हो, दाङ जिल्लाको सुकौरा भन्ने गाउँमा थारू जातिको दंगीशरण नामक एक राजा थिए । उनको भव्य दरबार थियो । दरबार अग्लो पर्खालले घेरिएको थियो । साथै दरबारछेउमा ठुलो फूलबारी पनि थियो । त्यस बेला वनजंगल निकै घना थियो । जंगलमा थरीथरीका जीवजन्तु पाइन्थे ।

राजा दंगीशरण सिकार खेल्नमा बडो शौकिन थिए । यसै क्रममा एक दिन सिकार गर्न आफ्ना फौज लिएर झारगंजरी गाउँको आसपासका जंगलमा गएछन् । राजाको सम्पूर्ण ध्यान जंगली जनावरको सिकार गर्नमा केन्द्रित थियो । तर के अचम्म, घनघोर जङ्गलको बिचमा एक घोडी देखा परी । घोडी भए पनि त्यो देख्नमा यति सुन्दर थिई कि राजाको ध्यान अब त्यतै केन्द्रित भयो । उनी आफू सवार भएको घोडा त्यही घोडी समात्नलाई दौडाए । राजा घोडा दौडाउँदा-दौडाउँदै थकित भए, तैपनि घोडीलाई समाउन सकेनन् ।

घोडी दौडाउँदा दौडाउँदै दक्षिणतर्फको पर्वत पार गरेर ओराली लाग्न थाली । घोडीलाई नियन्त्रण गर्न राजाको फौज, सिकारी कुकुरहरू पनि जोडतोडका साथ लागिपरेका थिए । यसै क्रममा रात पऱ्यो । राजा त्यतिखेर घोर आश्चर्यमा परे, जब रात पर्ने बित्तिकै त्यो सुन्दर घोडी एक सुन्दर अप्सरामा परिणत भई । त्यसरी घोडी अप्सरामा परिवर्तन भएपछि मात्रै राजा दंगीशरणले नियन्त्रणमा लिन सके ।

घोडीलाई पक्रिन जाने बेला सिकारी कुकुरहरू पनि गएको र कुकुरका पदचिह्न ढुंगामा समेत हाल देखिएकोले सो बाटोको नाउँ कुकुरगौंडाको नामले चिनिन्छ ।

अप्सरालाई लिएर राजा आफ्नो दरबारमा फर्किए । सूर्य उदाउनेबित्तिकै अप्सरा सुन्दर घोडीका रूपमा परिणत हुन्थिन् भने दिन ढल्नेबित्तिकै उनी सुन्दर घोडीका रूपमा देखा पर्थिन् ।

यो कुरा देश-विदेशमा फैलियो । विश्वका राजा महाराजाले समेत थाहा पाए । भारतको मथुरामा बस्ने भगवान श्रीकृष्णले पनि सो जानकारी पाए । सोह्र हजार गोपिनीका स्वामी श्रीकृष्णलाई उनका सहकर्मीले उचाले कि तँपाई त तिनै लोकको स्वामी हुनुहुन्छ तर पनि तँपाईसँग दाङ राज्यका राजा दंगीशरणसँग रहेको झैं सुन्दर घोडी छैन । यो त भएन नि, त्यो घोडी पनि हजुरकहाँ शोभा बढाउनलाई ल्याउनु पर्छ ।

आफ्ना सहकर्मीहरूको त्यस्तो बिचार सुनी आजित भएर श्रीकृष्ण दाङका राजा दंगीशरणको दरबारमा आए । उक्त सुन्दर घोडीको माग गरे । दंगीशरणले आफूले प्राणभन्दा प्यारो ठान्ने घोडीलाई किन पो दिन मान्थे र ? किनकि त्यो घोडी मात्रै नभएर उनको रातकी रानी थिई ।

राजा दंगीशरणले श्रीकृष्णलाई भनेछन्-तँपाईसँग त्यस्तो इच्छा छ भने बरू मेरो राजपाठ, धनदौलत सबैथोक लानुस् तर म यो घोडी तपाँईलाई कदापि दिन सक्दिनँ । सोझो औंलाले घ्यू नआएपछि श्रीकृष्णले राजा दंगीशरणलाई लडाईमा हराएर त्यो घोडी लाने विचार गरेछन् । दुवै तर्फबाट सोही घोडीका कारण युद्धको घोषणा भयो । भीषण युद्धको घोषणा भयो । भीषण युद्ध मच्चियो ।

उक्त युद्ध निम्त्याउने घोडी राति अप्सरा अनि दिउँसो घोडी किन बन्थी भन्ने पनि रोचक कथा छ । एक दिनको कुरा हो, राजा देवराज इन्द्र बेलुकीको खानपिन पश्चात् पाहुना भएर आएका एक ऋषिलाई लिएर नाचमहलमा गएछन् । सो रात उनी ढिलो पुगेकोले नाच्ने पालो परेकी अप्सरा उर्वशी नाचको पोशाक फुकाल्दै थिइन्, लगभग सबै गरगहना उनले जीउबाट फुकालिसकेकी थिइन् । इन्द्रले उर्वशीलाई भने-ओहो हामी ढिलो भएछौं । तिमीले आफ्नो शृङ्गार पनि फुकालिसकेकी रहेछौ । के गर्नु, अतिथि आएका छन् । नाच त तिमीले देखाउनै पर्छ । उर्वशी निकै थाकेकी थिइन् तर इन्द्रको आग्रहले उर्वशीलाई नाच्न कर  लाग्यो ।

रिसले उर्वशी गलामा लगाउने गहना गोडामा, खुट्टामा बाधिने घुँघरू कम्मरमा, कम्मरमा बाँधिने गहना गलामा लगाएर बिना स्वरतालमा नाचिन् । इन्द्रलाई उर्वशीको त्यस्तो नाचले प्रशस्त मनोरञ्जन दियो । तर ती अतिथि ऋषि खुबै रिसाए । रिसले तिर्मिराउँदै उनले अप्सरा उर्वशीलाई श्राप दिएछन्-हे उर्वशी, आज तिमीले अभद्र नाच देखाएर मेरो अपमान गऱ्यौ । त्यसैले म तिमीलाई श्राप दिन्छु कि तिमी पृथ्वीलोकमा गएर दिनभरि सुन्दर घोडी र राति मात्रै पुनः अप्सरा बन्नेछ्यौ । यो मेरो श्रापबाट तिमीले त्यति बेला मात्रै मुक्ति पाउनेछौ, जब तिम्रो सुन्दरताको कारणले कुनै दुई राजा-महाराजाहरूको बिच घमासान लडाइँ हुनेछ । त्यसरी घमासान हुने लडाइँपश्चात मात्रै तिमी आफ्नो पुरानै रूपमा स्वर्गमा आउन पाउनेछ्यौ । ऋषिको श्राप पाएकी अप्सरा उर्वशी नै राजा दंगीशरणले फेला पारेको सुन्दर घोडी थिई ।

कृष्णको फौज र राजा दंगीशरणको फौजबिच लडाइँ भएको स्थान दाङ र सुर्खेतको कालीमाटी सिमाना थियो । घमासान युद्ध भइरहेकै बेला ऋषिको श्रापबाट उर्वशी अप्सरा मोक्ष भई स्वर्गमा गैछन् । सो खबर युद्धस्थलमा पुग्यो । जसको लागि लडाइँ भइराखेको थियो, उही नै अलप भएपछि लडाइँ स्थगित भयो ।

राजा दंगीशरण राजदरबार फर्किए । सुन्दर घोडी नदेखेर उनलाई साह्रै पीर लाग्यो । जस बेला पनि उनलाई त्यही सुन्दर घोडी र अप्सराको यादले सताउन थाल्यो । आफ्नो सम्झनाका निम्ति र पछिसम्म अप्सराको सम्झना थारू समाजमा कायम रहिरहोस् भन्ने उद्देश्यले राजा दंगीशरणले सम्पूर्ण देशभर माटोको घोडा बनाएर देउताको रूपमा देशबासीलाई पूजा गर्न आह्वान गरे । त्यही अनुसार अझैसम्म थारूहरूले घोडालाई देउताको रूपमा पूजा गर्दै आएका छन् । थारूहरूको घर-मन्दिरमा घोडालाई उच्च स्थान दिइएको छ ।

सुन्नेलाई सुनको माला
भन्नेलाई फुलको माला
यो कथा बैकुण्ठमा जाला
भन्ने बेला खुरुखुरु आउला ॥

## ३.४ एकबित्ते कथा

यो लोककथा कैलाली जिल्लाको मुनुवा गाविस-५ बस्ने रामकिशुन चौधरीबाट सङ्कलन गरिएको हो । यो हास्यव्यङ्ग्यात्मक विषयसँग सम्बन्धित छ । यस कथामा मनोरञ्जनात्मक प्रसङ्गहरू पाइन्छन् ।

## ३.४.१ मूलपाठ

एकथो देशमे एक गरिब बुरुहुवा रेहे । सम्पत्तिके नाउँमे ओकर एकथो छोट बारी किल रहिस् । ओकर छावाछाई कोइ फेन नाइ रहिस ।

बुरुहुवा बारीमे खीरा लगैले रेहे । खीरा बारहके हरियर हरियर हुइगिल रहे, फुला फेन बहुत फुलल तौन बारी भरिम सिरिफ अक्के खीरा किल फरल । बाँकी आउर कोनो फुलाम फारा नाइ लागल, फरल एकथो खीरा फेन एक वित्ता से धेर नाइ हुइल । तब जाके बुरुहुवा सराप देहेल - यी खीरा जे खाइ ओकर लरकापरका फेन केवल एक वित्ता किल हुइस् ।

उ बुरुहुवाक एक परोसी जन्नीक दोसरके बारीम जाके तिना झ्यापझुप तुरना बानी रसिथ् । एक दिन उ जन्नी उहे बुरुहुवार बारीम जाके खीरक बेढुवा उम्काइ लागथ नाइ कहती कुछ समयपाछे उहे एकबित्ते खीरा भेटाइ गिल । आउर दोसर खीरा नाइ भेटाइ, यिहे छोट मोट हुइलेसे फेन खाइ परल नाइ कहती खीरा तुरके खादेहल ।

बर्षो बरसे बाँझी जन्नीक उ एकबित्ते खीरा खाके धिरहार हुइगिल । ९ महिना पुरा हुइल पाछे उ जन्नी एकबित्ते लरका पैइल । लरका छावा रहे । सवजाने नाइ बाँची कहिके कहे लग्नैं । अचम्म तो का हुइल कहिके बुरुहुवाक श्रापल अनुसार उ जनम लेहेल तो एक वित्ताक किल रहे तौन टुकटुक नेङ्गना अवस्थामे  पुगलपर ओकर शारीरिक अवस्थामे कौनौ परिवर्तन नाइ हुइल । ऊ एक वित्ताके एक बित्तै रहल ।

एक बित्ताके उमेर बढ्दै गइल तौन शारीरिक अवस्थामे जस्तै के तस्ते रहलेक ओरसे ओकर दाइ खुव सोचमे परजैथिस् । ऊ बाह्रल १३/१४ बरसके साल हुइल पाछे एकबित्ते दाइ किहिन काममे सघाइवु कहिके खुब जिद्धी करे लागथ । तैं बौना का करे सेकबे ? दाइ रिसाके कथिस् । उ फेन एक दिन रिसाक्के कहथ- पहिले काम तो अह्राके देखाउ न तो ।

खेलवार खेलवारमे दाई कथिन् उइसिन कलेसे जा, पलागी मे से एकचुटी पैरा लैके आइज भैसीनिया भुखले बा । एक वित्ते कत्रा नै पैरा नानी ? बहुत काम कर्बु कि कर्बु काहुइया किल हो कि । अस्तीहि बात बटवाइटी दाई घुमके भान्सावर चलजैथिस् ।

आँगनम् आके एक बित्ते बोलाइथ हँ दाइ मै पैरा नान्नु केंहोर धारु ।

दाई भित्तरे कथिस् उहे भैसीनियक आगे दार दे ।

भैसीनियाँ सक्कु पैरा नाइखाइ सेकी धरना जग्गा देखाइक आइक परल कहिले एकबित्ते चिल्लाइथ ।

दुईचार मुट्था पैरा लैके आइल हुई । घर उजर्ना जैसिन चिल्लाइथ ओकर दाई भुनभुनाइटी बाहेर निकरथिस् ।

ओहो मोर बाबा ! यी कौचा जादु देखनु । एकबित्तेले पुरतियासे एक्के खेपमे सारा पैरुतियाके सारा पैरा बोकके नान लेहल । तुहुनके छावा एकबित्ते हुके फेन तागतमे चानचुन पक्के नाइ हो ।

एक बित्तेक मोछ फे आइ लागल रथिस ऊ अब घरेक सक्कु काम अकेली जल्दी करेसेकथ । ओकर दाइक तो बैठले बैठले खइना किल काम रथिस । एक दिन उ छावाइ बोलाके कालिस- छावा एकबित्ते तुँ हँ अब जवान हुइगिलो मै बुढिया फेन हुइगिनु कोन दिन डेरा धरम ? तबेक मारे तैं अब भ्वाज कर । अब्बे मै तोरलग लबन्डी मागे जाउँ तो कोइ फेन नाइ पट्याइ । तेबेक मारे लवन्डी खोजके नानना जिम्मा तौर हुइल । जा मोर लग सुग्घर पटोहियाँ खोजके नान ।

दाइक आज्ञा किहित मन्टी एकबित्ते आपन भ्वाजक लाग लबन्डी खोज्टी जाइथ जैटी जैटी डगरेम उ एकथो बनबिलरा भेटाइथ । बनविलरा पुछथ- अरे बित्तन भाइ अैसिन सजिसजाउके साथ केहोर नि ? केहोर नी जन्नी खोज्टी नेगत बाटु ।

ओइसिन कलेसे मिहिन फेन सँग लैजाउ न तो कोनो बेलाम मै फेन काम लागम कि ।

एक बित्ते कहथ नेंगो न तो सँघारी फेन हुइबो । ओकरपाछे उहे विलरा हे एक कान भित्तर  जाकलेहथ । एकबित्ते थोर चे आगे नेङ्गथ गिदारक सँगै अचानक चम्का भेट हुइजाइथ । गिदरा फेन वन विलरक जस्तीहि बकर सँगे जैना बाट बटुवाइल एक बित्ते गिदरा किहिन दोसर कानमे जाकाके आघे  बरजाइथ ।

जैती जैती बिच डगरेम एक थो बरबार लडिया आइपरथ । एक बित्ते हे उ लडिया नहङ्गना कर्रा परल । तबेक मारे उ लडिया से बिन्ती रकथ- हे गंगा माई तुँ ह फेन मोरसँगै चलो न । लडियाके सक्कु पानी एकबित्ते कानेम् जाकारे जन्नीके खोजीमे आघे चलपरथ ।

एकबित्ते एक थो बरवार सहरमे आइ पुगथ । उ पत्ता पाइल कि उहाँक राजक एक सुग्घुर लवन्डी भ्वाज कैना उमेरके बावै । तबेक मारे उ कुछफेन सोचविचार नाइ करके सोझे दरबारमे पुगथ । उहाँ पुगके उ राजवाइ आपन भेट कैना एकदम अपरझट परम बाट बटवाइथ । राजवा दर्शन भेट फेन करथ ।

कोनो बातनै नाई बाटवाके एकवित्तेले राजवाकसँग प्रस्ताव राखथ अप्पनेक एक सुग्घुर लबन्डी बा कहिके सुनरहु । मोरसँग अपन हाईक भ्वाज करबो कि ? एक बित्तेके बाट सुनके राजवा रिसले आगी हुइगिल । उ बरबार अवाजमे हप्काइथ अैसीन नाइमजा एकबित्ते किहिन मै छाइ देबु कहिके मन्ले बाटे तैं ।

राजवा अपन नोकर चारक सक्हुन बोलाके कहथ यी एकबित्त मोरसँग खुब बरुवार बरुवाार बात करल । यिहिन दुर मुर्गीन पाल्न खोभराम लैजाके फेकादेउ । यैसिन एकवित्तेहिन मुर्गी नै कुचिल्के मारदिहिं । राजक हुकुम अनुसार कमुयियाइ उहिन मुर्गी पालल खोबरम बन्द कैदेथैं ।

तर वकर फलतो दोसर निकरल राजक कमुया हुके मुर्गी खोबरा भित्तर एकबित्ते हिन बन्द करके किल उ बनविलरई कहथ, बाहेर निक्रो, विलारीया संघारी महिन तोहर जरुरत परल । बनविलरा कानके भित्तर से फुट्ट निक्रथ एकवित्ते सँग आज्ञा देउ संघारी का काम परल ? कहिके पुछथ । उ सक्नु मुर्गैन मुवाइन आज्ञा देहथ । बिलरा एक्के घचिम सक्कु मुर्गिनके टोटाँ फोरदेहथ ।

साकरे राजवा अपनही एकवित्तेक लाहास हरे जाइथ तो एकबित्ते मजासे एक कोनबाथे थरह्याइल देखथ सक्कु मुर्गीन मरल देखथ । ओत्र पैसा लाके पालन मुर्गीन ओस्तही नाई फेकाइक परल । राजवा ओइनके बहुल धेर प्रकार बनाइक लगइथ । एकबित्तेहे फेन मुर्गिनके सिकार अघाला खाइक देहथ ।

बोइलर मुर्गीनले जाते लाट तबकेमारे एकबित्ते उ बोइनहिन मारे सेकल । ओकर पाछे यिहिन छेरारिनके खोबरम फेकाइक लगाइथ । छेगरी तो यिहित कौचाकरे बाँकी रखही । कुचिल्के कुचिल्के मारदिही । राजवा ओइसिन आदेश देहल पाछे कमैया हुक्के एकबित्ते हिन उहाँ फेका देथैंइ ।

का अचम्म ! सक्कारे राजवा अबखर तो पक्कै एकवित्ते मरल हुई कहिले हेरे जाइथ तो ठाँट से छेगरिनके खोभरामे बैठक पाइथ । जत्रा छेगरी रहिस सक्कु मरल देखथ । उ अबखिन गिदारा संघारीहे कानसे निरारके सक्कु छेगरीन मारेक लगाइथ । उ छेगरिनके सिकार फेन एकबित्ते खाइ पाइथ ।

राजवाक दुई दुई थो जुगार फेल खाके एकबित्ते किहिन जराके मरन विचार करथ । ओस्तहीके सक्कु सहरबासीन आपन अपन घरसे कन्डी नम्नेक कहाथ । कन्डीक पहार

लागजाइथ । कन्डीमे आगी लगाइक कहथ । आगी गमगम बारे लागथ राजबाक कुमुयाईं एकबित्ते किहित उही आगीम लबडादेथैं ।

एकबित्ते किहिन कोनो वेर नाइकरेके बाहेर निक्रो गंगा मैया कहती किल वकर कानसे लडियाक पानी निकरे गुईठाके आगी एक्के धचीम बुटादेहथ । एकबित्ते खुब मजासे पद्यासनमे बैठल देखा परथ ।

ओरक चर्तिकला देखके राजवा प्रभावित नाइ रहे सेकल । एक बित्तेक जादू देखेक राजवा ओकरसँगे अपन एक्कै लवन्डी धुमधामकेसाथ भ्वाज कैदेहल । उहिन आधा राजकरेक फेन देहल । एकबित्ते अपन दाइ किहित केन उहइ बोलाइथ । बकरपाछे बहुत बरससम उ बहुत मजासे राज सञ्चालन करथ ।

अत्रा हो बात अत्रै हो चित

हँसिया लेबो कि बेंट

बेंट, तोहार मोर सध्यें हुइ भेंट ।

स्रोत : रामकिसुन चौधरी मुनुवा ५ कैलाली

## ३.४.२ नेपाली अनुवाद

एकादेशमा एउटा गरिब बुढो थियो । सम्पतिका नाउँमा उसको एउटा सानो पाखो बारी मात्रै थियो । उसका छोराछोरी कोही थिएनन् । श्रीमतीको पनि केही वर्ष अगाडि नै निधन भइसकेको थियो ।

बुढोले बारीमा काँक्रा रोपेको थियो । काँक्रा बढेर हरियोभरियो भयो, फुल पनि निकै फुल्यो तर बारीभरिमा केवल एउटा काँक्रो मात्रै फल्यो । बाँकी अरू कुनै फुलमा फल लागेन । फलेको एउटा काँक्रो पनि एक बित्ताभन्दा बढी भएन । त्यसपछि बुढोले श्राप दियो-यो काँक्रो जसले खाला उसको सन्तान पनि केवल एक बित्ताको मात्रै होस् ।

त्यो बुढोको एक छिमेकी महिलाको अरूको बारीमा गएर तरकारी टिपटाप गर्ने बानी रहेछ । एक दिन उनी त्यही बुढोको बारीमा गएर काँक्राको झाङ पल्टाउन थालिन् । नभन्दै केही बेरमै त्यही एकबित्ते काँक्रा फेला पारिन् । आ, अरू काँक्रा भेटिएन, अब यही सानै भए पनि खानुपर्‍यो । भन्दै काँक्रा टिपेर खाइछिन् ।

वर्षौंदेखि निःसन्तान ती महिलाको त्यो एकबित्ते काँक्रा खाएपछि गर्भ बसेछ । नौ महिना पूरा भएपछि तिनले एकबित्ते सन्तान जन्माइन् । बच्चा छोरो थियो । सबैले त्यो बाँच्दैन होला भन्थे । अचम्म त के भयो भने बुढोको श्रापअनुसार त्यो जन्मिदा एक बित्ताको थियो तर टुकटुक हिँडने बेलासम्म उसको शारीरिक अवस्थामा कुनै परिवर्तन भएन । ऊ एक बित्ताको एक बित्तै रह्‍यो ।

एकबित्तेको उमेर बढ्दै गए पनि शारीरिक अवस्था ज्यूँ का त्यूँ भएकोमा त्यसकी आमा निकै चिन्तित थिइन् । उता १३/१४ वर्षको उमेर भएपछि एकबित्ते आमालाई काममा सघाउँछु भनेर कर गर्न थाल्यो । 'तँ नाथेले के गर्लास् ?' आमाले झर्किएर भनिन् । उसले पनि एक दिन झर्किएर भन्यो-पहिला काम त अह्राएर हेर्नुहोस् ।

ख्यालख्यालैमा आमाले भनिन्-'त्यसो भए जा, खालबाट अलिकति पराल लिएर आइज, भैंसी भोकै छ ।' एकबित्तेले कति नै पराल ल्याउला ? बडो काम गर्छु की गर्छु भन्ने भा'को । यस्तै गन्थन गर्दै आमा फन्किदै भान्सातिर लागिन् ।

आँगनमा आएपछि एकबित्ते कराउन थाल्यो-ओ आमै, मैले पराल ल्याएँ, कहाँ राखु ?

आमा भित्रैबाट कराइन्-त्यही भैंसीको अगाडि हाल्दे न ।

'भैंसीले सबै पराल खान सक्दैन, राख्ने ठाउँ देखाउन आउनुपर्‍यो भनेको' एकबित्ते करायो ।

'दुईचार त्यान्द्रो पराल लिएर आएको होला । घरै उचाल्ने गरी कराउँछ'-उसकी आमा भुन्भुनाउँदै बाहिर निस्किइन् ।

मेरीबास्सै त्यो के जादु देखिन् तिनले एकबित्ते खलाबाट एकै खेपमा पुरै राशको जम्मै पराल बोकेर ल्याएछ । तिनले छोरो एकबित्ते भएर पनि बलमा चानचुने चाँही पक्कै होइन भनेर बल्ल पत्याइन् ।

एकबित्तेका जुँगाका रेखी बस्न थाले । ऊ अब घरको सारा काम एक्लैले फत्ते गरिदिन्थ्यो । उसकी आमाको त बसिबसी खाने मात्रै काम थियो । एक दिन तिनले छोरालाई बोलाएर भनिन्-छोरा एकबित्ते, तिमी अब जवान भइसक्यौ, म बुढी पनि अब कुन दिन थला पर्छु । त्यसैले तिमीले अब बिहे गर । अब म तिमीलाई केटी माग्न जाऊँ भने कसैले पत्याउँदैन । त्यसैले केटी खोजेर ल्याउने जिम्मा तिम्रै भयो । जाऊ मेरो लागि राम्री बुहारी खोजेर ल्याऊ ।

आमाको आज्ञा शिरोपर गर्दै एकबित्ते आफ्नो बिहेको लागि केटी खोज्न हिँड्यो । जाँदाजाँदै बाटोमा उसले एउटा वनबिरालो फेला पारेछ । वनबिरालोले सोध्यो-अरे बित्तन भाइ, यति सजधजका साथ कता नि ?

-कता हुनु, स्वास्नी खोज्न हिँडेको ।

त्यसो भए मलाई पनि सँगै लैजाउ न त । कुनै बेला म पनि तिम्रो काम आउँला कि ।

एकबित्तेले भन्यो-'हिँड न त, साथी पनि हुन्छस् ।' त्यसपछि उसले वनबिरालोलाई एउटा कानभित्र हाल्यो । एकबित्ते केही अगाडि बढेपछि स्यालसँग उसको जम्काभेट भयो । स्यालले पनि वनबिरालोझैं ऊसँगै जाने इच्छा व्यक्त गर्‍यो । एकबित्तेले स्याललाई अर्को कानमा हालेर अघि बढ्यो ।

जाँदाजाँदै बिचबाटोमा एउटा ठुलो नदी आइपर्‍यो । एकबित्तेलाई त्यो नदी पार गर्न गाह्रो पर्‍यो । त्यसैले उसले नदीसँग बिन्ति गर्‍यो -हे गङ्गामाई, हजुर पनि मसँगै हिँडनुस् ।' नदीको पुरै पानीसमेत एकबित्तेले कानमा राखेर श्रीमतीको खोजीमा पाइला अघि चाल्यो ।

एकबित्ते एउटा ठुलो सहरमा आइपुग्यो । उसले थाहा पायो कि त्यहाँका राजाको एक सुन्दर कन्या विवाह गर्ने उमेरकी छिन् । त्यसैले ऊ कुनै सोचविचार नगरी सिधै दरबार पुग्यो । त्यहाँ पुगेर उसले राजासँग आफूले भेट गर्न जरूरी रहेको सन्देश पुर्‍यायो । राजाले दर्शनभेट पनि दिएछन् ।

कुनै भूमिका नै नबाँधी एकबित्तेले राजासँग प्रस्ताव राख्यो-हजुरकी एक सुन्दर कन्या छिन् भन्ने सुनेको छु । मसँग आफ्नी छोरीको विवाह गरिदिनु हुन्थ्यो की ? एकबित्तेको कुरा सुनेर राजा रिसले आगो भए । उनले ठुलो स्वरमा हप्काए-यस्तो कुरूप एकबित्तेलाई मैले छोरी दिन्छु भन्ने ठान्या छस् तैंले ?

राजाले आफ्ना नोकरचाकरहरूलाई बोलाएर अह्राए-यो एकबित्तेले मसँग ठुल्ठुला कुरा गर्‍यो । यसलाई पर कुखुराहरू पालेको घरमा लगेर फाल्देउ । यस्तो एकबित्तेलाई त कुखुराहरूले नै कुल्चिएर मार्देलान् । राजाको आज्ञामुताबिक नोकरहरूले उसलाई कुखुरा पालेको कोठाभित्र हुल्दिए ।

तर परिणाम अर्कै निस्कियो । राजाका नोकरहरूले कुखुराको खोरभित्र एकबित्तेलाई हुलेर फर्किएपछि उसले वनबिरालोलाई भनेछ--'बाहिर निस्क, बिरालो मित्र । मलाई तिम्रो आवश्यकता पर्‍यो ।' वनबिरालो कानभित्रबाट फुत्त झरेर एकबित्तेसँग 'आज्ञा होस् मित्र, के काम पर्‍यो ?' भनेर सोध्यो । उसले सबै कुखुराहरूलाई मार्न आदेश दिन्छ । वनबिरालोले एकैछिनमा सबै कुखुराहरूको घाँटी छिनाली दियो ।

बिहान राजा आफै एकबित्तेको लास हेर्न जाँदा त एकबित्ते आरामसँग एक कुनामा उभिराखेको र सबै कुखुराहरू  मरेको देख्छन् । त्यत्रो लगानी गरेर पालेको कुखुरा त्यसै फाल्न भएन । राजाले त्यसको विभिन्न किसिमका परिकार बनाउन लगाए । एकबित्तेले पनि कुखुराको मासु थपी-थपी खान पायो ।

'विकासे कुखुराको जातै लाटो, त्यसैले एकबित्तेले तिनीहरूलाई मार्न सक्यो । यसपालि यसलाई बाखाखोरमा फाल्देऊ । बाखाले त यसलाई के बाँकी राख्लान् ? कुल्ची-कुल्ची मार्नेछन्' राजाले यस्तो आदेश दिएपछि नोकरहरूले एकबित्तेलाई त्यहाँ फालेर आए ।

के अचम्म । बिहान राजा यसपालि त पक्कै एकबित्ते मरेको होला भनेर हेर्न जाँदा त ऊ ठाँटसँग बाखाखोरमा बसेको भेटियो । बाखा जति सबै मरेका थिए । उसले यसपालि स्याल मित्रलाई कानबाट निकालेर सबै बाखाहरूलाई मार्ने काम अह्राएको थियो । ती बाखाको मासु पनि एकबित्तेले खान पायो ।

राजाका दुई-दुईवटा योजना सफल नभएपछि उसले एकबित्तेलाई जलाएर मार्ने विचार गरेछन् । सोही अनुरूप सारा सहरवासीलाई आ-आफ्नो घरबाट गुइँठा ल्याउन भनेछन् । गुइँठाको पहाड खडा भयो । गुइँठामा आगो लागाइयो आगो बेस्सरी बल्न थालेपछि राजाका नोकरहरूले एकबित्तेलाई त्यही आगोमा फाल्दिए ।

एकबित्तेले कुनै बेर नगरी बाहिर निस्कनुस् गङ्गामैया भनेपछि उसको कानबाट नदीको पानी निस्केर गुइँठाको आगो एकैछिनमा निभाइदियो । एकबित्ते चाँहि आरामका साथ पदमासनमा बसेको देखियो ।

उसको चर्तिकला देखेर राजा प्रभावित नभई रहन सकेन । एकबित्तेको पराक्रम देखेर राजाले ऊसँग आफ्नी एक्ली छोरीको धुमधामका साथ विवाह गरिदिए । उसलाई आधा राज्य पनि दिए । एकबित्तेले आफ्नी आमालाई पनि त्यँही बोलायो । त्यसपछि धेरै वर्षसम्म उसले सफलतापूर्वक राज्य सञ्चालन गऱ्यो ।

सुन्नेलाई सुनको माला,

भन्नेलाई फुलको माला

यो कथा बैकुण्ठमा जाला,

भन्ने बेला खुरुखुरु आउला ॥

## ३.५ मेघिया रानी कथा

यो लोककथा कैलाली जिल्लाको जोशीपुर गाविस-४ बस्ने सुखरानी थारूबाट संकलन गरिएको हो । यो नैतिक, उपदेशात्मक  विषयसँग सम्बन्धित छ । यस लोककथामा आफन्तबाट दुईपटक मारिएकी भ्यागुती राजकुमारीको कथा छ ।

### ३.५.१ मूलपाठ

बहुट बरसके आगेक बाट हो, एक किसान अपन जन्नीक और बहिनियाकसँग सुख जीवन विताइत  रहे । किसानके बहिनियक नाउँ मेघिया रहे । मेघियाक रूप धपक्क बरल रहथ । उ अत्तना सुग्घर रहथ कि ओकर दादा उहिन खुव मजा मानथ, लैकिन भौजी नदियाहे एक्को नाइ देखे सेकथ । आगेपाछे माया करल जैसिन करथिस लेकिन थरुवा बाहेर काममे गइल बेलामा नदियाहित खुब सताइथिस । आपने मिठ मिठ खाके फेन मेघियाक बखरम उहे सुक्खे भात किल परथ । यकरबारेम दादासँग कोनो चुगली नाइकरथ मेघिया हुइनासम दु:ख पाइथ ।

मेघिया लावा लावा लुगरा कहाँ पाई ? दादा ऋण सापट लैके बहिनीयाका लग लावा लुग्रा सिवाइक कोसिस तो करथ तर नाइ सेकथ । तवेक मारे मेघिया किहिन कृष्ण जन्माष्टीकिक व्रत बैठन मन नाइ करथ ।

मन मिल्ना सघारियन ब्रत बैठेकपरि कहिके जोर करलपाछे मेघिया अपनसँगेक लावा लुग्गा नाइ हुइके ब्रत बैठन नाइ लगल बताइथ । ओइने कथै तुहिन तो ब्रत बैठनइ परी । लावा लुगरा तो तोहर भौजीसे माग देवु । नि तो हाम्रे अपन लुग्रा तुहिन देवी ।

मेघिया सघारियाके बात काटे नाइ सेकल ब्रत बैठल । दोसार दिन सक्कारे पूजा करल प्रसाद लडियम विर्सजन करे जैना बेलम उ अपन भौजीसँग लावा लुगरा मागल । मौजी लुगरा देहती कललिस मोर लुगरा तुहित देहतु लैकिन लुगरम एक चुरी फेन दाग लागि तो तोहार घाँटी रेटक उह रगतसे यी लुगरा रङ्गाइबु ।

ब्रत बैठ सेकके लडियम पूजाक सामान पुहाइ जाइना परथ । तब्बेक मारे भौजी जैसिन कर्रा सर्त धरले से फेन उ भाँजीक लुगरा लगाके संघारियन से लडियावर जैथैंइ ।

मेघिया अपन लुगरा कोनो फेन फुहर दाग नाइलागि कहिके घाटुवाक सबसे उप्पर अपन लुगारा खोलके पूजाके सामग्री पुहाइल और लहाइ लागाल । लाहा सेकल जब उ लुगरा पेह्रे किनारे गैल । उ लुगरामे चिरैयाक गुह देखथ । भौजीक डरेक मारे उ लुगरम लागल चिरैयाके गुह धोइ लगथ । गुह तो धो गैल लेकिन ओकर दाग जतरा धोइले सेकफेन नाइ गिल ।

बात का हो कहले से, मेघियाक भौजी बोकसीनिया रथिस । ओकरे भौजी तो चिरैया बन्के अपन देहल लुगरम हेरालेरही मेघिया डरैती घर पुगथ और हेगल भाग किहिन नुकुवाके भौजी किहिन लुगरा देखिथ । ओकर भौजी अपनही सक्कु करल चलमाल लुगरम दाग लगल पता नाइपइना तो बाते नाइ हो ।

भौजी लुगरम दाग देखैती रिसाइथ । यीह यी कौचा हो ? ओत्र सम्झाके पठैल रहु, रहो साँझ के  तोहार दादा किहिन तो आइ देऊ । तोहार हालतका हुइथ मै जनले बाटु साँझके मेघियाक दादा माइल बखत जन्नी किहिन खटियम सुतल भेटाइथ । उ जन्नी किहित भात खाई बोलाइथ । लैकिन उ अपन जिद्धि रथिस्, तोहार बहिनिया मोरिक बात नाइ मन्ली, कि तोहार बहिनियक तोताँ काट्के मोर धोतीमे लागल लुगा दाग रंगाऊ नाइतो मै कछु पेन नरइ खाके मथही सुतके भुअम् ।

मेघियाक दादा बहुत धर्म संकटमे परल । अन्तिममे उ अपन बहिनियक तोताँ काट्के जन्नीक लुगरा रंगादेहल । ओकर पाछे मेघियाक भौजी बोक्सिनियामे पास हुइल ।

आहोर भौजी बात लागके दादाक हातसे मुअल बहिनिया मेघियाक बैनी सगरम् मेघियाक लरका हुके जन्मथ। उ रातके पहिले जैसिन अपने रूपमे सुग्घर लबन्डी बनके सगरा बाहेर अइथिस लैकिन दिनमे मेघियाक बन्जाइथ । भैसरुवनके उ सगरक् आँजरपाजर गैया भैसिनिया चराइ जैथैं । कबुकबु गैया गोठयैना ढिला हुइगैले से ओइने अकल झुलके मेघिया किहिन रातके देख्यैइ ।

उ देशके राजकुमार साँझवर घुमे बहुत जैसिन नैनी सगरावर जाइथ । ऊ फेन कोनो दिन यहोर साँझ हुइल मेघिया किहिन देखे लगाथ । एक दिन दुनु झे नाउ बनाइबताब फेन करनै । दुनु जनहनके बिच प्रमेके सुरुवात हुइल । राजकुमार मेघियाकसे भ्वाज करना प्रस्ताव धाराल । मेघियाक अपन समस्या बताइथ लौडि राजकुमार उहिन छुटिमुटी रुपमे लेटी कहथ । तुहँ पहिले दरबार चालो, यकर समस्या फेन भेटाव नै ।

मेघियाक रातके राजकुमार से एक्के पथरिम रथै लैकिन सक्कारे हुइतिकिल फेर मेघिया बन्जाइथ । अैसिकुन राजकुमार अपन मेघियाहिन दरबारमनिक मनैनसँगै भेट कराइ फेन नाइ सेकथ । मेघियाक रुप हताके जैसिक लबन्डी किल बनाइ सेकना कहिके ध्यानमे राजकुमार रोज रहथ । एक दिन उ अपन दाइहिन कहथ, दाई, मिहिन आजकालह एकदम जार लागथ । मेरिक कोठम लैयामे आगी धारेक लगादेहो न ।

रातके जब मेघियाक सुग्घर लबन्डीक रुपमे अइथ । राजकुमार मेघियाक खोल आगीम दारहदेहथ । और राजकुमार सक्करीहि काम करे चलजाइथ ओहर सक्कारे छावक् पथरी मिलाई

रानी जाइथ पथरिमे कोइ सुतल जैसिन लागथिस । गुदरी फेकाईथ लुगरा नाइ लगाइल एक लबन्डी देखाथ यैसिन बरीया पतोहिया नानके लुकाइलेकमे छावासे मनेमने रिसाइल फे ।

मेघियाक और राजकुमारके धुमधामके साथ भ्वाज फेन हुइल । एक दिन बातेबातमे मेघिया राजकुमार से कहथ हजुर नैनी सगरावर घुमे गैइरथो । ओहर गाउँ भरिक गैरवा भैसरवा गैयाभैसिनिया चराई फेन जैथै लैकिन दरबारके गैयाभैसिनिया ओहर नाइ लैजाइ देहो ।

राजकुमार ओकर कारण पुछल लैकिन मेघिया राजकुमारी नाइबताइल । राजकुमार किहित थोरथोर शङ्का लागथिस अबखिन राजकुमारी ओहर हमार गैया भैसिनिया नाइ लैजैहो काँ हो कहतैं ? एक दिन राजकुमार अपन भैसारुवन नैनी सगरावर गैया भैसिनिया लैजिना हुकुम देहथ । उ फेन सँगसँगै जाइथ । नैनी सगरक क्षेत्र दबतीसाइत दरबारके दर्जनौ सक्कु गाईवस्तु गायब हुइजैथैइं । राजकुमार भैसारुवन सँग खालि दरबार पुगथ । यी सक्कु तोरे मेघियाक कारण हो कहिके रानी रिससे आगी हुइगिल । उ राजकुमार हिन कहल कि तै अपन जन्नीक मुन्टी गेर नाइटो घर छोरके जा । राजकुमार दरबारके माया मारे नाइसेकथ अपन दाइक आज्ञा शिरोपर करके जन्नीहे दुई टुक्रा करदेहथ ।

सायद मेघियाक भागमे दुःख किल लिखल रहे । पहिले दादा मारल पाछे अपने थारुवा उहिन मारल । ओकरपाछे भ्यागुती एकथो बास घरके कर्ला बन्के जनम लेहल । उ दिन प्रतिदन बाढ्हे लागल । एकदिन एक थो सुपुवा नचैना वङ्गालिया बासियाँ बनाइक तन उहे बाँसबखरीमे बाँस काटे गइल बाँस काटेक उ हतियार उठाइल, बाँस मे जलम लेहल मेघिया बोलथ । नाइ नाइँ वङ्गलिया दादा उ बाँस नाइकाटो, उ बाँस कलिल बा छिपल काटो । वङ्गालिया उ आवाज सुनके अचम्म हुइल । उ छिप्पल बाँस भेटाइल और काट लैगिल । ओमेफे फेन दोसर आवाज आइल ये हे बाँस काटो लैकिन विचेक भाग चाहि बिन बनाइन काम करो।

वङ्गालिया ओकरे अनुसार बाँस बिच भागके बाँसुरी बनाइल और सपुवा नचाइना गाउँ गाउँमे जाइ लागल । राजकुमार पत्ता पाइलकी एकथो बङ्गालिया एकदम मजा मीठ बासुरी बजाइथ ओ सपुवा नचाइथ उ उहे वाङ्गलिया हे बोलाइक पढाइथ ।

वङ्गालिया दरबार पुगत तो राजकुमार खेतवावर घुमे गइल रहे । घरेम ओकर भौजी किल रथिस मीठ धुनके साथ गीत पनि निकरल जोन बङ्गलिया नाइबुझथ लैकिन राजकुमार के भौजी हुक्रे चाहि बुझनाह खालके रथैं ।

तुहतो हुइतो मोरिक जेठीनीया हुक्रे

ढेकी कुट्टी करती

तुहारे देवारुवा तो मग्नै नैनी ताल

मै तो जलम लेहनु उहे बाँसेक बाखरीमे

कि परनु वङ्गालियाके फन्दामे ।

बसिया सुनके राजकुमारके भौजी हुक्क पसै फेर बजाऊ कहथ बसियासे उहे गीत उहे लय बासुरी से निकरथ । ओइन आपन सुसइया कहाँ वङ्गलिया किहिन पढादेहलै । वङ्गलिया फेन बसिया बोलैना सुरु करथ । बसिया बोलाइथ तो फेर अैसिन आवाज आइथ ।,

तुहतो हुइतो मोरिक ससुइया

लरकापरका हेरुइया

तुहारे छावा तो मग्नै नैनी ताल

मै तो जलम लेहनु उहे बाँसेक बाखरीमे

कि परनु वङ्गालियाके फन्दामे ।

रानी अैसिन गीत सुनके उ एकदम छक्क परल । अब मै का करु पतोहियाइ मारेक पठैनु आखिर गल्ती छावाइक् रहे । ओकर पाछे रानी खेतुवा मनकाम करत रहल छावाक थन वङ्गलियाइ पठादेहल । वङ्गलिया उहाँ बासुरी बजैना सुरु करथ ।

हजुर तो रहो मोरिक स्वामी

हर जोट्ती रहल

हजुर तो देहलो नैनी तालमे भोग

मै त जलम लेहनु बाँस घरबखरिया

कि परे बङ्गलियाके फन्दामे ।

राजकुमार किहिन यी आवाज मेघिया राजकुमारीक हो जैसिन लग्थिस पाछे वङ्गलियासँग महङ्गा मोलमे बासुरी किनल दरबारमे लैजाके अपन सुत्ना कोठामे राजकुमार उ बासिया धरल तो रातके बसिया कन्या बनगैल जोन मेघिया राजकुमारी नै रहै । राजकुमार बेर नाइ करके हलहिल बसिया किहिन आगीम जरादेहल । मेघिया राजकुमारी सधैंकलग ओकर हुइगिल । ओकरपाछे दुनु जाने राजारानी हुके बहुत वरसम्म खुसीकसाथ जीवन बिताइनैं ।

अत्रा हो बात अत्रै हो चित

हँसिया लेबो कि बेंट

बेंट

तोहार मोर सध्यें हुइ भेंट ।

स्रोत : सुखरानी थारू जोशीपुर ४ कैलाली

### ३.५.२ नेपाली अनुवाद

धेरै वर्ष अघिको कुरा हो, एक किसान आफ्नी स्वास्नी र बहिनीका साथ सुखमय जीवन यापन गरिरहेको थियो । किसानकी बहिनीको नाम भ्यागुती थियो । भ्यागुतीको रूप धपक्क बलेको थियो । उनी अति सुन्दर थिइन । उनका दाजुले उनलाई निकै माया गर्दथे तर भाउजुले नन्दलाई देखिसहन्न थिइन् । अघिपछि माया गर्थिन् तर लोग्ने बाहिर काममा जाँदा नन्दलाई खुब सताउँथिन । आफूले मिठोमसिनो खाए पनि भ्यागुतीको भागमा उनी निस्तो भात मात्र पर्थ्यो । त्यसबारेमा दाजुसँग कुनै गुनासो गरेकीले भ्यागुतीले हुनसम्मको दुःख पाइरहेकी थिइन् ।

कृष्णजन्माष्टमी पर्व नजिक आइरहेको थियो । उसका साथीसँगीले नयाँ लहंगा चोलिया सिलाए तर भ्यागुतीले नयाँ-नयाँ लुगा कहाँ पाउनु ? दाजुले ऋणसापट गरेर बहिनीका लागि नयाँ लुगा सिलाउन कोशिस त गरेकै हुन् तर सकेनन् त्यसैले भ्यागुतीलाई कृष्णजन्माष्टमीको व्रत समेत बस्न मन लागेन् ।

मन मिल्ने साथीहरूले व्रत बस्नुपर्छ भनेर जोर गरेपछि भ्यागुतीले आफूसित नयाँ लुगा नभएको व्रत बस्न मन नलागेको बताइन् । उनीहरूले भने-तिमीले व्रत बस्नैपर्छ । नयाँ लुगा या त तिम्री भाउजुसँग मागिदिन्छौं या हामी आफैले आफ्नो जगेडा लुगा तिमीलाई दिन्छौं ।

भ्यागुतीले साथीहरूको लुगा टार्न सकिनन् । व्रत बसिन । भोलिपल्ट बिहान पूजा गरेको परसाद खोलामा विसर्जन गर्न जाने बेला उनले आफ्नी भाउजुसँग नयाँ लुगा मागिन् । भाउजुले लुगा दिँदै भनिन्-मेरा लुगा तिमीलाई दिँदैछु तर लुगामा थोरै दागसम्म लाग्यो भने तिम्रो घाँटी रेटेर त्यही रगतले यो लुगा रंगाउने छु ।

व्रत बसिसकेपछि खोलामा पूजा सामग्री विसर्जन गर्न जानैपर्थ्यो । त्यसैले भाउजूले जस्तोसुकै अप्ठयारो प्रस्ताव राखेपनि उनी भाउजुका लुगा लगाएर साथीहरू सँग खोलातिर लागिन् ।

भ्यागुतीले आफ्नो कपडामा कुनै फोहर दाग नलागोस भनेर घाटको सबैभन्दा माथि लुगा फुकालेर पूजा सामग्री सेलाइन र नुहाउन थालिन् । नुहाइ सकेर जब उनी कपडा लगाउन किनारमा आइन । उनको कपडामा चराको बिष्टा देखियो । भाउजुको डरले उनी कपडामा लागेको चराको बिष्टा पखाल्न थालिन् । बिष्टा त बग्यो तर त्यसको दाग भने जति धोए पनि गएन ।

कुरा के भने, भ्यागुतीकी भाउजू बोक्सी थिइन । उनकी भाउजु नै चरा बनेर नन्दलाई दिएको आफ्नो लुगामा बिष्ट्याएकी थिईन । भ्यागुती डराई-डराई घर पुगिन र बिष्ट्याएको सकेसम्म छोपछाप पारेर भाउजुलाई लुगा दिईन । उनकी भाउजुले आफैले सारा क्रियाकलाप गरेकोले लुगामा दाग लागेको कुरा थाहा नपाउने कुरै थिएन ।

भाउजुले लुगाको दाग देखाउँदै झर्किईन्-यो चाँही के हो नि ? झन त्यत्रो सम्झाएर पठाएको, पख बेलुकी दाजुलाई आउन त देऊ । तिम्रो हालत के हुन्छ ? मैले जानेको छु ।

बेलुकी भ्यगुतीका दाजु आउँदा श्रीमतीलाई खाटमा पल्टिएको भेटे । उनले श्रीमतीलाई खाना खान आग्रह गरे तर उनी आफ्नो हठमा अडिग रहिन् । तिम्री बहिनीले मेरो निर्देशनको उल्लङ्घन गरेकी छिन् । की तिम्री बहिनीको घाँटी रेटेर मेरो दाग लागेको कपडा रंगाऊ । हैन भने म केही पनि नखाई, नपिई सुकेर मर्छु ।

भ्यागुतीका दाजु बडो धर्मसंकटमा परे । अन्तमा उनले आफ्नी बहिनीको घाँटी रेटेर श्रीमतीको कपडा रंगाइदिए । त्यसपछि भ्यागुतीकी भाउजु बोक्सी विद्यामा अझ पारंगत भइन् ।

उता भाउजुका कारण दाजुको हातबाट बहिनीको मृत्युवरण गरेपछि भ्यागुती नैनितालमा भ्यागुतो कै बच्चा भएर जन्मिन् । उनी राति पहिलेझैं आफ्नो रूपमा सुन्दर कन्या बनेर ताल बाहिर आउँथिन भने दिँउसो भ्यागुती बन्थिन् । ग्वालाहरू त्यो ताल छेउछाउमा गाईभैसी चराउन जाने गर्थे । कहिलेकाँही गाईवस्तु फर्काउन ढिला हुँदा उनीहरूले आक्कलझुक्कल भ्यागुती कन्यालाई राति देख्ने गर्थे ।

त्यो देशका राजकुमार सायंमकालीन भ्रमणमा प्रायः नैनितालतिर निस्कन्थे । उनले केही दिन यता झमक्क साँझ पर्दा भ्यागुतीलाई देख्न थाले । एकदिन दुवैले परिचय साटासाट पनि गरे । दुवै बिच प्रेमको बीजारोपण भयो । राजकुमारले भ्यागुतीसँग विवाहको प्रस्ताव राखे । भ्यागुतीले आफ्नो समस्या  दर्साइन् । तर राजकुमारले त्यसलाई सामान्य रूपमा लिँदै भने-तिमी पहिला दरबार हिँड, यसको समस्या पनि भेटिएला नि ।

भ्यागुती राति राजकुमारसँग एउटै बिछयौनामा हुन्थिन् तर बिहान हुने बित्तिकै पुनः भ्यागुती बन्थिन् । यसरी राजकुमार आफ्नी भ्यागुतीलाई परिवारका सदस्यसँग भेट गराउन पनि सक्दैनथे । भ्यागुतीको रूप हटाएर कसरी कन्या मात्रै बनाउन सकिन्छ भन्ने ध्याउन्नमा राजकुमार सँधै हुन्थे । एकदिन उनले आफ्नी आमालाई भने-मुमा मलाई अचेल असाध्यै जाडो हुन्छ । मेरो कोठामा गोलको आगो राख्न लगाइ दिनु होला ।

राति जब भ्यागुती सुन्दर कन्यामा परिवर्तन भईन्, राजकुमारले भ्यागुतीको खोल ( काँचुली) आगोमा हालिदिए अनि राजकुमार बिहानै काममा हिँडिहाले । उता बिहान छोराको बिछयौना मिलाउन रानी आउँदा बिछयौनामा कोही सुतेको जस्तो लाग्यो । सिरक फाल्दा कपडा लगाएकी एक कन्या देखिइन् । त्यस्ती राम्री बुहारी ल्याएर लुकाएकोमा छोरासँग मनमनै रिसाइन पनि ।

भ्यागुती र राजकुमारको धुमधामका साथ विवाह पनि सम्पन्न भयो । एकदिन कुरैकुरामा भ्यागुतीले राजकुमारलाई भनिन्- हजुर नैनितालतर्फ घुम्न गईराख्नुहुन्छ । उता गाउँभरिका ग्वालाहरूले गाईवस्तु चराउन पनि लान्छन तर दरबारका गाईवस्तु उता लान नदिनुहोला ।

राजकुमारले त्यसको कारण सोधे तर भ्यागुती राजकुमारीले कारण बताइनन् । राजकुमारलाई खसखस लाग्यो । आखिर राजकुमारीले उता गाईवस्तु नलान किन भनिन् ? एकदिन राजकुमारले आफ्ना ग्वालाहरूलाई नैनितालतर्फ गाईवस्तु लान आदेश दिए । उनी पनि साथै गए । नैनिताल क्षेत्र कुल्चने बित्तिकै दरबारका दर्जनौं सबै गाईवस्तु गायब भए । राजकुमार

ग्वालाहरू सँग रित्तै दरबार फर्किए । यो सबै तेरै भ्यागुतीकै कारण भएको हो भनेर रानीले रिसले आगो भइन् । उनले राजकुमारलाई भनिन्-कि तैंले आफ्नी स्वास्नीको टाउको गिँड हैन भने घर छोडेर जा । राजकुमारले दरबारको माया मार्न सकेनन् । आफ्नी आमाको आज्ञा शिरोपर गरी स्वास्नीलाई दुई टुक्रा पारिदिए ।

सायद भ्यागुतीको भाग्यमा दुःख मात्र लेखिएको थियो । पहिले दाईले मारे भने अहिले आफ्नै स्वामीले उनलाई मारे । त्यसपछि भ्यागुती एउटा बाँसघारीको मुना भएर जन्म लिईन् । उनी दिनदिनै बढ्न थालिन् । एकदिन एउटा सर्प नचाउने सपेरा बिन बजाउनलाई सोही बाँसघारीमा बाँस काटन गयो । जसै बाँस काटन उसले हतियार उठायो, बाँसघारीमा जन्म लिएकी भ्यागुती बोलिन्-नाइँ-नाइँ सपेरा दाजु । त्यो बांस नकाट । त्यो छिप्पिएको काट । सपेरा त्यो आवाज सुनेर अचम्मित भयो । उसले छिप्पिएको बाँस फेला पार्‍यो र काटन थाल्यो । पुनः आवाज आयो-हो यही बाँस काट तर बिचको भाग चाँही बिन बनाउन प्रयोग गर ।

सपेरा सोही बमोजिम बाँसको बिचको भागको बिन बनायो र सर्प नचाउन गाउँ गाउँ डुल्न थाल्यो । राजकुमारले थाहा पाए की एउटा सपेराले असाध्यै मीठो बिन बजाउँदै सर्प नचाउँदै हिड्छ । उनले त्यो सपेरालाई बोलाउन पठाए ।

सपेरा दरबार पुग्दा राजकुमार खेततिर डुल्न गएका थिए । घरमा उनका भाउजुहरू मात्रै रहेछन् । मिठो धुनका साथै गीत पनि निस्कियो । जुन सपेराले बुझ्दैनथ्यो तर राजकुमारका भाउजुहरू चाँही बुझ्ने खालका थियो ।

हजुरहरू त हुनुहुन्छ मेरा जेठानीहरू

ढिकी कुट्दै गरेको

हजुरका देवरले मागे नैनिताल

मैले त जन्म लिएँ बाँसघारीमा

कि परे सपेराको फेला ।

बिन सुनेर राजकुमारका भाउजुहरू छक्क परे । पुनः बजाउन भन्दा सोही गीतको लय बिनबाट आयो । उनीहरूले आफ्नी सासुकहाँ सपेरालाई पठाइदिए । सपेराले बिन बजाउन सुरू गर्‍यो । बिनबाट यस्तो धुन आउन थाल्यो ।

हजुर त हुनुहुन्छ मेरी सासु

केटाकेटीलाई हेर्नुहुन्छ

हजुरको छोराले मागे नैनिताल

मैले त जन्म लिएँ बाँसघारीमा

कि परे सपेराको फेला ।

रानीले यस्तो गीत सुन्दा उनी पनि छक्क परिन् । अब के गर्ने मैले, बुहारीलाई मार्न पठाइहालेँ । आखिर गल्ती छोराकै रहेछ । त्यसपछि रानी पनि खेतमा रहेको छोराकहाँ सपेराकहाँ पठाए । सपेराले त्यहाँ बिन बजाउन सुरू गर्‍यो ।

हजुर त हुनुहुन्छ मेरी स्वामी

हलो जोत्दै गरेको

हजुरले त दिनुभयो नैनितालमा भोग

मैले त जन्म लिएँ बाँसघारीमा

कि परेँ सपेराको फेला ।

राजकुमारलाई यो आवाज भ्यागुती राजकुमारीकै हो भन्ने भएपछि सपेरासँग महँगो मूल्यमा त्यो बिन किने । दरबारमा लगेर आफ्नो शयनकक्षमा राजकुमारले सो बिन राख्दा राति बिन कन्या बन्यो जुन भ्यागुती राजकुमारी नै थिइन् । राजकुमारले ढिलो गरेनन् उनले तुरन्तै बिन आगोमा जलाईदिए । भ्यागुती राजकुमारी सँधैको लागि उनको भईन त्यसपछि दुवैले राजा रानी भएर धेरै वर्षसम्म भएर खुसीका साथ जीवन बिताए ।

सुन्नेलाई सुनको माला

भन्नेलाई फुलको माला

यो कथा बैकुण्ठमा जाला्

भन्ने बेला खुरुखुरु आउला ॥

## ३.६ नकबिलरी कथा

यो लोककथा कैलाली जिल्लाको नारायणपुर गाविस-२ बस्ने विश्राम कुश्मीबाट संकलन गरिएको हो । यो धार्मिक, पौराणिक  विषयसँग सम्बन्धित छ । यस कथामा गुलप्पन राजा र उनले गरेका असल कार्यको चर्चा पाइन्छ ।

### ३.६.१ मूलपाठ

एकथो देशमे गुलप्पन नामके एक राजुवा रहे । राजुवा अपन भैयाके भ्वाजक तयारीमे जुटल रहे । भ्वाजक तोकल दिन फेन आइगिल । उ अपन बाबाक सँगे अपने राजकाज हेर्न और बाबै भैयाक भ्वाजम सँगे सँगे जाइना आग्रह करल ।

बरतियन सप्रनैं । हाथी, घोरा, फौजलके साथ बरतियन आघे बरहलैं । गुलप्पन राजुवा बाबक सल्लाह देहती कहथै बाब महाराज, भैयाके ससुराल गाउँ दुर बाबइ । निश्चय फेन एक दिनम डगरा काटे नाइसेकजाई कोनो ठाउँमे बास बैठिहिक परी । तबेक मारे हजुरहुक्र बास बैठन ठाउँ चाहिँ विचार करेक परी, डगरेम वरवार बनवा क्षेत्र परथ जहाँ एथो बरबार सगरा बावाई । सक्कु ठाउँमे बैठाहो लैकिन ओकर आजरपाजर बास नाइ बैठाहो ।

नेगनी नेगती बरतियन सेहर गिनै । उहे वनवाके बरवार तलुवक लग्गे पुगलपाछे चिल्लाई लागनइ यहाँ बैठक लग बहुत बढ्यिाँ ठाउँ बावाई रात फेन परे लागल । खानापिना बनइन, हाथी, घोरा, किहिन पानी पिवाइना फेन सहजिलो बा आभ्कm यहै बैठी । लैकिन राजवाक बाबा नाइ मननैं बरका छावा यहाँ नाइ बैठक कहले वा । नेगो बरु दोसर ठाउँमे बैठब बहुत दूर जाके एकथो छोट सगरा देखा परथ । बरतियन वइने उहै वास बैठ्नैं । दोसर सकारे ठिक जुनमे ससरार पुग्थैं । भ्वाजक काम फेन बढ्यिासे हुइथ । राजावा अपन सकेल दाइजाह हाथी, घोरा, सोनचाँदी असर्फी दैके छाइहिन विदा करथ ।

बरतियन  फर्केबेर फेन उहे सगरक लागे पुगके पुच्छथैं । सक्कु भ्काने फेन उहे ठाउँमे बैठन सल्लाह कर्थेइँ । राजबाक बाबाक महाराजवा फेन बरतियके बाट काटे नाइ सेक्नैं हाथी, घोरा, बाँधके, खाइनैं यिहैं सिहरलके मारे सक्कुभ्के जन्दी सुतगिनैं ।

जब सकारे हुइल तो सक्कु भ्के जगनइ तो सक्कुहन बरतियन एकथो बरबारे सपुवा से घेरल पैने । सक्कु भ्के डरले लाल करिया हुइ गैनैं, राजक बाबा पुछ्ल हे सर्प महाराज, हामीहिन से कौचा गल्ती हुइल । यैसिन बन्धनमा पाराल बाटो ? हाम्रार डगरा होर देउ ।

सर्पराज गर्जनै तुहुरे सगरक आजर पाजरक फुहर करदेलो, येकर सजाय तुहरन देहक परी । राजवाक बाबा कहल हाम्रै डारक तिर्न तयार गरी सर्पराज आज्ञा कारो । ओइसीन हो तो अपन लरका छावा गुलपन र राजावइ मोर यहाँ पठाऊ तहुँ मञ्जुर बाटो ? सर्पराजवा फुक्कार छोरती पुछ्ल ।

मञ्जुर बाटी, सर्पराज कहती गुलापन राजवाक बाबक उहे दिन छावाहिन पठादेना मन्जुरी करल पाछे सर्पराजवा डगरा छोर देहल ।

गुलप्पन राजवा दूरदर्शी रहे । चेतवनी देतिदेति बरतियन वैतन बरुवारे सगरक आघे बास बैन्लेक बाहाकम बिच डगरम हुइत अर्न्तध्यानसे राजवा पतापाइ सकेले रहे । तवेक मारे उ सपुवा राजा कहाँ जाइकलग ठिक परल । बरतियन वैनत फिर्ता आइल लगतही उ अपन घोरुवक पर काठी कसल ।

सकुहुनके छोट मन हुइल । हामरे कारण से राजवा दु:ख पाइता अव राजुवाक हुइ कहिके पछुताइलगनै ओहर राजवा तेजातिमे वरवार सगरक किनारमे पुगगिल । किनारे रहल पिपरक रुखुवामे घोरुवा बाधके सगरम कुदगिल ।

हे सर्पराज कोहो मिहिने कोचा कामलैके सम्फले रहो राजवा विन्ती चरहाइल । सर्प राजुवा कलह एक नकबिलरी (बरबार नाक हुइल विलरियाँ) राजकुमारी बाटै । उहिन मोरिक लाग हाजिर कराइकपरल । उहित यहाँ नन्ना चानचुने काम नाइ हो, तवेक मारे तुहित यी काम आह्राइत बाटु ।

राजवा सागरक बाहेर गैल । रुखुवामे बाधल घोरुवा खुव भुखागिल रहे । राजावक घोरवाक पिठी किल थथैलस, घोरवक भुख हेराइ गिल राजवा घोरवा बाधल उहे पिपरक रुखुवा उखारेके उहिन छ्यातक रुपमे ओढ्ढके घोरवामे बैठके आगे बढ्ढल ।

बिच डगरेम एक थो मनैया भेट हुइल । ऊ एक्केली बरबार सगरा कोरत् रहे । राजवा पुछ्याल ए कम खोद (कम कोरुइया मनै) का बा हाल समाचार ? एकलीहे अत्र बरवार सगरा कोर तो तुह । कमकोद  राजवाई नमस्कार करल र अपने मजै कहल वात बताइथ फेन राजवाक सवारी केहोर हुइल कहिले पुछल फेन राजवा अपन उद्देश्य बताइल कमखोदुवा राजासे किहिन जिद्धी करे लागल । राजवा तुँह अपन काम करती जाउ कहिके बेधव सम्फाइथ तभुफेन नाइ मानके काम खोदहे अपन पाछे बैठके आघे बरहथ । बिच डगरमा एक थो मनैया एक आँखी टुम्के दोसर आँखी फेन छोट करके सोफ्रे बदरीवर हेरत रहे । राजा पुछल ए कमदेख (थोर थोर देखुइया मनै), अैसिक क हेरते ? कमदेख राजवाइ रामराम कती इन्द्रसे अप्सरनके नाच हेरना रहत बताइथ । साथ अपने जनता दूर फेन हेरे सेक्न  जानकारी बताइथ । उ फेन राजवाइ काँ हाँ जाइतो कहिके पुछे नाई भुलाइथ । राजवा नकबिलरी राकुमारीसँग भेट करे नेगल बताइथ कमदेख फेनसँगे जैना विचार राजवाइ सुनाइथ ।

राजवा कहथ तुहरे अप्सरनके नाचके मजा लेती रहो मोर सँग खालि काहे दु:ख भेल्वो ? लैकिन कमदेख अपने राजक सेवा करे पैना जिद्धी करती आगे जैना बतवाइथ । उहित फेन घोरवाक पाछे बैठाके राजा आघे बर्हथ ।

कुछ दुर जाके पुगल पाछे राजवा एक जनहन बिच डगरेम मुटट् देखथ । उ मुटसेकी तब आघे बह्रम कल्ना सुरमे रहथ राजवा लैकिन उ मनयौ घण्टौसम्म फेन मुट्टीक मुट्टीक रहथ पाछे राजवा दुरेसे अपन आइल बाट बताइथ ओ कम पेसाबी (एकचुटी मुट्नावाला मनै) नाइहुइल, तोहर मुट नाइ ओराइल किका ।

कम पेसाबी डरैती मुट्ना बन्द करल और राजवा किहिन राम राम करती राजवाक भ्रमणके बारेम पुछथ । राजाफेन अपन उद्देश्य बताइथ । मै फेन तोहार सँगे काम लागे सेकम महिन फेन सँगै लैजाउ न कहल पाछे कम मुटुवाइ किहिन राजा घोरवक पाछे बैठाइथ ।

चार भ्रे घोरुवम सवारी हुइके अघि बढ्थैं । घोरुवक न भुखाए कहिके घोरवाक पिठिमे थपथपाइरहे डगरेम लमगोरबा (नाम्मा गोरा हुइल )उ एक गोडा पहारमे और दोसर गोरा दोसर पहारमे राखथी धान हिटटरहे । राजा उहिन से फेन कुशल मंगल पुछथ । लमगोरुवा फेन राजवक भ्रमण बारेम पुछल । राजवक भ्रमणबारे पत्ता पाइलपाछे उ फेन राजवक सँग जैना विन्ती करथ ।

कमखोद, कमदेख, कमपेसावी, लमगोरवा अउर राजवा करके ५ भ्रे घोरवउक मे बैठके आगे गैनैं । ओइने नकबिलरीक राजकुमाकि देशमे आइ गिनै । नकबिलरी जिन्दगीसे आतन उदास रहिन किहिनेसे फेन नाइ बोलिन ।

उ देशक राजवा जे मोरीक छाइक बोली फुटाइ सेकी ओकरेसँगे छाइक भ्वाज करन बचन देले रहे । नाउँ नकबिलरी रहले से फेन उ अत्न सुग्घर रहे की तबेक मारे दुर-दूरके राजकुमार (हुक्रे आइलेस फेन राकुमारीके दोहोरो वातचित करे बाजी हारके भसम हुइल जाई ।

गुलप्पन राजवा सरासर नकबिलरी राकुमारिक दरबारमे गैइल । डगरेम भेटाइल अपन चारु जनहन शुभचिन्तनक सघारियन माछी बनाके राजकुमारिक पेहेरल गहनामे बैठाइल । एक माछीया टिकलीमे बैठल, दोसर फुलीमे आस्तक आउर दुई भ्फे एक करके औठी और पायलमे बैठनैं ।

राजवा कहल् ए टिकली रानी तुँ राजकुमारिक कुछ वात बतवाऊ अनि पो सँगे रात कटी ।

ओस्तिहिक क्रमसे आउर भ्फे गहनामे बैठके माछीन फेनबाट करे लगाल । गहनामे बैठल सक्कु माछीहुक्र एकचोट कहेलाग्नै मै कौचा कहुँ ए परदेशी राजवा यैसिन दया नाइहइुल शरीरमे फसल बाटी रातो दिन हामहीन लगैलेक लगैलेक रथै । कब्बुल नाइ निकरथै । ओकरपाछे राकुमार रिस्साके एका एका गहना निकरती कल्नैन् सक्कु गहनाले मिहित निर्दय कठै, सक्कु, फेकादेम, कुछ फेन नाइ लगैम जे जा !

सक्कु सहरमे हल्ला फैलगिल दूर देशक एक गुलप्पन नामके राजा नकविलरी राकुमारहिन बोल्नहा बनाइ । हामार राजकुमारीके अब भ्वाज हुइन हुइल ओहर राजकुमारीक बाबा राजवालकिहिन कहल यी कहाँके राजवा हो मेरीक छाइक बोलकिल फुटाइ वा ओस्तिही तो मै यकरसँग अपन छाइक भ्वाज कहाँ करम ? मोरिक छाइक नौलाख हार इन्द्रसनपुरमे ढरल बा । जे नाने सेकी ओकरे सँग मै आपन छाइक भ्वाज करम ।

गुलप्न राजवा राजकुमारीक र नौलखा हार इन्द्रसनपुरमे कहाँ ढरल बा कहिके कमदेख किहिन हेरक कहल । कमदेख एक आँखी चिम्म करके हार ढरल ठाउँ पत्ता लगल पाछे लमगोरवा किहिन लेहेक पथाइथ । लमगोरवा फेन एक गोरा पृथ्वीमे तो दोसर गोरा जोरा इन्द्रासनपुरीम ढरल ओ नौलाखा हार एक्कधची नानदेहल ।

सारा सहरमे फेन हल्ला फैलगिल कि परदेशी राजवा एकै घाच्चिम नौलखा हार नैयान्लाई, बहुत वीर राजा बटै । ओहर नकाबिलरी राजकुमारीक बाबा दोसर परीक्षा लेहती कहथ अतनई से नाइ हुई । मै जाह सम्म नापम उहाँसम वरवार सगरा खोदुवइल किहिन किल अपन छाई देबु ।

गुलप्पन राजवा काम खोदकिहिन सगरा कोरल अह्राइल हेर्ती हेर्ती राजवाके नापल जग्गम एकथो बरवार सगरा कमखोद कोर देहल । उ देशक राजा फेन कहल खालि सगरा का काम ? यी सगरम जे मुटके टालाटल भराइसकी उहेन किल मोर छाइ लैजाइ पाई ।

गुलप्न राजवा कमपेसावी किहिन कहल कमपेसावी मुटके सगरा टानाटन भरादेहल । मुटसे सारा सहर फने जलमग्न हुइ लागल पाछे राजा कहल हुइल-हुइल, मैं हार गिनु तुँह जितगिलो मोर छाइ तुहिनके हुइलगिल ।

राजवा धन दौलत, हाथी घोरा ओर दोसर दाइजहा दैके नकबिलरी राजकुमारी किहिन विदा करल । लैकिन गुलप्पन राजवा दाइजाह फिर्ता करती कहथ ससुरुवा महाराज यी सक्कु समान धरलेउ मिहिन हजुरके छाइ किल हुइ पुगि ।

ओकरपाछे अपन सक्कु संघारी सहित गुलप्पन राजवा नकविलरी राजकुमारी किहिन लैके अपन देश आनै । ओकर सघारी हुकन अपनअपन घर लाग्नै । राजकुमारी किहिन लैके राजा चाहिँ सर्पराजके घरवर  लाग्नैं । राजा अपन ओरहल पीपरक रुखवा सगरक किनारे गारल । ओमही घोरुवई बाधके दुनु जाने सगरम जैठैं ।

नकविलरी किहिन देखके सर्पराजवा अत्रा खुसी हुइल कि । उ कहल-नकविलरी राजकुमारीक मुहार नाइदेखतसम मोर प्राण अडकल बा मै बुरहाइल मनै छटपटातरहत बाटुँ ।

ओकर आगमनपाछे अब मोर सजिलै से मृत्यु हुइ । यिहिन रानी बनाके धरहो । यी मोर राज्य फेन गुलापन राजा तोहर हुइल । अतरा कहती  सर्पराजवा विलुप्न हुइगिल ।

सक्कु सगरक पानी सुखजाइथ सर्प राजवाक सोनेककिल दरबार, सहर सक्कु गुलप्पन राजवक राज्यमे मिलगिल राजा अपन देशमे पुगके प्रायः जनताके बेराम हुइल पाइल, कौनौ अन्धा, कौनो लंगर । ओइन राजा परदेश गिलमे शोकसे औसिन, हुइल रहैं । राजबार फिर्ती आगमन पाछे दर्शनभेट पाइलेपाछे औइने फेन जस्तेकेतस्ते हुइगिनैं । राजा नरकविलरी राजकुमारी किहिन दोसरे जन्नी बनाके धारल सक्कु देशमे खुसियाली र वर्षात हाइल ।

अत्रा हो बात अत्रै हो चित

हँसिया लेबो कि बेंट

बेंट

तोहार मोर सध्यें हुइ भेंट ।

स्रोत : विश्राम कुश्मी नारायणपुर २ कैलाली

## ३.६.२ नेपाली अनुवाद

एक देशमा गुलप्पन नामका एक राजा थिए । राजा आफ्नो भाइको विवाहको तयारीमा जुटेका थिए । विवाहको निर्धारित दिन पनि आइपुग्यो । उनले आफ्नो पितासँग आफूले राजकाज हेर्ने पितालाई भाइको विवाहमा सँगसँग जान आग्रह गरे ।

जन्तीहरू सजिए । हात्ती घोडा फौजका साथ जन्ती अघि बढयो । गुलप्पन राजाले पितालाई सल्लाह दिँदै भनेछन्-पिता महाराज, भाइको ससुराली गाऊँ टाढा पर्छ । निश्चय पनि एक दिनमा बाटो छिचोल्न सकिँदैन् । कुनै ठाउँमा बास बस्नै पर्छ । त्यसैले हजुरहरू बास बस्ने ठाउँ चाँही विचार गर्नुहोला । बाटोमा ठुलो जंगल क्षेत्र छ जहाँ विशाल तलाउ क्षेत्र छ । सबै ठाउँमा बस्नुहोला तर त्यो वरिपरि भने बास नबस्नुहोला ।

हिँडदा-हिँडदै जन्तीहरू थाके । त्यहीँ जंगलको विशाल तलाउनिर पुगेपछि कराउन थालेछन्-यहाँ बस्नलाई निकै राम्रो ठाउँ रहेछ । रात पनि पर्नै लाग्यो । खानपिन बनाउन हात्ती घोडालाई पानी पिलाउन पनि सजिलो छ । आज यतै बसौं तर राजाका पिताले मानेनन् । जेठो छोराले यहाँ नबस्न भनेको छ । हिँडौं, अरू ठाउँ नै बसौंला ।

निकै टाढा पुगेपछि तलाउ देखापर्‍यो । जन्तीहरू त्यहीँ बास बसे । अर्को बिहान समयमै ससुराली पुगे । वैवाहिक कार्यक्रम पनि राम्रै तरिकाले सम्पन्न भयो । राजाले आफूले सक्दो दाइजो, हात्ती, घोडा, सुनचाँदी, असर्फी दिएर छोरीलाई बिदाई गरे ।

जन्तीहरू फर्किंदा पुनः त्यहीँ विशाल तलाउनिर पुगेछन् । सबैले पुनः यसपालि भने त्यहीँ बास बस्ने निधो गरेछन् । राजाका पिता महाराजले पनि जन्तीहरूको घरिघरि कुरा काट्न सकेनन् । हात्ती घोडा बाँधी खाईपिई थकाइले गर्दा सबै चाँडै निदाएछन् ।

जब बिहान सबै ब्यूझिए । पुरै जन्तीको समूहलाई एक विशाल सर्पद्वारा घेरिएको पाइयो । सबै डरले निलोकालो हुन पुगे । राजाका पिताले सोधे-हे सर्प महाराज, हामीबाट के गल्ती भयो ? किन हामीलाई यसरी बन्धनमा पार्नु भएको ? हाम्रो बाटो छोडनुहोस् ।

सर्पराज गर्जिए-तिमीहरूले तलाउ वरिपरि फोहर गरिदियौ । यसको दण्ड त तिमीहरूलाई दिनै पर्छ । राजाको पिताले भने-हामी दण्ड तिर्न तयार छौं । सर्पराज, आज्ञा होस् । त्यसो भए आफ्नो जेठो छोरा गुलप्पन राजालाई म कहाँ आजै पठाईदेऊ । तिमी मन्जुर छौ । सर्पराजले फुक्का छोडदै सोधे ।

मन्जुर छ सर्पराज भन्दै गुलप्पन राजाका पिताले सोही दिन छोरालाई पठाईदिए मन्जुरीनामा । मन्जुरीनामा गरेपछि सर्पराजाले बाटो छोडिदिए ।

गुलप्पन राजा दूरदर्शी थिए । चेतावनी दिँदादिँदै पनि जन्तीहरू विशाल तलाउनिर बास बसेको उनीहरू बिच बाटोमा हुँदै अर्न्तध्यानबाट राजाले थाहा पाईसकेका थिए । त्यसैले उनी सर्पराज कहाँ जान ठिक्क परे । जन्तीहरू आएको लगत्तै उनले आफ्नो घोडाको काठी कसे ।

सबैको छोटो मन भयो । हाम्रै कारण राजाले दुःख पाउनुपर्‍यो । अब राजाको के हुने हो भनेर जन्तीहरू पछुतो मान्न थाले । उता राजा तेजगतिमा विशाल तलाउमा पुगे । किनारमा अवस्थित वरको रूखमा घोडालाई बाँधे अनि तलाउमा हामफाले ।

हे सर्पराज ल भन्नुहोस मलाई के कति कामले सम्भिन्नु भयो ? राजाले बिन्ति बिसाए । सर्पराजले भने-एक नकबिलरी (ठुलो नाक भएकी बिराली ) राजकुमारी छिन् । उनलाई मेरो सम्मुख हाजिर गराउनुपर्‍यो । उनलाई यहाँ ल्याउने चानचुने काम होइन त्यसैले तँपाईलाई यो काम सुम्पिँदै छु ।

राजा तलाउ बाहिर आए । रूखमा बाँधिएको घोडा निकै भोकाइसकेको थियो । राजाले घोडाको पिँठ्यू मात्रै के थपथपाएका थिए, घोडाको भोक पनि दुर भयो । राजाले घोडा बाँधेको सोही वरको रूख उखेलेर त्यसलाई छाताको रूपमा ओढी घोडामा बसी अघि बढे ।

बिच बाटोमा एक मान्छे भेटिनु, ऊ एक्लै ठुलो तलाउ खनिरहेको थियो । राजाले सोधे-ए कम खोद, थोरै खन्ने मान्छे के छ हालखबर ? एक्लैले यति ठुलो तलाउ खन्दै छौ त ? कमखोदले राजालाई अभिवादन गर्‍यो र आफू आरामै भएको बतायो अनि राजाको सवारी कता भनेर सोध्यो । राजाले आफ्नो उद्देश्य बतायो । कमखोद पनि राजासँगै जाने जिद्दी गर्नथाल्यो । राजाले तिमी आफ्नो काम काम गर्दै गर भनेर जति सम्झाए पनि नमानेपछि कमखोदलाई आफू पछाडि बसाएर अघि बढे ।

बिच बाटोमा एउटा मान्छे एउटा आँखा चिम्म गरेर अर्को आँखा पनि सानो पारी सीधै आकाशमा हेरिरहेको थियो । राजाले सोधे-ए कमदेख -अलि अलि मात्रै देख्ने मान्छे) त्यसरी के हेरेको हँ ? कमदेखले राजालाई अभिवादन गर्दै इन्द्रासनमा अप्सराहरूको नाच हेरिरहेको बतायो । सबै आफूले जति टाढा पनि हेर्न सक्ने जानकारी दियो । उसले पनि राजा कता हिँडेको भनेर सोध्न भुलेन । राजाले नकबिरली राजकुमारीसँग भेट गर्न हिँडेको बताएपछि कमदेखले पनि यात्रामा सामेल हुने विचार व्यक्त गर्‍यो ।

राजाले भने-तिमी अप्सराहरूको नृत्य मजा लिँदै गर न, मसँग किन दुःख झेल्दै छौ ? तर कमदेखले पनि आफूले राजाको सेवा गर्न पाउनु पर्ने अडान राख्दै जाने हठ गर्‍यो ? उसलाई पनि घोडा पछाडि बसाएर राजा अझ अगाडि बढे ।

केही पर पुगेपछि राजाले एक व्यक्तिलाई बिच बाटोमा पिसाब गरिरहेको देखे । ऊ पिसाब गरिसक्ला र अघि बढौंला भन्ने सुरमा थिए राजा, तर त्यो व्यक्तिले घन्टौंसम्म पनि पिसाब फेरेको फेर्‍यै गरेपछि राजाले टाढैबाट आफू आएको जनाउ दिए-ओ कमपिसाबी ( थोरै पिसाब गर्ने मान्छे) होइन, तिम्रो पिसाब गरेर सकिएन ?

कम पिसाबी हडबडाउँदै पिसाब फेर्न बन्द गर्‍यो र राजालाई अभिवादन गर्दै राजाको भ्रमणको उद्देश्य सम्बन्धमा सोध्यो । राजाले पनि उद्देश्य बताए । म पनि तँपाईको यात्रामा काम लाग्न सक्छु, मलाई पनि साथै लानुस् भनेर भन्यो र कमपेसाबीलाई राजाले घोडा पछाडि बसाए ।

चार जना घोडामा सवार भई अघि बढे । घोडा न भोकाओस भनेर राजाले घोडाको पिठ्यूँ थपथपाइरहे । बाटोमा लमगोरवा (लामो खुट्टा भएको मान्छे) भेटियो । ऊ एक गोडा एउटा पहाडमा राखेर धान छर्दै थियो । राजाले ऊसँग पनि कुशलमंगल सोधे । लमगोरवाले राजाको भ्रमणबारे सोधनी गर्‍यो । राजाको भ्रमणबारे ज्ञात भएपछि उसले पनि राजासँग जाने बिन्ति बिसायो ।

कमखोद, कमदेख, कम पेसाबी, लमगोरवा अनि राजा गरी पाँच जना घोडामा बसेर अगाडि बढे । नकबिलरी पनि राजकुमारीको देशमा आइपुगिन् । नकबिलरी जिन्दगीदेखि यति उदास थिइन् कि कसैसँग पनि बोल्दैनथिन् ।

त्यस देशका राजाले जसले आफ्नी छोरीको बोली फुटाउन सक्छ, उसैसँग छोरीको बिहे गरिदिने घोषणा गरेका थिए । नाम नकबिलरी भए पनि उनी अति सुन्दर थिइन् । त्यसैले दुर दुरका राजकुमारहरू आए तर राजकुमारीसँगको दोहरो संवादमा असफल भई त्यहीं भष्म भएका थिए ।

गुलप्पन राजा सरासर नकबिलरी राजकुमारीको दरबारमा गए । बाटोमा भेटिएका आफ्ना चारै जना शुभचिन्तक मित्रलाई झिंगा बनाएर राजकुमारीले पहिरिएको गहनामा बसाले । एउटा झिंगा टिकुलीमा बस्यो, अर्को फुलीमा, त्यस्तै अरू दुई क्रमशः औंठी र पायलमा बसे ।

राजाले भने- ए टिकुली रानी, तिमी राजकुमारीसँग केही बातचित गर, अनि त यो सिङ्गै रात कट्ला ।

त्यस्तै क्रमशः अरू गहनामा बसेका झिँगाहरूलाई पनि कुरा गर्न अह्राए । गहनामा बसेका सबै झिँगाहरू एकै स्वरमा भन्न थाले-के भनौं, ए परदेशी राजा । यस्तो निर्दयीको शरीरमा फँसेका छौं । रातदिन हामीलाई लाएकोलायै गर्छिन्, कहिल्यै फुकाल्दिनन् ।

त्यसपछि राजमकुमारीले रिसाएर एक-एक गहना फुकाल्दै भनिन्-सबै गहनाले मलाई निर्दयी भन्छन, सबै फाल्दिन्छु, केही पनि लाउँदिन, लौ जा ।

सारा सहरमा हल्ला फैलियो । दुर देशका एक गुलप्पन नामका राजाले नकबिलरी राजकुमारीलाई बोल्न पठाए, हाम्रो राजकुमारीको अब बिहे हुने भो । उता राजकुमारीका पिता राजाले भने-यो कहाँको राजा हो, मेरी छोरीको बोली मात्रै फुटाएको छ । त्यसै त म योसँग आफ्नी छोरीको बिहे कहाँ गर्छु र ? मेरी छोरीको नौलखा हार इन्द्रासनपुरमा राखिएको छ, जसले त्यो ल्याउन सक्छ, उसैसँग मात्र त्यसको बिहे हुन्छ ।

गुलप्पन राजाले राजकुमारीको नौलखा हार इन्द्रासनपुरमा कहाँ राखिएको छ भनेर कमदेखलाई हेर्न भने । कमदेखले एक आँखा चिम्म गरेर हार राखेको ठाउँ पत्ता लगाएपछि लमगोरवालाई लिन पठाए । लमगोरवा पनि एक गोडा पृथ्वीमा र अर्को गोडा इन्द्रासनपुरीमा राख्यो र तुरन्तै ल्याइपुऱ्यायो ।

सारा सहरमा पुनः हल्ला फैलियो कि परदेशी राजाले एकैछिनमा नौलखा हार ल्याइ पुऱ्यायो, बडो वीर राजा रहेछ । उता नकबिलरी राजकुमारीका पिताले अर्को परीक्षा लिँदै भनेछन्- यतिले मात्र हुँदैन । मैले जहाँसम्म नाप्छु, त्यहाँसम्म ठुलो तलाउ खन्न सक्नेलाई म आफ्नी छोरी दिनेछु ।

गुलप्पन राजाले कमखोदलाई तलाउ खन्न अह्राए । हेर्दाहेर्दै राजाले नापेको स्थानमा विशाल तलाउ कमखोदले खनिदियो । त्यो देशको राजाले पुनः भने-खालि तलाउको के काम ? यो तलाउमा जसले पिसाब गरेर टनाटन भराउन सक्छ, उसले मात्रै मेरी छोरीलाई लान पाउँछ ।

गुलप्पन राजाले कमपेसाबीलाई आदेश दिए । कमपेसाबीले पिसाब गरेर तलाउ टनाटन भरियो । पिसाब छचल्किएर सहर पनि जलमग्न हुन थालेपछि राजाले भने-भयो, भयो, मैले हारैं, तिमीले जित्यौ । मेरी छोरी तिमीलाई भई ।

राजाले धनदौलत, हात्तीघोडा, अन्य दाइजो दिई नकबिलरी राजकुमारीको बिदाई गरे तर गुलप्पन राजाले सबै दाइजो फिर्ता गर्दै भने-ससुरा महाराज, यी सबै सामान राख्नुस, मलाई हजुरकी छोरी भए पुग्छ ।

त्यसपछि आफ्ना सबै मित्रसहित गुलप्पन राजा नकबिलरी राजकुमारीलाई लिएर स्वदेश फर्किए । उनका मित्रहरू आ-आफ्नो घरतिर लागे । राजकुमारीलाई लिएर राजाचाहीँ सर्पराजको घरतिर लागे । राजाले आफूले ओढेको वरको रूख तलाउकिनारमा गाडे । त्यसैमा घोडालाई बाँधे अनि दुवै तलाउमा पसे ।

नकबिलरी राजकुमारीलाई देखेर सर्पराज औधी खुसी भए । उनले भने-नकबिलरी राजकुमारीको मुहार नहेर्दासम्म मेरो प्राण अडकिएको थियो । म बुढ्यौली अवस्थामा

छटपटाइरहेको थिएँ । उनको आगमनपछि अब मेरो सहज मृत्यु हुने भयो । यिनलाई रानी बनाएर राख्नु । यो मेरो राज्य पनि गुलप्पन राजा, तिम्रो भयो । यति भनेपछि गुलप्पन राजा विलुप्त भए ।

सारा पोखरीको पानी सुक्यो । सर्पराजको सुनैसुनको दरबार, सहर सबै गुलप्पन राजाको राज्यमा गाभियो । राजा आफ्नो देशमा पुग्दा प्रायः जनता बिरामी भएका पाए, कोही लंगडो , कोही अन्धो । उनीहरू राजा परदेश गएको शोकमा त्यस्तो भएका थिए । राजाको फिर्ती आगमनपछि दर्शनभेट पाउँदा उनीहरू पनि तन्दुरुष्ट भए । राजाले नकबिलरी राजकुमारीलाई अर्की रानी बनाएर राखे । सारा देशमा खुसीयालीको वर्षात  छायो ।

सुन्नेलाई सुनको माला

भन्नेलाई फुलको माला

यो कथा बैकुण्ठमा जाला्

भन्ने बेला खुरुखुरु आउला ॥

## ३.७ हस्तापान बोल्ता सुपारी कथा

यो लोककथा कैलाली जिल्लाको दुर्गौली गाविस-६ बस्ने नारायण चौधरीबाट सङ्कलन गरिएको हो । यो सामाजिक विषयसँग सम्बन्धित छ । यस कथामा लोभी राजा र साहसी रणपुतवाका गतिविधिहरू पाइन्छन् ।

### ३.७.१ मूलपाठ

एक देशमे एकठो राजा रहे, उ बहुत रोगी रहे । ऊ राजा देश विदेश तकके दवाई खा होइलरहे तब्बो ओकर रोग नाइ मेटाए । तब ओके जिन्गीसे निरास लागके मरे जाए लागल । जाते जाते बिरिया बीरखण्ड जंगलमे पुगल । उहाँ एक पेडके तरे, बैठल, जहाँ दुइठो हाँसराजा और हाँसरानी बैठत रहाँ । दुनु हाँसराजा हाँसरानी दिनभर चरके संझक उहे पेडेम आवा । ऊ दिन फिनु चरके संझक उहे पेडेम आके बैठलाँ तब दुनुझने बतुवाए लग्लाँ । हाँसराजा हाँसरानीसे पुछल - तुँ आज का खैलो तब हाँसरानी कहल-हमते आज बाह्रो व्यञ्जन खैली । तब हाँसरानी हाँसराजासे पुछल तु आज का खैलो ते हाँसराज कहे-हमते आज पहाडेमहे गैल रही उही जाके हिरामोती चुल्नी । बतुवाते बतुवाते हाँस राजा कहे लागल-हाँसरानी एकथो राजा दवाई करात करात मिच्छागइल । ओकर रोग नाई मेटाईल । उहीसे जिन्गीसे निरास होके जंगलेम मरे आइला । ऊ राजा हस्ता पान, बोल्ता सुपारी खालेत ते रोगसे छुटकारा पालेत ।

दुनु हाँसराजा, हाँसरानी बतुवात बाटा । तरेसे राजा सुने, ऊ बात सुनके राजाक जियक मन लागल । ओके रातभर निंद नाई परल । रात बितल, राजा फेन घरे आईल । घरे आके पानेक बीरा ठठवाके डुग्गी पिटाइल कि जे हँस्ता पान बोल्ता सुपारी लि आनि ऊ पानेक बिरा उठाए कहिके डुग्गी पिटागैल । राजक घर चारु दिशा ओरसे एकसे एक बडी बडी लोग जम्मा होइलाँ वकिन कौनो हिम्मत नाइ होइल पानेक बिरा उठाएक । तब उहे देशमे एकठो रणपुतवा बैठत रहे । ऊ रणपुतवा छेगडी चराए । उहो छेगडी चराएक छोडके राजाक दरवारमे गैल । जाके ऊ कुली हेरल, तमान बराबरा मनै कवकिन पानके विरा कौनो नाइ उठाइल देखके ऊ जाके पानके बिरा उठाइल । उठाके खाएलागल । कुली मनै जिल परगैला, पानके बिरा खाके राके एक बिन्ती चढाइल  । राजा साहेब हमते हस्तापान बोल्ता सुपारी लेहेते जाब वकिन छ महिनाके हम्मे खर्च और ६ महिना समय चाही । राजा मञ्जुर होइल, तब रणपुतवा ६ महिनाक बखरा खर्च लेके हस्तापान, बोल्ता सुपारी लेहे जाए लागैल ।

जइते जइते एको दुर देशमे पुगल । रात परल, रात बिताएक ऊ एक झेपडीम पुगल । तब उ रो बास ते पाइल वकिन उ घरमे आज खुसी फिन और रुवाबासी फिन दुनु रहे । काहेसे उ देशमे चारठो राक्षस रहाँ । उ सबे प्रत्येक दिन एकठो लास ओ एको जिते मनै खाँवा । उहिकमारे कुलिहिनके घरे पाली लागल रहे । उहीसे उ रोज उहे घरेक बेटउवाक पाली रहे,

उहेरोज नेनहर कैके पतोहिया भित्रयाइले रहाँ । बेटवाक राक्षसके आहार बन्ना दुःखेक बात । नयाँ पतोहिता घरे भित्रयइना दिन खुसीक रहे ।

तब रणपुतवा कहे तोहरे दुःख नमान । आज राक्षसके आहारा बने  हम जाब वकिन हम जैसे जैसे कहब बैसे करेक परी । ओकर बात सुनके ऊ घरेक मनै बहुत खुसी होइला और रणपुतवक कहल बमौजे मुर्दा लेके घाटमे गैलाँ । और रणपुतवक कहल बमौजे मुर्दाक खटीयाक तरे एकठ गडहा रणपुतवक नुमाएक बखरा बना देहलाँ । रणपुतवा उहे गडहम लुका गैल और ओकर उपरेसे मुर्दाक खटीया धे देहलाँ । रात परल राक्षस अपन आहार खाएक मारे अइलाँ ते देखटाँ मुर्दा भर । तब ओकरे रिसिइलाँ । रिसके मारे कहलाँ आु यी मुर्दा नाई खाएक । खाके काकरे, हमहन अक्को कोनवाँ नाई भरी, बिहान राजासे बतुवायक काकरेक दुसर मनै नाई पठैले बा । ऊ रो राक्षसवे मुर्दा नाइ खाइलाँ । उहे मुर्दवक रखाके बैठलाँ तब चारु राक्षसवे बतुवाए लग्लाँ ओकहन चारु भ्रन लगे एक एको सामान रहे चक्कु, बेना तुम्मा, फूला । तब चक्कु होइल रक्षसवासे बाँकी तिन रक्षसबे पुछताँ तु चक्कु काहे लेहलेटा मिता तब चक्कु लेहल्की रक्षसवा कहे । यी चुक्क हम काकरे लेहलेटी ? हम यी चक्कूवक चाहेके काटेक कहिदेव ओके काटीके आई ।

तब दुसरकी रक्षसवासे फिन पुछलाँ तु बेना काहे लेहलेटाँ तब ऊ कहे -हम चहे जहाँ जाब, राह नाई रहि ते बेनवासे कहिदेबकी बेना राह बना ते ऊ हौकते जाई और आगे चोहजथी पेडपालो परी काटत राह बनात जायी । तब तिसर रक्षसवासे पुछलाँ, तु तुम्मा काहे लेहलेटा ते उ कहे हक चहे जाहँ जाब नदीम केतना धेर बाढ आई ते यी तुम्मक पेनीसे पानी ठठाके कहिदेब कि ए तुम्मा पानी सोखते, कुली पानी सोखलेइ तब चौथो रक्षसवासे पुछलाँ ए मिता त काहे फुला लेहलेटा ते उ कहे कि यी फूला परल मुर्दाक पिसके पियादेवा ते राम राम कहते उठजाई । यिहे कुल बात बटुवाके चारु रक्षकवे निनागैला ।

तब रणपुतवा उठके रक्षसवक चक्कु खोजे लागल । चक्कु भेटाइलते उ कहे लागल ए चक्कु तु केकर ते ? उ चक्कुवा कहे-तोहार । तब रणपुतवा कहे-तब जावा सुतलटाँ ऊ चारु रक्षसवनके काटके आए तब चक्कुवा जाके चारु रक्षसवनके काट देहल । काटवटके चक्कुवा रणपुतवा लग आइल तब रणपुतवा रक्षसवक फुलवा हाली हाली पिसके मुर्दवक पिया देहल । मुर्दवा राम राम कहिके उठ्गैल तब दुनुभ्रने मुर्दवा गाउँ ओर आइलाँ । गावँम आइलाँते कुलिअनेर खुशियाली छाइल । सबभ्रने रणपुतवक स्थाबासी देहलाँ । सब भ्रनके प्यारो होके रणपुतवा चक्कु तुम्मा, बेना लेके हस्तापान बोल्ता सुपारी लेहे जाए लागल ।

जाते जाते एकदम बडी बिरीया बीरखण्ड जंगल पुगल । उहाँ जंगलमे रणपुतवक रहीया विसरगैल, कुली ओर घनघोर जंगल रहे । चाहे जेहोर जाए एक्के देखे । तब उ उहे राक्षसके बेनाक सहारा लेहल । उ बेनासे कहल-बेना तु हाँकते जावा और पेड काटके राह बनावा । बेना रणपुतवक अडर पाके आगे राह बनात जाए । पाछे पाछे रणपुतवा नेंगत जाए । जंगलके पेडपालो कटत देखके वस्नपति निकरला । तब रणपुतवासे कहे लगलाँ - तु काहे पेडपालो कुलिकाटके गिरादेत बाटो । कुल पेड कटि जाइते हक कहाँ रहब । तब रणपुतवा कहे- हक रहिया हेरागइल बाटी । तब वनस्पति कहे लगलाँ-यी पेड न काटो हक रहीया बतादेब । तब पेडपाली नकाट कहिके रणपुतवा बेनक कहल ते बेना रणपुवक अडरपाके बेना पेड कटना कार्य रोक देहल । वनस्पति माता रणपुतवक रहिया बता देहलाँ । रहिया देखके रणपुतवा वनस्पति माताक धन्यवाद देके जाए लागल ।

जाते जाते हरियाते कहुनाई बिसरल वकिन रहियाम बहुतबडी नदी रहे । उ नदीमहे एकदम घेर बाढ रहे तब रणपुतवा तुम्माक सहारा लेहल । तुम्मा पानीम ठठाके कहल, ए तुम्मा पानी सोखले ते पानी सुखागैल । तब गंगा माता निकरके कहलाँ तु नदीमेके पानी त सुखुवा । जा मंगबे उ देव । तब रणपुतवा कहे- तब हस्तापान बोल्ता सुपारीक ठेकाना बतादा । तब गंगा माई कहे लग्लाँ, तु उहाँ जाए नाई सेकब । हस्तापान बोल्ता सुपारी लग जे जाई ओके रक्षसवे खा लेही । तब रणपुतवा कहे लागल - हम्मे चाहे खैही चाहे बचैही, हम हस्पतापन बोल्टा सुपारी लेहे बिना गैले नाई छोडब । यी बात सुनके गंगा माई एक जुक्ति निकरलाँ और कहलाँ- ऐ

रणपुतवा हम उडन्त खटोला देव । उडन्त खटोला उही लैजाके उतारी जहाँ हस्तापान, बोल्ला सुपारी बाटाँ । तु उहाँ जैते साइत हस्तापान बोल्ता सुपारीक पाँचपाँच चुट्की सेनुर लगा दिहे ।

तब रणपुतवा उडन्त खटोलम बैठके गैल । जाके पाँच पाँच चुट्की सेनुर लगा देहल तैसे रक्षसवे चलि अइलाँ । तब रणपुतकवक खाए खाए करे लग्लाँ । तब हस्ता पान बोल्ता सुपारी कहे लग्लाँ - तोहरो राक्षस होला, हमहन विवाह करेक परत ते कहाँ जैता छौका खोजे । यी हमहनके विवाह कै लेहलाँ ते का होइल । आखिर एक रोज विवाह करेक परबे करत । अब यी हमहन बिहल परिवार हो गैलाँ । तब राक्षसवे रणपुतक दमाद मान लेहनाँ ।

कुछ दिन रणपुतवा उही रहल । ओके घरे जाएक मन लागल तब कहे लागल अब घरे जाब । तब राक्षसवे पठएना घोडम लावा लस्कर जाएलागल । आपन गावँम पुगलते कुलीझन देखके चकित परगैला । हस्तापान बोल्ता सुपारी रणपुतवा लि आनल कहिके । राजा पत्ता पाइल तब बिहान होइते राजाक दुत हस्तापान बोल्ता सुपारी लेहे चली अइलाँ । तब हस्तापान हाँसे लागल ते मुहे ओरसे पानेक बीरा गिरे लागल । हस्तापान बोल्ता सुपारी लेके राजक दुतँवे राजाक घरे गईला । राजा हस्तापान बोल्ता सुपारी खाके सारा रोगसे मुक्त हो गइल ।

यहोर रणपुतवा घर बनैना जगुही मागे गैलते राजा कहे-उहे डँङरहवम जाके घर बनाले । तब रणपुतवा सोचाईल घरे आइल । घरे आके कहे, राजा उहे हड्डी गोड्डी फेकलाँ उही देहले वा कौन बनाएक घर । हसपान, बोल्तासुपारी कहाँ-कुछु चिन्ता नाई मानेक परी । घर उही बनाएक । राते भरीम हस्तापान बोल्ता सुपारी कुलहिन सुमीरलाँ, महल तयार होगैल । गाउँमहे मनै अयना जयना ते चल्ते रहे । कुली झन रणपुतवक दुल्हीनीनके देखके अचम्मे परजाँवा । ओकरे यतना सुग्घर रहँ । यिहे क्रममे नौवा, बभना फिन देखले रहाँ और जाके ती बात राजक कहलाँ कि राजासाहब रणपुतक दुल्हीनीया त आपके रानी बने लायक बाटाँ । आप ओकहन लि आनल जा । राजा फिन ओकहन बात मान गैल और ओकर जन्नी लिअनता जुक्ति सोचे लाग्लाँ ।

नौवा वभना कहटाँ रणपुतवा जिते रही तबतक लि आन्के नाई सेकजाई । रणपुतक बाघेक दूध लेहे पठा देहलजा । दुध लेहे जाईते बघवा खालेइ । तब राजा रणपुतवक बाघेक दुध लेहे पठाइल । रणपुतवा सोचा गैल, घरे आके बतुवाए लागल तब दुनु हस्तापान ओ बोल्ता सुपारी कहेलग्लाँ - जावा कुछनाई होई । रणपुतवा बाघेक दुध लेहे घोडम चढके जाएलागल । जंगलमे पुगल ते उहाँ आगी लागल रहे । उहे आगिक विच्चेम बाघेक दुइठो बच्चा रहाँ । रणपुतवा घोडा दौडाके आगिक बिच्चेम जाके दुनु बाघेक बच्चनके निकारके बहरे लि आनल । तब ओकरे सुरक्षित होइलाँ ।

संझक बघवा बघिनीया बच्चा लगे आइलाँ । आके बघिनीया अपन दुध पियाए मारे बच्चन लगे गैल ते बच्चवे दुधवे नाई पिएलग्लाँ । बघवा बघिनीया कहेलग्लाँ हमहन बच दुध काहे नाई पियात बाटा । उ मैनया कुछु कैले बा । तब बघवा, बघिनीया रणपुतवक काटेक मोर जाए लग्लाँ । बच्चवे कहलाँ, खबरदार ताहरे उ मनैक कुछ ना करे । उ आज हमहनके अगिमेसे बचैले वा ज जथी कही तोहनके देहेकपरी । तब बल्ले हमरे तोहनके दूध पियक । तब बघवा बघिनीया रणपुतवासे माफै मगलाँ और कहलाँ - तु काकरे आइलटा । तोहार कौन चीजके कमी वा रणपुतवा कहे-हम्मेक राजा साहेब बघिनके दुध लेहे पठइलेटाँ । बघिनीया कहे दुध लेहे आइल बाटा ते डोग लोटा अब्बे भर जाई तब बघवा कहेलागल तु दुध भर लैजैबाटे केहुनाई पतियाई । तब उ बाघेक बच्चा और दुध लेके घरे आइल । कुली ओर हल्ला होइल रणपुतवा बाघेक दुध लेहे गइल रहेते दूध और बाघेक बच्चाफिन संघरी लियानले बा । दुध राजाक घर पुगादेहल । उ दुध देखके नौवा, बभना और राजा एकदम चिन्तम डुम गैलाँ । अब दुसर जुक्ति सोचेक परल ।

नौवा बझना जुक्ति सोचत सोचत एक जुक्ति निकरलाँ तब राजासे कहलाँ राजा साहेब अबसीक जुक्ति हार नाई खाइ । रणपुतवक सात समुन्दर पार एकठो पिपरके पेडेम एक्के पाता बा । उहाँ राक्षस बाटाँ, उहे पिपरके पाता लेहे पठाइल जा । उ पहिले ते समुन्दर पार करे कर्ना सेकी, कैसो जैसो करी तब्बो रक्षसवा ओके नाई बचइहे । राजा रणपुतवक हुकुम देहल । रणपुतवा त सात समुन्दर पार कै के एक पिपरके पेडेम एक्केठो पाता बा । उ पाता लिअन्बेते हस्तापान,

बोल्ता सुपारी तोर नै ते हमार । रणपुतवक चिन्ता लागल । घरे आके जनिवनसे कहल, तब दुनु भ्फने कहेलग्ला, न चिन्ता करा कुछु नाई होइ त जावा पिपरके पाता लान्दा । रणपुतवा उडन्त खटोलामहे बैठके पिपरके पाता लहे दुनु बाघेक बच्चा लेहले जाए लागल । सात समुन्दर पारकैके जहाँ पिपर रहे उही जाके उडन्त खटोला रुकल तब रणपुतवा पिपरके पाता लेहे पेडवम चढे लागल । राक्षसवे खैही खैही करेलग्ला तब रणपुतवा कहे-हम्मे अभिन न खावा हम ऊ पिपरके पाता टुरके उतरब तब तोहारे हम्मे खाए चहे बचाए । तब राक्षसवा मुह बाइल ते बाघेक बच्चवे जाके उ रक्षसवक मुह दुनु ओरसे चिर देहलाँ तब कुलि राक्षस डेरागैलाँ, डेरके मारे काँपे लाग्लाँ ।

रणपुतवा कहे लागल-अब तोहरे यी पिपरके पाता पेड सुद्धे उखाडके राक घर पुगादा । रक्षसवे हार मानके पिपर उखाडके राक दुवारीम लैनाके धै आइला । पेड देखके राजा सहित सब चकित परगैलाँ । ओकहन जुक्ति फिन फेलन हो गैल । कुली चिन्तम परगैलाँ । फिन जुक्ति सोचे लगलाँ । तब नौवा बभना फिन एक जुक्ति निकरलाँ कहे लगलाँ राजा साहेब रणपुतवक बोलाई । रणपुतक बोलाके कहल तुँ स्वर्गम जा । उहाँ जाके हमार आजा पुर्खक का दुःख बा बुभ्फके आ । स्वर्गमसे हालखबर बुभ्फके अइबेते हस्तापान बोल्ता सुपारी तोर नैते हमार । रणपुतवा कहल-होजाई राजा साहब हम्मे ६ महिना समय और खर्चा देहेक परी रणपुतवा समय और खर्च लेके आइल । घरे आके कुल बात बतुवाइल उहेरोजसे रणपुतवा अपन घरके तरे तरे सुरुङ खोने लागल । उ सुरुङ दुसर देशमे जाके निकरे । रणपुतवा दिन भर उहे सुरुङके राहीसे दुसर देशमे जाए, रेडे, घुमे, संभ्फक अपन घरे आए उहे क्रममे ६ महिना बितल ।

रणपुतवा यिहे क्रमम आपन दाह्री मोछ नाई खौरले रहे । मोछ ते बडी बडी हो गैल रहे । राजाक घरे गइल । सबभ्फन रणपुतवा स्वर्गमेसे आइल कहिके जिल्ल परगैला । तब जाके राजासे बिन्ती चढाईल, राजा साहब आपके आजा पुर्खक स्वर्गम बहुत सुख वा एक्के चिजके कमी वा ऊ हो जाउ ओर बाभन । जाउ नाई होके दाह्री मोछ नाई कटवाए सेकटा और बाभन नाइहोके कथा भागवत सुने नाई पातबाटाँ । उहीक मारे कहलेबाटाँ राजासे कहिदिहे एक नाउ और बामन पठाएक तब सारा सुख हमहनके मिले लागी । तब रजवा कहे तब का होइल यिही बाटाँ नाउ, बाभन । यकरहीन चल जैहे तब नौवा बभना स्वर्गम जाएक कही बहुत खुसी होइला । राजा स्वर्गम जैना राइ रणपुतवासे पुछल ते रणपुतवा चिता जोरके नौवा बभनक सुताएक कहल । सुताके आगी लगाएक आदेश देहल और कुलि भ्फनसे कहल हेर नौवा बभना उहे धुवाँ जाता सबसे पहिलेक धुवा संघे स्वर्गम जाए लग्लाँ । कुलि भ्फन उपरे हेरेलग्लाँ तरे चिताम नौवा बभना जरके राखी हो गैलाँ । त बल्ले राजाक जुक्ति देहेइया मनै ओरइल, रणपुतवा आरामसे बैठे पाइल ।

अत्रा हो बात अत्रै हो चित
हँसिया लेबो कि बेंट
बेंट
तोहार मोर सध्यें हुइ भेंट ।

स्रोत : नारायण चौधरी दुर्गौली ६ कैलाली

### ३.७.२ नेपाली अनुवाद

एक देशमा राजा थिए । उनी दिर्घ रोगी थिए । देशविदेशका कुनै औषधिले पनि उनलाई छुन सकेको थिएन । उनी जिन्दगीदेखि निराश भएर एकदिन मर्ने विचारले घरबाट निस्के ।

जाँदाजाँदै ती राजा बिरीया बीरखण्ड जंगलमा पुगेछन् । राति एउटा रूखको ओत लाग्दै कसरी मर्ने भनी आँखा चिम्लिएर ध्यानमग्न भई बसेछन् । त्यही रूखको छेउमा एक हाँसराज र हाँसरानी ओथारो बनाएर बसेका थिए । दिनभर आहार खोज्ने र साँझ उनीहरू त्यही ओथरोमा ओत लाग्न आइपुग्थे । अनि दिनभरिका घटनाको कुराकानी गर्दै सुखनिद्रा सुत्थे ।

त्यो दिन पनि दुवै भाले-पोथी कुराकानी गर्न थाले । हाँस राजले सोधे-आज तिमीले के खायौ ।

मैले त आज बाह्र व्यञ्जन खाएँ । हजुरले नि के ज्यूनार गर्नुभो ?

म त आज पर्वतको शिखरमा पुगेको थिएँ, हीरामोती खाएँ ।

अँ, मोती त समुद्रको पिंधमा हुन्छ, खुब खानुभयो होला नि ।

ल यो कुरा छाड, म तिमीलाई अर्कै कुरा सुनाउँछु, हाँसराजले भन्यो-एकजना राजा औषधी गराउँदा गराउँदै निको नभएर दिक्क भइसके । त्यसैले उनी जिन्दगीदेखि निराश भएर मर्नलाई घरबाट निस्किएका छन् । यदि तिनले हस्तापान ( हाँस्नेपान) र बोल्ता सुपारी ( बोल्ने सुपारी ) खाएमा उनी आफ्नो दीर्घरोगबाट छुट्कारा पाउने थिए । खै यो कुरा उनलाई कसैले नभने जस्तो छ ।

हाँसराजा र हाँसरानीको त्यस्तो कुराकानी सुनेर राजालाई बाँच्न मन लाग्यो । कसै न कसैले त्यस्तो पान र सुपारी ल्याएर ख्वाए मेरो रोग निको हुन्छ कि त । यस्तै सोच्दै उनी बिहान भएपछि दरबार फर्किए ।

राजाले भारदारहरूलाई घोषणा गर्न पठाए कि जसले हाँस्ने पान र बोल्ने सुपारी ल्याएर हाम्रा राजासमक्ष हाजिर गराउन सक्छ त्यसलाई ठुलो धनराशीको इनाम दिइनेछ । यदि खोजीका लागि कोही राजी छ भने दरबारमा बनाइएको पान खाओस् र खोजीमा हिँडोस् ।

आजसम्म कसैले पनि त्यस्तो हाँस्ने पान र बोल्ने सुपारीको बारेमा सुनेको थिएन, त्यसैले कोही अघि सर्न सकेन । सोही सहरमा एक गरीब परिवारको रणपुतवा नामक व्यक्ति थियो । ऊ दिनभरि आफ्ना केही बाखा चराउँथ्यो । त्यस्तो हल्ला सुनेपछि ऊ पनि दरबारतिर हिँड्यो ।

दरबारमा पुग्दा ठुल्ठुला व्यक्तित्वहरू उपस्थित भए पनि कसैले दरबारको पानको बिंडा उठाएर खान सकेन । रणपुतवाले सरासर गएर पानको बिंडा उठाएर खायो । सबै अचम्ममा परे । रणपुतवाले राजासमक्ष बिन्ति गऱ्यो-राजा साहेब, म हाँस्ने पान र बोल्ने सुपारी लिन त जाउँला तर त्यसका लागि मलाई ६ महिनाको समय चाहिन्छ र यात्राका लागि खर्च पनि ।

राजा खर्चको लागि मन्जुर नहुने कुरै थिएन । खर्च, सामान बोकेर रणपुतवा हाँस्ने पान र बोल्ने सुपारीको खोजीमा हिँड्यो । निकै टाढाको गाउँमा पुगेपछि ऊ बास माग्न एक घरमा पस्यो । सो घरमा खुसी र दु:ख एकै पटक भित्रिएको थियो । खुसी यस मानेमा कि सो गाउँमा ४ जना राक्षसको जगजगी थियो । ती चारै जना राक्षसले प्रत्येक दिन एउटा मरेको लास र अर्को जिउँदै मान्छे खान्थे । त्यसैले प्रत्येक घरको पालो लागेको थियो । सो दिन रणपुतवा बास माग्न गएको घरका सदस्यहरूको राक्षसकहाँ जाने पालो परेको थियो ।

रणपुतवाले वास्तविकता थाहा पाएपछि भन्न थाल्यो-तँपाईहरू दु:ख नमान्नुस् । आज राक्षसको आहार बन्न म जान्छु तर मैले जस्तो भन्छु, तँपाईहरूले पनि त्यस्तै गर्नुपर्छ । रणपुतवाको भनाइले ती परिवारका सदस्यहरू निकै खुसी भए । उनीहरू रणपुतवाले भने अनुसार मुर्दा लिएर राक्षसहरू बस्ने मुर्दाघाटमा गए । खाल्डो खनियो, जहाँ रणपुतवा लुकेर बस्यो ।

माथिबाट छ्वाली हालेर अलि-अलि माटोसमेत राखियो । त्यसमाथि उत्तानो खाट अनि खाटमाथि मुर्दा राखियो ।

मध्यरातपछि चारै राक्षस आहाराका लागि त्यस ठाउँमा आए । तर मुर्दा मात्र देखेर उनीहरू धेरै रिसाए । भोली राजासँग कुरा गर्नुपर्छ, किन आज जिउँदो मान्छे नपठाएर मुर्दा मात्रै पठाइयो । आज जुन घरको यहाँ आउने पालो थियो, भोलि त्यो घरको दुई जनालाई खानुपर्छ । राक्षसमध्येको एकले भन्यो । बाँकी ३ जनाले त्यस कुरामा सही थापे ।

राक्षसमध्येको अगुवाले कुरा अन्तै मोड्यो-हामी चारै जनासँग एक, एक वटा सामान साथमा हुन्छ, चक्कु, पंखा, टुम्मा (सुकेको लौकाको कमण्डल) र फुल । चक्कु त आत्मरक्षाका लागि भईहाल्यो । बाँकी सामानले पनि कुनै खास काम लिन सकिन्छ कि ? यो रहस्य किन राख्ने ?

चक्कु बोकिराखेको राक्षसले भन्या-ठिक हो सरदार, रहस्य राख्नुहुन्न । यो कुनै लरतरो चक्कु होइन । मैले यसलाई हातमा लिएर जसलाई प्रहार गर्न भन्छु, त्यसलाई मारेर यो मैकहाँ फर्किन्छ । पंखावाला राक्षसले रहस्य खोल्यो-देख्नमा त यो साधारण पंखाझैं देखिन्छ तर यो पनि चक्कुभन्दा कम भने छैन । यदि अनकन्टार वनमा बाटो हरायो भने, मैले त्यो पंखालाई अर्डर मात्रै दिनुपर्छ । पंखा आफै हम्किदै जान्छ र चराचर रूख ढाल्दै बाटो बनाउँदै जान्छ ।

टुम्मा (कमण्डल) वाला राक्षसले गुह्य कुरा खोल्यो-यदि नदी, खोलामा ठुलो बाढी आयो, तर्न सकिएन भने मैले यो टुम्माको पिँध ठटाएर पानी सोस्नेभन्दा एकैछिनमा खोलाको पानी उसले सोस्न सक्छ । राक्षसको अगुवाले भन्यो-मेरो कोटको खल्तीमा राखिएको यो फुल पनि कुनै लर्तरो फुल होइन । यदि यसलाई पिसेर कसैलाई पिलाइदिएमा मरेको व्यक्ति पनि राम राम भन्दै उठ्छ । यस्तै आफू आफूले सँधै साथमा राख्ने सामानको चर्चा गर्दै चारै राक्षस निदाएछन् ।

सबै राक्षसहरू मस्त निदाएको थाहा पाएपछि रणपुतवा चाल मारेर उठ्यो । सुरूमा चक्कु खोज्न थाल्यो । चक्कु फेला परेपछि सोध्यो-ए चक्कु तेरो मालिक को ? चक्कुले पनि सहर्षका साथ उत्तर दियो-हजुर नै मेरो मालिक ।

'त्यसो भए जा, ती सुतेका चारै जना राक्षसलाई मारेर आइज' ! रणपुतवाले आदेश दिने बित्तिकै चक्कुले चारै जना राक्षसको काम तमासा गरिदियो र पुनः रणपुतवाकहाँ फर्कियो । रणपुतवाले त्यहाँ भएको फुल पिसेर मुर्दालाई पिलायो । मुर्दा पनि राम राम भन्दै उठ्यो । दुवै गाउँ फर्किए । फर्किंदा टुम्मा र पंखा साथमा ल्याउन रणपुतवाले भुलेन ।

सारा गाउँ सहरमा खुसीयाली छायो । सबैले रणपुतवालाई उसले राक्षसहरूबाट सँधैको लागि छुटकारा दिलाएकोमा मुरी-मुरी धन्यवाद दिए । रणपुतवासँग समय थिएन, त्यसैले ऊ हाँस्ने पान र बोल्ने सुपारीको खोजीमा पुनः यात्रा थाल्यो ।

जाँदाजाँदै निकै घना विशाल वीरखण्ड जंगलमा रणपुतवा पुग्यो । जता गए पनि दिउँसै अँध्यारोझैं त्यहाँको दृश्य देखियो, उसले बाटोभुल्यो । उसलाई हठात राक्षसको पंखाको सम्झना भयो, जो उसको साथैमा थियो । पंखाले उसको आदेश पाएर एक-एक गरी रूख काटन थालेपछि वनस्पति माता निस्किइन । उनले भन्न थालिन्-तिमी को हौ , किन यसरी रूख काटेको ?

रणपुतवाले भन्यो-म बाटो हराएको बटुवा हुँ । बाटो हराएकोले बाटो बनाउन यसरी रूख काटदै छु । वनस्पति माताले बाटो देखाइदिने भनेपछि रणपुतवाले पंखालाई रोक्यो । वनस्पति माताले सिकाएको बाटो अनुसार रणपुतवा अघि बढ्यो । बिच बाटोमा एउटा ठुलो नदी आइपऱ्यो । उसले (टुम्मा -कमण्डल) ठटायो र ए टुम्मा नदीको सबै पानी सोस भन्ने बित्तिकै नदी पुरै सुक्न लाग्यो ।

पानी सुक्न थालेपछि गंगा माताले बिलौना गर्न थालिन्- ए मान्छे, यसरी पानी किन सुकाउँछौ, पानी नसुकाउ बरू तिमीले जे भन्छौ पुरा गरिदिउँला । रणपुतवाले आफू हाँस्ने पान र बोल्ने सुपारी लिन हिँडयो र तिनीहरूको ठेगाना बताइदिन भन्यो ।

गंगा माताले भनिन्-उनीहरूको ख्याल तिमीले आफ्नो मनबाट निकाली देऊ । उनीहरूको सामुन्ने पर्नेबित्तिकै तिमीलाई राक्षसहरूले एकै गाँस पार्नेछन् । तर रणपुतवा त उनीहरूलाई लिनै भनेर आएको थियो, त्यसैले मरे मर्छु , ठेगाना चाहिँ बताइ दिनुपर्‍यो भनेर जिद्दी गर्न थाल्यो ।

गंगामाताले सहानुभूति दर्शाइन्-तिम्रो त्यस्तै इच्छा छ भने म तिम्रो लागि उडनखटौला बनाइदिन्छु । तिमी खटौलामा बसेपछि यो त्यहीं रोकिनेछ । जहाँ हाँस्ने पान र बोल्ने सुपारीको बसोबास छ, तिमी त्यहाँ पुग्नासाथ दुबैको मागमा पाँच-पाँच चिम्टी सिन्दुर लगाइदिनु ।

गंगामाताले रणपुतवाको यााात्रालाई धेरै हल्का पारिदिइन् । उनले भनेबमोजिम उडनखटौलाबाट झर्नेबित्तिकै उसले दुई सुन्दर युवतीलाई फेला पार्‍यो । समय खेर नफाली उसले गोजीबाट बट्टाको सिन्दुर झिकेर दुवैको मांगमा भरिदियो ।

एकैछिन्मा त्यहाँ राक्षसहरू पनि प्रकट भए । उनीहरूले रणपुतवालाई खाउँ खाउँ गर्न थाले । राक्षसहरूलाई रोक्दै हाँस्ने पान र बोल्ने सुपारी दुवैले भन्न थाले-तिमीहरू त राक्षस हौ, यदि हाम्रो विवाह गर्नु पर्थ्यो भने केटा खोज्न कहाँ जान्थ्यो ? आखिर एकदिन त हाम्रो विवाह गर्नैपर्थ्यो भने केटा खोज्न कहाँ जान्थ्यौ ? आखिर एकदिन त हाम्रो विवाह गर्नै पर्थ्यो । त्यसैले यिनलाई नखाऊ । यी हाम्रा पतिदेव भइसके । त्यसपछि राक्षसहरूलाई पनि रणपुतवालाई ज्वाँइ मान्न करै लाग्यो ।

वास्तवमा हाँस्ने पान र बोल्ने सुपारीका सारा परिवारलाई मारे पनि राक्षसले ती दुईलाई छोरी बनाएर पालेर राखेका थिए । केही दिन रणपुतवा त्यहीँ बस्यो । उसले आफ्नो राजासँग मागेको ६ महिनाको म्याद पुग्न थालेकोले ऊ त्यहाँबाट बिदा हुन चाह्यो । राक्षसहरूले पनि हाँस्ने पान र बोल्ने सुपारीलाई उसको जिम्मा लगाई तथा हात्ती-घोडा, सुन-चाँदी आदि दिएर बिदा दिए ।

रणपुतवा दुवैलाई लिएर दरबारमा हाजिर भयो । राजासँग दुवैको परिचय गरायो । बोल्ने सुपारी बोल्न थालिन, राजाको हालखबर सोध्न थालिन् । राजा र बोल्ने सुपारीको संवाद सुनेर हाँस्ने पान पनि हाँस्न थाल्यो । राजाले त्यही पान सेवन गरेपछि उनको दीर्घरोग क्षणभरमै निको भयो । उनी तन्दुरूस्त जवान देखिए । आफूलाई नयाँ जीवन दिएकोमा रणपुतवालाई धन्यवाद दिए र कबोल गरे अनुसार धेरै धनसम्पत्ति पनि दिए ।

रणपुतवा हाँस्ने पान र बोल्ने सुपारी दुई श्रीमतीका साथ सुखी जिन्दगी बिताउन थाल्यो । कुनै दिन बाख्रा चराउने रणपुतवा अब भाग्य उल्टिएर उसको आँगनमा हात्ती-घोडा देखिन थाले । रणपुतवाको श्रीसम्पतीभन्दा पनि राजको रोग निको पार्न ल्याइएका उसको दुई श्रीमतीमाथि सबैका आँखा पर्थे । उनीहरू यति सुन्दर थिए कि नलोभिने कोही थिएन ।

यसै क्रममा राजाको कपाल काटने नाई र पूजापाठ गर्ने ब्राह्मण पुरोहितले पनि ती दुईको रूपको बखान गर्दै राजालाई उस्काउन थाले- राजा साहेब, हजुरको उपचारका लागि ल्याइएका रणपुतवाका दुई श्रीमती हाँस्ने पान र बोल्ने सुपारी त हजुरका रानी हुन लायकका छन् । हजुरको उपचारका लागि तिनीहरू ल्याइएकाले असली हक त हजुरकै लाग्छ ।

नाई र पुरोहितको कुरामा मख्ख परेर राजा पनि ती दुईलाई रानी बनाउने दाउ हेर्न थाले । नाई र पुरोहितले राजालाई सल्लाह दिए-रणपुतवालाई हजुरले बघिनीको दूध लिन पठाउनोस् । दुध लिन जाँदा बाघले एकै गाँस पार्नेछ त्यसपछि हाँस्ने पान र बोल्ने सुपारी सँधैको लागि हजुरका हुनेछन् । राजाले रणपुतवालाई दरबारमा बोलाएर त्यस्तै आदेश दिएछन् । रणपुतवा चिन्तामग्न भएर घर फर्कियो । उसका दुवै श्रीमतीले ढाडस दिए-केही हुन्न, ईश्वर दाहिने भए कसैको केही लाग्दैन । हजुर यात्रा थाल्नोस, हजुरको यात्रा पूर्ण सफल हुनेछ ।

रणपुतवा बिच जंगलमा पुग्दा त्यहाँ एक ठाउँमा आगो लागेको देख्यो । नियालेर हेर्दा बाघका दुई डमरू आगोको बिचमा फँसेका थिए । रणपुतवा आफू सवार घोडा दौडाएर दुवै डमरूलाई सुरक्षित बाहिर ल्याउन सफल भयो ।

साँझ बाघ-बघिनी बासस्थान फर्किँदा त्यहाँ आगलागी भएको पाए । तर आफ्ना बच्चा डमरूहरू सुरक्षित भएको देख्दा उनीहरू औधी खुसी भए । डमरूहरूले मान्छेले आफूहरूलाई बचाएको भनेपछि बाघ-बघिनी आफ्ना बच्चाको ज्यान जोगाउने मान्छेको खोजी गर्न थाले । रणपुतवा थकाइले छेउकै रूखको आडमा विश्राम गरिरहेको थियो ।

बाघ-बघिनीले उसलाई फेला पारेपछि सोध्न थाले-तिमी कहाँ जान हिँड्यौ, मनुष्य । के कति काम पर्‍यो ? रणपुतवाले आफू राजाको लागि बघिनीको दुध लिन आएको बतायो । बघिनीले खुसीसाथ लोटामा भरेर दुध दिई । बाघले भन्यो-तिमीले दुध मात्रै लग्यो भने त कसैले पनि पत्याउँदैन, त्यसैले यी डमरूलाई पनि सँगै लैजाऊ अनि मात्रै पत्यार हुन्छ । आखिर तिमीले नबचाएको भए यिनीहरू मरिसक्ने थियो । तिम्रै काम सकिएपछि यिनीहरूलाई फर्काइदिनु ।

रणपुतवा बघिनीको दुध लिएर डमरूसहित फर्कियो । सारा सहरमा हल्ला फैलियो कि रणपुतवाले बघिनीको दुध ल्याएर फर्कियो । साथमा डमरू पनि ल्याएको छ । रणपुतवाले दुध दरबारमा पुर्‍याइदियो । उसको त्यो सफलता पछि नाई र ब्राह्मण चिन्तामा परे । राजालाई रणपुतवाकी श्रीमती कसरी फुत्काउने भनेर उनीहरू नयाँ जुक्ति सोच्न थाले । नाई र ब्राम्हण दुवैले राजासमक्ष बिन्ति बिसाए- । राजा साहेब, सात समुन्द्रपारि एउटा पिपलको रूख छ जसमा एउटै मात्र पात छ । रणपुतवालाई त्यही पात ल्याउन भन्नुस् । सुरूमा त उसले सात समुन्द्र पार गर्नै सक्दैन । पौडिन नसकेर समुद्रमा उसको मृत्यु  हुनेछ । कथंम कदाचित पार गरेर गए पनि पीपलको रखवारी गर्ने राक्षसहरूको ऊ अवश्य आहार बन्नेछ । त्यसपछि हाँस्ने पान र बोल्ने सुपारी दुवै सुन्दरी हजुरको ।

त्यसपछि नाई र ब्राह्मणका जुक्ति अनुसार राजाले रणपुतवालाई सात समुद्रपारिको पीपलको पात लिएर आउन आदेश दिए । ऊ झोक्रिएर घर फर्कियो । उसका दुवै श्रीमतीले यसपालि पनि चिन्ता नगर्न भन्दै यात्राका लागि हाँसीखुसी साथ बिदा गरे । ऊ उडनखटोलामा बसेर दुइटै डमरूका साथ पीपलको पात लिन उड्यो । सात समुद्र पार गरेपछि पीपलको रूखछेउमै उड्नखटोला बसाल्यो । उसलाई राक्षसहरूले खाऊँ-खाऊँ गर्न थाले । उसले भन्यो-मलाई अझै नखाऊ, त्यो पात टिपेर फर्किएपछि मात्रै मलाई खानु ।

राक्षसहरू पनि खुसी नै थिए । आखिर यो मनुष्य यहाँबाट फर्किएर पक्कै जान सक्दैन, एकछिन् पर्खौं न त । पीपलको रूखमा रणपुतवा चढेपछि उडनखटौलामा लुकेर बसेका दुवै डमरूले राक्षसको अगुवालाई झम्टे । ऊ रणपुतवालाई खान भनेर मुख आँ गरेर बसिराखेको थियो । दुवै डमरूले राक्षसको दुवै गाला चिरिदिए । अगुवाको त्यो हालत देखेर अरू राक्षसहरू पनि डराउन थाले ।

रणपुतवा रूखबाट ओर्लिएर भन्यो-अब तिमीहरूलाई यो पीपलको रूखसहित मेरो राजाको दरबार पुर्‍याउनुपर्छ । राक्षसहरूले डरले सिङ्गै पिपलको रूख दरबारको आँगनमा ठड्याई दिए र राति नै टाप कसे । बिहान हुँदासम्म पनि दरबारमा झलमल्ल घाम नलागेको देखेर राजाले बाहिर हेर्दा त सिंगै रूख ठडिएको देखेछन् । छेउमा उभिएर रणपुतवा मुस्कुराइरहेको थियो । नाई र ब्राह्मणले सिकाएका यो जुक्ति पनि फेल भएको थियो ।

नाई र ब्राह्मणले राजालाई अर्को जुक्ति सिकाए-राजासाहेब, रणपुतवालाई स्वर्गमा पठाउनोस् र हाम्रा पिता-पुर्खाहरूको हालखबर ल्याउन भन्नोस् । ऊ स्वर्ग जाने बाटो कसरी पहिल्याउन सक्छ  र ? त्यसपछि त हाँस्ने पान र बोल्ने सुपारी हजुरका ।

राजाले रणपुतवालाई बोलाएर भने- जा, स्वर्गमा गएर मेरा पिता पुर्खाहरूको हालखबर बुझेर आइज । त्यहाँ पुगेर हालखबर बुझेर ल्याउन सकेनस् भने तेरा हाँस्ने पान र बोल्ने सुपारी मेरा हुनेछन् ।

रणपुतवा यसपालि चिन्तित भएन । कारण श्रीमतीहरूको मद्दतबाट यो समस्या पनि सजिलै दूर हुनेछ भन्ने उसलाई विश्वास भइसकेको थियो । ६ महिनाको समय मागेर ऊ राजासँग बिदा भयो । हाँस्ने पान र बोल्ने सुपारीले रणपुतवालाई सुरूङ खन्न सल्लाह दिए । उसलृ आफ्नो

गोप्यता भंग नहुने सर्तमा केही विश्वासिला मजदुरलाई काममा लगायो । दुई सातामै सुरूङ तयार भयो, जुन अर्को देशमा गएर निस्कन्थ्यो । रणपुतवा दिनभरि त्यो अपरिचित देशमा डुल्थ्यो, राति घर फर्किन्थ्यो ।

एवम् रितले ६ महिना बित्यो । रणपुतवाले त्यस बिचमा दाह्री जुंगा केही फालेन । ऊ दरबारमा राजासमक्ष हाजिर भयो । सबैजना रणपुतवा स्वर्गबाट आयो भनेर छक्क परे । उसले राजासमक्ष बिन्ति चढायो-सरकार स्वर्गमा अमनचयन छ, हजुरका पितापुर्खा पनि सबै आराम छन् । त्यहाँ दुई चीजको कमी छ, त्यो हो नाई र ब्राह्मण । यी हेर्नुस, मेरो कपाल, दाह्रीजुंगा कति बढेका । अनि ब्राह्मण पुरोहित नभएर भागवत कथा, पूजापाठ गर्न पनि समस्या छ । त्यसैले हजुरको पिताले भन्नुभएको छ कि छोरालाई भनेर नाई र ब्राह्मण पठाइदिनु अनि हामीलाई सुख मिल्नेछ ।

राजाले भने-त्यसको के चिन्ता भयो र । यी तिम्रै अगाडि लायकदार नाई र ब्राह्मण छन् । यी दुवैलाई पठाइदिउँला । उता नाई र ब्राह्मण पनि स्वर्गमा जान पाइयो भनेर निकै खुसी भए । राजाले रणपुतवासँग स्वर्ग जाने बाटो सोधे । उसले चिना बनाएर दुवैलाई राख्ने र त्यसमा आगो लगाइदिए उनीहरू स्वर्ग पुग्ने बतायो ।

त्यसै गरियो । जति आत्थाआह गरे पनि आगो लगाइएको चिताबाट नाई र ब्राह्मण भाग्न पाएनन् । रणपुतवाले माथि उडिरहेको धुँवा देखाउँदै राजालाई भन्यो-ऊ हेर्नुहोस, ती दुवै स्वर्गमा पुग्दै छन् । अब हजुरको पिताको माँग पूरा हुने भयो ।

यसरी राजालाई गलत सल्लाह दिने नाई र ब्राह्मण मरेपछि बल्ल रणपुतवा हाँस्ने पान बोल्ने सुपारीका साथ सुखपूर्वक जीवन बिताउन थाल्यो । राजाले पनि आफूलाई नयाँ जीवनदान दिने हाँस्ने पान र बोल्ने ससुपारी ती दुबै माथि गलत नियत राखेकोमा रणपुतवासँग क्षमा माग्यो । रणपुतवालाई सल्लाहकार बनाएर दरबारमा उचित सम्मान दिए ।

सुन्नेलाई सुनको माला

भन्नेलाई फुलको माला

यो कथा बैकुण्ठमा जाला

भन्ने बेला खुरू खुरूआउला ॥

## ३.८ बुधनी कथा

यो लोककथा कैलाली जिल्लाको कोटातुल्सीपुर गाविस-३ बस्ने मीना चौधरीबाट सङ्कलन गरिएको हो । यो नैतिक उपदेशात्मक विषयसँग सम्बन्धित छ । यस कथामा स्वार्थी राजा र चतुर केटीका क्रियाकलापहरू पाइन्छन् ।

### ३.८.१ मूलपाठ

बहुट बरस पहिले कौवाके एक जोडी थारवामेधारुवाा बरवार रुखुवाम बास बैठल करैं । दिनभर आहरक खोजमे निकरासे फेन दुनुजाने साँझ के उहे रुखुवम् लगाइल कोक्टामे आइह । एकदिन मेधारवा थरुवाकसँग कहल- मोर अण्डा पर्न समय आइगिल । तबेक मारे अब्बेक ठाउँसे बरहिया ठाउँमे कोक्टा लगाउ ताकि बयाल से अण्डा नफुटे ।

कौवा अपन बैठल से दुर अलग्गे कोक्टा उत्तरवर बनाइक सुरु करल । कागिनी विरोध जनाइन ए मुर्ख थरुवा उत्तरवरसे बहुत जोर से आँधी हुरी चलथ । उहर बनाइले से तो हमार कोक्टा कहोर जाइ कहोर ।

ओकरपाछे कौवा दखिन, पश्चिउ पुरुब सक्कु ओरसे क्रमशः कोक्टा बनके देखाइल लैकिन कागिनी सक्कु दिशामा खोट देखाइ । अन्तिममे कौवा रुखवक बिचो बिच ठाउँमा कोट्का बनाइल । तभुफेन कागिनी किहिन कोटका मन नाइपरल । कागिनी अण्डा पारल घोरे बैठल अउर अण्डामनसे बच्चा फेन हुइल ।

उहे समयमे औने बैठल ठाउँमे भुखभरी हुइल । बच्चान खवाइ, कौवा कागिनी किहिन समस्या हुइल । कागिनी कौवा सँग कली हजुर दुरसे आहरा खोजके ननो । बच्चन एक्केही ओस्तही नाइछोरक परल । मै यहरी काहूँ चाहरक जुगार करम  दुनु जनहनके सल्लाहसे कौवा चाहराक खोजीम उरती उरती बहुत दुर सहरमे पुगल ।

उरती उरती लखतरान परके उ एकथो रुखबाम बैठल । रुखाक तरे हेरल तो बहुत दाना पानी देखल । खाइना चिज फेला पारेक बहुत दिन पाछे भुखाइल कौवा ओहरी मजा मारे लगल । यहोर कागिनी आधा पेट खवाके फेन जैसिक तैसिक बच्चनके जीउ जोगाइलेरही । कागिनी बच्चान कहल- तुहुन बाबा कौवा आइतो ओकर नानल चाहरा नाइ खैहो न लरको ।

ओहर बहुत दिन पाछे कौवा अपन घर और कागिनी र बच्चाके याद करल उ सेकलसम्म जनता धेर दानापानी बके सेके सम दाना पानी लैके लौटल । उ उहाँ पुगतसम भुखेपीयासे बच्चन छट्पटाइत रहैं । उ हत्तरपत्तर चहरा खवाइट रहे । लैकिन बच्चन औयने मुह बन्द करके पुछी आगे सरनै यी सक्नु तही ती नै सिखाइले बच्चन मोर ननानल चाहरा नाइखैनैं । तै अपनहिन कौचा सोचले बाते हाँ कौवा कागिनीसे बहुत जोर से रिसागिल । कौवा र कागिनी बिच घमासन झगरा हुइल । दुनु जाने सँग मिलक नाइ बैठन अवस्थामे पुग्गीनै ।

तुँह जहाँ हेराइल रहो उहै जाउ । कागिनीले दाह्र काट्दै कहल । ओइसीन कहले से तो यी बच्चन फेन मै लैजैबु । कौवा बच्चन फेन हकदावी करल लैकिन कागिनीले बच्चा देना देहेक मन्जुर नाइ हुइल । ठिक सल्लाहक लग दुनु झे राजवक दरबारमे गैनै । उहाँ राजवक सभाके वैठक चल्ती रहे । कौवा कागिनी हुनु झे अब हामार सँगे रहे नाइसेकब बच्चा धइना अधिकार केकर बा कहिकै फैसला करना अग्रह कर्नैं । राजवा निसाक देहल- कागिनी बच्चा धरना अधिकार तो थारुनके रहथ । तुहरे अलगैना चाहतो तो बच्चनके अधिकार कौवाक हक बावाइ । राजवक यी जवाफ सुने नाइसेकके कागिनी ओठ्ठही प्राण छोरदेलि ।

भाग्यवश दोसर जुनीमे उहे कागनी एक थो गरिब किसनवक घरेम छाइक हुके जलम लेहल । उ छोटसे बहुत जन्नह निकरल । बाटमे उहिन कोइफे जिते नाइसके । बहुत जन्नाह हुइलेक वरसे ओकर नाउँ फेन दाइबाबा बुधनी (बुद्धिक धनी) राखदेनै ।

उमेर बरल पाछे अपन घरेक गाईबस्तु चराइ जैना लागगिल । का राजक गाईवस्तु, का गाउँके रे औरेक जातके गाईवस्तु एक्के चरनमे चर्न करै ओस्तीमे राजाक कुछ दर्जनौ गैयाभैसिनिया कुछ दिनके फरक मे सुग्घर बाच्छवा बाछी पाइनै उ सक्कु बुधनीक गोरुवा सँग मिल्नाजुल्ना बच्चा पाइल रहैं । बाच्छवाबाच्छीया दुध खाइन छोरल पाछे एक दिन बुधनी राजवक कुछ दर्जन बाच्छवा बाच्छीया हाँकके नानके अपन गोठमे थुनदेहल ।

यी खबर सुनके रजवा बुधनीक बाबाहिन बोलाइल पठाइल लेकिन बुधनी बाबाकिहिन जाइ नाइ देहल बोलुयक सँग अप्नही गैल । मोर मोर गैयानके बच्छुवाबच्छीया काहे लैगिले ए बुधनी तुहिन रजवक फेन डर नाइलागल? रजवा मोछमे ताउ लगैतै कहल ।

बुधनी निडर हुके कहल-अपन हक लग्ना हुइलेक ओरसे तोहार बच्छुवाबच्छीया लैगिल बाटुँ । यमन कौचा डर ? मोर गैयनके मोर गैयनके बच्चनपर तोर हक बैसिक लागल ले बता ? रजवा रिसैती कहल ।

कुछ बरष आघे कौवा ओ कागिनी तोहार दरकारमे निसाफ मागे आइल रहैं बच्चनके अधिकार मर्दनके किल लागथ कहिके कले रहो बिस्राधर्रोकिका ? तोहार उहे निर्णय अनुसार यी सक्कु बच्चानके अधिकारमोर लागी । जोन तोहार गैयनके बच्चाके अनुहार मोर गोरुवक जैसिन बतैं ।

बुधनीक तर्क आघे राजुवक कुछ जोर नाई नाइचाल्लिस दरबारके सक्कु बाच्छुवा बाच्छिया सध्देक लग बुधनीक हुइगिलिस उ घटनाक पाछे रजुवा चिन्ता मा परगिल मोरसँग सोझ मुन्टी लागके बोल्न रमकोरे गाया भैसी लैजिना उ लौडिसे कैसिक बदला लेना हो कहिके रजुवा दिमाग खियाइ लागल ।

एकदिन मन्त्री रजुवाहे सल्लाह देहल बुधनी से बुद्धिमान मनै खोजीजे उ लउन्डी बाटमे हटाइ सेके अैसिक रजुवाक सल्लाहकारके खोज सुइल सैयौ मनैनके अर्न्तवार्ता पाछे रजुवा थोरसे पाछे धेर बुद्धि हुइल एक जनहन सल्लाहकारमे धरल ।

रजुवा गम्भिर हुइती कहल सल्लाहकारज्यू मोर राज्यमे बुधनी नामके एक छाट्टु चलाख लवन्डी बा । ओकर तर्क आगे मैफेन हान खाइ गिल अपने कोनो उपाय लागके अैसिन प्रश्नक जाल फेके कि जेमनेसे उ कब्बु उम्के नाइ सेके और मोरिक गाइवस्तु फेन फिर्ता हुइजाइ रही सगे उहिन सजाय फेन देहे सेक्जाइ ।

सल्लाहकार पहिल उपाय बताइ रहे राजा बुधनी किहिन गग्रकि भित्तर पाकइल कबली फराके नानेक कहो । ओसिन करे नाइसेकी तो गैयाभैसी फिर्ता कर्ना परी और रजुवाक गैयाभैसी लैजुयह सजाय स्वरूप जिन्दगी भर जेल बैठना आदेश देहक परल ।

बल्ल मोर ढरियामे मछली मोर ढरियामे परल कहिके मख्ख पर्ती रजुवा बुधनी किहिन दरबारमे हाजिर हुइना बोलाइक पठाइल । रजुवाक गैयाभैसी सक्कु हाँकके ननले बटी अब का हुइ कहिके ओकर बाबा डाई चिन्तामे पर्नै लेकिन डाई बाबाहिन नाइलेउ अग्रह कर्ती बुधनी दरबार पुगके पुछलिन आज्ञा हुई राजक के कत्ना कामसे मिहिन सम्झालेउ ।

बुधनी मिहिन गग्रीक कबली मन बा उ तै पुरा कर देहक परल लैकिन तै औसिन करे नाई सकबे तो तोर लैगिल मोर गैयाभैसी फेन फिर्ता मिहिन उरवै सँगे तुहिन आजीवन जेलमे फेन सजाइ हुई ।

बुधनी रजुवक सर्त मञ्जुर करती कहलिन -राजन ओकर लग मिहिन दस महिना समय देहेक परी

संजोग वस उहे बेलामकबली फर्न समय रहे । बुधनी घर आके सुरक्षित साथ छाप्रमे गग्री बाँधगिल और ओकर भित्तर कबलीक फरा जाकदेहथ महिना दिन पाछे कबली पाकके तयार हुइ जाइथ ।

बुधनी उ लैकै दरबारमे हाजिर हुइल  बरु अपनेकहिन ओस्तही कबली खैना इच्छा रहे कहले रहो । लि यी गग्री नाइ फोरके कबली बाहेर निकारो लेकिन मोर एकथो सतै बा लेकिन औइसिन करे नाश्इसकथोतो मिहिन सुनके असर्फी जर्बना देहेक परी ।

रजुवाक दुभाग्य सल्ललाह देहुइया सल्लाहकारफेन गग्री नाइ फोरके पाकल कबली बाहेर निकारना जुगार बताइ नाइ सेक्ना गग्रीक भित्तर पाकल कबली खैना राजाक इच्छा बहुत महंगा सावित हुइल । एक थैली असर्फी बुधनी किहिन बुझ्झाकेकिल रजुवा उ कबली खाइ पाइल ।रजुवा सल्ललाहकारसगे रिसाइल-मोर गैयाभैसिनिया तो गैनैइ गैनैइ अतरा धेर असर्फी फेन बुधनी हाथ पारल । लेउना सल्लाहकार जी तुहिन अतरा धेउर तलब देहल कौचा काम ? बुधनीकिहिन ठेगानलगाइकतन कुछ तो उपाय करेक परल ।

सल्लाहकार लावा उपाय राखल यिहे पालीसे भुवाक उहिन लसरी बरेक कही । कैसिके बरथ हेरी ?जब नाइ सेकी तो ओकर लैगिल गैया भैसिनिया ओर ओकर फेन सक्कु गैया भैसिनिया ओ हमार लैगिल एक थैली असर्फी और थप दोसर थैली असर्फी फेन देहक परी कहो ।

रजुवा फेर बुधनी किहिन बोलाके सल्लाहकार फे सल्लाहकारके कहल बमोजिम भुवक लसरी बरना अह्रागिल । बुधनी फे यिहे पाली एकदिनके समय मागल घरे जाके बाबासे लसरी बरा मागल । बिहाने उ लसरी बढ्रिया से मिलाके बरुवार कराहीमे धारल ओ आगी लगादेहल । उहे धुवक लसरी लैकै उ दरबारमे हाजिर हुइल -हे रजान आज्ञा मुताविक भुवक लसरी लैकै हाजिर बाटुँ । लेकिन एक थो मोर सर्त बा, यी लसरीसे अपनेक गैया भैसिनिया बाधे सेक्बी तो मै दण्ड जरिवना तिर्न तयार बाटुँ, नि तो बाकी सब गैया भैसिनिया मोर हुइही ।

रजुवक गैयरुवा हुके भुवक लसरी छुले का रहैं भुवक लसरी धुरमे बदलगैल । बुधनी उहेदिन रजुवक सक्कु गैया भैसिनिया हाँकके अपन घर लैगिल ।

राजा बुधनीक हारसे अत्याइल । सल्लाह देहुइयैह कहल- ओ सल्लाहकार तुहँ असली सल्लाहकार हो कि नकली तुहिन अब अन्तिम मौका देहतु । अगर यी पाली तैं बुधनीक हार ओ मोर जीत कराइ नाइसेक्बेता तैं जिन्दगीभर कराबासके भागीदार हुइबे ।

सल्लाहकार बरा बिचार पुगाके सल्लाह देहल-हे, राजन, बुधनी किहिन बद्रीमे महल बनाइक कहो । तब तो बद्रीम का महल बनाइ एकथो ईटा फेन रुकाइ नाइ सेकी । तब उहिन अपन मनमर्जीक सजाय देहो ।

बुधनी किहिन दरबारमे बोलागिल उ रजुवक यी सर्त फे मन्जुर करल ओ एकथो सर्त फे धरल मै बद्रीमे महल तो बनैइम लेकिन मोरिक मिस्त्रीक कहल बमोजिम ईटा, पथरा, बालु पुगैना हजुरके जिम्मा । रजुवाफेन उ सतै मञ्जुर करल

बुधनी घरे जाके अपन बाबाहेझेमझुटिया चिरैया फँदामे बझाइ कहल उ झेमझुटिया चिरैंया ईटा नानो, पथरा नानो, जल्दी नानो, ईटा नानो, पथरा नानो, जल्दी नानो हस अवाज निकारी बुधनीक बाबा करिब एक दर्जन झेमझुटिया चिरैंया फाँदम् बझाके अपन छाई हे देहल । बुधनी बद्रीमे महल बनैना तयारके साथ दरबारमे हाजिर हुइल ।

बुधनी कहल-हे राजन मै बद्रीम् महल बनैना कहिके सक्कु तयारीक साथ उपस्थित हुइल बाटुँ । लेउ ईटा, पत्थरा, बालु पुगैइना मनैन ठिक पारो । रजुवा मन्जुरिहन काम अह्राइक तन मन्जुरिहनके घर ओर लागल । यहे समयमे बुधनी चिरैंनके गोरामे डोरा बाँधके एकथो ढेंग रुखुवामे बाँध देहल ।

हे राजन-मै मिस्त्री हुक्रन उप्पर पठा सेक्ले बाटुँ । अब मञ्जुरिहन ईटा, पत्थरा, बालु पुगाइक कहो ।

उप्परसे चिरैं चिल्लाइ लग्नैं ईटा नानो, पथरा नानो, जल्दी नानो,। लेकिन राजुवा बद्रीम् उ समान पुगाइ नाइ सेकल । रजुवा फेर बुधनीसे हार गैल ।

बुधनी किहिन रजुवा बुद्धि से हिटाइ नाइ सेकल ।अब रजुवा बुधनी किहिन सदाके लग हिटैना बिचार करल । रजुवा लावा लोहेक जेल बनाके बुधनी किहिन उहैं जिन्दगीभर बन्दी बनैना विचार करल । जेल बनैना काम सुरु हुइल रजुवा घर मिस्त्री हुक्रन अह्राइल - जत्रा सेकबो हलहल जेल बनाके तयार करो । उ बुधनी हे उहैं सराके मारेक परी ।

रजुवा खासकैके अपन लग रात दिन लागके विशेष जेल तयार पराता कहिके सुनल तो बुधनीफेन उहे रात जेल बनैना ठाँउमे पुगल । बुधनी मिस्त्रीनके अगुवा किहिन अलग्गे बोलाके लोह देखाइल -तैं ओ तोर मिस्त्री हुक्रन यी जेल बनैना जत्रा खर्च लागि तुहिन देना कहल बा, मै ओकर दोब्बर खर्च देहना तयार बाटुँ, लेकिनतुहरे मोर एकथो काम करेक परी ।

मन्जुरियनके अगुवा कहल- कैसिन काम ?

-मिहिन थुन्ना जेलके कोठामे नाइ देख्ना दुवार बनाके सुरुङ् कोदके मोर घरसम पुगाइक परी ।

दोब्बर खर्च पैना लोभसे मिस्त्रीन के अगुवा बुधनीक सर्तमे मञ्जुर हुइल

बुधनी कहल-'लेकिन याद करहो यी खबर रजुवक कानमे कस्तोके नपुगे ।'

रातिरात बुधनीक घरसम पुग्ना सुरुङ् फेन तयार हुइल ।

दोसर दिन रजुवा बुधनी किहिन बोलाइक पठाइल । उ दरबारमे हाजिर हुइटी कि कोनो सवाल जवाफ नाइ करके उहिन तत्काल बनाइल लोहके कोठीमे थुन्न रजुवा आदेश देहल । उर्दी जारी करल-बुधनी किहिन जे भात पानी दि तो उहिन मृत्युदण्ड देजाइ ।

बुधनी किहिन भुखले मर्ना रजुवक बिचार रहिस् । रजुवा हरेक दिन बुधनी किहिन ठिक १२ बजे हेरे आओइ ओ खिसुवाके जाए ।रजुवा दिनके १२ बजे लगातार अैलेक ओरसे अपन

पथरीकिहिन मनै सुताइल हस बनाके बाँकी समय बुधनी सुरुङ् डगर घर पुगके भात पानी खावै, अराम करे ओ ठिक १२ बजे जेलके कोठरीमे पुगजाए ।

महिना दिन हुइगिल सम बुधनीक मे कौनो किसिमके शारीरिक परिवर्तन नाई हुइल । कुछ नाइ खाके यी कैसिके सुग्घर हुइल कहिके रजुवा छक्क परल । उ तो उस्तही सुकके मरेक पर्ना हो, यकर कुछ कारण बा कि ? पुछेक परल कहिके रजुवा दोसर दिन ठिक १२ बजे जेल पुगल ।

रजुवा कुछ बात पुछनासे पहिले बुधनी रजुवासे आग्रह करल-हे राजन ! यी बन्दी कोठरीमे महिना दिनसम बिताके मै एकथो बरुवार काम कैले बाटुँ । एकचोट हेरे जैबो कि ?

जेल भित्तर फेन यी कैसिन कामक करले बा कहिके जानेक लग रजुवा किहिन फेन इच्छा जग्लिस् । उ बुधनीक बुद्धिमानी देखके तो ओस्तही प्रभावित रहे । तबेक मारे, उ  बढ्यािय काम करले हुइ कहिके रजुवा कोठक ताला खोलके भित्तर पेलल ।

'खै तैं ओइसिन का बरुवार काम कैलै ?' रजुवा पुछल ।

बुधनी सुरुङ् डगराके धक्कन खोल्टी कहल-लेउ यहाँ पेलो, सुरुङ्के ठिक बिचमे पुगके मोरिक करल बरुवार काम देखाइ जाई ।

बुधनी घरेक पाँजर निकरना अपन डगरा पहिलिहि बन्द करदेले रहथ । रजुवा सुरुङ् भित्तर पेल्टीकि  बुधनी धक्कन बन्द करदेहथ । बाहेरके सतह जस्तेके ओस्तही हुइलेक ओरसे रजुवा सुरुङ् भित्तर बा कहिके कोइ पत्ता नाइ पाइल । बुधनी किहिन मर्ना दाउमे रहल रजुवा अपनही कालके मुहमे परल ।

बुधनी अब जवान हुइगिल रहे । राजुवा एकाएक बेपत्ता हुइलेक ओरसे राजकुमार किहिन लावा रजुवा घोषित करगिल । बुधनीक चलाकी देखके लावा रजुवा जन्नाह रहे। उहिन जन्नी बनैलेसे देशमे धेउर बिकास करे सेकजाइ कहिके लावा रजुवा बुधनीकसँग भोजके बात राखल ।

-लेकिन मैतो हजुरके बाबाक अपराधी । अपन बाबाक अपराधीक सँग अपने भोज करबी ?

लवा रजुवा लज्जित हुइटी कहल-तुँह कोनो अपराधके काम नाइ करले हो तो तुँ कैसिके अपराधी । बरु मोर बाबा तोहार उपर बहुत अन्याय कर्नें । मै उहाक ओरसे माफी मागतु ओ तुहिन हे जन्नी बनैना प्रस्ताव करतुँ ।

बुधनी फेन लावा रजुवक प्रस्ताव बढ्यािसे स्वीकार करल । उ रानी हुइलेक ओरसे यी देश किहिन उन्नति के शिखरमे पुगनैं ।

अत्रा हो बात अत्रै हो चित

हँसिया लेबो कि बेंट

बेंट

तोहार मोर सध्यें हुइ भेंट ।

स्रोत : मीना चौधरी कोटातुल्सीपुर ३ कैलाली

### ३.८.२ नेपाली अनुवाद

धेरै वर्ष पहिले कागका एक जोडी भालेपोथी ठुलो रूखमा बास बस्ने गर्थे । दिनभरि आहाराको खोजीमा निस्किए पनि ती दुबै साँझ पुनः त्यही रूखमा लगाइएको गुँडमा  फर्किन्थे । एकदिन कागिनीले कागसँग भनी–मेरो अण्डा पार्ने समय आउन थाल्यो । त्यसैले अहिलेको भन्दा सुरक्षित ठाँउमा गुँड बनाऊ ताकि हावा हुरी आएर अण्डा नफुटाओस् ।,

कागले आफूहरू बसेको भन्दा छुट्टै गुँड उत्तर दिशामा बनाउन सुरू गऱ्यो । कागिनीले विरोध जनाई - ए मुर्ख लोग्ने, उत्तर दिशाबाट साह्रै हावा हुरी चल्छ । त्यता बनाए त हाम्रो गुँड त कता बिलाउँछ कता ।

त्यसपछि कागले दक्षिण, पश्चिम, पूर्व सबै दिशामा क्रमशः गुँड बनाएर देखायो तर कागिनीले सबै दिशामा खोट देखाई । अन्तमा कागले रूखको बिचोबाच भागमा गुँड बनायो । यसपालि भने कागिनीलाई त्यो गुँड मन पऱ्यो । कागिनीले अण्डा पारी, ओथारो बसी र अण्डाबाट बच्चा पनि भए ।

त्यही समयमा उनीहरू बसोबास गर्ने स्थानमा भोकमरी पऱ्यो बच्चालाई अब के खुवाउने, काग र कागिनीलाई समस्या पऱ्यो । कागिनीले कागसँग भनी– हजुर टाढाबाट आहरा खोजेर ल्याउनु होस् । बच्चाहरूलाई त्यसै अलपत्र पनि छाड्न पनि भएन । म यतै कतै आहराको कही जुगार गर्छु । दुबैको सल्लाह अनुसार काग आहराको खोजीमा उड्दाउड्दै निकै टाढाको देशमा पुग्यो ।

उड्दाउड्दै लखतरान परेर ऊ एउटा रूखमुनि बस्यो । रूखको मुन्तिर प्रशस्त दानापानी देखियो । खानेकुरा फेला पारेर धेरै दिनदेखि भोकाएको काग उतै रमाउन थाल्यो । यता कागिनी आधा पेट खाएर भए पनि जेनतेन बच्चाहरूको प्राण जोगाइरहेकी थिई । कागिनीले बच्चाहरूसँग भनी –तिमीहरूको बाबा आएमा उसले ल्याएको खानेकुरा नखानु है ?

धेरै दिनपछि कागलाई आफ्नो घरको परिवारको सम्झना आयो । ऊ सकेजति दानापानी बोकेर आफ्नो गुँडतिर फर्कियो । ऊ त्यहाँ पुग्दा भोकप्यासले बच्चाहरू छट्पटाइरहेका थिए । ऊ हत्तपत्त आहारा खुवाउन गयो तर बच्चाहरूले मुख बन्द गरेर पुच्छर अगाडि सारे यो सबै तैले नै सिकाएर बच्चाहरू मैले ल्याएको आहारा नखाएका हुन् । तैले आफूलाई के सोचेकी छस् हँ ? काग र कागिनी बिच घमासान झगडा भयो । दुबै सँगै बस्न नसक्ने अवस्थामा पुगे । -तिमी जहाँ हराएका थियौ उतै जाऊ । कागिनीले दाह्रा किट्दै भनी ।

–त्यसो भए यी बच्चाहरू पनि मै लान्छु । कागले बच्चाहरूमाथि हकदाबी गऱ्यो तर कागिनीले बच्चा दिन इन्कार गरी । उचित न्यायका लागि दुबै राजाका दरबारमा गए । त्यहा राज सभाको बैठक चल्दै थियो । काग र कागिनीले आफूहरू अब सँगै बस्न नसक्ने भएकाले बच्चा राख्ने अधिकार कसको हुन्छ भनेर निर्णय दिन आग्रह गरे । राजाले निसाफ दिए -हे कागिनी, बच्चा राख्ने अधिकार त पुरूषको नै हुन्छ । यदि तिमीहरू छुट्टिन चाहान्छौ भने बचेराहरूमाथि कागको हक लाग्छ । राजाको त्यो निसाफ सुन्न नसकी कागिनीले त्यही प्राण त्याग गरी ।

भाग्यवस अर्को जुनीमा त्यही कागिनी एक गरिब किसानको घरमा छोरी भएर जन्मिई । उनी सानैदेखि तीक्ष्ण बुद्धिकी थिई । कुरामा उनलाई कसैले जित्न सक्दैनथ्यो निकै बुद्धिमान भएकाले उनको नाम पनि बाबुआमाले बुधनी (बुद्धिकी धनी) राखी दिए ।

उमेर बढेपछि बुधनी आफ्ना घरका गाईबस्तु चराउन जान थालिन् । के राजाका गाईबस्तु के गाँउका के अन्य जनताका गाईवस्तु एउटै चरणमा चर्ने गर्थे । यस्तैमा राजा करिब दर्जन केही दिन फरक सुन्दर बाच्छाबाच्छी जन्माए । ती सबै गाईले बुधनीको गोरूसँग मिल्दोजुल्दो जन्माएका थिए । बाच्छाबाच्छीले दुध खान छाडेपछि एकदिन बुधनीले राजाको ती दर्जन बाच्छाबाच्छी हाँकेर ल्याई आफ्नो गोठमा थुनिदिई ।

यो खबर थाहा पाएपछि राजाले बुधनीको वुबालाई बोलाउन पठाएछन् तर बुधनी बुबालाई जान नदिई बोलाउन आउने द्वारेसँग आफै हिडिन् । मेरागाई दर्जनौ बाच्छाबाच्छी किन लगिस ए फुच्चची केटी ? तँलाई राजाको समेत डर लाग्दैन ? राजाले जुगामा ताउ लाउदै भनेछन् ।

बुधनी निडर भएर भनिन् -आफ्नो हक लाग्ने भएकाले हजुरका बाच्छाबाच्छी लगेकी हुँ । यसमा के को डर ?

–मेरा गाईका बाच्छाबाच्छीमा तेरो हक कसरी लाग्यो ? लौ भन । राजाले झोकिदै भने ।

केही वर्ष पहिले काग र कागिनी हजुरको दरबारमा निसाफ माग्न आउदा बच्चामाथि अधिकार मर्दको लाग्छ भनेर हजुरले निर्णय सुनाएको बिर्सनु भो ? राजासँग यस्तो प्रश्न गर्दै बुधनीले भनिन् – हजुरको त्यही निर्णय अनुसार ती सबै बाच्छाबाच्छीमा मेरो हक लाग्छ किनकि हजुरका गाईहरूले जुन बाच्छा जन्माएका छन् ती सबै मेरै गोरूहरूको अनुहार लिएर आएका छन् ।

बुधनीको तर्क अगाडि राजाको केही जोड चलेन । दरबारका सबै बाच्छाबाच्छी सँधैको लागि बुधनीका भए । त्यो घटनापछि बुधनकीको सर्वत्र चर्चा हुन थाल्यो । राजा सोचमग्न भए, मसँग शिर ठाडो गर्ने त्यस केटीसँग कसरी बदला लिने भन्ने ध्याउन्नमा राजाले दिमाग खियाउन थाले ।

एकदिन मन्त्रीले राजालाई सल्लाह दिए-'बुधनीभन्दा बुद्धिमान मान्छे खोजौं जसले त्यस केटीलाई तर्कमा हराउन सकोस् ।' यसरी राजाको सल्लाहकारको खोजी सुरू भयो । सयौं मान्छेको अर्न्तवार्तापछि राजाले अलि तीक्ष्ण बुद्धि भएको एकजनालाई सल्लाहकारमा नियुक्त गरे ।

राजाले गम्भीर हुँदै भने-सल्लाहकारज्यू, मेरो राज्यमा बुधनी नामकी छट्टु चलाख केटी छे, उसको तर्क अगाडि मैले पनि हार खाएँ । तँपाईले कुनै उपाय लगाएर यस्तो प्रश्नको जाल फाल्नोस् कि जसबाट ऊ कहिल्यै नउम्कोस् र मेरा सबै गाईवस्तु पनि फिर्ता हुन् । साथै उसलाई सजाय पनि दिन सकियोस् ।

सल्लाहकारले पहिलो उपाय बताए-हे राजन, बुधनीलाई गाग्रीभित्र पाकेको फर्सी फलाएर ल्याउन भन्नोस् । त्यो गर्न नसके गाईवस्तु फिर्ता गर्नुपर्ने र राजाका गाईवस्तु लगेको सजायस्वरूप आजीवन कारावास हाल्ने आदेश दिनुहोला ।

बल्ल माछा मेरो ढडियामा पर्नेभो भनेर मख्ख पर्दै राजाले बुधनीलाई दरबारमा हाजिर हुन बोलावट पठाए । 'राजाका गाईवस्तु हाँकेर ल्याएकी छे, अब के हुने हो ?' भनेर उसका बा-आमा चिन्तामा परे तर आफ्ना बा-आमालाई चिन्तित नहुन आग्रह गर्दै बुधनी दरबार पुगेर सोधिन्- 'आज्ञा होस् राजन । के कति कामले मलाई सम्झनुभयो ?'

-बुधनी, मलाई गाग्रोभित्र पाकेको फर्सी खाने इच्छा छ, त्यो तैंले पूरा गरिदिनु पऱ्यो । यदि तैंले त्यसो गर्न सकिनस् भने तैंले लगेका मेरा गाईवस्तु पुनः सबै मेरा हुनेछन् । साथै तँलाई आजीवन कारावास पनि हुनेछ ।

बुधनीले राजाको सर्त मन्जुर गर्दै भनिन्-'राजन् त्यसका निम्ति मलाई महिना दिन समय चाहिन्छ ।

संयोगवश त्यतिबेला फर्सी फल्ने मौसम थियो । बुधनी घर आएर सुरक्षित साथ छाप्रामा गाग्री बाँधिन् र त्यसभित्र बढेको फर्सीको भेट्नो राखी दिइन् । महिना दिनपछि फर्सी पाकेर तयार भयो ।

बुधनी त्यो लिएर दरबारमा हाजिर भइन्-हे राजन, तपाइँले अह्राएबमोजिम गाग्रीभित्र पाकेको फर्सी लिएर हाजिर भएकी छु । तँपाईलाई त्यस्तो फर्सी खाने इच्छा छ भनेको होइन । ल, यो गाग्री नफुटाई फर्सी बाहिर निकाल्नोस् तर मेरो एउटा सानो सर्त छ । यदि त्यसो गर्न सक्नुभएन भने मलाई एक थैली सुनको असर्फी जरिवाना दिनु पर्नेछ ।

राजाको दुर्भाग्य, सल्लाह दिने सल्लाहकारले समेत गाग्री नफुटाई पाकेको फर्सी बाहिर निकाल्ने उपाय बताउन सकेनन् । गाग्रीभित्र पाकेको फर्सी खाने राजाको इच्छा बडो महँगो साबित भयो । एक थैली असर्फी बुधनीलाई बुझाएर मात्र राजाले त्यो फर्सी खान पाए ।

राजा सल्लाहकारसँग रिसाए-मेरा गाईवस्तु त गए, गए । त्यत्रो असर्फी पनि बुधनीले हात पारी । लौन सल्लाहकारज्यू, तँपाईलाई मैंले त्यत्रो तलब दिएर राखेको के काम ? बुधनीलाई ठेगाना लगाउने केही त उपाय गर्नुपऱ्यो ।

सल्लाहकारले नयाँ उपाय प्रस्ताव गरे- यसपालि उसलाई खरानीको डोरी बाट्न भनौं । कसरी बाट्दिरहिछे हेरौं । यदि सकिन भने उसले लगेका हाम्रा गाईवस्तु र उसका पनि सबै गाईवस्तु तथा हाम्रो लगेको एक थैली असर्फीका साथ अर्को थैली असर्फी बुझाउनुपर्ने भनौं ।

राजाले पुनः बुधनीलाई बोलाएर सल्लाहकारले भनेबमोजिम खरानीको डोरी बाँटन् अह्राए । बुधनीले यसपालि जम्मा एकदिनको समय मागिन् । घर गएर बाबासँग डोरी बाँटि मागिन् । बिहान सो डोरी चट्ट मिलाएर ठुलो ताउलोमा राखिन् र आगो लाइदिइन् । सोही खरानीको डोरी लिएर उनी दरबारमा हाजिर भइन्-हे राजन, आज्ञा मुताबिक खरानीको डोरी लिएर हाजिर छु । तर मेरो एउटा सर्त छ, यो डोरीले तँपाईले गाईवस्तुले बाँध्नसक्नु भयो भने म दण्ड जरिवाना तिर्न तयार छु, होइन भने बाँकी सबै गाईवस्तु मेरा हुनेछन् ।

राजाका गोठालाहरूले खरानीको डोरी के छोएका थिए, खरानीको डोरी धुलोमा परिणत भयो । बुधनीले यसपालि राजाका सबै गाईवस्तु हाँकेर आफ्नो घर पुऱ्याइन् ।

राजा बुधनीसँगको हारले तिल्मिलाए । उनले सल्लाह दिनेलाई भने-हे सल्लाहकार, तिमी असली सल्लाहकार हौ कि नक्कली । तिमीलाई अब अन्तिम मौका दिनेछु । यदि यसपालि तिमीले बुधनीको हार र मेरो जीत गराउन सक्दैनौ भने तिमी आजीवन कारावासको भागिदार हुनेछौ ।

सल्लाहकारले बडो विचार पुऱ्याएर सल्लाह दिए-हे राजन, बुधनीलाई आकाशमा दरबार बनाउन भन्नोस् । त्यसले आकाशमा त के दरबार बनाउली । एउटा इँटा पनि अड्याउन सक्नेछैन । त्यसपछि उसलाई आफ्नो मनमाफिक सजाय दिनुहोला ।

बुधनीलाई दरबारमा बोलाइयो । उनले राजाको यो अडको पनि स्वीकार गरिन् र एउटा सर्त पनि राखिन्, म आकाशमा दरबार त ठड्याउँला तर मेरा डकर्मीले मागेबमोजिम इँटा, ढुंगा, बालुवा पुऱ्याउने चाहीँ हजुरको जिम्मा । राजाले त्यो सर्त स्वीकार गरे ।

बुधनी घर आएर आफ्ना  बुबालाई झेमझुटिया चरा पोसोमा पार्न अनुरोध गरिन् । ती झेमझुटियो चरा इँटा लाउ, पत्थर लाउ, जल्दी लाउ -इँटा ल्याऊ, पत्थर ल्याऊ, चाँडै ल्याऊ झैं आवाज निकाल्छन् । बुधनीको बुबाले पनि करिब दर्जन झेमझुटिया चरा पासोमा पारेर छोरीलाई दिए । बुधनी आकाशमा दरबार बनाउने तयारीका साथ दरबारमा हाजिर भइन् ।

बुधनीले भनिन्-हे राजन । म आकाशमा महल बनाउन भनेर सम्पुर्ण तयारीका साथ हाजिर भएकी छु । ल, इँटा, ढुंगा, बालुवा पुऱ्याउने मजदुर ठिक पार्नुहोस् । राजा मजदुरहरू लाई काम अह्राउन भनी मजदुरहरूको कलोनीतिर लागे । त्यो बेला बुधनीले चराहरूको गोडामा  धागो बाँधी एउटा अग्लो रूखमा बाँधिदिइन् ।

हे राजन, मैले डकर्मीहरूलाई माथि पठाईसकेकी छु । अब मजदुरहरूलाई इँटा, ढुंगाा, बालुवा पुऱ्याउन भन्नोस् ।

माथिबाटै चराहरू कराउन थाले-'इँटा ल्याऊ, ढुंगा ल्याऊ, चाँडै ल्याऊ ।' तर राजाले आकाशमा ती सामग्री पुऱ्याउन सकेनन् । उनी बुधनीसँग पुनः हारे ।

बुधनीलाई राजाले बुद्धिले हराउनै सकेनन् । अब उनले बुधनीलाई सदाका लागि हराउन बल प्रयोग गर्ने विचार गरे । राजाले नयाँ फलामे जेल निर्माण गरेर बुधनीलाई त्यँही आजीवन बन्दी बनाउने विचार गरे । जेल बनाउने काम सुरू भयो । राजाले डकर्मीहरूलाई आदेश दिए-जति सक्दो चाँडो जेल बनाएर तयार गर । त्यो बुधनीलाई त्यँही आजीवन बन्दी बनाउने विचार गरे । जेल बनाउने काम सुरू भयो । राजाले डकर्मीहरूलाई आदेश दिए-जति सक्दो चाँडो जेल बनाएर तयार गर । त्यो बुधनीलाई त्यँही कुहाएर मार्नुपर्छ ।

राजाले खासगरी आफ्नै लागि रातदिन लगाएर विशेष जेल तयार पार्न लागेका छन रे भन्ने सुनेपछि बुधनी पनि सोही राति जेल निर्माण भैरहेको स्थानमा पुगिन् । बुधनीले डकर्मीको नाइकेलाई अलग्गै बोलाएर लोभ देखाइन्-तिमी र तिम्रा डकर्मीलाई यो जेल बनाएको जति रकम

तिमीलाई दिने भनिएको छ, म त्यसको दोब्बर रकम दिन तयार छु तर तिमीले मेरो एउटा काम गरिदिनुपर्छ ।

मजदुरका नाइकेले भने-कस्तो काम ?

-मलाई थुनिने जेलको कोठामा गुप्त ढोका बनाई सुरूङ खनेर मेरो घरसम्म पुऱ्याइदिनुपर्छ ।

दोब्बर रकम पाउने लोभले डकर्मीको नाइके बुधनीको सर्तमा मञ्जुर भयो ।

बुधनीले अगाडि भनिन्-तर याद राख्नु, यो खबर राजाको कानमा कसै गरी नपुगोस् ।

रातारात बुधनीको घरसम्म पुग्ने सुरूङ पनि तयार भयो ।

अर्को दिन राजाले बुधनीलाई बोलाउन पठाए । उनी दरबारमा हाजिर हुने बित्तिकै कुनै सवालजवाफ नै नगरी उनलाई भर्खरै बनाइएको फलामे कोठीमा थुन्न राजाले आदेश दिए । उर्दी जारी गरियो- बुधनीलाई कसैले खानापिना पुऱ्याएमा उसलाई मृत्युदण्ड दिइनेछ ।

बुधनीलाई भोकभोकै मार्ने राजाको विचार थियो । राजा हरेक दिन बुधनीलाई ठिक १२ बजे हेर्न आउँथे र खिसी गरेर जान्थे । राजा दिनको १२ बजे नियमित आउने भएकोले आफ्नो बिस्तरालाई मान्छे सुतिरहेको जस्तो बनाई बाँकी समय बुधनी सुरूङको बाटो घर पुगेर भोजन गर्थिन्, आराम गर्थिन् र ठिक १२ बजे जेलको कोठीमा आइपुग्थिन् ।

महिना दिन हुँदासम्म बुधनीमा कुनै शारीरिक परिवर्तन भएन । केही पनि नखाई यो कसरी रातीपिरी भई भनेर राजा छक्क परे । यो त त्यसै सुकेर मर्नुपर्ने हो, यसको केही कारण छ कि सोध्नुपऱ्यो भनेर राजा अर्को दिन १२ बजे जेल पुगे ।

जेलभित्र पनि यसले के करामत गरिछे भनेर जान्न राजालाई पनि खसखस लाग्यो । उनी बुधनीको बुद्धिमानी देखी त त्यसै प्रभावित थिए नै । त्यसैले, यसले राम्रै काम गरेकी होली भनेर राजा कोठाको ताल्चा खोलेर भित्र पसे ।

'खोई तैंले त्यस्तो के महत्त्वपूर्ण काम गरिस् ?' राजाले सोधे ।

बुधनीले सुरूङमार्गको ढक्कन खोल्दै भनिन्-ल, यहाँ पस्नोस, सुरूङको ठिक बिचभागमा पुगेपछि मैले गरेको महत्त्वपूर्ण काम नजर हुनेछ ।

बुधनीले घरछेउको आफू निस्कने बाटो पहिले नै बन्द गरिसकेकी थिइन् । राजा सुरूङभित्र पस्नासाथ बुधनीले ढक्कन बन्द गरिदिइन् । बाहिरी सतह जस्ताको तस्तै भएकोले राजा सुरूङभित्र छन् भनेर कसैले थाहा पाएन । बुधनीलाई मार्ने दाउमा रहेका राजा आफै कालको मुखमा परे ।

बुधनी अब जवान भइसकेकी थिइन् । राजा एकाएक बेपत्ता भएपछि राजकुमारलाई नयाँ राजा घोषित गरियो । बुधनीको चातुर्यदेखि नयाँ राजा जानकार थिए । उनलाई रानी बनाएर देशमा धेरै विकास गर्न सकिन्छ भन्ने सोची नयाँ राजाले बुधनीसँग विवाहको प्रस्ताव राखे ।

-तर म त हजुरको पिताको अपराधी । आफ्नो पिताका अपराधीसँग तँपाई बिहे गर्ने ?

नयाँ राजाले लज्जित हुँदै भने-तिमीले कुनै अपराध कर्म नै गरेकी छैनौ भन तिमी कसरी अपराधी । बरू मेरा पिता महाराजले तिमीमाथि धेरै अन्याय गरे । म उहाँको तर्फबाट माफी माग्छु र तिमीलाई रानी बनाउने प्रस्ताव राख्छु ।

बुधनीले पनि नयाँ राजाको प्रस्ताव सहर्ष स्वीकार गरिन् । उनले रानीको हैसियतले त्यो देशलाई उन्नतिको शिखरमा पुऱ्याइन् ।

सुन्नेलाई सुनको माला
भन्नेलाई फुलको माला
यो कथा बैकुण्ठमा जाला
भन्ने बेला खुरुखुरु आउला ॥

## ३.९ मामा ओ भैंने कथा

यो लोककथा कैलाली जिल्लाको धनसिँहपुर गाविस-२ बस्ने रामप्रसाद चौधरीबाट सङ्कलन गरिएको हो । यो हास्यव्यङ्गात्मक  विषयसँग सम्बन्धित छ । यस कथामा स्वार्थी मामा र कर्मठ भान्जाको गतिविधिहरू पाइन्छन् ।

### ३.९.१ मूलपाठ

एकथो गाउँमे राम बहादुर नाउँके मध्यम वर्गीय किसान रहे । ओकर खैना पिनाके कोनो कमी नै रहिस । कुछ गाई वस्तु फेन पल्ले रहे ।

दोसर गाउँमे ओकर भैन वीरबलके घर रहिस । राम बहादुर आपन भैनेहे दुध खाइकलग एकथो भैसीनिया देले रहे । जवान वीरबल एकदम काम कैनाहा रहलक ओरसे बडा मेहनतले, घाँस दाना खवा खवाके उ भैसिनियाहे ठुल्ह कराईल । दुध फेन धेर धेर दिइस । दुध दही प्रशस्त खाए व थोर बहुत बेच फेन धारे । ऐसिक वीरवलके घर व्यवहार मजासे चल्ति रहिस ।

एक दिन रामलाल आपन भैनेक हाल चाल बूभ्कलग ओकर घर गईल । मामा भैनेक भेटघाट हुईलिन । बातचित चल्लिन । घरमे बाँधल मोटाईल भैसिनिया देखके रामलाल छक्क पर गईल । “भैने अतरा ठुल्ह भैसिनिया मोरे देहल हो ?”

“हाँ मामा, केकर देहल रही ते ।”

“भैने एकथो बात मनेम आईल बा तुहिन कहुँ कि ?” “का करे नै कबे मामा कोइह ना ।” “सुनो भैने, यी भैसिनिया महि दै देउ बेन एकर बदलामे मोर घरेसे अपनेहे रोजके दोसर लैयन्हो । नै हुई ?” रामलाल लोभ देखाईल ।

“कहाँ हुई मामा, भैसिनिया देके फेन लैजाइक खोजना, तै कैसिन मामा हुइस ?” वीरबल नै मानल । बतइम बतइम सोचती रामलाल चुपा गइल । मिभ्नी उभ्नी खाके रामलाल आपन घरे वर चल देहल । रामलालके मनमे पाप बसेरा कैरले रहिस । ओहे रात आके आपन भैनेक भैसिनियाहे मुदारले गेर देहल । ओकरबाद घरे वापस चल आइल । वीरबल वेहान उठके घारीमे जाके हेरल ते भैसिनियक ऊ हालत देखके आकर रोइ छुट गइलिस । गाउँक मनैनहे वलाके खेतवा ओर भैसिनियाहे बगाइल । वीरबल एकथो सर्कियासे छाला चिरबाके कुछ दिन सुखवाइल ।

एक दिन वीरबल उहे छाला बेचना कैहके घरमे निकरल । जाईत जाईत एकथो बनवामे ओकर रात पर गैलिस । एको रुखवामे जाके बैठल, खा पिके सुतगईल । अभिन मजासे निद नै परल रहिस । तब्बेहे ओहे रुखवातिर गुन गुन गुन गुन सुनल । ऊ देखल तिन थो चोर चोराके ननलक रुपैयाँ पैसा बाँटक लग सक्कू जाने ओथेहे धइले रहित । जीवबल देखल मौका ईहे हो, कहिके ओहे छाला भद भद भद भद बजाईलागल । “अरे भुतवा होकि का रे यी ते” कैहके तिनु जाने रुपैया पैसा छोड छाडके आपन आपन मुरीम गोर धैके पुँछउख्खारे केहोर भग्ला केहोर नै । भ्कटपट वीरबल तरे आके रूपैयाँ पैसा पोट्रयाइल ओ छाला ओला बगाके दोसर रुखवा पर जाके बाँकी रात विताइल । बेहान हुइल ते वीरबल आपन घरेओर चल परल । ऊ बहुत खुसी रहे । कुछ दिन परसे उहे पैसाले कुछ भैस, घरक खर्चा किनल । टेबुल कुर्सी फेन बनवाइल ।

कुछ दिन परसे भैनेक हाल चाल बुभ्कके लग आइल रामलाल । वहाँ पुगल ते देखके उ दंग हुइगल । आपन भैनेक घरक सवधन जुटल देखल ।

भैने यी सब भैस कहाँले नन्लो, टेबुल कर्सी फेन बनवा रख्लो ? रामलाल पुछल । “का कहबे मामा मोर भैसिनिया केजुन मुवा देहल, ओकरे छाला ओला बेच्लु, वडा महंगा विकल अरे । उहे पैसाले बनैलु यी सब, तोर ते आउर धेर भैस बताँ, कथेक कमैबे कथेक नै ? वीरबल बुद्धि निकारल ।”

“ठिक कहलो भैने भे ओस्तक करम” कहल रामलाल । मिभ्नी उभ्नी खा पिके घरे गइल ।

जाके रामलाल १/२ थो भैस छोडके सब भैस छटाछट गेर देहल । तब छाला सुखवाके सहर ओर बेचे चल देहल । मिल्लीस । आपन भैनेक पर महारीस उठलिस, उहे रातके जाके वीरबलके घरेम आगी लगा देहल ।

ओहोर आपन जिउकिल बचाँई पाइल वीरबल । सवचीज स्वाहा हुगइलिस ओकर आँखीक सामने । बिहाने सब भुवा (खरानी) दुइथो गँठीयामे भरल ओ गाउँक एक जहीनसे घोडवा माङके भुवा बेचे चलल । जाइत जाइत कएकथो लदीया परलीस । ठिकके एकथो महाजन (सेठवा) फेन ओहपार जउइया रहे, घोडवा देखके उही कुछ खुसी लगलिस ।

"अरे मही घोडबामे चाह्लाके घरसम पुगादेते ते मै बडा गुन मनतु" सेठवा कहल ।

"यी गँठियामे हमार मालिकके सोन चाँदी भरल बा । तुँ बैठबो ओ पाद ओद देवो ते यी सारा सोन चाँदी भुवा बनजाइ मै ते नै बैठे देम" वीरबल नै मानल ।

ले ले भुवा वनजाई ते, मै देम ओत्रेचे सोन चाँदी भरदेम । महीघर सम ते पुगा, आज महा थकाइल बातुँ रे । तब वीरबल सेठवाहे घोडवामे चौढाके ओकर घरसम पुगादेहल । उहे गठिया हेरल ते भुवा देखल । यी देखके उ हो हो रोइ लागल आब मै मालिकसे का बतइम ? मै आब मुउइया हुइलुँ ।

यी सब देखके सेठवाहे बडा दया लग्लिस तब आपन खजानामेसे दुई गीया सोन चाँदी भरवाके पठादेहल । वीरबल चलदेहल आपन गाउँ ओर । ओहे पैसाले झकसे एकथो महल बनवादारल । सक्कु सामान जुटाइल । खैना पीना कौनो कमी नै रहिस । २/३ महिना परसे रामलाल आपन भैनेक हाल खबर बुझे ओकर गाउँ पुगल । उ ते ओकर घरे नै पता लगाई सेकतेहे । खरेले छाइल रलक ठाउँमे विल्डिङ देखल । डराइत-डराइत पुगल वहाँ । उपरक तालमसे वीरबल आपन मामाहे  देखलेहल । छक्क परल रामलाल सारा चिज देख्के ।

"मै सपना ते नै देख्थु, मैने कहिया कहिया अट्ना धनी हुइलो रामलाल पुछथ ।"

"का कहुँ मामा घर जरगइल भुवा बेच्के पैसा जोडलु । यी सब उहे पैसाले ते हो । दुई गठिया हुइल रहे । भुवा आउर मँहगा विकल रे मामा, वीरबल लगाइल गफ ।"

"अरे महीहे ते कुछ पटेनै रहे ।" रामलाल कहल । अस्तक बात वत्वाके सेकके मिझनी खइला । दुई जाने आउर बात चित कर्ला व सन्झा ओर रामलाल घरे गैल । आपन भैनेक बात महा मज्जा लग्लिस । जाके आपन रना घर भर छोडके २/३ थो घर डुङ धारल । दोसर दिन बिहानके ३/४ घोडीनमे लाडके बेचे चलल रामलाल लेकिन कुछ नै बिकलिस ।

झोक्काइल ओ अन्धार मुह लले उ घरे लौट आइल । दोसर दिन एकथो डोली बनवाके आपन कमुयनहे बोकाके बीरबलके घर पुगल । जाके जबर्जस्ती उहीहे पगहाले बाँधके डोलीक भीतर पैथोइला । "ओ कुह्लामे फेकके आऊ इही" कना आदेश पइतीकील उ कमुइयन चलदेला कुह्ला ओर ।

जाइत जाइत दुनु कमुइयनहे हेगास लग्लिन, लग्गे नुकनार ठाउँ नै रलक ओरसे दुनु जाने बडा दूर हेगे चल देला । ओहोर एकथो अहिरा (यादव) एक बगाल भैस चढाईतेहे । "उ डोलाम का चिज हुई" कना उही उन्नास वडा इच्छा लग्लिस । डोली उभूकके हेरल ते देखल एको मनैईया बन्धवा पाईल ।

मौका पैटीकिल वीरबल कहल ओ दोसवा, हमै सादी करक मना नाई है, तुम्हे मना है तो हमार हाथ पैर केर लसरी छोड देउ । तब तुहिन हम बाँध देवै तुँ लावा मेहरारु पाइजईहो ? हैनाई ?

"कैसे नाई हुई भइया हम तोहार हाथ गोड छोड देवै" अहिरा खुसी होगइल तब बीरबल उहीहे लसरीले कस कस बाँध देहल ओ अपने अहिरक सक्कु भैस हाँकके घर ओर चल देहल । अहिराहे लैजाके कमुइयन कुढामे डोली सहित दार देलिस, अहिरा मर गईल ।

एक हप्ता परसे रामलाल बडा खुसी होके आपन भैनेक महल (घर) लेहक मेरे ओकर घर चलल । वहाँ पुगल ते देखल ठँरिया भर भैस बाँधल । वीरबल जुन घाँस दारतहे । छक्क परके रामलाल हेरल आपन भैनेहे, वीरबल आपन मामासे नै भोक्काइल । भैने तुहिनते मै कुँढामे फेकवा धरले रहुँ । फेन जी गैलो ओ अतरा धेर भैस कहाँसे नन्लो ? अक्के सासमे पुँछल रामलाल ।

का कहबे मामा जब महिहे कुहामे दर्ला ते मै स्वर्गमे सोझै पुग्गैलु । वहाँ आपन पुर्खनसे फेन भेटकैलुँ । वहाँ प्रशस्त भैस गोरु ओस्ते मिल्था । जथेक छेकेसेको उ आपन हो जइथा । तोर पुर्खनसे फेन भेट हुईल रहे । बलइले बताँ । बुद्धि निकारल वीरबल ।

तब ओस्ते करे परल भैने आभ्कु सक्कु जाने कुह्वापर जाई परल । तुँ फेन चोलहो नै कहिके घरे ओर चल देहल । रामलाल आपन सक्कु परिवार लेके कुह्वा थेन गैल । वीरबल पहिलेसे वहा बैठल रहे, भैने यी लडकनहे बाँध बाँध पहिले कुह्वामे दारो पाछे पाछे हम्रे जाब । रामलाल अह्वाइल । ठिके बा मामा कहिके सक्कुहन झमाझम पानीम दार देहल । सब भित्रे रैह गैलाँ ।

खैते भैने अभिन कुछु नै नान थुइत भ्के ? रामलाल शंका करल, मामा तै मालिक भर ढिकवामे बते ते कहाँ नन्ही, ओइने ते रोजमे लागल हुईही, जै तैबे तब्बे । वीरबल ताल गठा देहल ।

“लेउ ते मही फेन बगाउ, भैने” कहल रामलाल । यी आदेश पाइती किल मासे बाँधके आपन मामाहे बगाइल बिच कुह्वामे । बुज बुज्जा छोडती रामलाल फेन जम जमसे बुरगईल । सब जाने एकचिहान होगईला ।

अत्रा हो बात अत्रै हो चित

हँसिया लेबो कि बेंट

बेंट

तोहार मोर सध्यें हुइ भेंट ।

स्रोत : रामप्रसाद चौधरी धनसिंहपुर २ कैलाली

## ३.९.२ नेपाली अनुवाद

कुनै गाउँमा एक धनी किसान बस्थ्यो । उसको कुनै कमी थिएन । उसले प्रशस्त गाईभैंसी पनि पालेको थियो । छरछिमेकमा त्यो किसानको निकै चर्चा थियो ।

केही परको गाउँमा सो किसानको वीरबल नामक भान्जाको घर पर्थ्यो । उसले भान्जालाई दूध खान भनेर एउटा भैंसी दिएको थियो । वीरबल बडो मेहनती थियो । उसले भैंसीको खुब स्याहारसुसार गऱ्यो । प्रशस्त घाँस, दानापानी ख्वायो । केही दिनमा भैंसी पनि ब्यायो । ऊ थोरै दूध खान्थ्यो भने बाँकी दुध बेचेर गर्जो टार्थ्यो ।

एक दिन किसान आफ्नो भान्जाको हालखबर बुझ्न भनेर वीरबलको घरतिर लाग्यो । मामा-भान्जा बिच सामान्य भलाकुसारी भयो । किसानले गोठमा निकै मोटोघाटो भैंसी र सँगै पाडो पनि देख्यो । उसले सोध्यो-ए भान्जा बाबु, यो केही महिनापहिले मैले नै दिएको भैंसी होइन र भन्या ?

-हो, मामा, मलाई अरू कसले पो दिन्छ र । तँपाईले नै दिएको भैंसी त हो नि ।

-ओहो कस्तो विश्वासै गर्न नसकिने ? त्यस्तो लिखुरे भैंसी यत्रो मोटोघाटो भएको । भान्जासँग एउटा सल्लाह गरौं कि भनेको .........।

-कस्तो सल्लाह ? भन्नुस् न मामा ।

-सुन भान्जा, यो भैंसी मलाई देऊ । बरू मेरो गोठबाट आफैले छानेर दुई वटा भैंसी लिएर आउनु ।

-त्यसो त कहाँ हुन्छ र मामा, एकपल्ट दिएको भैंसी फेरि लान खोज्ने ?

किसानले अरू विवाद गर्न चाहेन । धनी भएर के गर्नु ? ऊ त लोभी पनि थियो । यो भान्जालाई मजा चखाउँछु भनेर उसले मनमनै संकल्प गऱ्यो र खाजा-साजा खाएर किसान घर फर्कियो ।

किसानको मनमा पापी विचार पलायो-भान्जालाई दिएको भैंसी चोरेर लगूँ भने त अर्को दिन आएर चोरिहाल्छ । नलगूँ भने भान्जाको गोठमा त्यत्रो मोटोघाटो भैंसी बाँधिएको कसरी देख्नु ? त्यसैले उसले राति नै गएर खुकुरीले भैंसीलाई छप्काइदियो ।

वीरबल बिहान उठेर दुध दुहुन जान्छ त त्यस्तो अप्रत्याशित दृश्य देखेर छाती पिटिपिटी रून थाल्छ । तर जे हुनु भैसकेको थियो । यो सबै कुकृत्य त्यही मामाको भनेर उसलाई ठम्याउन गाह्रो परेन । अरू गाउँलेहरूलाई बोलायो । मरेको भैंसी खेतमा फाल्यो । सार्कीलाई बोलाएर भैंसीको छाला पनि चिर्न लगायो । सार्कीलाई थोरै ज्याला दिएर छाला आफूसँगै राख्यो ।

छाला राम्ररी सुकेपछि एक दिन वीरबल त्यही छाला भए पनि बेच्नुपऱ्यो भनेर घरबाट हिँड्यो । जाँदाजाँदै जंगलमा उसको रात पऱ्यो । आफूसँग बोकेको केही खानेकुरा खाईपिई ऊ एउटा रूखमाथि गएर बस्यो । रूखमाथि निद्रा पर्ने कुरै थिएन । यसो आँखा चिम्लेजस्तो गरेको थियो कि आफू बसेको रूखको तल केही मान्छेको गुनगुन -गुनगुन आवाज उसले सुन्यो ।

यति राति, यो अनकन्टार जंगलमा को आयो होला ? यस्तै सोचेर वीरबलले आँखा मिच्दै तल नियाल्न थाल्यो । उसले देख्यो तीन जना चोर आफूले चोरेर ल्याएको सूनचाँदी, रूपैया-पैसा एक-आपसमा बाँड्दै छन् । कुरा नमिलेर विवाद पनि गरिरहेका छन् । उसको मनले भन्यो-मौका यही हो वीरबल, त्यो धन हत्याउने उपाय गर् । उसले आफूसँग भएको छाला भडभड, भडभड गरी जोडले बजाउन थाल्यो । 'त्यो त पक्कै भूतकामे कामजस्तो छ, नत्र यति राति यहाँ को आउला ?' भन्ने ठानेर ती चिज सबै छोडेर त्यहाँबाट सुइँकुच्चा ठोके ।

वीरबल हतपत आफू बसेको रूखबाट ओर्लियो । छालासाला फालेर सबै सुनचाँदी, रूपियाँपैसा पोको पारेर अलि पर अर्कै रूखमाथि गएर जसोतसो रात बितायो । बिहान ऊ खुसी हुँदै घरतिर लाग्यो अनि त्यही रकमले भैंसी किन्यो । टेबुल, कुर्ची, खाट पनि बनाउन लगायो । घरमा राम्रो झ्याल ढोका राख्यो ।

केही दिनपछि वीरबलको किसान मामा फेरि भान्जाको हालखबर बुझ्न आइपुग्यो । उसले आफ्नो भान्जाको घरको नापनक्सा नै अर्कै देख्यो । पिँढीमा टेबुलकुर्ची देख्यो, अनि गोठमा आफूले दिएको भन्दा पनि हृष्टपुष्ट भैंसी ।

-भान्जा तिमीले यो सबै थोक कसरी जुटायौ ? यो त अचम्मै भयो नि ।

-के भनौं मामा, कुनचाँही पापीले तपाईले दिएका भैंसी मारिदियो । त्यही भैंसीको छाला चिर्न लगाएँ र बेचे । बडो महँगो दाममा बिक्यो । यो सबै व्यवस्थापन त्यही पैसाबाट गरेको हुँ । तँपाईका त झन् धेरै भैंसी छन् । तँपाईले त झन कति कमाउनुहुन्छ कति ।

-ठिक भन्यौ भान्जा । म त्यस्तै गर्छु ।

-त्यसपछि ऊ खाजासाजा खायो र घर गयो । घरमा एक-दुई वटा भैसी छाडेर सबै मानै लगायो र छाला चिरेर सुकायो । छला सुकेपछि केही दिनभित्र बेच्न लग्यो तर उसको छाला कहीँ बिकेन । सबैले उसलाई गाली मात्रै गरे । सार्कीहरूले पनि भनेछन्-गाउँघरमा मरेका भैंसीका छाला त्यसै पाइन्छ भने तिम्रो छाला कसले किन्छ ?

उसलाई आफ्नो भान्जाप्रति निकै रिस उठ्यो । त्यही राति गएर उसले भान्जा वीरबलको घरमा आगो झोसिदियो । वीरबलले बडो मुस्किलले आफ्नो ज्यानसम्म जोगायो । उसको घर-गोठ सबै क्षणभरमै स्वाहा भयो ।

बिहान वीरबलले घर जलेको सबै खरानी दुई वटा बोरामा भऱ्यो । उसले गाउँकै एक जनासँग घोडा मागी त्यसैमा लोड गरेर बजारतिर लाग्यो । जाँदाजाँदै बिच बाटोमा एउटा नदी आइपुग्यो । एक धनी व्यापारी त्यही बाटो भएर घर जाँदै थियो । उसको सवारीसाधन पनि बिच बाटोमा बिग्रिएकोले ऊ पैदलै घर हिँडिरहेको थियो । घोडा देखेर व्यापारी खुसी भयो-ओ भाइ । मलाई घोडामा बसालेर मेरो घरसम्म पुऱ्याइदिन्छौ ?

-पुऱ्याउनु त हुन्थ्यो, के गर्नु यत्रो भारी छ ।

-ए केही हुन्न, जे हुनु त्यही घोडालाई हुने हो क्यारे ।

-अब हजुरले अनुरोध गरिहाल्नुभो, कसरी टारौं ? तर एउटा समस्या छ ।

-के समस्या छ भन त, मलाई घर पुग्न हतार भैसक्यो ।

-कुरा के भने हजुर, घोडाको पिठ्यूँमा राखिएको भारीमा हाम्रा मालिको सुनचाँदी, असर्फी भरिएको छ । केही गरी हजुरले अपानवायु छाड्नुभयो भने त त्यो सबै खरानी हुन्छ । म त बर्बाद हुन्छु नि हजुर ।

-आ......, क्यै पनि हुन्न, मेरो अपानवायु छाड्ने (पादने) बानी नै छैन ।

-तैपनि नि हजुर ।

-आ........, त्यस्तै भएछ भने ल त्यति बराबरको रकम मैले दिने भएँ । ल हिँड, घोडामाथि बस्दै व्यापारीले भन्यो ।

घोडा डोऱ्याउँदै वीरबलले व्यापारीको घरसम्म उसलाई पुऱ्याइदिन्छ । व्यापारी घरको ढोका छिर्न पाएको हुन्न, वीरबल भारी खोलेर छाती पिटीपिटी रून थाल्छ । म बर्बाद भएँ हजुर, बर्बाद । अब मालिकका अगाडि के मुख देखाउने होला । कसरी तिर्नु मैले त्यतिका सुनचाँदी, असर्फी ? सबै खरानी भएछ । मेरो त जहानै डुब्ने भयो हजुर ।

युवकको अवस्था देखेर व्यापारीलाई दया लाग्यो । व्यापारी निकै धनी थियो । उसले कुनै दुःखमनाउ नगरी दुई बोरामा सुनचाँदी, असर्फी भरिदियो । वीरबल खुसी हुँदै गाउँ फर्कियो । त्यही सुनचाँदी बेचेर एउटा ठूलै महल ठड्यायो । अरू नोकरचाकर पनि राख्यो । गाईभैंसी किन्यो । उसलाई अब कुनै चिजको कमी थिएन । राजसी ठाँटका साथ आरामले जिन्दगी बिताउन थाल्यो ।

तिन-चार महिनापछि किसान आफ्नो भान्जा वीरबलको हालखबर बुझ्न पुनः उसको घरतिर लाग्यो । टाढैबाट उसले आँखा तिर्मिराउने भव्य महल देख्यो । उसले घर ठम्याउनै सकेन । मैले घर जलाइ दिएपछि मलाई उल्लु बनाउने भान्जो पक्कै पनि गाउँ छाडेर गैसकेको होला भन्ने कल्पनामा भान्जाको जग्गा हत्याउनुपर्छ भनेर ऊ आएको थियो ।

उसको एक मनले भन्यो कि जग्गा अरू कसैलाई बेचेछ भान्जोले ।

यस्तो सोच्दै ऊ महलको मूल गेटनेरै आइपुग्यो । गेटपालेलाई केही सोध्न आँटेको थियो कि माथिल्लो तलाबाट वीरबलले मामालाई देख्यो र करायो- ए, मामा आउनुभएको, आउनुस-आउनुस, सरासर माथि आउनुस् ।

वीरबलले नोकरलाई भन्यो- ए ! गेट खोलिदे, चिनिराख् उहाँ मेरो मामा हुनुहुन्छ ।

कपटी किसान सरासर माथिल्लो तलामा उक्लियो ।

-ओहो भान्जा बाबु, तिमी त मभन्दा पनि धनी भएछौ । होइन यस्तो चमत्कार कसरी भयो हँ ? कहीँ तिमीले जादुसादु त सिकेनौ ? फूमन्तर कि वाचा भन्यो, महल ठड्यायो ।

हा....हा.....हा...। मामाले के भन्नुभएको ? उसले हाँसो रोक्दै गम्भीर मुद्रामा भन्यो-कुरा के भने नि मामा, कुनचाँही पाजीले भरे घरगोठ सबै जलाइदिएछ । उठीबास भएपछि मैले त धेरै दिन केही सोच्नै सकिनँ, खरानी मात्रै भएको घर हेरेर आँसु झार्दै बसेँ । फेरि कसैले खबर ल्यायो कि खरानी पनि महँगो दाममा बिक्छ भनेर । मलाई त विश्वासै लागेको थिएन । सबै खरानी

जम्माजम्मी दुई बोरा थियो । मैले सोचेभन्दा पनि निकै राम्रो दाममा बिक्यो । त्यही रकमले यो घर बनाएँ । अरू चिज पनि जोडेँ ।

-ओहो । खरानी बेचेर यत्रो घर ?

-हो मामा, तँपाईको त झन ठुल्ठुला घर छन् । कति कमाउनुहुन्छ कति ।

-हो भान्जा, ठिक भन्यौ । त्यो जाबो फुसको घरमा कति बसिराख्नु ? तिमीजस्तै मैले पनि अब महल ठड्याउनुपर्छ ।

मामा-भान्जा खाजासाजा खाएर छुट्टिए । कपटी किसान गोठमा आफू र परिवार बस्नलाई अलिकति छेकबार लगायो र बाँकी भएका जति सबै घरमा आगो लगाईदियो । अर्को दिन घर जलाइएको सोही खरानी लिएर बेच्न हिँड्यो । खरानी जाबो कसले किन्ने । 'ए यो त्यही मान्छे होइन, अस्ति-अस्ति छाला बेच्न आउने ?' भनेर धेरैले उसलाई गिल्ला गरे । ऊ निराश भएर फर्कियो ।

रिसाएको अनुहार लिएर ऊ घर फर्कियो । घर के भन्नु, अब त गोठ मात्रै बाँकी थियो । यसपालि पनि भान्जाले मलाई उल्लु बनाएछ भन्ने कुरा उसले बल्ल थाहा पायो । यसरी त मलाई जिन्दगीभरि ठगिरहने भो भान्जोले, त्यसैले अब यसलाई नमारी भएन । यही सोच्दै नोकरचाकरसहित अर्को दिन बिहानै भान्जाको घरमा पुग्यो ।

भान्जाको हातखुट्टा बाँध्न लगाई डोलामा हाल्न लगायो र दुई जना कमैयालाई बोकाएर नजिकैको तलाउमा फाल्न आदेश दियो । आफ्नो भान्जालाई पनि जिउँदै फाल्ने, कस्तो मामा रैछ, समाजले यस्तो नभनोस् भन्ने सोचेर किसानले भान्जालाई फाल्न डाला बनाएको थियो ।

आफ्नो मालिकको भान्जालाई फाल्न जाँदाजाँदै दुवै कमैयालाई दिसा लागेछ । डोला बिसाएर अलि टाढाको झाडीमा गएछन् । त्यही छेउछाउका एक यादव (अहीर) भैंसी चराउँदै रहेछ । डोलाभित्र के छ भनेर भन्ने उसलाई उत्सुकता जागेछ । आफ्नो खुल्दुली मेटाउन ऊ डोला खोलेर हेर्छ त एक युवक दुवै हातखुट्टा बाँधिएर लडिराखेको ।

मौका देख्नासाथ वीरबलले उपाय लगायो-ओ दोस्त, मलाई विवाह गर्ने इच्छा कति पनि छैन । त्यसैले मेरा बा-आमाले यसरी जर्बजस्ती बिहे गरिदिन लग्दै छन् । यदि तिमीलाई बिहे गर्ने इच्छा छ भने मेरो हातगोडा खोलिदेऊ र तिमी मेरो ठाउँमा बस । तिमीले दुलही पाइहाल्नेछौ ।

यादव पनि युवक नै थियो । उसको साँच्चिकै बिहे भएको थिएन । त्यसैले हुन्छ साथी, दुलही पाउने काममा म किन पछि पर्छु र ? भन्दै वीरबलले यादवको हातखुट्टा बाँधेर डोलाभित्र हुल्दियो ।

केही दिनपछि कपटी किसान भान्जाको महल, जग्गाजमिन सबै हडप्नु पऱ्यो भनेर उसको घरतिर लाग्यो । उसको घर पुग्दा उसले भान्जाको गोठभरि टन्नै भैंसी देख्यो । वीरबल भैंसीहरूलाई घाँस पराल हाल्दै थियो । छक्क परेर किसानले भान्जालाई हेरिरह्यो ।

-ओहो, भान्जा बाबु, मैले त तिमीलाई तलाउमा फाल्न लगाएको थिएँ तर तिमी त बाँचेका रहेछौ । फेरि भैंसी पनि यतिका धेरै ल्याएछौ, यो कसरी सम्भव भयो हँ ?

-के भनुँ मामा, अब तँपाई दुवै कमैयाले मलाई तलाउमा फालेर आए । म त सोझै स्वर्गमा पुगेछु । त्यहाँ मेरा बाआमासँग पनि भेट भयो । मेरो भाइ कस्तो छ भनेर आमाले तँपाईलाई सोध्दै हुनुहुन्थ्यो । ओहो, त्यहाँबाट गाई ल्याउने कि, भैंसी ल्याउने कि, घोडा पनि ल्याउने कि ? जे पनि जति पनि ल्याउन पाइन्छ । यी देखिराख्नुभएको छ मैले यतिका भैंसी ल्याएँ ।

वीरबलले मामालाई फुर्क्यायो । मामाले फुर्किएर भन्यो-त्यसो भए यसो गरौं भान्जा, आजै सपरिवार म पनि त्यहाँ जानुपऱ्यो । आफ्ना पुर्खाहरूलाई भेटन पनि पाइने, गाईवस्तु त्यतिकै ल्याउन पनि पाइने, किन ढिला गरौं र ।

-हजुरको मर्जी, मामा म के भनौं ?

-बरू भान्जा बाबु पनि त्यो तलाउसम्म जाने कि ?

-हुन्छ मामा, जाऊँ ।

कपटी मामा सपरिवार तलाउछेउमा पुग्यो । वीरबल पनि सँगै थियो । पहिला छोराछोरीका हातखुट्टा बाँधेर उसले तलाउमा फाल्यो । एकछिन पछि श्रीमतीका पनि हातखुट्टा बाँधेर उसले तलाउमा फाल्यो । निकै बेरसम्म कोही नदेखिएपछि कपटी मामा आत्तिएझैं भयो ।

-खै त भान्जा, कुनै चिजबिज लिएर कोही निस्किदैनन् त ?

-आ...., मामा पनि, घरमालिक तपाँई यहाँ । उनीहरूलाई को लाने भनेर छान्न गाह्रो भयो होला नि । आफन्तहरू सँग गफगाफ गरेर अलमलमा परेका पनि हुन सक्छन् ।

-त्यसो भए अब मेरो पनि हातखुट्टा बाँधेर फाल न त भान्जा ।

वीरबलले दुःख दिने मामालाई तलाउमा फाल्न किन बेर गर्थ्यो । जोडले कसेर हातखुट्टा बाँधी बिच तलाउमा झ्वाम्म फालिदियो । यसरी भान्जाको धन खान खोज्ने कपटी मामाका सपरिवार एक चिहान भए । यता वीरबल बल्ल ढुक्कसाथ आनन्दमयी जीवन बिताउन थाल्यो ।

सुन्नेलाई सुनको माला,  
भन्नेलाई फुलको माला  
यो कथा बैकुण्ठमा जाला,  
भन्ने बेला खुरुखुरु आउला ॥

## ३.१० हग्गु कहाँ कथा

यो लोककथा कैलाली जिल्लाको चुहा गाविस-१ बस्ने सुरज चौधरीबाट सङ्कलन गरिएको हो । यो हास्यव्यङ्ग्यात्मक विषयसँग सम्बन्धित छ । यस कथामा चतुर केटा र उसका गतिविधिहरू समेटिएका पाइन्छन् ।

### ३.१०.१ मूलपाठ

सँन्झाके समय रहे । दुइथो चोर कौनो गाउँमे प्रवेश कैला । नै चिन्हलक ठाउँ, केकर घर जैना हो ? किहीहे का नात लेके बलैना हो ? ओइनहे अप्ठ्यार पर्लिन । भुँख जुन मनके लागतिहिन । जस पडी कैहिके एकथो घरेम पैठलाँ । भित्तरसे एकथो १२-१४ वर्षक लवण्डा निकरल । ओइने मने-मने सोच्लाँ भैने (भान्जा) कलेसे ठिक परी काहुन ! एकथो चोरवा वोलल- भैने होइ ! भित्तरे के - के वा होइ । लवण्डा कहल दाइ किल बा । चोर कलाँ जाऊ ते बला देऊ, चोर मने मने खुसी हुइलाँ व कलाँ अरे गँठ गैल । जन्नी मनै किल बा । लवण्डा सरासर भित्तर गैल व कहल दाई ! कहाँक जुन मामनके आइल बता, तुही बलाईतताँ ।

भित्तरसे जन्नी मनै निकरल । दुनु चोर दिदी राम-राम !- कहलाँ ।

राम-राम भैयवनके, जन्नी मनै कहल- मै ते भैयवनहे नै निन्हे हस कैलुझे ? चोर ( अक्कनैती) ओहो ! दिदी फेन सही विसरैनहा बा (बात बनैती) तारे भोजेम हम्रे फेन बरात खेले आइल रही की ! तै डोलिक भित्तर, वहाँ लैगैला ते फेन कोन्टिएमे मज्जसे देखबे नै करल हुइबे । अब्बे भातु रताँ ते फटसे चिन्ह लेताँ । जनेवा कहल- चिन्हे हस ते लागल, ऐसिन धेर वर्ष फेन हो गैल, ओहे फेन नै चिन्ह जाइथ कि कहाँ जाइतो ते भैवनके ?

गाउँ बा हमार महाँ दुर, लागल महा भुख ओहेक ओरसे दिदीहे दुःख देहे हस । इहे बतैया (चिरैया) नन्ले बाती । यक्रे तिना निन्ह दे ओ जाँड गिज्ला दे । जनेवा ठिक वा भैयवनके कहथ । यकर बाबा अपन सस्रार गइल बताँ तौन अभिन नै आईल हुइँत । कहिया अइथाँ ? अत्ना कैहके ऊ भित्तर पैथ जाइथ । चोर निश्चित हुके बैठल रथाँ ।

छावा रे ! मै पानी भरे जाइतुँ । टिना बैठा देले बटु । अपन मामनके नानल शिकार हेर्दिस नै ते बिलरिया कुल खा दी, दाइ कलिस । 'हाँ हाँ दाई ! कहिले लवण्डा चुल्हीथन बैठ गैल ।'

मौका इहे हो कहिले लवण्डा चुल्हीपर बैठाइल एकथो वतैयक शिकार चप्का लेहल । चोर बहरीमसे हेर्ती रहित । एकथो चोरवा कहल-ओहरो होइ ! एकथो शिकार ते लवण्डा खा लेहल । जब दाइ रि दिई ! बिलरिया एकथो शिकार खा देहल । ते दाई कालिस- 'अरे कैसिक खाईल ? अस्तक्ते खाइल' कहिले लवण्डा दोसर वतैयक शिकार फेन खा देह । बिना नै बतैले सारक लवण्डै दोसर चोरवा फुस्फुसाइल ।

लेउ भैयनके मिझनी खाऊ । तुहिनके भैने शिकार खवा मारल बिलरियासे । इहे लर्चक ओर्चक साग खाउ जनेवा कहल, चोर कहलाँ-खाव ते दिदी भुँख फेन मनके लागता । भितरे भितरे भर झोक लागिन, वतैयक शिकार गवाई पडलक ओरसे । आज रात हो राखल भैयनके ईहे सुत जैहो - जनेवा कहल । चोरनेह चहहिन का ठिकेबा दिदी ! कहला ।

बेरी - ओरी खाके चोर निदइलक भेख धइके सुटला । रातके कोन्टी कोन खोज्लाँ तौन कौनो फेन सामान ऐसिन हाथ नै पर्लिन जोन लैजाई लाइक रहे । लवण्डक हाथेम चांदिक बाला रहिस लेकिन निरकना कैसिक हो । फेन ओस्ते सुत गैला ।

सकारे उठला ते चोर कलाँ - दिदी हम्रे जाइती भैनेहे एक घचिक बजार खेल्वाई । बजार फेन लग्गेहे बा, मिठाई उठाई लेहवाके पठा देब । लैजाउ ते - जनेवा कहल । चोरनके आँख जुन लवण्डक वालापर पडल रहिन ।

लवण्डा खेल्ती थनिक आगेआगे नेगे । चोर खुस्फुसाईत 'यी लवन्डक वाला बिना नै बेच्ले, ना होई ? दोसर चोरुवा हाँ-होई ! सारक गदहा दुनु बतैया खा देहल ! चोरन खुस्फुसाइत देखके लवण्डा मने-मने सोचल दालमे जरुर करिया बा । ऐनसे होसियार रहे परल । जब बार आइथ ते चोर कहथाँ-भैने होई ऊ बाला (ओकर हाथे ओर देखैती) बेच्बो ? नै बेचम कि मामा-लवण्डा कहल । बेच धारो धेरे रुपिया आई । ऐनसे बचे नै सेकजाई कुछ उपाय करे पडल कैहके लवण्डा बेचम ते का कहिके कहल । चोर कलाँ- जाऊ तु बेचे, हम्रे ईहे निमक रुखवा तिर रहब । जब लवण्डा बाला बेचके पैसा लानी ते सब अछोर लेव कहिके बतवाई लग्ला ।

लवण्डा एकथो सेठवक घर पुगथ ओ कहथ, सेठजी हम दो आदमी लाए है । कोइ खालि ठाउँ है तो रखलो । सेठवा लवण्डाहे हेर ओ नै पत्यैना बात हम करथ, अरे आदमी की तो हमे सख्त जरुरत है कलही ३-४ नौकर नौकरी छोडकर चले गए, क्या तुम करोगे काम ? लवण्डा कहथ, नही नही हम नही करेगें । वह वहाँ दिख रहे है ना ? निमके पेडके पास दो आदमी बैठे है, वही है काम करने वाले । लवण्डा ओहेसे गोहराइथ, अरे ! मामा दुनु बेचु कि एक्के थो ? चोर कथा दुनु बेचो दुनु....। चोर सम्झथा लवण्डा बा लाते कहथुई.... । ओहोर लवण्डा कहथ-देखिए सेठजी आप अप्नेही कानोसे सून लिए है । अब तो विश्वास हुआ । सेठवा कहथ हो गया, हो गया । सेठवा लवण्डाहे पैसा बुझा देहथ ते लवण्डा सकिरकि गल्ती ओर खुसिट जाइथ ।

सेठवक नोकर चोरन थन जाके कहथा-एकथो लवण्डा तुहिन बेच रखलस आबसे तुहरे हमार नन्हे नोकर होऊ चलो । दुखु जाने चोर फँस जैथाँ ओ पस्टाके रहै जैथाँ । कब्बु भेट हुइलेसे बदला लेना विचार करथाँ । लवण्डा चोरन बेचके रलक पैसा लेके घरे नै जैना विचार कर । २-४ वर्ष एहोर ओहोर टहरना, मिल गैलेसे नोकरी कुल कर्ना मन हो जैथिस ।

बिना उद्देश्यके एकदिन लवण्डा नेगती रहथ । नेगत-नेगत बनुवा अइथिस । बनुवामे लवण्डक भलुवासे भेट हो जैथिस । भलुवा लवण्डाहे चिमोथे लागथ । ओकर गोझूमे रलक पैसा छिटिक जैथिस । उहे डगर एकथो पुलिसवा आइतेहे । पुलिसवा ओत्थे पुगल ते लवण्डा कहल - होइ गोचा ? का हेरतो- होई ? उ पैसा बिटोर देऊ । नै हेर्थो भलुवाहे नचैवो ते पैसा हग्गथ । ऊ पुलिसवा झटपट पैसा विगोर देहथ । ओ अपने पैसा पाइक मारे भलुवासे लड पर । ओहोर लवण्डा पैसा लेके टाप कस देह । भलुवा पैसा हग्गी का हग्गी । पुलिसवा वडा मुश्किलसे आपन ज्यान बचाके भागथ ओ मने-मने लवण्डासे बदला लेना विचार ओकर मनमे जड गाड लेथिस ।

जैते -जाइत जैते-जाइत लवण्डा मिच्छा जाइथ । ओहरे गाउँ ओर फलफुल कूल किनके खाइथ । दिन बुर गैलक ओरसे सुत्ना ठाउँ पत्ता लगाई लागथ । ओकर सँगसँगे एको कुकरा फेन आइल रथिस दुरसे एकथो वगिया देखथ । रात ओहे बितैना विचार कैके चलपडथ । कुकराहे सिरन्नही ओर कैके पुष-माघक जारतौन नंगधोधा सूत पडल । बगियक एक कोनवामें जागा (गोरु भैंस सटुइया) फेन बास बैठल रहित । ओत्ना जाडेमे फे लवण्डाहे सब भ्फुलुवा निकारके विन ओढनिक सुतल देखके ओइने छक्क पड गैला, जबकी ओइने गुडरिक भित्तर चपकल रहित तौन जाड पछेड्ले रहिन । एकथो जगुवा पुछ बैठलस ओ, दोसुवा तुहै जाड नै लागत रे ? लवण्डा कहठ-कहाँ लागी, हमार सब जार तो यिहे कुकरा लै लेहथैं ।

'अच्छा ऐसा बात है । कुकरा तो बहुत बहिया है' दोसर जगुवा कहथ । सब जागा एक घचिक गनमन-गनमन कैथाँ । ओ सल्लाह करा यी कुकराहे ते खरीदे परल । यी रही ते ना हम्रहीन गुदरी गुण्टा बोक्ना भ्फञ्भ्फट रही ना कुछ । सकहुनके जाड उहे कुकरा लैली । तब जगुवक अगुवा कहथ ओ दोसुवा ! यी कुकरा हम लोगन का देवो ? लवण्डा कहथ - का दे ाई । अतना बढिया कुकरा अरे दुई सयक दै देउ । तब्बो लवण्डा मन नै कर । कत्नामे देहबो ते जागा कथाँ । अरे पाँच सयक लैजाउ, न हमार घाटा न तोहार घाटा । जागा ऊ कुकराहे किन लेथाँ । ओ आपन सिरहनी खुटी गाडके बाँध लेथाँ । एकथो जगुवा लग्लगैती कहथ-खै हो । दोसूवा जाड तो नै रुकै । लवण्डा कहथ- अरे ! बँधती किल कहाा रोके सेकी, विचारा मालिक लावा भेटाइल एक घचिक ते चिन्हती लगहिस् । कुछ घचिक रहिके रोकवे करी । तब जागा कथाँ - ठिक कहथौ दोसुवा । जागा जाडक मारे थुरथुरइथाँ ओहोर लवण्डा एक घचिक रहिके टाप कस देहथ । रात कौनो गाउँमे बिताइथ । जब ागनके जाड आधा रात फेन नै भगथिन ते सोच्या, पक्के लवण्डा हम्रहिन ठगके भाग ते सोच्था, पक्के लवण्डा हम्रहिन ठगके भाग देहल । बडे ठगुवान ते हम्रहिन लागथ, भेटाव ते बिा नै बदला लेले, ओइने गल्मलईथाँ ।

एक दिनके वात हो, लवण्डा एकथो लदियक ढिकुवा पर बैठके भवरी खाईतेहे । लदियामे एको धोबिया लुगरा घोइत रहे । संगे आपन छोटनक छावाहे फेन नन्ले रहे । धोवियक छावा कहलिस-बाबा हम भी भँवरी खाव । तब धोविया कहल ओ दोसुवा हमार लड्कवाहे फेन भँवरीया खाइक दै देउ हो । तब ऊ लवण्डा कहल-अरे वनुबामे तमान भँवरीवा फडा है, हमसे का मागथैं । धोवियक छावा जिद्दी करे लग्लिस ते हावाहे लेके लग्गक बनवामे भँवरी खोजे गैल । तब लवण्डा मौका यिहे हो कैहके मजा-मजा लुगरा धोवियक धोइक नन्लक घालल ओ ओकर घोडवा पर सवार होके टाप कस देहल । जब बनुवा ओरसे धोविया आइथ ते देखथ घोडवा नै हो । भँवरी ते नै मिलल नै मिलल, घोडवा गायव । ऊ छाती पिट-पिट रोइ लागथ । चहा जैसिक ऊ लवण्डाहे खोजके बदला लेना विचार कर्ती आपन घरे ओर चल देहथ ।

कुछ दिन होके लवण्डा घोडवक पर सवार होके शहर घुमे जाइतेहे । डगरेमे एको बुढिया आपन जवान नतिनियाहे लेके शहर मे सौदा आपन जवान नतिनियाहे लेके सहर मे सौदा करे जाइतेहे । तब लवण्डा घोडवक चाल धिरे कैके पुछ्थ-अरी ! बुदी एसिन सुग्घर जोन्हिया अस नतिनियाहे ऐसिन घामे-घामे नेगाके कहाँ लैजाइते ? तब बुढिया खेलवाडे बुधी आपन घोडबामें । लवण्डा एक हाथ नफाइथ बुढिया पाछे - पाछे दौडथ, कहाँ लग दौडी बुढाइल मनै । पश्चाके रहि थाइथ । मने-मने खुसी फेन लगलिस । यी ओरसे कि आखिर एकदिन तो कर्ने रहे । लेकिन दुःख फेन लग्थिस् कैसिन लवण्डा हो कैसिन, पालठ कि नै ? लेकिन एक न एक दिन पत्ता लगाके नै छोडम् कैहके बुढिया ओत्थेसे घरे घुम जाइथ ।

समय बित्ति जाइथ । लवण्डा आब जवान हो रख्ले रहे, २०-२२ वर्षके लक्का जवान । बुढियक नतिनियाहे उ आपन जनेवा बना रख्ले रहे । घरक मनै भोज नै कैथिस, ओहेक ओरसे ऊ फेन दुलहा पाके अत्ना खुसी रहे कि मानौ उही हीरा मिलल बतिस । ऊ आपन थरुवक (पतिक) सेवामे अत्ना जुटल रहे कि लवण्डा आव ठग्ना ओग्ना विचार छोड्के मज्जा जागरिके तलाशमें रहे । कब्बु घुमे जाए ते भेष बदलके घुमे जाए ।

आज सहरमे बडुवाल मेला लागल रहे । सब जाने आपन कामसे छुट्टी मागके मेला हेरे आईल रहिट । सहर मनैनले गजागज रहे । लवण्डा फेन आपन जनेवाहे लेके मेला हेरे चलल-

मेलामे एकथन ऐसिन हुइल कि दुनु चोर, पुलिसवा, जागा, धोबिया, बुढिया ऊ लवण्डासे अकस्मात भेट हो गैलाँ । लवण्डाहे ऐसिन लग्लिस मानौ मोर काल आगैल । चोर कलाँ - भैने होई खोव बेचके भागल रहो ना आव बेच्ना पाला हमार बा । पुलिसवा कहल-भालुक नाच सम्भना बा गोचाली, आज नचैम । जागा बेल्लाँ -ओ दोसुवा तोहार कुकरा तो मर गवा आव उसिकाँ गोस खिलाएंगो, और मारेंगे । धोबिया कहल - ऐ । लवण्डे तुम्हे इतना मार मारुगां की भँवरी ही भँवरी देखेगा । बुढिया कहल-नाती दमाद तु ते बडे चलाख निकरलो, आज उ चलाखी निकारम ।

सब जाने लवण्डाहे मारे छुट पर्ला । मनैमनके भिड ओहोर ऐलिन । ओइन बात बुझला ते कहाँ तुहरे ऐसिन जिन कुरो । इही राजक न लैजाउ । यी दण्ड फेन भेटाई तुहरे ठगुवा पैलक हर्जाना फेन भेटैबो । सब जाने उहीहे दरबारमे लैगैला ।

जब राजक दवारी पर लवण्डाहे पुगैथा ते रात हो राखथ । सब जाने आपन ठगुवा पैलक, फँसुवा पैलक बात सुनैथाँ । रजवा कहथ-आज रात हो गैल, सब मन्त्री लोग फेन आपन-आपन घरे गै रख्लाँ, फैसला काल्ह हुई । सब मनैनके पर्थिन सुत्ना फसाद अन्जान सहर कहाँ जैना हो । यी बात ओइने राजकन विन्ती कैथां । रजुवा कहथ-इहे एकथो कोन्ती खालि बा इहे सबजाने सुत जाऊ । लेकिन अत्ना बात याद राख्यो कोई हग्ना भर ना हग्यौ । हवस सरकार ! सब जाने कहथाँ ।

थकाइक मारे सब जाने निंदा जैथाँ लेकिन लवण्डक निंद कोशौ दूर भागल रथिस । एक कोनवामे बुढिया ओ ओकर नतिनिया सुतल रहथा । बुढिया फेन सोता पडल रहथ लेकिन ओकर नतिनियक निंद ओहिसे विदा ले ले रथिस ।

रातके लवण्डा चुप्पेसे उठथ, ओ एकथो तेलियक घर पुगथ ओ कहथ, ओ, तेली दाई ! मही १/२ किलो सम खरी (पिना) देउ ते । पैसा ते अब्बे नै हो बिहान दैदेम । मै राजक कोठीम काम करथुँ । तेलिया कहथ, अरे ! हम तुमको पहचानते ही नही है । तब लवण्डा कहथ, अरे ! लावा लावा आइल बतुँ, का चिन्हबे तेलिया - ठिक है जब राजाके यहाँ काम करते हो तो देनाही पडेगा । तब तेलिया लवण्डाहे खरि देहथ ओ पुछथ - हो भैया ! तोहार नाम का है ? लवण्डा कहथ - 'हग्गु कहाँ' तेलिया उ नाउँ सुन ते कहथ - वडा अजिब, नाम है हग्गु कहाँ ।

लवण्डा सरासर सुत्ना कोठामे आइथ । खरी भिजाइथ । जब खरी फुलथ ते सक्कुहुनके डाँडितिर धिरे-धिरे धै देहथ । अपने भर बुढियक नतिन्याहे ले के राती रात टाप कस देहथ ।

रातके सबसे पहिले बुढिया जाग । गाँडितिर गिलगिल लग्थिस । आपन नतिनियाहे कुल ख्याल नै करथ, ओहोर मनैन गोहराइ लाग, अरे ! भैया ! मोर ते गुहे आ गैल रेउ । आव ते राजा सहेब बाँकी नै रखही भागे परल । चोरवा जागथ । ऊ फेन गाँडितिर गिल्गिल भेटाइथ । आपन संघरियाहे जगैती कहथ, होइ गोचा मोरते गुहे आ गैल । दोसर चोरवा कहथ, ओहो ! मोरो गुह आ गैल । डरक झारे ते सुंध्ना कुल ख्याल नै कैाँ । सजाय पाइल डरे बस जाने राती रात भाग देथाँ ! कहाँ नियाँ, कहाँ निसाफ ।

सकारे रजुवा मन्त्रीहे कहथ, काल्हिक झगडियनहे लै आनो मूले सब जाने गै रख्याँ । मन्त्री कहथ, सरकार वहाँ ते कोइ नै हो । कहाँ गै गैल हुइही ते कहिके रजुवा सोच्ती रहथ कि दवारी पर तेलिया आ पुगथ, राजासे पुछथ, राजा साहेब, हग्गु, कहाँ ? रजुवा कहथ अरे तेलिया ! तै पागल ते नै हु रख्ले ! तमान ओर हग्ना ठाउँ वा नै भेटैले हुइस, यहाँ हग्ना ठाउँ पुछे आइल बते । तेलिया फेन दोहऱ्याइथ नाही नाही राजा साहेब हग्गु कहाँ ? रजवा झोक्काके कहथ, पागल, हराम बेइमान, गधा, पाले लैजा यिहिहे भ्यालखानामे दार दे । बडा राजासे खेलवाड करुइया । ऐसिन मनै आज पहिली बार देखतुँ । सक्करही सक्करही दिमाग खराब कै देहल । पाते तेलियाहे भ्यालखानामे ते नै दारथ लेकिन धक्का मारके जरुर भगाईथ ।

ओहोर तेलिया सोच, आझ हम राजक दिमाग खराव वतिन, काँहुन । नै ते आपन कोठीमे काम करुइया हग्गु कहाँहे ते चिन्हा चाही । अरे १/२ किलो खरी जाई ते का हुई ? किहु ठगके मै ३-४ किलो बनालेम । अत्ना सोची आपन पिठ सुइरैती घरे ओर चल देहथ ।

ओहोर लवण्डा बुढियक नतिनियाहे लेके घरे पुगथ । ओकर दाई, बाबा बर्षोसे हेराइल आपन छावाहे भेटाके महाँ खुसी रथाँ । उपरसे झक-झक बरलहस पतुहिया भेटाके ओइनके भुईयम गोडा नै रथिन । ओइने स-परिवार हाँस खेलके दिन बितैथा ।

अत्रा हो बात अत्रै हो चित

हँसिया लेबो कि बेंट

बेंट

तोहार मोर सध्यें हुइ भेंट ।

स्रोत : सुरज चौधरी चुहा १ कैलाली

## ३.१०.२. नेपाली अनुवाद

साँझपख दुई जना चोर कुनै गाँउमा प्रवेश गरे । चिन्नु न जान्नु कसको के साइनो लिएर जानु । उनीहरू असमञ्जसमा परे । भोकले भने उनीहरूलाई निकै सताइरहेको थियो । जे पर्ला पर्ला भन्दै एउटा घरमा पसे । घरभित्र १३/१४ वर्षको केटो निस्कियो ।

एकले अर्कोलाई इसारा गरे । भान्जा नाता लाउँदा ठिक पर्ला भनेर खुसरफुरस गरेपछि एउटाले सोधिहाल्यो – ए भान्जा भित्र को -को छन् हँ ?

केटाले उत्तर दियो- आमा मात्रै हुनुहुन्छ । जाउ त बोलाएर ल्याउ ती दुबै चोर निकै खुसी भए कि घरमा स्वास्नी मान्छे मात्रै छे । केटा घरभित्र सरासर घरभित्र पस्यो र भन्यो–आमा, खै कहाँका मामाहरू आउनुभएको छ । हजुरलाई बोलाउदै छन् ।

भित्रबाट स्वास्नी मान्छे निस्किई । दिदी, दर्शन गर्‍यौं - दुबै चोरले एकै स्वरमा भने । नमस्कारको प्रतिउत्तर दिदैं स्वास्नी मान्छेले सोधी – मैले त भाइहरूलाई चिनिनँ नि । एउटा चोरले कुरा सम्हाल्दै चिप्लो घस्यो –दिदीको पनि कति बिर्सिने बानी भन्या । हजुरको बिहेमा त हामी पनि जन्ती आएका थियौं । तपाई डोली भित्र । घर भित्र्याए पनि तँपाईलाई छुट्टै कोठामा राखे । हुलमुलमा राम्ररी चिनजानै भएन । अहिले भिनाजु भएको भए फटाफाट चिन्नुहुन्थ्यो ।

यसपछि स्वास्नीमान्छे मुस्कुराई – चिनेचिने जस्तो त लाग्यो । के गर्नु बिहे भएको पनि यत्तिका वर्ष भैइसक्यो तिमीहरूको भान्जो नै लाठे हुन थालिसक्यो धेरै वर्षसम्म भेटघाट नहुँदा चिन्न नै गाह्रो पर्छ नि । भाइहरू कता जान लागेका हौ कुन्नी ?

गाँउ छ हाम्रो निकै टाढा, लागेको निकै भोक । त्यसैले दिदीलाई आज दुःख दिऊँ भनेको । यी दुई चरा ल्याएका छौ । यसलाई काटकुट गरेर पकाइदिनुस् अनि अलिकति जाँड छानिदिनुस् । अरू क्यै पर्दैन । चोरहरूले ती स्वास्नी मान्छेको उत्तर दिनुभन्दा खानेकुरामा माडे । त्यसपछि ठिकै छ नि त भाइहरूलाई म बनाइदिन्छु नि भनेर उनी भित्र लागिन् ।

चरा भुत्याएर काटकुट पारेपछि चूल्होमा बसालेर उनी पँधेरा जाने भइन् । त्यसैले छोरालाई अह्राइन्– ए छोरा चूल्होमा बसालेको चराको मासु हेर । बिरालोले खाला, होस गर । केटा हवस भन्दै चूल्होमा बसालेको तरकारी रखबारी गर्न थाल्यो । पँधेरामा जादै गर्दा स्वास्नीमान्छेले भनिन्–तिमीहरूका भिनाजु ससुराली गएका छन् । कहिले आउने हुन् ठेगान छैन । चोरहरू निश्चन्त भएका थिए घरको मूली रहेनछ भनेर ।

उता चूल्होमा बसालेको आधा तरकारी केटाले कपाकप पार्‍यो । पिँढीमा बसेको एउटा चोरले भन्यो– हेर त त्यो केटाले कसरी मासु खाइरहेको छ, एक टुक्रा पनि बचाउने भएन । आमा पँधेराबाट आएपछि केटाले भन्यो–हेर्नु न आमा, बिरालोले त आधा मासु खाइदिएछ । आमाले सोधिन्– हैन तँ रखबारी बसेर पनि कसरी खाएछ ? यसरी खायो भन्दै अरू बाँकी बचेको मासु पनि खाई सिध्यायो । यो केटालाई ठिक नपारी कहाँ छोड्छौं र ? अर्को चोरले ओठ लेब्रचायो ।

लौ, भाइहरू जाँड सटासट पार । के गर्छौ, तिमीहरूले ल्याएको चराको मासु तिमीहरूको भान्जाले बिरालालाई सुम्पिएछ । यही सागपात भए पनि खाऊ स्वास्नीमान्छेले गिलासमा जाँड

हाल्दै भनी । एउटाले खुइय्य गर्दै मुख फेऱ्यो–जे छ खान्छौं दिदी भोक पनि अचाक्ली लागेको छ । तर चराको मासु खान नपाउदा उनीहरू मुर्मुरिएका थिए । आज पनि राति भइसक्यो, भाइहरू यतै बस है, स्वास्नी मान्छेले प्रस्ताव राखेपछि उनीहरूलाई के खोज्छस् काना आँखाभ्कैं भयो । बेलुकीको खाना खाएर दुबै चोर सुते तर उनीहरूको ध्यान त्यो घरको सम्पत्तिमाथि भएकाले निदाएको बाहाना मात्रै गरे । राति उनीहरूले घरको सबै कोठामा छामछुम गरे । उनीहरूले त्यस्तोकुनै सामान फेला पारेनन्, जुन बेचेरनगद हात पार्न सकियोस् । न त रूपिया पैसा नै फेला पारे । केटाको हातमा चाँदीका बाला टल्किरहेको थियो तर हातबाट पो कसरी भिक्ने ? त्यसैले पुनः दुबै सुते ।

बिहान भयो । दुबै चोरले प्रस्ताव राखे– दिदी हामी बजार जान थालेका । भान्जालाई पनि सँगै लग्दैछौं । यसो बजार डुलाएर मिठाईसिठाई किनेर पठाइदिन्छौ । स्वास्नीमान्छेले स्वीकृति दिइन् तर चोरहरूको आँखा केटाको चाँदीको बालामाथि थियो ।

केटा अलि अघि हिँडिरहेको थियो । पछि रहेका दुबै चोर एकआपसमाकानेखुसी गर्न थाले । पहिलो चोर फुस्फुसायो यो केटाको हातको बाला नबेची त कहाँ छाडने हैन त ? दोस्रो चोरले भन्यो- हो,हो छाड्ने त कुरै आएन । त्यत्रो मिहनेत गरेर ल्याएको चराको मासु हजम पारेछ । जसरी भएपनि असुल्न त पऱ्यो नि । चोरहरूले कानेखुसी गरेको सुनेर केटा सतर्क भयो । मनमनै बर्बरायो–दालमा अवश्य कालो छ । यिनीहरूसँग होसियार बन्नुपर्छ ।

बजार पुगेपछि एउटा चोरले केटाको हातको बाला देखाउदै सोध्यो–ए भान्जा बाबु त्यो बाला बेच्छौ ? बेच्दिन मामा-केटाले आनाकानी गऱ्यो ।

बेच न बेच, धेरै रूपियाँ आउछ-अर्को चोरले हौस्यायो ।

यिनीहरूसित यो तालले बच्न सकिदैन भन्ठानेर हुन्छ नि त बेच्छु भन्यो । तर उसका मनमा अर्कै जुक्ति फुरिसकेको थियो । उता चोरहरूको खुसीको ठेगान रहेन । उनीहरूले भने – जाऊ तिमी बाला बेचेर आऊ हामी यही निमको छहारीमुनि बसिराख्छौं । केटा हिंडेपछि दुबैले हाँस्दै भने–ऊ बाला बेचेर आओस् सबै रकम नखोसेर कहाँ छाड्छौं र ?

केटा एउटा महजनकहाँ पुगेर भन्छ -ओ साहुजी मैले दुई जना काम गर्ने मान्छे ल्याएको छु । खालि ठाँउ छ भने राख्नुस् । त्यो साहुले एकपटक फुच्चे केटालाई तलदेखि माथिसम्म हेर्छ र उसको कुरालाई नपत्याभ्कैं भनेछ –मलाई काम गर्ने मान्छे त एकदमै चाहिएको छ । अस्ति मात्रै ३/४ जना नोकर काम छाडेर गए, के तिमी काम गर्छौं ?

केटाले जवाफ दियो– हैन, हैन म गर्दिन ऊ त्यहाँ रूखमुनि दुई जना देखिराख्नुभएको छ ? हो, तिनीहरू हुन् काम गर्ने मान्छे । तिनीहरू राम्रो तलब आए जिन्दगीभरि तँपाई कहाँ नै बस्छन् । केटा पसलैबाट करायो – ए मामा एउटालाई बेचौं कि दुबै ?

दुबै चोरले एकै स्वरमा उत्तर दिए- दुबै बेच दुबै । उनीहरू त्यही बाला कै कुरा गरेको भन्ठान्छन् । उता केटाले साहुजीलाई भन्छ – अब त साहुजीलाई विश्वास भयो होला नि । तिनीहरू दुबै कामैका लागि आएका भनेर ।

हो, पक्का विश्वास भयो । काम गर्ने मान्छे पाएकोमा मख्ख पर्दै साहुजीले भन्यो । ती दुबैलाई बेचेको हजारौं रूपियाँ साहुसँग असुलेर केटो साँघुरो गल्लीबाट टाप कस्यो ।

साहुका अरू नोकरहरूले ती दुबैलाई समातेर ल्याए र एउटा भर्खरको केटोले तिमीहरूलाई बेचेको बताए । उनीहरू आफूले खनेको खाडलमा आफै परिसकेको थिए । उनीहरूले कुनै दिन केटालाई भेटे बदला लिने बिचार गरे । उता केटा ती दुबै चोरलाई बेचेको रूपियाँ लिएर घर नफर्की दुई चार वर्ष यताउति भौंतारियो ।

आफूलाई बुद्धिमान ठान्ने सो केटा एकदिनको बाटो भएर हिड्दै थियो । जङ्गलमा उसको भालुसँग भेट भयो । भालुले उसलाई चिमोट्न थाल्यो । यही क्रममा उसको गोजीबाट पैसाको ढ्याक छरियो । त्यही बाटो भएर एउटा सिपाही आउदै थियो । सिपाहीलाई देखेर त्यो केटाले

भन्यो– ओ साथी के तमासा हेरेको ? यो पैसा टिपिदेऊ न । हेरन भालु नचाएपछि पैसा हग्छ । सिपाहीले हत्तपत्त पैसा पाउछु भनेर भालुसँग लड्न सुरू गऱ्यो । उता भालुसँग फुत्किई केटाले पैसा लिएर आफ्नो बाटो लाग्यो । भालुले पैसा किन हग्थ्यो, बिचरा सिपाही बडो मुस्किलले आफ्नो ज्यान जोगाएर भाग्यो र केटासँग बदला लिने बिचार मनमा राख्यो ।

हिड्दा हिड्दै केटो थकाइले चुर भयो र केही फलफुलहरू किनेर खायो । दिन डुबिसकेकोले उसले सुत्ने ठाँउ खोज्न थाल्यो । ऊ सँगसँगै एउटा कुकुर पनि आएको थियो । टाढैबाट उसले एउटा बगैचा देख्यो । रात बिताउन उतै गयो कुकुरलाई सिरानीनिरै राखेर पुस माघको जाडोमा पनि ऊ लुगा फुकालेर सुत्यो । बगैचाको एक कुनामा गोरू भैसी साटने बन्जाराहरू पनि बास बसेका थिए । नाङ्गैभुतुङ्गै सुतेको त्योकेटालाई देखेर उनीहरू छक्क परे जब कि उनीहरूलाई सिरक भित्रै गुटमुटिएर पनि जाडोले छाडेको थिएन । बन्जाराहरूको मनले नमानेर उसलाई सोधिहाले – ओ साथी तँपाईलाई जाडो लाग्दैन ? केटाले उत्तर दियो– कहाँ जाडो लाग्नु, मेरो सबै जाडो त यो कुकुरले लिन्छ ।

अच्छा यस्तो कुरा छ ? यो त ज्यादै अचम्म भयो, कुकुर त एकदमै राम्रो छ - अर्को बन्जाराले भन्यो । सबै बन्जाराहरूले गन्थन-मन्थन गर्न थाले र सल्लाह गरे । यो कुकुरलाई किन्नै पर्छ । यो भयो भने हामीलाई सिरक बोक्न झन्झटै हुँदैन । सबैको जाडो त्यही कुकुरले लिइहाल्छ । अनि बन्जाराको नाइकेले भन्यो-'ओ साथी । हामीलाई कुकुर बेच्छौ ?'

-'अहँ, दिन्न, यति राम्रो कुकुर ।'

-'अरे, दुई सय दिन्छौ, दिइहाल न ।'

तर केटोले कुकुर दिने मन गर्दैन । दुवैतर्फ मोल मोलाइ हुन्छ । केटोले भन्यो-५ सय रूपियाँमा लग न, तिमीलाई घाटा न मलाई घाटा । बन्जाराहरूले कुकुर किनी आफ्नो सिरानीनेर कीलामा बाँधेर राखे । एउटा बन्जाराले भन्यो-'खै, जाडो त रोकिएन नि ।' अनि केटोले भन्यो- 'बाँध्नेबित्तिकै कहाँ जाडो रोकिन्छ त ? बिचरा नयाँ मालिक भेटेको छ, केहीबेर त चिन्नै लाग्छ । एकछिन्पछि त जाडो रोकिहाल्छ नि ।' बन्जाराहरू जाडोले थरथर काँपिरहेका थिए । उता त्यही बेला बन्जाराहरूको आँखा छलेर केटो भाग्यो । उसले कुनै अर्को गाउँमा रात बितायो । कुकुरले आधा रातसम्म पनि जाडो नभगाएपछि बन्जाराहरू सोच्छन्-पक्कै पनि त्यस केटोले हामीलाई ठग्यो । उसँग बदला नलिई छाडदैनौं भन्दै उनीहरू रिसले मुर्मुरिन थाले ।

एक दिनको कुरा हो, त्यही केटो नदीकिनारमा बसेर मोटो रोटी (भवरी) खाइरहेको थियो । नदीमा एक धोबी लुगा धोइरहेको थियो । उसले आफूसँगै आफ्नो सानो छोरालाई पनि लिएर आएको थियो । केटोलाई रोटी खाइरहेको देखेर धोबीको छोराले भन्यो-'बुबा, म पनि रोटी खान्छु ।' अनि धोबीले मेरो छोरालाई रोटी खान देऊ न भनेर माग्यो । 'वनमा यस्ता रोटी फलेका छन् । मसँग किन रोटी माग्छौ ?' केटोले जवाफ दियो । आफ्नो छोराको जिद्दीले गर्दा धोबी छोरालाई वनतिर रोटी खोज्न हिँड्यो । त्यो केटो मौका यही हो भनेर धुन ल्याएको नयाँ कपडा र घोडा लिएर टाप कस्यो । जब धोबी वनबाट रित्तै फर्केर आयो, त्यहाँ न घोडा देख्यो न कपडा । रोटी त मिलेन-मिलेन, घोडा, कपडा समेत गायब भएकोले छाती पिटिपिटी रून थाल्यो, जे हुनु भइसकेको थियो । अब जसरी भए पनि त्यो केटोलाई खोजेर बदला लिने विचार गर्दै ऊ घरतिर लाग्यो ।

केही दिनपछि त्यही केटो घोडामाथि सवार भएर सहर घुम्न गइरहेको थियो । बाटोमा एउटी बुढी आफ्नी जवान नातिनीलाई लिएर सहरमा किनमेल गर्न गइरहेकी थिइन् । केटाले घोडाको चाल कम गर्दै सोध्यो- 'ए बज्यै, यस्तो सुन्दर चन्द्रमा जस्ती नातिनीलाई चर्को घाममा कहाँ लान लागेको ?' अनि बुढीले ख्याल ठट्टैमा भनी-'तिमीलाई यस्तो दया लागी रहेको छ भने आफ्नो घोडामा चढाउ न ।' त्यसपछि अचानक केटोले एक हातले तानेर केटीलाई घोडामाथि चढाइहाल्यो र घोडाको गति पनि बढाइहाल्यो । बुढी पछिपछि दौडदैं पश्चाताप गर्छे । मनमनै खुसी पनि हुन्छे । आखिर एक दिन बिहे गर्नै पर्थ्यो । फेरि सम्झन्छे-कस्तो केटा हो, पाल्न सक्छ कि सक्दैन ? एक न एक दिन पत्ता लगाएर छाडछु भन्दै ऊ त्यहीँबाट घर फर्की ।

समय बित्दै गयो । केटो लक्का जवान भइसकेको थियो । बूढीको नातिनीलाई उसले आफ्नी स्वास्नी बनाइसकेको थियो । घरकाले विवाह गरिदिने लक्षणै देखाएका थिएनन्, त्यसैले केटी यति खुसी थिई कि मानौं उसले हीरा भेट्टाएकी छे । केटा पनि ठग्ने काम छोडेर अब राम्रो कामको खोजीमा लागेको थियो ।

एक दिन सहरमा ठुलो मेला लाग्यो । सबै जना आ-आफ्नो कामबाट बिदा लिएर मेला हेर्न गएका थिए । सारा सहर जगमग थियो । केटो पनि आफ्नो नयाँ दुलहीलाई लिएर मेला हेर्न गयो । मेलामा उसले ठगेका उही दुई चोर, सिपाही, बन्जाराहरू, धोबी र बुढीको अकस्मात केटोसँग भेट भयो । उसलाई त्यस बेला साक्षात यमराज उपस्थित भएजस्तो लाग्यो । चोरहरूले भने-'भान्जा, तिमीले हामीलाई बेचेर भागेका थियौ नि । अब बेच्ने पालो हाम्रो ।' सिपाहीले भन्यो-'भालुको नाचको सम्झना छ साथी । आज म नचाउँछु तिमीलाई ।'

बन्जाराको अगुवा बोल्यो-'तिम्रो कुकुर त मरिहाल्यो । अब उसैको मासु ख्वाउँछौ र तिमीलाई पनि कुकुरझैं मार्छौं ।' धोबीले भन्यो-'यसरी हान्छु कि चारैतिर रोटी नै रोटी देखाइदिन्छु ।' बुढीले भनी-'नातिनी ज्वाइँ, तिमी साह्रै चलाख निस्कियौ । त्यो चलाखी अब म निकाल्छु ।' सबै जना केटालाई कुटन् तम्सिए । भीड बढन थालेपछि केहीले कुरा बुझेर सल्लाह दिए, 'यसलाई नकुट, बरू यसलाई राजाकहाँ लैजाऔं । यसले दण्ड पनि पाउँछ र तिमीहरूले हर्जाना पनि पाउँछौ ।' अनि सबै जना मिलेर उसलाई दरबारमा लिएर गए ।

जब राजदरबारको ढोकामा केटालाई पुऱ्याइयो । त्यति बेला राती भइसकेको थियो । पीडित सबैले आ-आफ्नो कुरा राजासमक्ष जाहेरी गरे । राजाले भने-'आज राति भइहाल्यो, सबै मन्त्रीहरू पनि आ-आफ्ना घर गइसके । फैसला भोलि हुन्छ ।' राति भएकाले त्यहाँ सबै पीडित पक्षलाई सुत्ने समस्या पऱ्यो । त्यसका लागि राजामा बिन्ति बिसाए । एउटा खाली कोठामा सुत्ने व्यवस्था भयो । 'यतिचाहिँ याद राख्नु, कोठामा दिसापिसाब भने नगर्नु'-राजाको पालेले भन्यो ।

दिनभरिको थकानले गर्दा सबै जना चाँडै निदाए तर केटाको आँखामा निन्द्रा थिएन । एक कुनामा बुढी र उसकी नातिनी सुतेका थिए । बुढी मस्त निदाइ सकेकी थिई । तर उसकी नातिनी भने निदाएकी थिइन । केटो राति कसैले थाहा नपाउने गरी उठेर तेल पेल्ने तेलीको घरमा गएर भन्यो- 'ए तेलीदाइ, मलाई एक दुई किलोसम्म पिना दिनुस न है : पैसा त अहिले छैन, बिहान ल्याइदिन्छु । म राजाको दरबारमा काम गर्छु ।' त्यसपछि तेलीले भन्यो-'अरे ! मैले तिमीलाई चिनेको नै छैन ।' उसले जवाफ दियो-म त नयाँ कर्मचारी हुँ, के चिन्नुहुन्छ ?

राजाकहाँ काम गर्छौ भने दिनु नै पऱ्यो । तेलीले केटोलाई पिना दिएर नाम सोध्यो-'तिम्रो नाम के हो ?'

हगु कहाँ (दिसा गरूँ कहाँ ?) केटोले आफ्नो नाम भन्यो । उसले आफ्नो सुत्ने कोठामा गएर पिना भिजायो । पिनाको लेदो भएपछि सबैको गुदद्वारमा पिना राखिदिएर बुढीको नातिनीलाई लिएर टाप कस्यो । बिहान सबैभन्दा पहिले बुढी ब्यूँझिई । उसलाई आफ्नो दिसा आएजस्तो लाग्यो । डरले नातिनीलाई पनि वास्ता नगरी भागी । चोर ब्यूँझियो । उसलाई पनि गुदद्वारमा गिलो-गिलो लाग्यो । आफ्नो साथीलाई ब्यूँझायो र भन्यो-'मेरो त दिसा नै आयो ।' यस्तो गर्दा गर्दै सबै जना ब्यूँझिए । सबै जना डरले थुरथुर भए । राजाबाट सजाय पाउने डरले राति नै सबै भागे ।

बिहान राजाले झगडियालाई ल्याउने आदेश दिए । कोही नभएको थाहा पाएपछि राजा अलमलिए । त्यही बेला तेली ढोकामा आएर सोध्छ-'राजा साहेब, हगु कहाँ ?'

'ए तेली, तँ पागल त भइनस् । दिसा गर्ने ठाउँ जतातत‌ै छ, यहाँ सोध्न आउँछस् । उसले फेरि दोहऱ्यायो -'नाइँ-नाइँ राजा साहेब, हग्गु कहाँ ?' राजा उत्तेजित भए । तेलीलाई धक्का दिएर बाहिर पठाए ।

उता तेलीले सोच्यो-हाम्रो राजाको दिमाग खराब छ कि क्या हो । कमसेकम आफ्नो दरबारमा काम गर्ने हग्गु कहाँलाई चिन्नुपर्ने हो । एक/दुई किलो पिना गयो त के भयो, कसैलाई ठगेर तीन-चार किलो बनाइ हाल्छु । यति कुरा सोच्दै ऊ आफ्नो घरतिर लाग्यो ।

उता बुढीको नातिनीलाई लिएर केटो आफ्नो घर फर्कियो । वर्षौंदेखि हराएको आफ्नो छोरालाई देखेर उसका आमाबाबु धेरै खुसी भए । चन्द्रमाझैं सुन्दरी बुहारी पाएर उनीहरूको भुइँमा खुट्टै थिएन् । यसरी उनीहरू हाँसी खुसीका साथ दिने बिताउन थाले ।

सुन्नेलाई सुनको माला

भन्नेलाई फुलको माला

यो कथा बैकुण्ठमा जाला

भन्ने बेला खुरुखुरु आउला ॥

## ३.११ सत्तलसिंह राजा कथा

यो लोककथा कैलाली जिल्लाको जानकीनगर गाविस-५ बस्ने भुखली डगौराबाट संकलन गरिएको हो । यो धार्मिक, पौराणिक विषयसँग सम्बन्धित छ । यस कथामा सत्तलसिँह राजा र उनले गरेका पराक्रमका बारेमा वर्णन गरिएको छ ।

### ३.११.१ मूलपाठ

बहुत पहिले एकठो राजा रहे । ओकर एकठो रानी ओ एकठो छावा रहे । ओकर छावाके नाम सत्तलसिंह रहे । उ रजुवाक दरवारके दवारीक उपर दुईठो गैरुइ घर बनाके बैठके रहै । बैनके एकठो चुनुमुनु बच्चा फे रहे । उ चीरैयन यहोर ओहोरसे दाना नान नानके आपन बच्चै खवाएँ । एक रोज गेउरिनिया मू गइलस । गेओरिया कुछ रोज तक बेधब शोगाइल, पाछे एकठो गेउरिनिया लै आनल । उ गेउरिनिया पहिले त बच्चै बैढव माया करल, खवाइल पियाइल । लेकिन पाछे उ मिच्छाए लागल । तर एकरोजके बात हो । गेओरिया कहुँ चारा खोजे गइल रहे । उहे बेला मन हल हल जाके भरमन्डक काटा नाके बचचा हन गउरिनिया खवादेहल । भरमन्डक काँटा असटके बच्चा मुगइल ओ रानी घाँटीके काँटा देखल ओ सब बात समझ गइल । यी सब देखके उ सोचेम परल । ओहोर रजुवा जुन ओरनल रहे । दिन भरिके थकाइल । दोसर रोज सकारे दुइल रजुवा आपन काम मन चलगइल । संझा जब घर घुमल ते रानी हे खटोलपाट लेहल देखल । जाइके हल हल पुछल - रानी तुहिन का हुइल बा । काकरे खटोलपाट लेल्याटे ? कलुवा बेरी कुछु नै बनाइल देख्ठु । न घर बहारल वा, न भाडा मासल । त रानी कहल मोर कहल मन्बो त बतैइम नही कि नै बतैइम ।

ठिक बा कहो । तुहार सब बात त मन्लुँ । कौसिन बाट हो जे कि मै नै मानम । रानी उकठे गउरिनके सब बात बताइल ओ कहल कि मोर पेन एक्कठो छावा वा । मैमूँ जइम ते तुँ फे अस्तहीके त नै मुवैबो मोर छावै ? राजा कहल - तुहीन का हुइ जे आजे काल मुबो ? ऐसिन बाटे नै करा हो, कुछ हो फेन गइल त मै आपन छावै कसिके मुवइम ना । बत रानी उठल धन्धा करे लागल । लेकिन ओकर मनसे यी डर जुन नै गैलिस बस्ते करत - करत एक रोज फुरन्डे- रानी मू गइल । सैल देश भरके शोक करनै । रजुवाफे बडा दुःखी हुइल । छावा सत्तलसिंहफे रोए लागल । अस्तहे सोच करती करती कुछ साल बितल । घरमे पहुनन् आए ओ रजुवै भा पकाइल, भाँडा माजल, घर बहारल देखे त ओइनहे फे नैमजा लागिन् । एक रोज कुछ पहुनन ऐनै ओ राजाहे ऐसिन धन्धा करल देखके हुँकहिन दोसर भोज करे कहनै ।

दोसर देशके रजुवाके नस्समे सुग्घुर छाइके सँग रजुवाके भोज हुइल । पहिले पहिले त लावा रानी सत्तलसिंह हुन् । बडी माया करल । सब हेरल विचारल पाछे जुन थोरिक बिग्रल अस रहे । कसही गेद खेले जाए । न कलुवा खाए न मिझनी दिन भर संघरियन सँग लेखे ओ एकफाले संझाके बेरी खाए आए । रानी कत्रा सम्झाइल, बुझाइल लेकिन उ नै मानल । एकदिन रानी ओकर गेदा नुकादेहल । सत्तलसिंह राजा मग्लस त नाई देहल । कलुवा खा त देम् । लेकिन

सत्तलसिंह नै मनलस् चलगैलस । खेलेक मैदानमे जाके आपन लोहरा संघरिया पठाइल । उ जाके रानीसे कहल ।

अरे देउ रानी देउ सत्तलसिंह राजाकै गेदा रानी कहल अरे घुमो रे घुमो लोहारके छावा नै पैवे रे सत्तलसिंहके गेदा ।

त लोहराके छावा घुम गइल । ओ सब बात सत्तलसिंह हन् बताइल । सत्तलसिंह फेरन कायस्थके छावै आपन दाइक ठे गेदा लेहे पठाइल । कायस्के छावा कहल ।

अरे देउ रे रानी देऊ

सत्तलसिंह राजाके गेदा ।

रानी फेन कहल - अरे घुमो रे घुमो कायस्थके छावा,

नै पैवो र सत्तलसिंहके गेदा । कायस्थके छावा फे घुम गइल । सक्कुसे पाछे बढीके छावै पठाइल । ओ उ फेन जाके कहल

अरे देउ रे रानी देउ

सत्तलसिंह राजाके गेदा ।

रानी फे कहल-अरे घुमो बढहीके

छावा

नै पैबो र सत्तलसिंहको गेदा । जब बढहीके छावा फे नै आने सेकल त सत्तलसिंह महाजोडसे भुसियाइल ओ अप्नही जाके दाइके ठनसे अछोरकै लै आनल । रानीहन फे मनके रिस लागल । घरमे मंजोर पालल रहे, उहीसे अपनहे बकौटबाके सल जिउ भर खाी कराके खटोलपाट लै लेहल । संझाके रजुवा घुमल त रानीके हाल देखल ओ बडी जोड रिसाइल । पुछल का हुइल ओ के करल ? रानी रुइटी रुइटी बताइल कि सत्तलसिंह ओकर ठेसे गेदा अछोरल जे ओकर भुत्ला लुछल ओ मारमुरके खेल चल गइल । तब राजा रिसके मारे सत्तलसिंह हुन १२ सालके बनवास लिखके भित्तामन चिप्कादेहल । संझाके खेल खालके भुखे प्यासे जैसे घुमल त सत्तलसिंह बडी जोड शोगाइल । आज मोर दाइ नै हो उहे मारे बाबा सउटिनिया दाइके परगाह लागके घरसे निकरन् । दुरहीसे घुमे लागल लेकिन उहीहन दरबारके माया लागल, रो-रोके दरबार घुमल, जैसे उ घुमके सेकल । पाछे ओ़कर मनपरल भौरानन्द हाथी ठे जाके रोए लागल । सोचके मारे भौरानन्द डोङलाके नेङे ने सेकनास हो गइल ।

जैसे सत्तलसिंह जाए लागल ओकर तीनो संघरिया फे ओकरे संग जाए लग्नै । उफे खुसी हुइल कि ठिक वा आझ दाइ बाबा आने हो गै नै त का हुइल । संघरियन त मोर आपन आटे । डगरेमन ओइने बाट बटुबाए लग्नै । राजा कायस्थ हुन पुछल कि उ का करे सेक्था । कायस्थ कहल कि उ मुवल मनै हन जिन्दा बनाए सेकथ । दोसर लोहरे पुछल ट उ कहल कि उ टुटल फुटल डोङरा जोडे सेक । फे उ बडही हन पुछल कि उ का करे सेक त बडडी बताइल कि उ उठनखटोमा बनाए सेकठ । त बैने फे पुछने कि रजुवा का करे सेकथ ? त सत्तलसिंह बताइल कि आपन धनुषले उ दूर दूर तकके मन पशु मुवाइ सेकथ । वस्तहीके बात ट करत ओइने डगरी डगरी विरिया वीरखण्ड (जंगल) घुमे लग्नै । एक रात बैने वनुवामन् वास बैठनै, एकको पानी लेहे गइल । दोसर काठी नाने तेसर थाल सफा कराए लागल । त सत्तलसिंह हन बैठले बैठले मिच्छाओन लागल ओ उ फे यहोर, ओहोर घुमे लागल । बस्तहीमे एकठो रुखवामन् एकठो बनरा उही खिझुवाए लागल, उ धनी आपन पेट देखाए तो धनी पैतरा देखाए । सत्तलसिंह बैढव रिसाइल । उहीहन् मारे लागल त और संघरियन उही रौक्नै कहनै, उही ना मारी महाराज, यी कुछ कहटा । उ पुछल का कहटा जे महाराज ? मै ट कुछु नै सम्झठू ।

यी कहटा कि विरिया वीरखण्डमे घुमटो धेर खाना ना खैहो, धेर नेङ्ना फे बा । तब राजा बात बुझल ओ बनरै छोड देहल । बस्तहीकै रात भर पालिक पाला सुट लग्नै जैसे सत्तलसिंहके

पालि आइल कौनो भारी मनै आपन और अइल अस मन्लस ओ आपन धनुष छोड देहल । धनुष जैसे अउडया ओर लागल ट धमसे बडी भारी आवाज आइल । उ सोचल मनै गिरट त अत्रा भारी आवाज नै आइट । यी का हो अत्रा भारी आवाज ? उ आवाज आइल ठाउँमे गइल । वहाँ ट ओकर अपने भौरानन्द हाथी मुवल । हथिया उही खोजट वहाँ पहुचल रहे । सत्तलसिंह हन भारी पछताबा हुइल । ओकरे उपर लोट लोटके रोएलागल । ओहोर ओकर संघरियान भिन्सारे जग्नै त सत्तलसिंह ट नै हो । सबओर खोज डरनै ओ यहोर ओहोर घुमे लग्नै । जब नै मिलल त ओइने आगे बढ्नै ।

जाइत जाइत डगरी मन कलुवा बनाके खैनै । एक भाग टेपरी मन भात बठही धरनै ओ कहनै कि जो सारे तै फुरन्डेके भात हुइटे ट सत्तलसिंह अइटी सम बफाइल रहिस । त उ भात नै सराइल । यहोर सत्तलसिंह पाछे आइल ट वहाँ संघरियन नै देखल ट वैनके खोज मन चलल् । जाइट जाइट डगरीमन् तातल तातल भात देखल ओ आपन संघरियनके छोडल हो कहिके चिन डारल ओ खा देहल । बफाइल भाट देखके उ सोचे कि वैने लग्गे हुइही । दौडत दौडत आगे बढल । आगे ओइने दौनाके फुला टुडके डगरीमे घर देहनै कि राजा डगरी ना भुलाए आ फुलै कहनै कि सतके हुइ ट ना कुलमुलाई । रजुवा उ फुला फे देखल ओ उहे डगरी नेङती रहल । वैने फे मदारके फुला घर देनै । उफे भेटाइल । फेर गेदा के फुला घरनै उफे भेटाइल लेकिन एकठो ठाउँमन् दुगो डगरा रहे । ओइने ना भुलाइ कहिके दोसर गडरी मन काटा दार नै । आपन चलल रास्ता भर साफ रख्नै । लेकिन जौन डगर बैने पकडनै मनैनके नेङल नैरहे काँटा धैलमे भर मनैमनके नेंङल विल्गाए । रजुवा मनेमने कहल-हेरो तो संघरियन मही भुलुवाइक मारे गडरेम काँटा लगा देले बटाँ । ऊँ काँटा बगाके उहे डगर गैल । आगै बढत बढत एकठो बडी भारी महली विलगाइल । ओ उ महली मन पैठल त एकको बडा भारी रक्षसनिया देखल ते उ भ्कभ्कक उठल । लेकिन उ रक्षसनिया उहिहिन् देखके मोहाइगल ओ कहल कि एक्के घरिमे ओकर बाबा आइ ओ सत्तलसिंह हन् मारी, उहे मारे भाग जाए । लेकिन उ नै भग्लस्, उ फे ओकरसे मोहा सेक्ले रहे । एक घरिमे राक्षस आइल ओ मन्छ्याइन मन्छ्याइन गन्धाइ लग्लिस ते जान लेहल कि मनै आइल बा । आपन छाइसे कहल कि के हो, कहाँ बा ? लेकिन छाइ रजुवै नकुवाके कहल कि मही था नै हो । उस्तक करट बहुत धेर दिन बिटल । ऊ दिनके चिल्लर बनाके अपन कपारिमे नुकुवाए रातके मनै बनाके अपनमे सुताए । एक दिन रक्षसिनिया कहल कि मोर बाबा राक्षसहन मारो । त सत्तलसिंह ओकर बाबाक प्राण कहाँ वा कहिके पुछे पठाइल । उ पछल त राक्षसके छाइ हाँसल ओ कहल उही हुन् ट खाली सत्तलसिंह राजा मारे सेकही । उ आघे बताइल एकठो भारी कुवा बा । ओमने तीन ठो सिढी बा । बिच्कामे ठहियैलसे दुई ठो परेउना उड्ठै ओ ओइनहे फिन मरलसे उ मुन जाइ । इ बात राक्षसनीया सत्तलसिंह हुन् बताइल ओ सत्तलसिंह जाइके परेउनै जैसे मारल राक्षस फे ठाँरे मुगइल । ओकर बाद दुन जने भोज कैके बढियासे राज करे लग्नै । उ देशके रजुवा सत्तलसिंह बनल ।

एक रोज दुनु राजा रानी मिलके लडिया मन लाइट रहे कि रानी सोनेक एकको भुत्ला पुहगइल । उ पुहत पुहत दोसर देशमे गैल् । वहाँ उ देशके भोदु राजा लहाइट रहे । ओकर हाथेम सोनेकै बाल (भुत्ला) अट्कल । देखके उ ट छक्क परल ओ जाइके आपन देश भर डुगी पिटाइल कि सोनेक बाल हुइल बनिनिया केउ देखी ट उही बताए काकरे कि भोदु रजुवा उ बनिनियासे भोज करी लेकिन ओकर देश भरमे उ मेरके बठिनिया नाइ मिलल । एक रोज एकठो कुटी बुढिया गैल ओ कहल कि उही हुक्का कठुवाके लाउ भो मनचिता कठुवाके बहना मिली त उ बठिनिया नानेसेकी । रजुवा बढही बलाइल । बढही बनुवा जाइके लाउ ओ बहना बनाइल ओ नानके रजुवै देहल । ओमने बैठके कुटुनी बुढिया लदियै लदिया गइल ओ उ देशमे पुगल । रजुवाके महलिमे जाके खुबसे ठौके जस करे । अरे नतिनिया नाती कहाँ बाटे ? तै त महिहन जन्बो नै करठे, तै तब्बे छुट्टी रहिस का जन्वे, तोर माया लागके आइल बाटु । रानी फे विश्वास कै डारल ओ उही हुन् बैठाइल खवाइल पियाइल । कुट रोज पाछे रानी हन् सुफला सुफलाके सत्तलसिंह राजाके औट कहाँ बा कहिके पुछ कहल । रानी ओकर बातमे आके पुछल, रजुवा फे बतायेल । तो रात उ कटुनी बुढिया वहाँके तरबार लेके राजाके पेटमन खोस देहल । जैसे खोसल रजुवा मुगइल । रानी पतै नै पाइल के मुवाइल कहिके, खोब राइल विचारी । एक रोज कुटुनी बढिया रानी ह फेर

सुफला सुफलाके लडियामे लहवाई लैगइल ओ लाउमन् बैठाके लैगइल भोदु रजुवाके महली मन् । तब रानी फे बात अुझल ओ रोए छोडल । कहल कि उ रजुवासे अब्बही भेट करेक लाग बा ।

कुटुनी बुढिया भोदु रजुवाहे भेट करल । बताइल कि रानी आजकाल आपन राजा मरल शोक मनाइटा । एक महिनामे उ ओराजैहिस टे उहीले भोज करी । रजुवा फे मान गइल । रानी कहल कि उ सात रोजमे भोज खवाइ । बात रजुवा मानगइल् । रानी जुन भोज खवाए ओ आपन थरुवाके संघरियन खोजे । अस्तक करट २१ रोज फे ओराइल । रानी विचारी अटियाए लागल ।

उ रोजके भोजमे उ तीन ठो मनैन देखल रहे । वैने चार भाग खाना बटनै । एक भाग अलगवै धैके आपन बटहा खैने । ओकर थरुवा फे अस्तहीकै सब रोज तीन बटहा बाहर धरके एक बटहा खाए । उही अचम्म लग्लिस ओ वैन ठन जाके पुछल कि सत्तलसिंह राजा फे ऐसिन करत रहे । यैन फे वस्तही करठै काकरे ? ओकर बात सुनके वैने जान गैने ओ पुछनै कि रजुवा कहाँ बाटे कहिके रानी सक्कु बता बताइल । त बढही संघरिया उडन खटोला बनाके भोदु रजुवै शैर कराए लै गइल । रजुवा फे बढब खुसी हुइल । ओ ओमने चौढके घुमल कहल-कि रानी हे फे घुमाए । उ सोचल घुमी घामी ट उ आपन दुःख भुलाइ ओ हाली हाली खुश हो के भोज करी । बैने फे यीहे खोजत रहै । भोदु राजा, कुटुनी सब जे खुसी हुइनै । उपर लैजाके कुटुनीहे भर मार मारके हाथ टुडके फेकनै । रजुवाहे फेन हाथ, गोडा तुके सन्त्वा सन्त्वाके मुवैने । ओ रानी हन ओकर देश पुगैनै । उहाँ खतहा खोदके सत्तलसिंह हन् निकारे लोहरा डोडरा जोडल, कायस्थ जिउ दारल ओ रजुवाहे जिवाइल । तब सत्तलसिंह राजा रानी बढियासे राजा करनै । संघरियन फे मन्त्री बनाके भारी सुखसैलमे जिन्दगी बितैनै ।

अत्रा हो बात अत्रै हो चित

हँसिया लेबो कि बेंट

बेंट

तोहार मोर सध्यें हुइ भेंट ।

स्रोत : रामधनी डगौंरा जानकीनगर ५ कैलाली

### ३.११.२ नेपाली अनुवाद

धेरै समय पहिले एक राजा थिए । सन्तानको रूपमा उनको एक छोरा थियो, उनको नाउँ सत्तलसिंह थियो । राजा आफ्नो छोरालाई औधी माया गर्थे ।

रानीको शयन कक्षमा एउटा झ्यालमाथि एक जोडी भँगेरीको गुँड थियो । भँगेरा दम्पतीले बाहिरबाट आहार खोजेर बचेराहरूलाई ख्वाउने गर्थे । विडम्बना, कालगतिले भँगेरीको मृत्यु भयो । भँगेरा केही दिनसम्म निकै शोकमग्न भयो । भँगेराको बानीबेहोरा रानीले निकै नजिकबाट दिनहुँ नियालिरहेकी थिइन् । एक दिनको कुरा हो, रानीले देखिन्-भँगेराको गुँडमा नयाँ भँगेरीको आगमन भएछ ।

नयाँ भँगेरीले केही दिनसम्म त बचेराहरूलाई निकै मायाभाव दर्शाई तर पछिपछि उसको बानीबेहोरामा परिवर्तन हुँदै गयो । भँगेरा आहार खोज्न गएको बेला एक दिन भँगेरीले विषालु काँडाको बीउ ल्याएर बचेराहरूलाई ख्वाइदिई । त्यो खानेबित्तिकै बचेराहरू मरे । त्यस्तो अवस्था देखेर रानी निकै चिन्तित भइन् ।

साँझ राजा जब बाहिरबाट दरबार फर्किए, रानीलाई सुतेको भेट्टाए । उनले बिछ्यौनामा गएर रानीको कपाल मुसार्दै सोधे-'के भयो हाम्री राजकुमारीलाई सन्चो भएन की ? भातभान्सा पनि बनाएको देखिएन । आज त कोठाको पनि सरसफाइ छैन । के चाल हो यस्तो ?'

रानीले सानो स्वरमा भनिन्-'हजुरले मैले भनेको मान्ने भए भन्छु नत्र भन्दिनँ ।'

'ठिक छ, तिम्रा सबै कुरा त मैले मानेको छु । कस्तो कुरा हो र । नमानुँला ?' राजाले आफ्नो पोशाक उतार्दै भनेछन् ।

त्यसपछि रानीले भँगेरा-भँगेरीको सबै कथा अक्षरशः सुनाइन् र भन्न थालिन्-मेरो पनि एउटै छोरो छ, केही गरी म मरेँ भने त्यसै गरी मेरो छोरालाई मार्नु त हुन्न ?

राजाले झर्किएर भने-हत्तेरिका । तिमीले आज किन यस्तो कुरा गरेको ? तिमीलाई के भएको छ र मर्ने कुरा गर्छ्यौ ? मानौं तिमीलाई केही भैहाल्यो रे, अनि मैले छोरालाई किन मार्ने ? त्यो मेरो पनि छोरो हो नि ।

रानीले भनिन्-हजुरले खै कुरा बुझ्नुभएको, म मरे पनि सौता ल्याउन पाउनुहुन्न पो भनेको ।

राजाले रानीको कुरा गम्भीरतापूर्वक लिएनन्-आ......छाडिदेऊ यस्ता कुरा, के थाहा तिमी भन्दा अगाडि मेरै काल आउँछ कि ?

त्यस घटनादेखि रानीको कामधन्दामा लगाव हुन छाड्यो । उनी बिस्तारै सुक्दै जान थालिन् । चिन्ताले चाँडै चिता पुऱ्याउँछ भन्छन् । रानीको साँच्चै चिन्तैचिन्तामा मृत्यु भयो । सारा देश शोकमा डुब्यो ।

समय बित्न कति पो लाग्छ र ? रानी मरेको पनि वर्ष दिन पुग्यो । अब राजाका संगीसाथी, आफन्तजनले राजालाई अर्को विवाह गर्न दबाब दिन थाले । राजाले सुरुसुरुमा नाइँनास्ती त गरे तर राजालाई छोरी दिनेहरूको लाइन लागेपछि अरूको मुख टाल्न पनि उनले बिहे नगरी सुख पाएनन् ।

नयाँ भँगेरीले आफ्ना बचेराहरूलाई सुरुसुरुमामा निकै माया गरेझैं राजकुमार सत्तलसिँहलाई पनि उनकी कान्छीआमाले सुरुसुरुमा निकै माया गरिन् तर पछिपछि रानीको मन पनि राजकुमारदेखि अघायो ।

१३/१४ वर्षका राजकुमार सत्तलसिँह साथीभाइहरूसँग खेल्नमै बढी रमाउँथे । रानीलाई त्यो कुरा पटक्कै मन पर्दैनथ्यो । बिहान निस्किएका सत्तलसिंह दिनहुँ बेलुकी मात्रै झुल्किने गरेपछि एक दिन रानीले भकुण्डो लुकाइदिइन् । सत्तलसिंहले निकै जिद्धी गर्दा पनि रानीले उनको खेल्ने भकुण्डो नदिएपछि उनी अँध्यारो मुख लगाएर साथीहरूकहाँ गए । त्यहाँ सबै भेला भएपछि आफ्नो विश्वकर्मा मित्रलाई घरमा भकुण्डो लिन पठाए । विश्वकर्मा केटोले गीति शैलीमा रानीसँग सत्तलसिँहको भकुन्डो माग्यो ।

दिनुस न दिनुस रानी मैसाब

हाम्रा सत्तलसिँहको भकुण्डो ।

रानीले पनि झर्किएर भनिन्-

ए जा-जा रे विश्वकर्माको छोरा

पाउँदैनस् तैंले सत्तलसिंहको भकुण्डो ।

सत्तलसिंहले विश्वकर्मा मित्र रित्तै फर्किएपछि उनले क्रमशः कायस्थ, बडही मित्रलाई पनि आमाकहाँ पठायो कसैले पनि भकुण्डो ल्याउन सकेनन् । पछि सत्तलसिंह आफै गई आमाको हातबाट भकुण्डो खोसेर ल्याई साथीहरूसँग खेल्न थालेछन् ।

सत्तलसिंहको त्यो दुर्व्यवहारले रानीले आफ्नो अपमान भएको ठानिन् । घरमा मयूर पालिएका थिए । मयूरको नङ्ग्राबाट आफ्नो सारा जीउमा घाउ बनाएर रानी रूँदै बिछ्यौनामा पल्टिइन् । साँझ राजा दरबार फर्किए, रानीको त्यस्तो हाल देखेर राजा रिसले चूर भए । राजाले केही सोध्नु अगावै रानीले रूँदै वृतान्त सुनाइन् कि उनका छोरा सत्तलसिंहले जर्बजस्ती भकुण्डो खोसेर लग्यो अनि उनको कपाल लुछयो साथै भक्कुमार पिट्यो ।

त्यसपछि राजाले राजकुमार सत्तलसिंहसँग केही पनि कुरा नसोधिकन वास्तविकता जान्ने प्रयत्न नै नगरी उनलाई १२ वर्ष वनवास पठाउने निर्णय गरेको सूचनापाटीमा टाँस्न लगाए । जब

साँझ साथीभाइसँग खेलेपछि सत्तलसिंह भोकले रन्थनिएर दरबार आए, उनको आँखा सूचनापाटीमा पर्‍यो । उनी छाँगाबाट खसेझैं भए । उनलाई १२ वर्ष वनबास लेखिएको रहेछ ।

सत्तलसिंहको आँखाबाट अविरल आँसुको धारा बग्न थाल्यो । उनले एकपटक दरबारको परिक्रमा गरे र रूँदै आफ्नो मन परेको भौरानन्द हात्तीसामु बर्बराउन थाले-'आज मेरी आमा छैनन्, सौतेनी आमाको कुरा सुनेर पिताले वनबास पठाए । ए भौंरानन्द, तँ बाँचेछस् र म पनि बाँचेछु भने तेरो-मेरो भेट अब १२ वर्षपछि मात्रै हुनेछ । मबाट केही गल्ती भए माफ गर्नू ।' हात्तीको आँखाबाट पनि आँसु झर्न थाल्यो । हात्ती पनि एकाएक बिरामीझैं देखियो । आफ्नो मालिक आफूबाट टाढा गएको टुलुटुलु हेर्नु बाहेक केही गर्न सकेन ।

सत्तलसिंहले आफ्नो पितासँग पनि बिदा लिन जरूरी ठानेनन् । उनी खाली हात दरबार प्राङ्गणबाट बाहिरिए । जब उनका मित्रले थाहा पाए कि राजकुमारलाई १२ वर्ष वनबास पठाइयो । तिनीहरू पनि सँगै जिउने, सँगै मर्ने कसम खाँदै सत्तलसिंहसंगै हिँडन तयार भए । राजकुमार पनि खुसी भए । 'ठिक छ, आज मेरा मातापिताले घरबाट निकाले त के भयो, साथीहरूले त मेरो ख्याल-विचार गर्दैछन् ।' यस्तै सोच्दै उनी कायस्थ, विश्वकर्मा र बडही मित्रहरूसँग वनवास हिँडे ।

बाटो काट्न सजिलो होस् भनेर सत्तलसिँह कुराकानी गर्न थाले-मित्रहरू, हामीहरू यतिका दिन सँगै हाँस्यौं, खेल्यौं । आज घरबार त्यागेर जाँदैं छौ तर हामी कसैलाई को कुन कुरामा पारंगत छ भन्ने बारेमा थाहा छैन । किनकि यस बारेमा कहिल्यै कुरै उठेको छैन । आफूसँग भएको विद्या आपत परेको बेला प्रयोग गर्नुपर्छ । त्यसैले पालोपालो सुरु गरौं, को-के कुरामा जानिफकार छ ?

विश्वकर्माले भन्यो-मैले सडेगलेको जस्तोसुकै हाड पनि जोड्न सक्छु । यो मेरो विशेषता हो । कायस्थले भन्यो-म एकपटक मरिसकेको मान्छेलाई बचाउन सक्छु, उसकोमा प्राण हाल्न सक्छु । त्यसपछि बडहीले भन्यो-म उडनखटौला (उडने खाट) बनाउन सक्छु । चाहियो भने अहिले नै बनाएर यात्रा सुगम बनाउन सक्छु ।

सत्तलसिँहले भने-'अहिले नै उडने खाट बनाउनुपर्दैन मित्र, त्यसको पनि समय आउला । हामी त दुःख भोग्न निस्किएको, त्यसैले जति सक्छौं, हिडौं । तिनैजना मित्रले सत्तलसिँहसँग आग्रह गरे की उहाँको पनि त्यस्तो कुनै विद्या छ भने हामीलाई भनियोस् । सत्तलसिँहले भने-म टाढा-टाढासम्म कसैको आवाज मात्रै सुनेर वाण चलाउन सक्छु । मैले चलाएको शब्दवाण कहिल्यै खेर जाँदैन ।

हिँड्दा-हिँड्दै तिनीहरू बिरिया वीरखण्ड जंगलको बिच पुगेछन् । झमक्क साँझ परेकाले उनीहरूले जंगलमै बास बस्ने योजना बनाए । थकाइसँगै भोक पनि लागेको थियो । सबैले मिलेर भान्सा तयार पारे । खाना खाँदै गर्दा सत्तलसिँहको नजर एउटा बाँदरमाथि पर्‍यो, जसले कहिले पेट त कहिले आफ्नो खुट्टा देखाएर वनबासी टोलीको ध्यानाकर्षण आफूतिर गर्न थाल्यो ।

सत्तलसिँहले चाहेका भए आँखाकै इसारामा बाँदरमाथि शब्दवाण चलाउन सक्थे तर त्यसो गरेनन् । हामीलाई गिज्याउने भनेर विश्वकर्माको छोरो जब डाडु उठाएर बाँदरमाथि जाइलाग्यो । सत्तलसिँहले रोके-बस्नुस् मित्र, उसले हामीलाई केही सन्देश दिन खोजिरहेको छ ।

यो जाबो बाँदरले हामीलाई के सन्देश देला र । मैले त केही बुझिनँ ?-उसले भन्यो ।

सत्तलसिँहले अर्थ्याए-उसले भन्दै छ कि बिरिया वीरखण्ड जंगलमा घुम्दै छौ, धेरै नखानू, किनकि तिमीहरूलाई अझ कति हिँडनु छ कति ?

राति सबै जना सुत्नुभन्दा पहिले पालैपालो पहरा दिने योजना बनाए । सबैभन्दा अन्तिममा पहरा दिने पालो सत्तलसिँहको थियो । तिनै जनाले पहरा दिँदा कुनै घटना भएन तर जब सत्तलसिँहको पालो आयो, उसले कुनै जनावरको भयङ्कर डरलाग्दो पदचाप सुने, जुन आवाज उनीहरू बास बसेकै दिशातिर आइरहेको थियो । सत्तलसिँहले विलम्ब नगरीकनै शब्दबाण चलाइदिए । शब्दवाण छुटेको केही बेरमै ठुलो आवाजका साथ भुँइमा कोही पछारिएको जस्तो सुनियो । त्यो आवाजले राजकुमारलाई कुनै अनर्थको संकेत दियो । उनी सुतिरहेको साथीहरूको

पनि कुनै पर्वाह नगरी आवाज आएको दिशातिर दौडिए । त्यहाँको दृश्य कहालीलाग्दो थियो । उनको प्यारो भौरानन्द हात्ती उनी हिँडेपछि सिक्री चुँडालेर उनलाई पछ्याउँदै त्यहाँसम्म आएको रहेछ । सत्तलसिँह हात्तीको जीउमा लडिबुडी गर्दै अलापविलाप गर्न थाले । उनी रूँदारूँदै कति बेर निदाए पत्तै भएन । व्यूँझिँदा सूर्यनारायण तिन बाँसभन्दा माथि पुगिसकेका थिए ।

उता सत्तलसिँहका साथीहरू बिहान उठ्दा सत्तलसिँहलाई देखेनन् । चारैतिर खोजे तर कहीँ फेला पार्न सकेनन् । हामीलाई छोडेर अगाडि पो लागे कि भन्ने सोच्दै उनीहरू तिनै जना अगाडि बढे । बिचबाटोमा खाना पकाएर खाए । एक भाग खाना बाटोमै राखे । अनि हिँड्ने बेलामा टपरीको भातलाई भनेछन्- ए भात, यदि तँ साँच्चिकै भातै होस् भने हाम्रो मित्र सत्तलसिँह नआउँदासम्म बफाउँदै गर्नु, तातोको तातै रहनू ।

यता सत्तलसिँह फर्किएर आएपछि साथीहरूलाई नदेख्दा उनीहरू अगाडि गए कि भनेर अघि बढे । निकै बेर हिँडेपछि उनले बाटोमा टपरीमा राखेको भात देखे, भात बफाउँदै थियो । छेउमा तिन भाग जुठो टपरी फालिएको थियो । सत्तलसिँहलाई सम्झिन बेर लागेन कि उनका साथीहरू उनीभन्दा अघि नै गइसके, पस्किएको खाना उनकै भाग हो । खाना खाएर हिँडन मैले बेर गर्नुहुन्न । कारण साथीहरूले मलाई बिच बाटोमा पर्खिरहेका पनि हुन सक्छन् ।

खाना खाएर सत्तलसिँह दौडिँदै अघि बढे तर साथीहरूलाई पछ्याउन सकेनन् । बिचबाटोमा राजकुमार सत्तलसिँहका साथीहरूले बाबरीको फुल टिपेर छरेर त्यो फुललाई भने-यदि तँ साँच्चिकै बाबरीको फुल होस भने हाम्रा मित्र नआउँदासम्म नओइलिनू । उनीहरूले क्रमशः अरू विभिन्न फुलहरू टिपेर हेर्दै, त्यस्तै निर्देशन दिँदै अघि बढे । सत्तलसिँह पनि त्यही बाटो पछ्याउँदै हिँडिरहे ।

एक ठाउँमा दोबाटो आइपुग्यो । एउटा बाटो निकै सफा थियो तर अर्को अरू कसैले नहिँडेको उबडखाबड झन्डै बाटो हो कि होइन जस्तो देखिन्थ्यो । सत्तलसिँहका साथीहरूले उनको भलो चिताउँदै हामीसँग न भुल्लियोस् भनेर सफा बाटोमा काँडा तेर्स्याइदिए र अप्ठ्यारो बाटोमा फुल बिच्छ्याइदिए । कारण सफा बाटो एक राक्षसको बस्तीतिर जाने बाटो पर्थ्यो ।

उता सत्तलसिँह सो ठाउँमा पुग्दा साथीहरूलाई भित्रभित्रै गाली गर्न थालेछन् । 'हेर त साथीहरूले म बाटो बिराउँछु भनेर जानी-जानी सफा बाटोमा काँडा तेर्स्याइदिएका थिए ।' त्यसपछि उनी काँडा पन्छाएर त्यही सफा बाटो अघि बढे । उनी हिँड्दाहिँड्दै झमक्क साँझ पर्न लागेको थियो कि अगाडि एक भव्य महल देखा पर्‍यो । 'साँझको पाहुना देउता सरह' भन्छन्, एक रात त कसो बास नदेलान् ? सके मेरा साथीहरू पनि यही महलमा पो छन् कि भन्दै सत्तलसिँह महलभित्र छिरे ।

मेरी बास्सै ! उनी भित्र पाइला मात्रै के टेकेका थिए, एक भयङ्कर राक्षस्नी अटेसमटेसका साथ पटाङ्गिनीमा बसेकी देखिन्छिन् तर राजकुमार धैर्य भए, संयम अपनाए ।

राक्षसलाई देख्नेबित्तिकै मान्छेहरू थुरथुर काँप्न थाले । न्वारनदेखिको बल लगाएर भाग्न थाल्थे । तर त्यो मनुष्यलाई त्यसरी अगाडि भएको देखेर राक्षस्नीलाई अचम्म लाग्यो । यो मनुष्य पक्कै पनि राजसी खानदानको वीर मान्छे होला भनेर राक्षस्नीले अनुमान लगाई ।

-ए मनुष्य, तँ को होस ? किन यता आइस ? मनुष्यहरू यो बाटो नहिँडेको वर्षौं भैई सक्यो । तँ यात बाटो बिराएर आएको होलास्, या त काल नै खोजेर आएको जस्तो छ ।

सत्तलसिँहले निडर भएर जवाफ दिए-हो, म बाटो बिराएको बटुवा हुँ । आज एक रातलाई बास चाहियो ।

राक्षस्नी छक्क परी । चुपचाप आफ्नो बाटो तताउन छाडेर मनुष्यले त बास पो माग्न थाल्यो । तर उसको वीरता देखेर राक्षस्नी भित्रभित्रै ऊप्रति मोहित पनि भई । उसले आत्तिएर भन्न थाली-'तिमी जो भए पनि यहाँबाट चाँडै भागिहाल । नत्र अहिले मेरो बाबा आएपछि तिमीलाई मारेर आहार बनाउनु हुनेछ ।'

राक्षस्नीले टाढैबाट आफ्नो बाबाले खोकेको आवाज सुनी । के गर्ने, कसो गर्ने भन्दै उसलाई एउटा उपाय सम्झ्यो । हत्तपत्त सत्तलसिँहलाई मन्त्रद्वारा जुम्रा बनाएर आफ्नो कपालभित्र लुकाई । उता राक्षस टाढैबाट मान्छेको गन्ध पाएर खुसीले उफ्रिदै दरबारभित्र पस्यो । गर्जिएर भन्न थाल्यो-छोरी यता कताबाट कुनै मान्छेको गन्ध आए जस्तो छ, आज मेरो आहारा हुने भो, हा...हा...हा...।

राक्षस्नीले डराई-डराई भनी-खै हजुरलाई पनि के भा'को, मैले त त्यस्तो कुनै गन्ध चाल पाइँन ।

राक्षसले पहाडै थर्किने गरी हाँस्दै भन्यो-ए हो र, म पनि बुढो भएर हो कि के हो, कि मान्छे खान नपाएर धेरै दिन हुनाले कल्पनाले मात्रै पनि मान्छेको गन्ध आएको हो ।

राक्षस्नीले कुरा टाल्दै भनी-त्यस्तै होला बुबा ।

त्यसपछि राक्षसले मान्छेबारे अरू कुनै कुरा उप्काएन । दिन बित्दै गयो । राक्षस आफ्नो र छोरीको आहाराको लागि दिनभर बाहिर चाहार्थ्यो भने एकैपटक झमक्क साँझ परेपछि मात्रै दरबार फिर्थ्यो । उता राक्षसकी छोरी राक्षस्नी बाबा बाहिरिएपछि सत्तलसिँहलाई उनकै रूप मनुष्य बनाउँथ्यो भने साँझ राक्षस फर्किनु अगाडि जुम्रा बनाएर कपालमा लुकाउँथी । दिनभरि सत्तलसिँहसँग राक्षस्नीले मायाप्रितिका कुरा गर्थी । राक्षसपुत्री र राजकुमार सत्तलसिँहबिच साँच्चिकै प्रेमको बीजारोपण भैसकेको थियो ।

एक दिन राक्षसपुत्रीले भनी-हे मनुष्य, यसरी हाम्रो मिलन कति दिनसम्म होला र, त्यसैले मेरो बाबालाई सक्छौ भने मार ।

सत्तलसिँहले सोधे-तिम्रो बाबाको मृत्यु कसरी हुन्छ, थाहा छ भने मलाई बताऊ ।

राक्षसपुत्रीले हाँस्दै भनी-तिमी त साधारण मनुष्य हौ । मैले सुनेको छु, मेरा बाबाको मृत्यु कुनै देशका प्रतापी राजकुमार सत्तलसिँहको हातबाट मात्रै हुन्छ रे ।

सत्तलसिँहलाई अचम्म लाग्यो, उनको हातबाट विशाल राक्षसको मृत्यु, पक्कै पनि ईश्वरले जानेरै मलाई त्यो बाटो यहाँसम्म पठाएका होलान् । उनलाई सोचमग्न देखेर राक्षसपुत्रीले भनिछ-के सोचेको तिमीले ? मेरो बाबाको मृत्युबारे सोधेको होइन, ल अगाडी सुन-यहाँ नजिकैको कुवा छ । त्यहाँभित्र जाने तिनवटा सिँढी छ । बिचको सिँढीमा उभिएपछि दुई वटा परेवा उड्छन् , कुनै समय खेर नफाली राजकुमार सत्तलसिँहले ती दुई परेवालाई मार्न सफल भए भने मेरो बाबाको मृत्यु हुनेछ । तर दुवै परेवाहरू या एउटा मात्रै मरेमा सत्तलसिँह स्वयंको मृत्यु हुनेछ ।

राक्षसपुत्रीलाई सत्तलसिँहले म नै सत्तलसिँह हुँ भनेर बताएका थिएनन् । त्यसैले त्यो राक्षसको मृत्यु मेरै हातबाट लेखिएको छ भनेर उनी निश्चिन्त भए । केही दिनपछि राक्षसपुत्रीले भनेबमोजिम सत्तलसिँहले दुवै परेवालाई मारेपछि राक्षसको मृत्यु भयो ।

त्यसपछि सत्तलसिँह राक्षसपुत्रीसँग विवाह गरी त्यो देशको राजा भए । राक्षसपुत्री रानी भइन् । राक्षसपुत्री भए पनि उनी मानवीय स्वभावकी थिइन् । राक्षसको डरले आफ्नो देश छाडेर भागेका जनता बिस्तारै स्वदेश फर्किए । राक्षसपुत्री पनि आफूलाई मनुष्यकै चोलामा परिवर्तन गरेर सत्तलसिँहका साथ सुखी जीवन बिताउन थालिन् । राक्षसपुत्रीको स्वर्ण रौं थियो । एक दिन राजा-रानी नदीमा नुहाउँदै थिए । नुहाउँदै एक-आपसमा जिस्किँदा रानीको एउटा स्वर्ण रौं उखेलिएर नदीमा बगेछ ।

त्यो स्वर्ण रौं बग्दाबग्दै अर्कै देशको नदीमा पुग्यो । अर्को देशको भोँदु (बुद्धिहीन) राजा नदीमा स्नान गरिरहेका बेलो उनको हातमा त्यो स्वर्ण रौं लट्पटिएछ । भोँदु राजाले देशभर सुचना जारी गरे की कसैले स्वर्ण रौं भएकी कन्यालाई खोजेर ल्याएमा उसलाई ठुलो धनराशीको इनाम दिइनेछ । उनी त्यो स्वर्णरौं भएकी कन्यासँग विवाह गर्न चाहन्छन् तर उनको देशभरमा त्यस्ती कन्या कतै पाइएन ।

एक दिन एक कुटनी बुढी दरबारमा आइन् । उनले राजासँग आफूलाई हुक्का काठको डुंगा र मनचिता काठको बहना दिइएमा ती कन्यालाई जसरी भए पनि खोजेर ल्याउने बताइन् । राजाले ती सामानको व्यवस्था गरिदिए । त्यसमा बसेर कुटनी बुढी नदी-नदी सत्तलसिँहको देशमा पुगिन् ।

कुटनी बुढीलाई राक्षसपुत्री रानीको सबै इतिहास थाहा थियो । त्यसैले सरासर दरबारमा गएर भन्न थालिन्--'ए नातिनी, नाति खोई त ?' त्यसबेला सत्तलसिँह दरबारमा थिएनन् । रानीले बुढीलाई कहिल्यै नदेखेकीले भन्न थालिन्-तँपाई को ? मैले त चिनिन नि ।'

बुढी हाँस्दै बेलिबिस्तार लाउन थालिन्-त्यस बेला तिमी सानै थियौ, के चिन्थ्यौ मलाई । तिम्रो बाबा पनि राजा थिए । तिम्रो परिवारका सबै सदस्य र सारा राक्षसलाई एक-एक गरेर एक राक्षसले मार्‍यो । तर तिमीलाई चाँहि छोरी बनाएर राख्यो । म सानैमा तिम्रै धाइआमा थिएँ । राक्षसको डरले भागें । आज वर्षौंपछि माया लागेर तिमीकहाँ आएकी ।

कुटनी बुढीको चिप्लो कुराले रानी हर्षित भइन् । आफ्ना पुराना कुरा थाहा पाउँदा उनको हर्षको सीमा नै रहेन । उनले बुढीलाई सम्मानका साथ दरबारमा राखिन् । तर बुढीले साउती गर्दै भनिन्-म आएका नातिलाई नभन्नु नि, म अर्को कोठामा लुकेर बस्छु । नाति दरबारबाहिर गएपछि तिमीसँग भलाकुसारी गर्न टुप्लुक आइहाल्छु । माइतीका मान्छेलाई लोग्नेहरूले मन पराउँदैनन् क्या ।

रानीले पनि आफ्नी धाई आमा आएको कुरा राजालाई बताइनन् । कुटनी बुढीले रानीको मन जितिसकेकी थिइन् । एकदिन ख्यालख्यालमै उनले राजाको मृत्यु कसरी हुन्छ सोध्नु भनेर रानीको मन चोरिन् । रानीले पनि सत्तलसिँहको त्यो कुरा सोधिछन् ।

सत्तलसिँहले पनि कुनै सोचविचार नगरी आफ्नो मृत्युको बारे रानीलाई भनिदिए-म यहाँ आउँदा आफूसँग एउटा हतियार ल्याएको थिएँ । मलाई अरू कुनै घातक हतियारले समेत कसैले मार्न सक्दैनन्, सिर्फ मेरै तरबारको प्रहारले मात्रै मेरो मृत्यु हुनेछ ।

त्यही रात कुटुनी बुढीले राजाको तरबारले राजा सत्तलसिँहको वध गरिदिइन् । रानीले निकै आलापविलाप गरिन् । उनको कथित धाईआमाले राजालाई मारेको हुन सक्ने भन्नेमा उनले कल्पना समेत गरिनन् । रानीलाई एक दिन कुटुनी बुढीले भनिन्-यसरी कति दिन राजाको शोकमा डुब्छ्यौ ? तिमीले नुवाइधुवाई नगरेको पनि धेरै भया, हिँड नदीतिर जाऊँ । नुवाइधुवाई गर्नु, मन पनि बहलिन्छ ।

नदी किनारमा कुटुनी बुढीको डुंगा र बहना तयार थियो । रानीलाई त्यहाँ पुर्‍याउने बित्तिकै एकछिन डुंगामा सयर गरौं भनेर बसालिन् र गीत गाइन्-

हुक्का काठको
डुंगा रे मनचिता काठको बहना
जहाँ छ रे भोँदु राजाको दरबार
त्यहीँ गएर डुँगा रोक्नु है ।

गीत सकिँदा नसकिँदै भोँदु राजाको देश आइपुग्यो । भोँदु राजा स्वर्णरौं भएकी कन्याको खोजीमा आँखा बिछ्याएर बसेका थिए । उनको भव्य स्वागत गरियो । केही दिनमै त्यहाँको राजासँग विवाह गर्न दवाब दिन थालियो ।

रानीलाई सम्झिन बेर लागेन कि त्यो सब कुटुनी बुढीको योजनाबद्ध चाल थियो । उनले नै सत्तलसिँहको मृत्युको कारण सोधेर हत्या गरिन् । त्यसपछि रानी त्यहाँबाट उम्किने उपाय सोच्न थालिन् । त्यहाँको राजासँग विवाह कसरी टाल्ने भनेर गम्न थालिन् ।

उता भोँदु राजा अर्को विवाहको तयारीमा जुटिसकेका थिए । कुटुनी बुढीमार्फत रानीले खबर पठाइन् कि उनी राजाको मृत्युमा ४५ दिने बर्खी बार्दै छिन् । त्यो बर्खी सकिएपछि मात्रै बिहे

गर्नेछिन् । कुटुनी बुढीले भौँदु राजासमक्ष त्यो सन्देश पुऱ्याइदिइन् । ऊ ४५ दिन सकिने दिन गनेर बस्न थाल्यो ।

अपहरित रानीले प्रस्ताव राखिन् कि उनी सारा दुनियाँलाई सात दिन भोज ख्वाउन चाहन्छिन् । उनको प्रस्ताव पास नहुने कुरै थिएन । दुनियाँभरका मान्छेलाई भोजमा सामेल हुने सुचना जारी गरियो । भोजको अन्तिम दिन उनको नजर तीन नौला व्यक्तिमाथि पऱ्यो । उनीहरू तिनै जनाले आफ्नो अलि-अलि खाना छुट्टै टपरीमा छुट्याएर राखे अनि मात्रै खान बसे ।

राजा सत्तलसिँहले पनि दिनहुँ त्यसै गर्थे । उनी आफ्नो खाना चार भाग लगाउँथे, ३ भाग खाना ३  जना साथीहरूको लागि छाडेर मात्रै उनी एक भाग खाना खाने गर्थे । रानीले त्यसको कारण सोध्दा आफू वनबास आउँदा आफ्ना ३ जना साथीसँग छुट्टिएको र उनीहरूकै लागि खाना राखेको, उनीहरू जहाँ बसेको भए पनि भोकै नबसून भनेर कामना गरेको बताएका थिए ।

रानीले ती ३ जनाले त्यसरी खाना छुट्याएको देखेर तिनीहरू पक्कै पनि सत्तलसिँहका हराएका साथीहरू हुनुपर्छ भनेर लख काटिन् । उनीहरूले भोजन गरेपश्चात छुट्टै बोलाउन पठाइन् । कुरा खोतल्दा उनीहरू साँच्चिकै सत्तलसिँहका बालसखाहरू ठहरिए । उनीहरू सत्तलसिँहलाई भेटन आतुर भए-खै त हाम्रो राजा ? तर रानीले उनको मृत्यु भएको दु:खद खबर सुनाइन् ।

उनीहरूले मृत्युको कारण जान्न चाहेनन् । यति मात्रै सोधे कि राजाको लास कहाँ गाडिएको छ ? रानीले टाढाको आफ्नो देशमा भनिन् । बडहीले उडनखटौला बनायो । उनीहरूले त्यहाँका भौँदु राजालाई प्रस्ताव राखे कि हामीले उडने खाट बनाएका छौं, हिँडनुस् राजा सा'ब सयर गर्न जाउँ । राजा सयर गर्न जान मञ्जुर भयो । उसले भन्यो-'नयाँ रानीलाई पनि सयर गराउन लाने कि ।'

सत्तलसिँहका ३ जना मित्रले पनि त्यही चाहन्थे । 'हुन्छ, किन नहुनु ?' उनीहरूले एकै स्वरमा भने । राजाले भन्यो-'लौ, प्यारी घुम्न जाऊँ । यसरी हावा खाएपछि मन पनि चंगा हुन्छ ।' रानीले कुटुनी बुढीलाई पनि सँगै लाने कि भनिन् । राजाले कुटुनी बुढीलाई बोलाउन पठाए ।

सत्तलसिँहका ३ जना साथी, भौँदु राजारानी र कुटुनी बुढी गरी ६ जना उड्ने खाटमा बसे । उड्ने खाट वायुवेगमा कुद्यो । निकै माथि पुगेपछि विश्वकर्माले भन्यो-हेर्नुस् त बज्यै, तल कति राम्रो । बुढीले तल नजर के लगाएकी थिइन, उसले कुटुनी बुढीलाई तल धकेलिदियो । राजा भयभित भयो । उसले माफी माग्न थाल्यो तर उसलाई पनि सबैले जबर्जस्ती माथिबाट खसालिदिए ।

रानीले सत्तलसिँहलाई पुरेको ठाउँ देखाइन् । विश्वकर्माले हाडखोड जम्मा गरे । कायस्थले त्यसमा प्राण हालेर राजालाई नयाँ जीवन दिए । राजा सत्तलसिँह निकै दिनको निन्द्रापछि ब्युँझिएझैं गरेर हाई काढ्दै आँखा खोले । अनि त्यो देश छाडेर आफ्नै देशमा सबै जना आए । कारण उनको १२ वर्ष वनबासको अवधि सकिएको थियो । छोरालाई वनबास पठाएको पीरले सत्तलसिँहका पिता पनि औधी चिन्तित थिए । बुढेसकालमा छोरा फेला पर्दा उनी पनि निकै खुसी भए । राजाले तीन मित्रलाई मन्त्री बनाएर सुखसाथ राजकाज सञ्चालन गर्न थाले ।

सुन्नेलाई सुनको माला
भन्नेलाई फुलको माला
यो कथा बैकुण्ठमा जाला
भन्ने बेला खुरुखुरु आउला ॥

### ३.१२ अगम जानकी

यो लोककथा कैलाली जिल्लाको थापापुर गाविस-६ बस्ने मसतरानी डगौराबाट सङ्कलन गरिएको हो । यो कथा विविध विषयसँग सम्बन्धित छ । यस कथा भविष्यमा आउने घटना पहिले नै थाहा पाउने महिलाको बारेमा वर्णन गरिएको छ ।

## ३.१२.१ मूलपाठ

एक देशमे एकठो थरुवा मेघरुवा रहे । ओनके एकठो छावा रहे । बडा मजासे रहत रहे । जब छावा भारी हुइल ल ओकर भोज कै देनै, पतोहिया लै अन्नै । लेकिन उ पतोहिया बडा चतुर रहे । उही सबजनके अगम जानकी कहिके बोलकारे । ओ छावा जुन लदभोस्सर । ओस्तक करत ओनके बात नई बनल । छावा आपन जन्नसीसे डराए लागल ओ कहे लागल कि यी बोकसिनीया बा । उही नई लेहम । दाई बाबा सम्भैने बुभैले लेकिन उ नै मानल । एक रोज त छावा जन्नीके डरसे घरसे भाग गइल ओ एकठो रजुवाके घर कमाए लागल । ऊ उहाँ सकारेसे उठके साही जुन तक घास  छोले ।

ओहोर जन्नी भर बेढब सोगाइल । ओ रुइती-रुइती लैहर चल गइल । बस्तहीकै एक महिना बितल त एक रोज जन्नी फे थरुकै लेहे चलगइल । जैसिनकि उ त अगम जानकी रहे, साथमे विलरा, नेउरा ओ कुकरा लेके गइल । रजुवके दरबारमे जाए जेर आपन भेष बदलल ओ आपनहे कलकरुवा बताइल । रजुवाक दरवारमे कुकरा, नेउरा, विलरा सब नचइलस् ओ रजुवै मनके खुश करल । दरबारके सब मनै कहे लग्नै कि बडा सिपार कलकरुवा होवै । काला ओराइल । रजुवा पुछलै, हे कलकरुवा बता अब तै का लेवे ? मै तुहिनसे मनके खुसी बाटुँ । त उ कलकरुवा (अगम-जानकी) कहल, हजुर महिन और कुछ चाइ चाही आपनके दयासे सब पुगल बा । अपने देवी त आपनके घस-छोलुवा महिन दी । त रजुवा हाँसे लागल ओ कहल, रै तै उ घस छोलुवा लैके का करवे ? धन सम्पत माग त तुहिन कुछ काम फे लागि । अगम जानकी कहल हजुर महिन् उहे दै दी । त रजुवा उहीका घर - छोलुवै दे देहल । ओ आपन मनसे उही हन् धन दौलत फेन देहल । उ सब लैके बैने घर ठेके जङ्गल मन पुग्नै त अगम जानकी कहल तै आपन घर चल जा । करुवा आपन जन्नीहन त नाइ चिन्हल । चल गइल । ओ अगम - जानकी आपन लैहर गइल ।

घरे छावा आइल देखके दाइ बाबा नस्से खुसी होइनै ओ मुर्गी मारके जाँड छावके खबैले । छावा आइल देखेके दोसर रोज बाबा पतोहियै लेहे चल गइल । घुमे बरे डगरीमे एकठो रुखुवक तरे ससुरवा सुतल । पतोहिया बैठले समानके अखबारी करती रहे कि एक कौवा बोलल । उ कौवा पशु-बोलमे कहल-अत्ठे गगरी बा । ओकर मुहेम दुध-भात बा ओत भितर धन बा । महिन दूध भात देओ ओ धन तुहुरे लेओ । अगम जानी पशु बोल बुझ्त रहे । हल-हल आपन सुसुरुकै जगाइल ओ सब बात बताइल । ससुरुवा पतोहिया मिलके खतहा खौलनै ओ दूध भात कौवे दैके धन लेके घर गैने । जैसे घर पुग्नै जन्नीहन देखके थरुवा फेन झगडा करे लागल । ओ घरसे भागे लागल त अगम जानकी कहल, कि बा तै ना जा महि चल इम् कहिके उ जाए लागल । यी सबे देखके सक्कु जे रोए लग्नै । थोरिक देरमे एकठो कल करवा आइल । उ कलकरुवै छावा चिन्हल, ओ बैठे देहल, कहल बैठी महाराज, अपने त महिका बचैली । नाही त मे अपनेहे कब्बो नै छुट्टु । ओस्तहीमे अगम जानकी आपन कलाकरुवाक झुलुवा खोल देहल । सक्कु जे अगम जानकी हुन् चिन डरनै थरुवा फेल लजाइल तब सब जै खुसी बैठनै ।

अत्रा हो बात अत्रै हो चित

हँसिया लेबो कि बेंट

बेंट

तोहार मोर सध्यें हुइ भेंट ।

स्रोत : मसतरानी डगौरा थापापुर ६ कैलाली

## ३.१२.२ नेपाली अनुवाद

कुनै एउटा देशमा एउटा लोग्ने र स्वास्नी थिए, उनीहरूको एउटा मात्र छोरा थियो । त्यो छोरा धेरै राम्रो थियो, जब उनीहरूको छोरा वयस्क भयो तब उसले विवाह गरेर बुहारी भित्रियो । उनीहरूको बुहारी एकदम चलाख थिई, उसलाई भविष्यको बारेमा जान्ने बुहारी भनेर चिन्न थाले,

तर उनीहरूको छोरा चाँहि एकदम साधारण किसिमको थियो, यसैगरी छोरा र बुहारीबिच मनमुताव सुरु भयो, र छोराले आफ्नो र ऊसँग बस्न नसक्ने निर्णय लियो आफ्नो छोरालाई सम्झाउँदा र बुझाउँदा पनि मानेन, एकदिन उनीहरूको छोरा आफ्नो स्वास्नीको डरले आफ्नो घर छाडेर राजाको घरमा कमाउन गयो । उसले त्यहाँ बिहानैदेखि घाँस छोल्ने काम गर्न थाले जसले गर्दा उसको स्वास्नी चिन्ताले शोकाकुल भयो र रुँदैरुँदै आफ्नो माइती गइहाली । एकमहिनापछि फेरि लोग्ने को घरमा गयो र आफू साथमा कुकुर, विरालो, र न्याउरीमुसो साथमा लिएर आफ्नो भेष बदलेर राजदरबारमा गयो, र आफूलाई जादुगर बतायो र राजदरबारमा बिरालो न्याउरी र कुकुरलाई न्याउरीसँग आफ्नो जादु देखाएर राजालाई मखख पर्‍यो । दरबारमा सबै उसलाई धेरै सिपालु को संज्ञा दिन थाले यसैगरी उसले सबै सिकाएपछि राजा ले के चाहियो भनेर सोध्यो र भन्यो म धेरै खुसी छु उसले भन्यो मसँग सब थोक छ मलाई केही चाँहिदैन । यदि तपाई दिन सक्नु हुन्छ भने आफ्नो नोकरलाई दिन सक्नु हुन्छ भन्ने आफ्नो नोकरलाई दिनुस भनेर भन्यो उसको कुरा सुनेर राजा छक्क भयो र भन्यो तिमीले धनसम्पत्ति मात्र र त्यो पनि सम्म तिमीलाई काम लाग्छ भने र भन्यो राजाले उसलाई आफ्नो नोकर धन सम्पत्ति पानी दियो लोग्नेले आफ्नो स्वास्नीलाई चिन्न सकेन उसको स्वास्नीले त्यो नोकरलाई घर जा भनेर पठाइदियो र आफू चाहिँ माइती गई ।

आफ्नो छोरा घरमा आएको देखेर आमा र बुबाले कुखुरा काटेर खुवाउन थाले । छोरा आएको देखेर उसको बुबा बुहारी लिन गयो, र बुहारी लिएर आउँदाखेरी बुढो रूखको जरामुनि सुत्यो र उसको बुहारीले चाहिँ उसको चौकीदारीको काम गर्‍यो एकदिनपछि एउटा काग आयो र कागले भन्यो । यहाँनिर एउटा गाग्रो छ र गाग्राको मुखमा दुधभात छ र भित्र धन छ भनेर भन्यो कागले भन्यो मलाई दुध देऊ र धान जति आफू लिएर जाऊ भनेर भन्यो बुहारीले आफ्नो ससुरालाई जगायो र सुसुरा र बुहारी मिलेर एउटा खाल्डो खने दुध कागलाई दिए धन जति आफूलिएर घर गए घर पुग्ने बित्तिकै त्यो लोग्ने फेरि झगडा गर्न थाल्यो र घरबाट फेरी भाग्न थाल्यो र उसको स्वास्नीले भन्न थाली तँपाई घर छाडेर नजानुस् बरु मनै यो घर छोडेर जान्छु । यो सबै देखेर घरका सबै सदस्यहरू रुन थाले एकदिन पछि एउटा जादुगर आयो त्यो जादुगरलाई लोग्नेले चिन्यो र बस्न दियो, र भन्न थाल्यो बस्नुस् महाराज तपाईले नै मलाई बचाउनु भयो नत्र म उहिल्यै छुट्ने थिएन भन्न थाल्यो त्यसैगरी त्यो जादुगरले आफ्नो जादु देखाउने कपडा खोल्यो र भविष्यको बारेमा जान्ने स्वास्नी मानिसलाई चिने । त्यसपछि उसको ठिक लोग्ने धेरै लज्जित भयो र सबैजना खुसी भए ।

सुन्नेलाई सुनको माला

भन्नेलाई फुलको माला

यो कथा बैकुण्ठमा जाला

भन्ने बेला खुरुखुरु आउला ॥

### ३.१३ नमहा ओ बघुवा कथा

यो लोककथा कैलाली जिल्लाको प्रतापपुर गाविस-२ बस्ने शिवानु थारूबाट सङ्कलन गरिएको हो । यो मनोरञ्जनात्मक विषयसँग सम्बन्धित छ । यस कथामा खरायो र बाघसँग सम्बन्धित प्रसङ्ग पाइन्छ ।

### ३.१३.१ मूलपाठ

एकठो महा गरीब थारु रहे । ओकर एकठो दाइकेल रहिस । गरीबीके मारे उही हन् केउ छाइ फे नै देहल रहे । ऊ बनुबामन जाए । काठी काटके बजार मन बेचै ओ आइल पैसा लेके चाउर नौन किनके नाने ट दाइ पकाए । नही कि भुखले सुते ।

एक रोज उ थारु काठी करे बनुवा गैल । उहाँ एकठो बडी अच्चमके बात देखल । उ का कि एकथो नमहा बघुवै रखेदे ओ बघुवा जुन डरके मारे भागे । भागत भागत उहे थारुके ठै

आइल ओ कहल कि लेओ महाराज महि नुकाई, नै ते नमहा महिहन मारडारी । उ आपन चदरीसे बघुवै आपन काठिके बिचेम नुकाइल । थोरिक देरमे नमहा आ पुगल ओ बघुवै पुछे लागल । थारु बताइल कि उ नै देखले हो । ओ नमहा उही दोसर ओर खोजे चलगैल । त बल्ल बघुवा निकरल ओ कहल कि यी बात हुइना त हुइल लेकिन किहुसे फे ना बतैहो । इज्जतके बात बा । जहाँ बतैवो तुहिन खा डर्बु । उ घरे आके मारे किहुसे फे उ बात नाइ कहल । उहीहन चुपाइल देखके ओकर दाइहन मनके चिन्ता हुइल । पुछे लागल का हुइल - छावा बता । तब छावा बताइल सबबात । दाई उहिहन् उपाय बतैलि, तै सुते बाजी संघरियनके बिचेमे सुतिस्त बघुवा थाह नै पाई । छावा बल्ल शुखी होइल । ओहोर बघुवा जुन सब बात घरके पाछेसे सुनत रहे । जब उ संघरियनके बिचमे सुतल । रातके बघुवा खटिया सहिते बनुवा मन लैगइल ओ खटियकके तरे सुत राखल ।

जब सकारे उ जागल । अचम्म परल, उ त घरमे संघरियन संगे सुतल रहे । कहाँ बनुवामे खटिया सहिते आ पुगल यी सब सोच विचारके जैसे खटिया परसे उठल तैसे बघुवा खटिया तरसे उठल । लागल डराए बघुवै देखके । अब मुवाडरी सोचके विचारा लगलगाए लागल । बघुवा पुछल, मै तुहिन मोर इज्जतके बातट किहु फे नाइ बताइ कले रहु । त तै काकरे आपन दाइसे बतैले । उ कहल, मोर मनै नै मानल बघुवा महाराज तु महिन मारदेवो कहिके अनसोचमे परनु ट दाइ पुछेलागल । आपन दाइ जानकै बता देनु त गल्ती करनु । बघुवा थारुहन् लगलगाइल देखके पुछल, तै का करे लग्लगाइटे रै ? तब ारु आपन अक्किल लगाइल । कहल तुहिन काल्ह रखेदत रहे जे नमहा । हो उही काल्ह मारके खैइले रहु । उ मोर पेटेमन् कुदगटा । निकरे देओ कहटा, उहे मारे हिलटु बघुवा सोचल अब्बे यहाँ थोरिक बेर सम रहम ते ना हो कि नमहा छोरदी ओ नमहा महिभर् मुवाए । बघुवा आगे हेरल न पाछे । ले ले मै जाइटु कहिके भाग गइल । तब थारु अपन घर लौटल ।

अत्रा हो बात अत्रै हो चित

हँसिया लेबो कि बेंट

बेंट

तोहार मोर सध्यें हुइ भेंट ।

स्रोत : शिवानु थारू प्रतापपुर ३ कैलाली

### ३.१३.२ नेपाली अनुवाद

एउटा अत्यन्तै गरीब लोग्ने मानिस थियो । उसको घर परिवारमा आमा मात्र थिइन् र अरु कोही थिएनन् । गरीब भएकै कारण उसको विवाह भएको थिएन । उसले दैनिक जंगलमा जाने र दाउरा बेचेर आफ्नो जिविकोपार्जन गरिरहेको थियो ।

एक दिनको कुरा हो त्यो लोग्ने जङ्गलमा दाउरा लिन गएको थियो । व्यर्थ उसले अचम्मको घटना देख्यो, त्यहाँ एउटा खरायोले एउटा बाघलाई लखेट्दै थियो र बाघचाहिं डरले भागिरहेको थियो । बाघ भाग्दा भाग्दै त्यो गरीब लोग्ने मानिसको नजिक पुग्यो र उसँग भन्यो मलाई बचाई दिनुस् महाराज मलाई खरायोले मार्न आइरहेको छ । त्यो देखेर मानिसले बाघलाई आफ्नो दाउराबिचमा राखेर तान्नाले ढाक्यो र बाघ बाँच्न सफल भयो ।

खरायो उसलाई खोज्न अन्त्यै गयो र बाघले केही दिनपछि निस्केर त्यो गरीब मान्छेसँग हात जोर्दै भन्न थाल्यो हजुर जे भयो त्यो चाहि कसैलाई नभन्नुहोला । किनकी मेरो इज्जतको सवाल छ, यदि तिमीले यो कुरा अरुसँग भन्यो भने म तिमीलाई म खाइहाल्छु । यस्तो कुरा सुनेर त्यो गरीब मानिस डरले गर्दा कसैसँग भन्न सकेन आफ्नो मनमा चिन्ता लिंदै घरमा बसेको थियो त्यतिकैमा उसको आमा उससँग सोध्न थाल्यो छोरा तिमीलाई के भयो निकै चिन्ता लिएर बसेको छस् ? उसको आमा उसँग बारम्बार सोध्दा खेरि उसले आमा सँग यो कुरा सुनायो उसको आमाले एउटा उपाय छोरालाई भन्यो छोरा तिमीले सुत्दाखेरी आफ्नो साथीहरूको बिचमा सुत त्यसपछि बाघले तिमीलाई केही गर्न सक्दैन । बाहिरबाट बाघले यी सबै कुरा सुनिरहेको थियो जब

राति पऱ्यो तब त्यो गरीब मानिस आफ्नो साथीहरूको बिचमा गएर सुत्यो र बाघले साथीहरूको बिचमा सुतिरहेको अवस्थामा त्यो खाटलाई उठाएर जंगलमा लग्यो र खाटको मुन्तिर सुत्यो ।

जब बिहान भयो तब उसलाई अचम्म लाग्यो कि म कसरी जङ्गलमा आईपुगे भनेर । यस्ता कुरा सोच्दासोच्दै ओछ्यान बाट उठ्यो त्यतिखेर खाटको मुन्तिर सुतेको बाघ पनि उठ्यो बाघलाई देखेर त्यो मानिस डराउन थाल्यो । अब त मलाई यो बाघले खान्छ कि भन्ने डरले काम्न थाल्यो बाघले त्यो मान्छेसँग पहिल्यै जंगलमा भएको बाचा कसैलाई नभन्नु भनेर भनेका थिए तर त्यो मानिसले सबै कुरा आफ्नो आमा सँग सुनाएको थियो तब त्यो मानिसले बाघसँग भन्यो महाराज मेरो मनले मानेन त्यसैले यो कुरा सुनाइदिए । आफ्नो आमाको विश्वास गरेर मात्र सुनाएको हुँ ।

त्यो मानिसको शरीर काँपेको देख्दा त्यो मानिससँग बाघ सोध्यो किन कापिरहेको छस् ? त्यसपछि लोग्नेले एउटा राम्रो उपाय निकाल्यो र भन्न थाल्यो हिजो अस्ति तिमीलाई लखेटिरहेको खरायोलाई मैंले नै मारेर खाएँ । त्यो खरायो मेरो पेट मा उफ्रीदै भनिरहेको छ मलाई बाहिर निस्कन देउ म बाघलाई मारेर खान्छु भनेर बाघलाई सुनायो र त्यो बाघ खरायोको डरले गरीब मान्छेसँग म गए भन्दै अघिपछि केही नहेरी भाग्यो ।

सुन्नेलाई सुनको माला
भन्नेलाई फुलको माला
यो कथा बैकुण्ठमा जाला
भन्ने बेला खुरुखुरु आउला ॥

## ३.१४ गिदरा ओ टुवर लौंरा कथा

यो लोककथा कैलाली जिल्लाको बौनिया गाविस-९ बस्ने रामभरोसे डगौराबाट सङ्कलन गरिएको हो । यो कथा विविध विषयवस्तुसँग सम्बन्धित छ । यस कथामा अनाथ केटा र स्यालको जीवनका प्रसङ्ग प्रस्तुत गरिएको पाइन्छ ।

### ३.१४.१ मूलपाठ

एकठो गाउँमे एकठो टुवर लौरा रहे । ओकर नाम अन्ताक रहे । ओकर दाइ बाबा भैयाबाबु केउ फे नाइ रहे । उ अकेली रहे । ओकर धन -सम्पत नाइ रहे । रहे त एकठो टुटल, चुहा घर ओ उकठो अनारके रुख्खा । लेकिन उ फल कब्बो खाए नै पाए । काकरे कि एकठो गिदरा सद्यिमान आबै ओ खा देहट रहे । अन्ताक सब दिन भुखे रहत रहे । उही हे केउ कमैया फे नाइ धरत रहे । काकरे कि ओकर मल्कान घरे धन्धा करना जन्नी नाइ रहे ।

एक रोज उही हन गिदरासे बेधब रिस लग्लिस ओ एकठो बात सोचल, रात भर बैठके ओदरा बनाइल ओ अनारके रुख्खामे चुप्पैले घर देहल । एक्के घरीमे गिदरा जैसे आइलस उहे ओदरामे फसगइल ओ घिघियाए लग्लस, रोए लग्लस ओ आन्ताकै छोडे कहे लग्लस । अन्ताक कहल, मै तुहि नै छोडबु । तै काकरे मोर रुखवाके फल चोरा चोरा खैठे ? मै सब दिन भुखे मुठ । आब त तुहि बिना मुबैले नै छोडम । वस्तहीके अन्ताक गिदरा मुवाए भिरल ट गिदरा रोए लागल ओ कहल आसे तुहार रुख्खक फल कब्बो नै खइम हजुर महिन ना मुवाओ । आज महिहन छोडदेबो त मै हजुरहन रजुवा बनादेहअ । अनक विश्वास त नै करल लेकिन छोडदेहल । त उ गिदरा दोसर देशेम गइल ओ उ देशेक रजुवै कहल-हजुर मै हजुर के छाईके भोज एकठो भारी सुग्घुर रजुवा सँग करादिँउ ? रजुवा ओकर बात नै पतियैलस ओ रिसइलस् । उहे बेलामे राजकुमारीके मोतीक माला टुटल त गिदरा कहल छि ! अपने कैसिन रजवा छुइटी जे ऐसिन घिनाहुन मोतीके माला आपन छाडहन् परिरैल्याटी ? रजुवा कहल-तुहि का था मोती कैसिन रहथ रे ?

अपने पतियैबो नाई करठी । हमार देशके रजुवा त कैसिन सुग्घर सुग्घर मोती कोन्टीभर धरल बाटै । कहि त म ना दिउँ ? त रजुवा फे कहल ? कि जा लै जान कैसिन मोती पेइल ओ सबसे भारी मोती उठाके लैगइल ओ रजुवाहे देहल । त रजुवा फे विश्वास कै डारल । ओ पुछल

तोर राजके नाम का हो, कैसिन बा आदि आदि । गिदरा फे हल, मोर रुवाके नाम आन्तक हो, उहाँ बडी सुग्घर बाटै । हुक्कार घर हीरा, मोतीसे भरल बा । चाँदी कत्रा बा कत्रा, बयान करे नै सेकनाके मेरके बाबै । बात सुनके रजुवाफे विश्वास कैडारल ओ कहल कि तुहार रजुाव मोर छाइ भोज करही ? करही त बात चित्त पक्का कै देओ । हमार छाइ फे बहुत सुग्घर बाबै । गिदराहे फे का चाहल रहे । भोक दिन पक्का करके आन्तकके ठन गइलस ओ सक्कुबाट कहल । बाट ओनाइके आन्तक कहे लागल - कि ओकर ठै लुगरा - कपडा कुछु नाइ हो । का पेहेरके जाई, दुल्हीहे का दी । त गिदरा फे उहे चिमैले जाई कहल । सक्कु चाज अपनही ठिक कर देना बताइल ।

नेङत - नेङत ओइन एकठो लडिया पहुँचनै त गिदरा अन्ताकै पानीमे घेचा सम रजुवाके महलीमन गइल ओ कहल कि जैसे बैने आइत रहे । बैसे लडियामन सक्कु बराती लावा लस्कर सब पडगैने । अन्ताक रजुवाके लुगरा लुगरी फे पुह गइल आदि आदि । उ देशेक रजुवा हाली हाली आपन मनै लुगरा लुगरी देहे पठाइल ओ आन्तकै लडियासे निकारके सुग्घुर सुग्घुर झुलुवा पैहेरे देहल ओ घोडा मन बैठाके बाजा बजाके अन्ताके आपन महलमे लैगइल ओ आपन छाइसे भोज करके बढियासे विदा बारी करल । अब अन्ताकै भारी शोग लागे लागल कि उ रजुवाके छाइसे भोज त करल लेकिन उ विचारी हन लैजाके कहाँ धरी ? का खाए दि ।

अन्ताकहे शोगाइल देखके गिदरा बात बुझ डारल ओ चुप्पेसे कहल अपने ना ते शोगाइ । जब मै अत्रा सक्कु कै देनु त और फे करम । अन्ताक फे का करे, विसोस त करे परल । ओइने नेङत नेङत बनुवामै पुग्नै । गिदरा अगट्टे बनुवामे पुग चुकल रहे । वहाँ बनुवामे एको मनै बहुटे गोरु चराइत रहे । उहिसे उ गोरु केकर हो कहिले पुछल त गिदरा कहल कि अबसे उ सलचाज आन्तक रजुवाके केउ पुछलेसे अन्ताक रजुवाक बताए कहल । अस्टकीके डगरीमे भैस छेगडी भेडी सब चरौहनसे भेटती बस्टही कहटी करल । ओ सबसे पाछे पहुचल हीरा सिंहके महलेमे । वहाँ जाके हिरासिंह हन कहल कि हजुर अपनेनहे मारे आन्तक रजुवाक बडी भारी फौज आइटा । हल हल भागी ओ नुकी । ओकर कहटी कहटी हिरासिंहके गैवारन फे आइनै ओ कहने एकठो अन्ताक कहना रजुवाके भारी फौज हजुरहन मारे आइटा हजुर हल हल भागी । हिरासिंह फे गिदराके ले त गिदरा हि बता कि अब कहाँ आउँ ? का करु ? त गिदरा उही एकठो नस्से ढेङ पर्वतुवापर लैगैल ओ एकठो गहीर ओडारमे पेले कहल । उ ओडारेक मुहेपर भारी भारी पथरा घर देहल । हिरासिंह वहाँले बार निकरे नै सेकके उहे मुगिल । ओ अन्ताहे नानके उही मइलीमे बैठाइल । रानी ओ ओइन संग अइलक मनै देख्नै फुरण्डै वहाँ त कौनो कोन्टीमे हिरा मोती कौनोमे सोना चाँदी त वैने अचम्म पर्ने ओ घुमके अन्ताकके राउट हन बतैने कि राउतसे ट दमाद कहाँ हो कहाँ धनी बा कहिके, रजुवा फेन खुसी हुइल ।

वहाँसे अन्ताक बहुत साल सम आपन जन्नीसे खुसीले जियल । गिदरै फे आपन मन्त्री बनाके मान-सम्मान दैके धरल ।

एकरोज गिदरा अन्ताके कहल कि ओकर मुना दिन आइटा अगर उ मुई त ओकर सिंग ढारी ओ छालाके टोपी बनाइके उ पैहेरी त गिदराके सब अक्किल अन्ताकै मिली । कुछ रोज बाद गिदरा मुअँगइला । आन्ताक बैढव रुइल ओ ओकर टोपी बनाके पैहेरल ओकर सिंग अपन ठन धारल र फुरे उहीहन गिदराके सल बुद्धि चलाआइल । अभिन सम कहावट बा केकरो ठन गिदराके सिंग रहठ ते उही केउ फेन जुवामे जिते नै सेकठ । तब आन्ताक सक्कु जन हन सुख दैके खुसी खुसी राज करल ।

अत्रा हो बात अत्रै हो चित
हँसिया लेबो कि बेंट
बेंट
तोहार मोर सध्यें हुइ भेंट ।

स्रोत : रामभरोसे डगौरा बौनिया ९ कैलाली

### ३.१४.२ नेपाली अनुवाद

कुनै एउटा गाउँमा अनाथ केटा थियो उसको नाम अन्ताक थियो । उसको आमा बाबु, दाजु र बहिनी कोही पनि थिएन ऊ एक्लो थियो । उसको धन सम्पत्ति केही थिएन सम्पत्तिको नाउँमा एउटा भत्किएको घर अनारको रूख थियो तर फल कहिल्यै पनि खान पाएको थिएन किनकी एउटा स्यालले त्यो फलपहिलै नै खाइदिन्थ्यो । प्रत्येक दिन अन्ताक भोकै हुन्थ्यो उसलाई कसैले कमैया राख्दैनथे किनकि उसको स्वास्नी थिएन ।

एकदिन त्यो केटो स्यालदेखि रिसायो र स्याललाई मार्नको लागि एउटा उपाय निकाल्यो र पासो थाप्यो र केही दिनपछि स्याल आयो । पासोमा फस्यो र त्यो स्याल रुँदै डराउँदै मलाई छोडिदेउ भनेर बिन्ती गर्‍यो तर त्यो केटाले मानेन र भन्यो म तिमीलाई मारिदिन्छु । किन तिमीले मेरो अनारको फल चोरेर खाइ दिन्छौ मैंले प्रत्येक दिन भोकै बास्नु पर्छ । स्यालको बिन्तीले गर्दा अन्ताक त्यो स्याल लाई छोडिदियो । स्यालले त्यो केटालाई राजा बनाउँछु भनेर बाचा दिएर गयो । केहि दिन पछि त्यो स्याल अर्को देशमा गयो, र त्यो देशको राजाको छोरीको विवाह अर्को देशको राजाको छोरासँग गराइदिन्छु भन्दा खेरि त्यो देशको राजाले स्यालदेखि धेरै रिसायो त्यही बेलामा राजकुमारीले लगाएको हीराको माला चुड्यो । त्यो देखेर स्यालले राजालाई भन्यो तँपाई कस्तो अचम्मको राजा राजकुमारीलाई पनि यस्तो माला पहिराउने ? राजाले भन्यो तँलाई के थाहा मोती कस्तो हुन्छ ?

राजाको त्यस्तो कुरा सुनेर स्यालले आफ्नो देशको राजाले पनि कोठा भरि मोती राखेको कुरा बतायो । यदि तपाई पत्याउनु हुन्न भने म हाम्रा देशको राजाको घरबाट मोती ल्यादिन्छु र मोती लिन आफ्नो देश फर्क्यो ऊ मोती लिन समुद्रको किनारमा पुग्यो । त्यसको सबभन्दा ठुलो मोतीको दाना लागेर राजकहाँ बुझायो र स्यालको विश्वास राजालाई भयो । त्यो देशको राजाले अर्को देशको राजाको बारेमा स्यालसँग सोध्न थाल्यो, आफ्नो देशको राजाको नाम अन्ताक भन्यो उसको घर हीरा मोतीले भरिएको छ त्यो सुनेर राजालाई विश्वास भयो । त्यो राजासँग आफ्नो छोरीको विवाह गर्ने निर्णयमा पुग्यो राजाको निर्णय अनुसार त्यो स्यालले राजकुमारीको विवाह अन्ताक सँग गराई दिने विचार गर्‍यो स्यालको कुरा सुनेर अन्ताक अचम्म पर्‍यो र आफ्नो बारेमा आफै सोच्न थाल्यो जबकी उ सँग एक जोडा कपडा पनि छैन । राजकुमारीलाई हेर्न जाँदा के लगाएर जाने र राजकुमारीलाई के दिन सोचमा पुग्यो स्यालले अन्ताकलाई भन्यो हामी चुपचाप लागेर राजकुमारीलाई मात्र हेर्न जाऊ ।

जाँदा जाँदा तिनीहरू एउटा ठुलो नदीको किनारमा पुगे । त्यो नदी तर्दातर्दै अन्ताक राजाको सबै कपडा नदीले बगायो भनेर राजासँग सुनाए । त्यो देशको राजाले अन्ताकलाई राम्रो राम्रो कपडा लगाएर घोडामा बसालेर आफ्नो महलमा लग्यो र आफ्नो छोरीको विवाह अन्ताक राजासँग धुमधाम तरिकाले सम्पन्न गर्‍यो । अब राजाको छोरीलाई उसले कहाँ राख्न के खुवाउने चिन्तामा पर्‍यो आन्तकको सोंच आवस्था देखेर स्यालले उसको हौसला प्रदान गर्दै भन्यो तिम्रो लागि अझैं धेरै गर्नु बाँकी छ भनेर भन्यो ।

जाँदा जाँदै तिनीहरू जङ्गलमा पुगे । उनीहरू भन्दा ठिक नै स्याल चाँहि जङ्गलमा पुगिसकेको थियो । जंगल धेरै गोरू चरिरहेका थिए यदि उसैले यी गोरूहरू उसको हुन भनेर सोध्यो भने अन्ताक राजाको हो भनेर भन्नु यसरी स्यालले जुक्ति निकाल्यो । जंगलमा, बाटोमा पशुपंक्षी तथा जीव जनावर देखि लिएर सबै जति अन्ताक राजाको हो भनेर भन्न थाले जंगलमा चरिरहेका गोरु, भैसी, ब्राखा, भेडा सबै हिरासिंहको थियो केहि दिनपछि हिरासिंह पनि आयो र त्यसलाई भगाउनको लागि स्यालले अन्ताक राजाको धेरै ठुलो फौज आइरहेको कुरा बतायो र यहाँबाट छिटै भाग्ने सल्लाह दियो स्यालको यस्तो कुरा सुनेर उसलाई विश्वास लाग्यो र अब के गर्ने कहाँ जाने सोचमा पर्‍यो । त्यो चिन्तन अवस्था देखेर त्यो स्याल हिरासिंह लाई ठुलो पर्वतमा जाने र गुफाभित्र पसेर बस्ने सल्लाह दियो । हिरासिंहलाई गुफाभित्र पसाएर त्यसको मुखमा ठुल्ठुला ढुङगा राखिदियो र हिरासिंह त्यो गहिरो गुफाबाट बाहिर निस्कन सकेन र त्यो गुफाभित्र मर्‍यो ।

अन्त्यमा स्यालले अन्ताकलाई ल्याएर महलमा बसायो, रानीसँग आएका मानिसहरू त्यो महलभित्र भएको हीरा मोती देखेर छक्क पर्दै घर फर्केर राम्रोसँग भन्न थाले तपाईभन्दा तपाई

ज्वाईको ज्वाई धेरै धनी हुनुहुन्छ भन्ने कुरा सुनेर राजा खुसी भयो । त्यसै गरी अन्ताकले धेरै बर्षसम्म खुसी सँग बस्यो । स्याललाई आफ्नो मन्त्री बनायो एक दिन स्याल मऱ्यो र स्यालको छालाको टोपी अन्ताकले बनाएर लगायो, सिङ चाहिँ आफूसँग राख्यो । त्यसैले एउटा भनाई छ कि यदि कसैसँग स्यालको सिङ छ भने त्यसैले जुवामा कसैले पनि छुटाउन सक्दैन । त्यसैगरी अन्तकले त्यो राजमहलमा बस्दै सबै जनतालाई सुख प्रदान गऱ्यो ।

सुन्नेलाई सुनको माला

भन्नेलाई फुलको माला

यो कथा बैकुण्ठमा जाला

भन्ने बेला खुरुखुरु आउला ॥

## ३.१५ गोंगहा कौवा कथा

यो लोककथा कैलाली जिल्लाको टीकापुर न.पा.-४, बस्ने बिकटलाल चौधरीबाट सङ्कलन गरिएको हो । यो मनोरञ्जनात्मक विषयसँग सम्बन्धित छ । यस कथामा धुर्त भँगेरा र लाटो कागको जीवनका घटना पाइन्छन् ।

## ३.१५.१ मूलपाठ

एकथो सुन्दर तलवाक किनारमे एकथो छोट्नक सुन्दर बनवा रहे । उ बनवामे एको गेओरिया ओ कौवा रहित । ओइने दुनु जाने खोव मिल्ना मित रहिंत । दुनु जाने आपन आपन अँथरामे अण्डा परलेरहित एकदिनके बात हो । गेओरिया कौवाहे कहथ- मित होई आज लानो तोहारिक अण्डा पिई । गेओरियाक बाटेमे कौवा मञ्जुर नइहुइथ । तब पाछे गेओरिया कहथ-आफ लानो तोहार अण्डा पिई । तब काल्ह मोरिक अण्डा पिअब । अतरा सुनके कौवा मञ्जुर हुजाइथ । दुनुजाने बढियासे कौवाक अण्डा पिथाँ ।

दोसर दिन कौवा कहथ मित होइ काल्ह मोर अण्डा पिली । आफ तोहारिक अण्डा पिना बा कौवाक बाट सुनके गेओरिया कहथ मित होइ काल्हि अण्डा पिलक मुह विग्रल बा । जाउ तलवामे पानी लेहे । मुँइ धोली तब पिअब । गेओरियाक बाट सुनके कौवा पानी लेहे । मुँह धोली तब पिअब । गेओरियाक बाट सुनके कौवा पानी लेहे तलवामे जाइथ तब तवाहे कहथ मै पानी लेहे आइल बातु । कौवाक बाट सुनके तलवा कहथ-पानी लैजैना भाँडा लेहे जा तबते पानी लैजैवे काहुन ।

कौवा भाँडा लेहे कुम्हरक थन जाइथ । कुम्हराहे कह-मोरलक भाँडा बनादे । कौवाक बाट सुनके कुम्हरा कहथ-माटी ओराइल वा जा पर्वतवामे माटी लेहे ते बनादेम । कौवा माटी लेहे पर्वतवामे जाइथ, जाके कहथ मै माटी लैजाइक लग बतुँ । ओतरा सुनके पर्वतवा कहथ-माटी लेहे ते ओइलते माटी कोर्ना भाडा नै नन्ले भ्के । तब कौवा खुर्पा लेहे लोहारीन थन जाइथ । जाके कहथ-महिहे माटी कोर्ना खुर्पा दे । कौवाहे खुर्पा माँगत सुनके लोहरा कहथ- लाल लेबे कि करिया ? लोहरा ओसिक पुछत सुनके कौवा सोचथ - एकते मै करिया बतुँ सबकेउ नै मन परैथाँ ते खुर्पा काकरे लैजाउ करिया । तब कहथ लाल खुर्पा देउ । अत्ना सुनके लोहरा खुर्पा घिकाके लाल करके कौवाफ पिथीमे धैदेहथ, कौवा जरके ओथ्नेहे मुजाइथ । ओहा गेओरिया जुन कौवा घुमके नै आइलकमे खुसीम खोप उल्रथ, खोब उल्रथ ।

अत्रा हो बात अत्रै हो चित
हँसिया लेबो कि बेंट
बेंट
तोहार मोर सध्यें हुइ भेंट ।

स्रोत : बिकटलाल चौधरी टीकापुर ४ कैलाली

## ३.३.१० नेपाली अनुवाद

एउटा सुन्दर तलाउको नजिक एउटा सानो रमणीय जङ्गल थियो । त्यो जङ्गलमा एउटा भँगेरा र एउटा काग बस्थे । ती दुबै जना अत्यन्तै मिल्ने साथी थिए । दुवै जनाले आ-आफ्नो गुँडमा अण्डा पारेका थिए । एक दिनको कुरा हो भँगेरा कागलाई भन्छ - साथी हो आज तिम्रो अण्डा खाऔ न । भँगेराको कुरामा काग सहमत हुँदैन । पछि भँगेरा फेरि भन्छ आज तिम्रो खाऔँ भोलि मेरो खाँउला । यति कुरा सुनेर काग मञ्जुर हुन्छ । दुवै जना कागको अण्डा खान्छन् ।

अर्को दिन काग भन्छ साथी हो । हिजो मेरो अण्डा खायौ आज तिम्रो अण्डा खाने पालो छ । कागको कुरा सुनेर भँगेरा भन्छ - साथी मित हो हिजो अण्डा खाएको मुख फोहोर छ, तलाउमा पानी लिन जाउ मुख धुन्छौ अनि खान्छौ भँगेराको कुरा सुनेर काग पानी लिन तलाउमा जान्छ र भन्छ म पानी लिन आएको छु भँगेराको अण्डा पिउनु छ । कागको कुरा सुनेर तलाउले भन्छे पानी लिने भाँडो ल्याउँछौ ? लिन जाऊ अनि पो पानी लैजान्छौ ।

काग भाँडो लिन कुमाले कहाँ जान्छ र कुमालेलाई भन्छ मेरो लागि भाँडा बनाइदेऊ कागको कुरा सुनेर कुमाले भन्छ माटो सिद्दिसकेको छ जाउ पर्वतमा माटो लिन जाऊ त्यसपछि बनाइ दिन्छु । काग माटो लिन पर्वतमा जान्छ र भन्छ म माटो लिन आएको छु यति सुनेर पर्वतले भन्छ माटो लिन आएको त आयो माटो खन्ने भाँडा ल्यायो त ? त्यसपछि काग खुर्पा लिन कामी कहाँ जान्छ र भन्छ मलाई माटो खन्ने खुर्पा देऊ कागलाई खुर्पा मागेको सुनेर कामी भन्छ रातो लिन्छौ कि कालो कामीले यसरी भने पछि काग मनमनै सोच्छ एक त म उसै कालो छु सबैले मन पराउँदैनन् खुर्पा किन कालो लैजाऔं तब भन्छ रातो खुर्पा देऊ । यति सुनेर कामीले खुर्पा रातो पारी तताएर कागको पिथ्युमा राखी दिन्छ काग जलेर त्यही मर्छ । उता भँगेरा काग फर्केर नआएकोमा धेरै खुसी हुन्छ उफ्रिन्छ धेरै उफ्रिन्छ ।

सुन्नेलाई सुनको माला
भन्नेलाई फुलको माला
यो कथा बैकुण्ठमा जाला
भन्ने बेला खुरुखुरु आउला ॥

# चौथो परिच्छेद

## थारू लोककथाको वर्गीकरण र विश्लेषण

### ४.१. थारू लोककथाको वर्गीकरण

लोककथाका अध्येताहरूले विभिनन अनुसन्धानहरू जारी राखेका भएपनि हालसम्मको अध्ययन परम्परा कैलाली जिल्लालाई छुट्टै आधार बनाएर थारू लोककथाको अध्ययन कसैले अध्ययन गरेको पाइदैन । अतः यस परिच्छेदमा कैलाली जिल्लामा प्रचलनमा आएका लोककथालाई वर्गीकरण गरेर तिनको अध्ययन विश्लेषण गर्नु सान्दर्भिक ठर्हछ । मोटामोटी रूपमा थारू लोककथालाई र अन्य खासगरी कैलालीको पुर्वी क्षेत्रमा प्रचलित लोककथालाई यसरी वर्गीकरण गरेर देखाएको छ । विषयका आधारमा १. सामाजिक लोककथा २. मनोरञ्जनात्मक लोककथा ३. नैतिक औपदेशिक लोककथा ४. धार्मिक पौराणिक लोककथा ५. हाँस्य व्यङ्यात्मक लोककथा

### ४.१.१ सामाजिक लोककथा

समाजका विविध पक्ष र जन जीवनसँग सम्बन्धित लोककथाहरू यस अन्तर्गत पर्दछन् । लोक जीवन र जन जीवनका पाटा र पक्षहरूलाई यस किसिमका कथाहरूले प्रष्टयाएको हुन्छ । सामाजिक लोककथा अन्तर्गत हस्ता पान बोल्ता सुपारी र मामा ओ भैंने कथा पर्दछन् ।

### ४.१.२ मनोरञ्जनात्मक लोककथा

रमाइ-रमाई आनन्दका साथ कथा भनिने र सुनिने परम्परामा चल्दै आएका मनोरञ्जनका कथाहरू यस किसिमका कथाहरू अन्तर्गत पर्दछन् । मानसिक सन्तुष्टि र हृदय प्रफुल्ल पार्ने किसिमले यी कथाहरू भनिन्छन् र सुनिन्छन् । मनोरञ्जनात्मक कथाहरू भित्र  नमहा ओ बघुवा र गोंगहा कौवा कथा पर्दछन् ।

### ४.१.३ नैतिक उपदेशात्मक कथा

मानिसहरूलाई नैतिक शिक्षा प्रदान गर्न उपदेश दिने र सत्मार्गमा डोऱ्याउन खोज्ने कथाहरू यस किसिमका कथा अन्तर्गत पर्दछन् । के गर्दा के हुन्छ अर्थात के गर्नु हुँदैन भन्ने सन्देश यस किसिमकम कथाहरूले दिने हुन्छन् । यस अन्तर्गत बुधनी र मेघिया रानी कथा पर्दछन् ।

### ४.१.४ धार्मिक, पौरणिक तथा ऐतिहासिक कथा

धर्म र पुराणसँग सम्बन्धित कथाहरू यस किसिमका कथा अन्तर्गत पर्दछन् । मानिसहरूलाई धर्म र पुराण सम्बन्धी ज्ञान दिन यस्ता कथाहरू भनिन्छन् र सुनिन्छन् । यस अन्तर्गत नकबिलरी, सत्तलसिँह राजा, हिटवा, दंगीशरण रज्वा र सपरजुवा कथा पर्दछन् ।

### ४.१.५ हास्यव्यङ्गात्मक कथा

हाँसोका विभिन्न पक्षका साथै व्यङ्गको प्रधानता रहेका लोककथाहरू यस किसिमका कथा अन्तर्गत पर्दछन् । मानिसहरूलाई एकातिर मनोरञ्जन प्रदान गर्छन् भने अर्कोतिर नीति र उपदेश प्रदान गर्ने प्रयोजन मिसिएर व्यङ्गको झटारो हान्छन् । यस अन्तर्गत एक बित्ते, हगु कहाँ ? पर्दछन् ।

### ४.१.६ विविध लोककथा

विविध लोककथाहरूले लौकिक, अलौकिक जे सुकै विषय भएपनि लिएका हुन्छन् । यस्ता कथाहरूको विषय जुनसुकै पनि हुन सक्छ । केही विशेष प्रवृत्तिका गिदरा ओ टुवर लौरा, अगम जानकी कथा यस अन्तर्गत पर्दछन् । आकारका आधारमा थारू लोककथाहरू छोटा, मझौला र लामा आकारमा संरचित रहेका छन् ।

## ४.२ विश्लेषण

कैलाली जिल्लामा प्रचलित थारू लोककथालाई  विश्लेषण गर्दा लोककथाका तत्त्व कथानक, पात्र, परिवेश, भाषाशैली, उद्देश्य, लोकतत्त्व र अभिप्रायका आधारमा गरिएको छ ।

## ४.२.१ सपरजुवा कथाको विश्लेषण

### ४.२.१.१ कथानक

यो कथा पौराणिक विषयमा आधारित रहेको पाइन्छ । यस कथामा तिन जना दिदी बहिनी छन् । कन्दमूल खोज्न बुढी मान्छे जंगलमा जान्छिन् । गुल्लर नामक खाने फल फेला पर्दछ । त्यहाँबाट सर्प निस्केर फल खाने भए आफ्नी एक छोरीको विवाह आफूसँग गरिदिनुपर्ने शर्त राख्दछ् । भोकले गर्दा बुढीले शर्त मान्न बाध्य हुन्छिन् । तिनवटै छोरीसँग त्यो कुरा राख्दा जेठी र माइलीले त्यो कुरा मान्दिनन् । कान्छी आमाको दुःख देखेर शर्त मान्न तयार हुन्छिन् । बुढीले छोरीलाई सर्पकहाँ छोडेर आएको घटना प्रारम्भमा रहेको छ ।

सर्पराज देखेर कान्छी डराउँछिन् । सर्पराजले डर नमान्न भनेपछि उनमा रहेको डर हराउँछ । उनलाई सर्पराजले आफ्नो भव्य दरबारमा लग्छ । सर्पराज मानिसमा परिणत हुन्छ । ऊ इच्छाधारी सर्प हुन्छ । उनीहरूको जीवन सुखमय व्यतित हुन्छ । कान्छी माइत पुग्छिन् । उनका दिदीहरूले रिस मान्छन् । जेठी दिदीले पाप सोचेको घटना यस कथाको मध्य भाग रहेको छ ।

बहिनीलाई पुर्‍याउन जाने नाममा उनलाई धोकाले कुवामा फालेर जेठी दिदी आफू उनको ठाउँमा जान्छिन् । कान्छीले हावा बनेर दरबार पुगेर आफ्नो बच्चाको हेरचाह गरेको कुरा सर्पराजले चियो गर्दा वास्तविकता थाहा पाएर जेठीलाई दण्डित गर्नु र कान्छीसँग सुखपूर्वक जीवन बिताउनु लगायतका घटना अन्त्य भागमा रहेका छन् ।

### ४.२.१.२ पात्र/चरित्र

प्रस्तुत कथाको मुख्य पात्र सर्पराजा नै हुन् । बुढी र उनकी तिन छोरी सहायक पात्रका रूपमा रहेका छन् । कथामा मानवेतर पात्र सुखनी कुर्कुनीको उपस्थिति रहेको छ । मालिकको प्रति उसमा संवेदनशीलता पाइन्छ ।  बुढी, सर्पराजा र कान्छी छोरी सत पात्र हुन् भने जेठी र माहिली छोरी असत पात्रको रूपमा रहेका छन् ।

### ४.२.१.३ परिवेश

यस कथाको परिवेशमा समाज, वनजंगल, दरबार रहेको छ । कथामा काल्पनिकताको उपस्थितिले इहलौकिक सङ्केत गरेको छ । यस कथाको परिवेशले कौतुहल र मनोरञ्जनपरकताको उदघाटन गरेको छ ।

### ४.२.१.४ भाषा शैली

सपरजुवा कथाको शैली वर्णनात्मक र संवादात्मक शैली प्रयोग गरिएको पाइन्छ । कथामा प्रयुक्त भाषिक प्रयोग र शैली कौतहलपूर्ण र जिज्ञासामूलक रहेको छ । बिछोडका पीडा र संयोगको खुसी यस कथामा कारूणिताका साथ ठिक बढाएको पाइन्छ ।

### ४.२.१.५ उद्देश्य

मानवीय जीवनका आरोह, अवरोह, पीडा र अनुभव अनि अनुभूतिलाई बोध गराउन विभिन्न पात्रहरूको उपस्थिति गराइएको यस कथाको मूल उद्देश्य करूणाभाव जागृत गराउनु रहेको छ । मानव जीवनका परिस्थिति र संयोगले पुर्‍याउने प्रभाव र असरहरूलाई विशेष रूपमा उदघाटित गरिएको छ । यो कथा हार्दिकता र मार्मिकताको दोसाँधमा फैलिएको छ ।

### ४.२.१.६ लोकतŒव

प्रस्तुत लोककथा अतिकल्पना, परम्परित चिन्तन, लोकविश्वास जस्ता लोकतत्त्वको प्रयोग भएको पाइन्छ । यस कथामा बुढीको रूखको फल टिपेर खाँदा सर्पले छोरी मागेको र शर्त भएपछि

मात्र फल टिप्न दिएको छ । परापूर्व कालमा जनावर, पशुपंक्षी सबैमा विश्वास गर्ने प्रचलन रहेको छ । यस कथामा पनि सर्पसँग आफ्नो छोरीलाई पठाउनु र जीवन बिताउन लगाउनु जस्ता लोकविश्वास पाइन्छ । सर्प, कुकुर, मानिस बोलेजस्तै गरी बोल्नु अतिकल्पना तत्त्व अर्न्तगत पर्दछन् ।

### ४.२.१.७ अभिप्राय

प्रस्तुत लोककथामा मालकिनीको गीतको भाका सुनेर दरबारको ढोका आफै खुल्नु, त्यही भाका सुनेर कुकुर भुक्न छोडनु, कुकुर मान्छे जस्तै बोल्नु र सर्पले अर्को रूप फेर्नु आदि अभिप्रायका रूपमा आएका छन् ।

## ४.२.२ हिटवा कथाको विश्लेषण

### ४.२.२.१ कथानक

यो कथा पौराणिक विषयमा आधारित रहेको छ । राजदरबार, स्वर्ग र ग्रामीण जन जीवका घटना प्रस्तुत हिटवा लोककथा एउटा टुहुरो केटाको सङ्घर्ष र विजयको कथा हो । यो कथा आदि, मध्य र अन्त्य गरी तिन चरणमा विभाजन गरिएको छ । प्रारम्भमा धर्मी नामक राजालाई मारेर राक्षस दरबार पस्दछ । घोडाको सल्लाहमा रानीद्वारा राक्षस मारिन्छ । घोडा मरेपछि, रानीले छोरा पाएर मर्छिन् । नदीको पानी सुकेपछि ग्वालाहरूले जलमातालाई पुकार्न पुग्छन् । बच्चाको हेरचाह गर्ने शर्तमा पानी पुनः बग्नु लगायतका घटना रहेको छ ।

मध्यमा बच्चा ग्वालाहरूले लिएर बुढी विधवाको जिम्मा लगाएका छन् । बच्चा ठुलो भएपछि ग्वाला बन्दछ । गोठालाहरूले उसलाई हेला गर्दछन् । इन्द्र चराको रूपमा पृथ्वी आउँछन् र हिटवाको पासोमा पर्दछन् । कुवरी भण्डारी धर्ती आएर चरा माग्न थाल्छन् । हसत कुवरीलाई दिएर राजालाई मुक्त गरेको पाइन्छ ।

हिटवाले हसतकुरीसँग विवाह गर्दछ । विवाह गरेको दोस्रो दिन झुपडी दरबार बन्दछ । हिटवाले सुखभोग गर्न थाल्दछ । बाह्र वर्षपछि हसतकुवरी फिर्ता जान्छिन् । हसत कुवरीको स्वंयमवरमा हिटवा पुगेर पुनः हसतकुवरी प्राप्त गर्नु जस्ता घटनाहरू अन्त्य भागमा रहेको पाइन्छ । हेला गरिएको व्यक्ति पनि पछि गएर ठुलो ठाउँमा पुग्न सक्ने कुरा यस कथामा देखाइएको छ ।

### ४.२.२.२ पात्र/चरित्र

प्रस्तुत कथामा हिटवा, हसतकुवरी प्रमुख पात्रको रूपमा रहेका छन् भने रानी, राक्षस, राजा इन्द्र, इन्द्रकी रानी, मामा कुवरी भण्डारी, ग्वालाहरू, धोबी सहायक पात्रको रूपमा रहेका छन् । गौण पात्रको रूपमा बुढी विधवा, कुटनी बुढी गौण पात्र हुन् । त्यस्तै मानवेतर पात्रमा घोडा, चरा, गाई पाइन्छन् । यस कथामा हिटवा, हसतकुवरी सत पात्र हुन भने राक्षस, कुटनी बुढी असत पात्र हुन् ।

### ४.२.२.३ परिवेश

यस कथाको परिवेशले व्यापक क्षेत्र ओगटेको छ । राज दरबार, गाउँ, वन जङ्गलका साथै स्वर्गको परिवेश यसमा आएको छ । कथा कौतहुलपूर्ण रहेको छ ।

### ४.२.२.४ भाषाशैली

हिटवा कथामा वर्णनात्मक र संवादात्मक शैली प्रयोग गरिएको पाइन्छ । कथामा सरल भाषाको प्रयोग भएको छ । कथामा बोधगम्यता र सम्प्रेषणशीलता पाइन्छ ।

### ४.२.२.५ उद्देश्य

राक्षसको प्रसङ्गबाट नराम्रो काम गर्नेको अन्त्य हुन्छ भन्ने सन्देश दिइएको छ । त्यस्तै हेला गरिएको व्यक्ति पनि पछि गएर ठुलो मान्छे बन्नसक्छ भन्ने सन्देश हिटवाको प्रसङ्गबाट

थाहा पाइन्छ । गाढा माया जति गरे पनि टुट्दैन र अन्त्यमा मिलन भएर छोड्छ भन्ने कुरा राजकुमारी हसतकुवरीले अन्त्यमा हिटवालाई प्राप्त गरेकोबाट देखिन्छ । यसरी नराम्रो कामको नराम्रो परिणाम, हेला गरिएको व्यक्ति पनि पछि ठुलो बन्ने साथै अमर माया कहिल्यै टुट्दैन भन्ने कुरा देखाउनु यस कथाको उद्देश्य रहेको पाइन्छ ।

### ४.२.२.६ लोकतŒव

प्रस्तुत लोककथामा अतिकल्पना, परम्परित चिन्तन, लोकविश्वास जस्ता लोकतत्त्वहरू प्रयोग भएको पाइन्छ । यस कथामा तेल चुहिएपछि खाना पाकेझैं हुन्छ । घोडाको पुच्छर काटिएपछि राक्षस मर्नु, नदीको पानी सुक्नु, राजा इन्द्र चरा बन्नु आदि लोकतत्वको रूपमा आएको छ । त्यस्तै बुढी गाईले मान्छेजस्तै बोल्नु, घोडा हावामा उडनु, जलमाता बोल्नु, हिटवालाई बाह्र घोडाको निन्द्रा लाग्नु अति कल्पनातत्त्व हुन् ।

### ४.२.२.७ अभिप्राय

प्रस्तुत लोककथामा झुपडी दरबार बन्नु, दरबार फेरी झुपडीमा परिणत हुनु, कुरूप बनाइएकी केटी सुन्दर हसतकुवरीमा परिणत हुनु, हात्तीले हिटवाको गालामा माला लगाइदिनु अभिप्रायको रूपमा आएको पाइन्छ ।

## ४.२.३ दंगीशरण राजा कथाको विश्लेषण

### ४.२.३.१ कथानक

कैलाली जिल्लाको थारू समुदायमा दंगीशरण राजा लोककथा पनि व्यापक लोकप्रिय रहेको पाइन्छ । यसमा प्राचीन समयका थारू राजा दंगीशरण र भगवान श्रीकृष्ण बिचको सङ्घर्षलाई देखाइएको छ । कथाको प्रारम्भ भागमा दंगीशरण राजा जंगलमा सिकार खेल्न जान्छन् । सुन्दर घोडा भेटाएर समात्न खोज्दा समात्न सक्दैनन् । आफू र सारा फौज लगाउँदा पनि समात्न उनले समात्न सक्दैनन् । रातमा घोडी सुन्दर अप्सरामा परिणत भएपछि मात्र नियन्त्रणमा लिन पुग्छन् । अप्सरालाई दरबार लिएर जान्छन् । दिनमा घोडा र राति अप्सरा हुने अवस्था आइरहनु रहेको छ ।

अन्त्य भागमा श्रीकृष्णले घोडी मागेपछि दंगीशरणले राज्य दिन तयार तर घोडी दिन तयार हुँदैनन् । दुवैका बिच युद्ध हुन्छ । अप्सराको पूर्व इतिहास थाहा हुन्छ । अप्सरा श्रापमुक्त भएर स्वर्ग जान्छिन् । दंगीशरणले घोडी दरबारमा नदेखे पछि चिन्तित हुनु र उनको सम्झनामा माटोको घडा बनाएर देशभर पूजा गर्न लगाउनु अन्त्य भागका रूपमा रहेको पाइन्छ । पौराणिक एवम् ऐतिहासिक विषयवस्तुलाई यस कथामा समेटिएको पाइन्छ ।

### ४.२.३.२ पात्र/चरित्र

यस कथामा राजा दंगीशरण प्रमुख पात्र हुन भने सुन्दर घोडी, इन्द्र, ऋषि, श्रीकृष्ण सहायक पात्रहरू हुन् । फौज, जनताहरू गौण पात्रहरू हुन् । यस लोककथामा दंगीशरण, घोडी सत पात्र हुन भने श्रीकृष्ण, इन्द्र असत पात्र हुन् ।

### ४.२.३.३ परिवेश

यस कथाको परिवेश दरबार र जंगलको देखाइएको छ । त्यस्तै राजा महाराजा र उनीहरूको आकांक्षा र द्वन्दका घटना पनि यसमा आएको पाइन्छ । दरबारको वातावरणका साथै वनजङ्गलका घटना पनि यसमा आएको छ ।

### ४.२.३.४ भाषाशैली

कथाको शैली वर्णनात्मक रहेको छ भने आंशिक रूपमा संवादात्मक पनि रहेको पाइन्छ ।

### ४.२.३.५ उद्देश्य

यस कथाको उद्देश्य मानिसहरूलाई मनोरञ्जन एवम् उत्सुकता प्रदान गर्नु रहेको छ । अकस्मात पाएको चिज लामो समयसम्म नटिक्ने र त्यस्ता चिजका लागि लडाई गर्दा अन्त्यमा हात लाग्यो शून्यको अवस्था आउने सन्देश दिनु यस कथाले उद्देश्य हो ।

### ४.२.३.६ लोकतŒव

यस लोककथामा घोडी प्राप्त गर्न राजा र फौजहरू दौडनु, श्रीकृष्णले घोडा माग्नु लोकतत्त्वका रूपमा रहेको छ भने श्राप दिँदा दुःख पाउने, देवी देवताप्रति विश्वास राख्ने, माटोको घोडा घरमा राखेर सम्झना गर्ने पुजा गर्ने लोकविश्वास रहेको पाइन्छ ।

### ४.२.३.७ अभिप्राय

कथामा सुन्दर घोडी एक अप्सरामा परिणत हुनु, दिउँसो घोडी र राती अप्सरा बन्नु अभिप्रायको रूपमा रहेको छ ।

## ४.२.४ एक बित्ते कथाको विश्लेषण

### ४.२.४.१ कथानक

एक बित्ते एउटा पुड्के केटाको साहस र वीरताको कथा हो । कथामा प्रारम्भ र अन्त्य गरी दुई भाग रहेका छन् । प्रारम्भमा गरिब बुढाको बारीमा एउटा मात्र काँक्रा, त्यो पनि एक बित्ताको फल्दछ । बुढाले त्यो काँक्रा खानेले एक बित्ताको सन्तान पाउने श्राप दिन्छ र एक छिमेकी महिलाले एक बित्ताको काँक्रा खाएर एक बित्ताको छोरा पाउँछिन् । १४ वर्षको उमेरमा केटाले आफ्नी आमासँग काम माग्दछ । पराल लिएर आउन आमाले भनेपछि, एक बित्ते केटाले पुरै रासको पराल ल्याउदा आमा छक्क पर्छिन । छोरालाई बोलाएर राम्री बुहारी खोज्न आज्ञा दिन्छिन ।

त्यसरी नै केटा केटी खोज्न हिडँदा बाटामा भेट भएका वनबिरालो, स्याल र नदीलाई पनि साथमा लिएर जान्छ । सहरमा पुगेर सहरका राजाकी छोरी मागेपछि राजा रिसाएर उसलाई मार्न खोज्छन् । अन्त्यमा विभिन्न जुक्ति लगाएर उम्केको देखेर राजाले छोरीको विवाह गरिदिनु अन्त्य भागमा रहेको पाइन्छ । सानो ठानिएको व्यक्तिले साहसद्वारा ठुलो काम गरेको यसमा देखाइएको छ ।

### ४.२.४.२ पात्र/चरित्र

यस कथामा एक बित्ते प्रमुख पात्र हो भने गरीब बुढो, एक बित्तेकी आमा, राजा सहायक पात्र हुन् । राजाका नोकर, राजकुमारी गौण पात्र हुन । मानवेतर पात्रमा वनबिरालो, स्याल, नदी हुन । एकबित्ते केटा, उसकी आमा सत पात्र हुन भने गरीब बुढो, राजा असत पात्र हुन् ।

### ४.२.४.३ परिवेश

एक बित्ते कथाको परिवेश ग्रामीण एवम् सहर दुवै पाइन्छ । यसमा पशुपालन युगको झल्को पाइन्छ । कथा रोचक एवम् सुरुचिपूर्ण रहेको पाइन्छ ।

### ४.२.४.४ भाषा-शैली

कथाको भाषाशैली वर्णनात्मक एवम् संवादात्मक छ । कथामा रोचकता एवम् उत्सुकता एवम् उत्सुकता अन्त्यसम्म रहिरहन्छ । सरल, सबैले बुझ्न सकिने भाषा छ ।

### ४.२.४.५ उद्देश्य

साहस र वीरतापूर्ण कार्य गर्नेहरू सफल हुन्छन् । उनीहरू सानै भएपनि ठूला कार्य गर्न सक्छन् भन्ने कुरा यसमा देखाइएको छ । परिस्थिति विपरित भएपनि अरूको सरसहयोगमा ठिक बढ्नेले सफल भएको देखाउनु कथाको उद्देश्य हो ।

### ४.२.४.६ लोकतŒव

यस लोककथामा बुढाले श्राप दिनु लोकतत्वको रूपमा आएको पाइन्छ। एक बित्ता भएको मानिसले के काम गर्न सक्ला भन्ने सोच लोकविश्वासको रूपमा आएको छ।

### ४.२.४.७ अभिप्राय

महिलाको छोरा जन्मेर एक बित्ता भन्दा बढदै नबढनु, खलाबाट एक बित्तेले पुरै पराल ल्याउनु, नदीलाई नै कानमा राखेर हिडनु कथाको अभिप्रायको रूपमा आएको पाइन्छ।

## ४.२.५ मेघिया रानी कथाको विश्लेषण

### ४.२.५.१ कथानक

मेघिया रानी कथा पौराणिक विषयवस्तुमा आधारित रहेको छ। आफ्नै आफन्तबाट पटक पटक मारिन पुगेकी र अन्त्यमा जिवित भएकी एक नारीको जीवनकथा हो। कथामा प्रारम्भ, मध्य र अन्त्य गरी तिन भाग देखाउन सकिन्छ। प्रारम्भ भागमा भ्यागुती राजकुमारी आफ्नो दाजु र भाउजुसँग सुखमय जीवन बिताइ रहेकी हुन्छिन्। कृष्णजन्माष्टमी पर्वमा नयाँ कपडा माग्दा दाजुले दिन सक्दैनन्। भाउजुको जगेडा नयाँ लुगा माग्दा दाग नलगाइ ल्याउनु नत्र घाँटी रेटेर लुगा रङ्गाउने चेतावनी दिएर लुगा दिन्छिन्। खोलामा पुजा सामग्री सेलाउँदा कपडामा चराले बिष्टयाउँछ। दाग जति गरे पनि जाँदैन। भाउजु बोक्सी भएकी र उनले आफै चरा भएर बिष्ट्याएको हुन्छ। दाग देखेर भाउजु झर्किएर चेतावनी दिन्छिन्। दाजु आएपछि श्रीमतीको उक्साहटमा परेर भ्यागुतीको घाँटी रटेर श्रीमतीको कपडा रंगाउनु र भाउजु बोक्सी बिद्यामा अझ पारंगत हुनु रहेको पाइन्छ।

मध्य भागमा भ्यागुती नैनितालमा भ्यागुताको बच्चा भएर जन्मिन्छिन्। राति सुन्दर कन्या र दिउँसो भ्यागुतो बन्छिन्। उनको राजकुमारसँग भेट र विवाह भएर साथै रहन थाल्छिन्। राजकुमारकी आमाले विवाह भएको थाहा पाउँछिन्। भ्यागुती राजकुमारीले गाईवस्तु नैनिताल नलग्न भने पनि राजकुमारले लग्ने आदेश दिन्छन्। गाईवस्तु गायब भएपछि रानी रिसाएर छोरालाई भनेर बुहारी मार्न लगाएको पाइन्छ।

अन्त्य भागमा राजकुमारी बाँसघारीको मुना भएर जन्मन पुग्छिन। सपेराले बाँस काटन खोजेपछि बाँसघारीमा जन्मिएकी भ्यागुतीले छिप्पीएको बिचको भाग काटन भनेपछि सोही अनुसार सपेराले काट्न थाल्छ। दरबारमा बिन बजाउन सपेरा जान्छ। बिनबाट निस्केको गीतमा आएको कुरा राजकुमारका भाउजुहरूले बुझेर छक्क पर्छन्। सासुकहाँ पठाउँदा, उनले पनि गीतमा आएको कुरा बुझेर छोराकहाँ पठाउँछिन्। छोराले बिनबाट बजेको गीत सुनेपछि बिन किनेर दरबारको शयनकक्षमा राख्दछ। बिन कन्या बनेपछि बिन आगोमा फालेर राजकुमारीलाई सँधैको लागि पाएर राजकुमार खुसी हुन्छन र सुखपूर्वक जीवन बिताउन थाल्छन्। आफ्नै आफन्तबाट पटक-पटक मारिन पुगेकी राजकुमारी अन्त्यमा आफ्नो लक्ष्य प्राप्त भएको घटना यस कथामा प्रस्तुत छ।

### ४.२.५.२ पात्र/ चरित्र

यस कथामा प्रमुख पात्र भ्यागुती राजकुमारी हुन् भने सहायक पात्रमा दाजु, भाउजु, श्रीमान, रानी, सपेरा रहेका छन भने भाउजुहरू गौण पात्रको रूपमा रहेका छन्। यस लोककथामा भ्यागुती राजकुमारी, भाउजुहरू सत पात्र हुन भने दाजु, भाउजु, रानी असत पात्र हुन्।

### ४.२.५.३ परिवेश

मेघिया रानी कथाको परिवेश ग्रामीण एवम् कृषियुग रहेको पाइन्छ। दरबार पनि देखाइएको भए पनि राजकुमार आफै खेतमा हुने अवस्था पनि यहाँ चित्रित छ। कथा रोचक एवम् सुरूचिपूर्ण रहेको छ।

### ४.२.५.४ भाषाशैली

कथाको भाषाशैली वर्णनात्मक एवम् संवादात्मक छ । गीति लयात्मक पनि रहेको पनि पाइन्छ  र सरल सबैले बुझ्ने किसिमको भाषा छ ।

### ४.२.५.५ उद्देश्य

जतिसुकै कष्ट आएपनि बुद्धिमानी पुऱ्याउने हो भने लक्ष्यमा पुग्न सकिन्छ भन्ने देखाउनु यस कथाको उद्देश्य हो ।

### ४.२.५.६ लोकतŒव

यस लोककथामा मान्छे चरा बनेर चराले कपडा बिष्टाउनु, मान्छेको घाँटी रेटेर कपडा रंगाउनु लोकतत्त्वको रूपमा रहेको पाइन्छ भने बोक्सीप्रतिको विश्वास, पूर्नजन्म लोकविश्वासको रूपमा आएको पाइन्छ ।

### ४.२.५.७ अभिप्राय

मेघिया रानी लोककथामा भ्यागुती मान्छे बन्नु, बीनले मान्छेले बुझ्ने गीत गाउनु र गाईवस्तु एकाएक गायब हुनु अभिप्रायको रूपमा रहेको पाइन्छ ।

## ४.२.६ नकबिलरी कथाको विश्लेषण

### ४.२.६.१ कथानक

नकबिलरी कथा ऐतिहासिक विषयवस्तुमा आधारित रहेको पाइन्छ । एक जना राजाको साहस, सौर्य र वीरताको कथा हो । यो कथालाई प्रारम्भ र अन्त्य गरेर दुई भागमा बाँड्न सकिन्छ । प्रारम्भमा गुलप्पन राजाले भाइको विवाह गर्दा आफू राजकाज हेर्ने र पितालाई भाइको बिहामा जान आग्रह गरेको पाइन्छ । पितालाई विशाल तलाउ वरपर नबस्न आग्रह गरेकोमा बिहामा जाँदा जन्तीको आग्रह टार्न नसकेर उनीहरू तलाउनेर बस्नु पुग्छन् । सर्पराजद्वारा घेरिएपछि राजाका पिताले सोध्दा गुलप्पन राजालाई पठाउँदा छोडने कुरा गर्दछ । सोही अनुरूप गुलप्पन राजा त्यहाँ पुग्छन् ।

अन्त्य भागमा गुलप्पनले सर्पराजलाई बोलाउनुको कारण सोध्न पुग्छन । सर्पराजले नकबिलरी राजकुमारी ल्याउन भनेपछि राजाले सो कुरा मान्न पुग्छन् । राजा जाँदा भेटिएका कमखोद, कमदेख, कमपिसाबी, लमगोरवालाई पनि साथमा लगेर जान्छन् । नकबिलरी राजकुमारीको देश पुगेपछि जुक्ति लगाएर उनलाई बोल्न लगाउँछन् । गुलप्पन राजाले नकबिलरीका पिताले भनेका सबै काम साथीहरूका सहयोगले पुरा गरेपछि उनको बिवाह नकबिरलीसँग हुन्छ । श्रीमती लिएर उनी सर्पराजकहाँ पुग्छन् । सर्पराजले खुसी भएर आफ्नो राज्य समेत दिएर प्राण त्याग गरेको र गुलप्पनले आफ्नो राज्य पुगेर राज्य चलाएको पाइन्छ ।

### ४.२.६.२ पात्र/चरित्र

यस कथामा गुलप्पन राजा प्रमुख पात्र हुन भने राजाका पिता, सर्पराज, कमखोद, कमदेख, कमपेसाबी, लमगोरवा, नकबिलरी राजकुमारी, राजकुमारीका पिता राजा सहायक पात्र हुन भने गुलप्पन राजाका भाइ र जनता गौण पात्र हुन् ।

#### ४.२.६.३ परिवेश

नकबिलरी कथाको परिवेश दरबार, जङ्गल, तलाउ वरिपरि देखिन्छ । प्राचीन कृषि युगको समय देखाइएको छ । कथा रोचक एवम् सुरुचिपूर्ण छ ।

#### ४.२.६.४ भाषाशैली

कथाको भाषाशैली वर्णनात्मक एवम् संवादात्मक छ । यस कथामा थारू समाजका नाम र भाषा शैलीको प्रयोग पाइन्छ । सबैले बुझ्ने भाषाको प्रयोग गरिएको छ ।

#### ४.२.६.५ उद्देश्य

अनावश्यक जिद्धी गर्दा दुःख पाइने कुरा जन्तीको अवस्थाबाट देखिने र साहस, वीरता र चातुर्यका साथ अरूको सहयोग लिँदा काम सहज हुने गुलप्पन राजाको प्रसङ्गबाट थाहा हुन्छ । अनावश्यक जिद्धी गर्नु हुन्न  र अप्ठ्यारो अवस्थामा पनि धैर्य गुमाउनुहुन्न भन्ने सन्देश दिनु कथाको उद्देश्य देखिन्छ ।

#### ४.२.६.६ लोकतŒव

यस लोककथामा घोडाको पिठयूँ थपथपाउँदा घोडाको भोक हराउनु, वरको रूख उखेलेर छाताको रूपमा ओडनु, मान्छे झिँगा बन्नु लोकतत्त्वको रूपमा रहेको पाइन्छ ।

#### ४.२.६.७ अभिप्राय

नकबिलरी लोककथामा एक गोडा पृथ्वी  र एक गोडा धर्तीमा राखेर नौलखा हार ल्याउनु, पिसाब गरेर सहर जलमग्न पार्नु अभिप्रायको रूपमा रहेको पाइन्छ ।

### ४.२.७ हाँस्ने पान, बोल्ने सुपारी कथाको विश्लेषण

#### ४.२.७.१ कथानक

हाँस्ने पान, बोल्ने सुपारी एक जना वीर मानिस र स्वार्थी राजासँग सम्बन्धित कथा हो । यो कथालाई प्रारम्भ र अन्त्य गरेर दुई भागमा बाँड्न सकिन्छ । प्रारम्भ भागमा राजा दिर्घरोगी हुन्छन् । मर्ने हिसाबले घरबाट निस्केका उनले हाँसका जोडाको कुरा सुन्न पुग्छन् । हाँस्ने पान र बोल्ने सुपारी ल्याउनेलाई इनाम दिने घोषणा गर्नु गर्छन । गरीब रणपुतवा सो काम गर्न तयार हुन्छ । हिँडदै जाँदा राक्षसको जगजगी भएको क्षेत्रमा पुग्दछ । राक्षस मारेर चक्कु, टुम्मा, पंखा र फुल लिनपुग्छ । बाटो नभेटाएर पंखालाई रूख काट्न अह्राउँदा, वनस्पति माताले रूख काटिन लागेपछि सोधेपछि बाटो सोध्न पुग्छ । बाटो देखाएपछि नदीको पानी सोस्न लगाउँदा गंगामाताले बिलौना गरेपछि हाँस्ने पान र बोल्ने सुपारीको ठेगाना सोध्न थाल्छ । ठेगाना थाहा पाएपछि उडनखटौलामा बसी हाँस्ने पान र बोल्ने सुपारी फेला पारेपछि सिन्दुर हालेर लग्दा राक्षसहरू प्रकट भएर मार्न खोज्छन । हाँस्ने पान र बोल्ने सुपारीले उसलाई बचाउँछन् । उनीहरूलाई लिएर राजाकहाँ जाँदा राजाको रोग निको हुनु र रणपुतवा आफ्ना दुवै श्रीमतीसँग सुखपूर्वक बस्दछ ।

अन्त्य भागमा नाई र ब्राह्मणले राजालाई उस्काएर रणपुतवाका श्रीमती प्राप्त गर्न रणपुतवालाई तोकिएका बाघको दुध ल्याउने, समुन्द्रपारिको पात ल्याउने, स्वर्गमा पठाउने कामहरू अह्राएपछि उसले जुक्तिपूर्वक पुरा गरेको पाइन्छ । पछि बुद्धिमानीले नाई र ब्राह्मणको अन्त्य गराएर सुखपूर्वक बसेको र राजाले माफी मागेको घटना रहेको पाइन्छ ।

#### ४.२.७.२ पात्र/चरित्र

यस कथामा रणपुतवा, राजा, हाँस्ने पान, बोल्ने सुपारी प्रमुख पात्र हुन भने सहायक पात्रमा राक्षसहरू, नाई, ब्राम्हण, गंगामाता, वनस्पतिमाता रहेका छन् । मानवेत्तर पात्रमा हाँसराज, हाँसरानी, बाघबघिनी, डमरू रहेका छन् । यस कथामा रणपुतवा, हाँस्ने पान, बोल्ने सुपारी सत पात्र हुन भने राक्षस, नाई, ब्राम्हण, राजा असत पात्र हुन् ।

### ४.२.७.३ परिवेश

हाँस्ने पान बोल्ने सुपारी कथाको परिवेश दरबार, जंगल, गाउँ, समुन्द्र, स्वर्गलोक रहेको पाइन्छ ।

### ४.२.७.४ भाषाशैली

कथाको भाषाशैली वर्णनात्मक एवम् संवादात्मक छ । कथको भाषा मनोरञ्जनात्मक रहेको छ भने वक्रतापूर्ण शैली पनि भेटिन्छ । साथै सबैले बुझ्ने सरल भाषाको प्रयोग गरिएको छ ।

### ४.२.७.५ उद्देश्य

वीरता र साहसको सावधानीपूर्वक देखाउने हो भने सफलतापूर्वक प्राप्त गर्न सकिन्छ र अरूलाई दुःख दिएमा मृत्युवरण हुन्छ भन्ने सन्देश दिनु कथाको उद्देश्य देखिन्छ ।

### ४.२.७.६ लोकतŒव

हाँस्ने पान बोल्ने सुपारी लोककथामा चक्कुले मानिसको आदेश मान्नु, पंखाले रूख काटनु, टुम्माले नदीको पानी सोस्नु, फुलले मुर्दालाई जीवित बनाउनु, उडनखटौलामा बस्दा समुन्द्र पार हुनु लोकतत्त्वका रूपमा रहेको पाइन्छ । स्वर्गमा जाँदा सुख पाउने विश्वास, राक्षसको अस्तित्व मान्नु लोकविश्वासको रूपमा आएको पाइन्छ ।

### ४.२.७.७ अभिप्राय

यस लोककथामा हाँस्ने पान र बोल्ने सुपारी खाएर दिर्घरोग निको हुनु अभिप्रायका रूपमा रहेको पाइन्छ ।

## ४.२.८ बुधनी कथाको विश्लेषण

### ४.२.८.१ कथानक

बुधनी कथा एक ऐतिहासिक विषयवस्तुमा आधारित छ । चतुर केटी र निरंकुश राजाको कथा हो । यो कथालाई प्रारम्भ र अन्त्य गरी दुई भागमा विभाजन गरिएको छ । प्रारम्भमा कागको जोडाजोडी ठुलो रूखमा बास बसेका हुन्छन् । गुँड उत्तरमा बनाउने कागको कार्यको कगिनीले विरोध गर्दछे । कागले सबै दिशामा गुँड बनाउँदा कगिनीले खोट देखाउँछिन् । भोकमरी पर्दा कगिनीले कागलाई आहारा खोज्न पठाउँछिन् । आफू त्यहीँ रहेतापनि काग धेरैदिन सम्म नआएपछि कगिनीले आधा पेट ख्वाएर बच्चाहरूको प्राण जोगाएको पाइन्छ । काग आउँदा दुवैको झगडा हुन्छ । झगडा राजाकहाँ पुग्छ । राजाले कागको पक्ष लिएपछि कगिनीले आत्महत्या गरेको र गरिब किसानको घरमा मान्छे भएर जन्मको पाइन्छ ।

अन्त्य भागमा केटी बुद्धिमान हुनु र ठुलो भएपछि गाईवस्तु चराउन जानु लगायतका घटना रहेको पाइन्छ । जुक्ति गरेर राजाको गाईवस्तु उसले आफ्नो बनाउँछे । राजा रिसाएता पनि राजालाई उसले बुद्धिले हराएको पाइन्छ । राजाले बुद्धिमान मान्छे खोजेर उसलाई हराउन भनेपनि जतिसुकै उपाय गरेपनि बुधनीले जितेको पाइन्छ । बुधनीलाई मार्न खोज्दा राजा आफै मारिन पुग्छन् । नयाँ राजाले बुधनीलाई रानी बनाएको घटना रहेका छन् ।

### ४.२.८.२ पात्र/चरित्र

यस कथामा बुधनी, राजा प्रमुख पात्रको रूपमा रहेका छन भने राजाका सल्लाहकार, बुधनीका बुवा, नयाँ राजा, डकर्मीहरू सहायक पात्रको रूपमा रहेका छन् । मानवेत्तर पात्रमा काग, कगिनी, चराहरू रहेका छन् । कगिनी, बुधनी, बुधनीको बुवा सत पात्र हुन भने राजा, राजाका सल्लाहकार, काग आदि असत पात्र हुन ।

### ४.२.८.३ परिवेश

बुधनी कथाको परिवेश दरबार, गाउँ, जंगल वरिपरि देखिन्छ । यसमा सत र असत पात्र रहेका छन् सत पात्रका रूपमा बुधनी रहेको छ भने असत पात्रका रूपमा राजा रहेका छन् । कथा रोचक एवम् सुरुचिपूर्ण छ ।

### ४.२.८.४ भाषाशैली

कथाको भाषाशैली वर्णनात्मक एवम् संवादात्मक छ । ठाउँ ठाउँमा थारू भाषाका उखान टुक्काको प्रयोग भएको पाइन्छ । समग्रमा हेर्दा सबैले बुझ्ने भाषाको प्रयोग गरिएको छ ।

### ४.२.८.५ उद्देश्य

क्षणिक आवेगले ज्यान गुमाउनुपर्ने तथ्य कगिनीको प्रसङ्गबाट थाहा हुन्छ भने अरूलाई दुःख दिँदा आफै मारिनुपर्छ भन्ने कुरा राजाको प्रसङ्गबाट थाहा हुन्छ । बुद्धिमानीपूर्वक काम गर्दा सफलता पाइन्छ भन्ने तथ्य बुधनीको प्रसङ्गबाट थाहा हुन्छ । आवेगमा नियन्त्रण गर्नुपर्ने, अरूलाई दुःख दिन नहुने, बुद्धिमानीपूर्वक काम गर्नुपर्ने सन्देश प्रदान गर्नु नै यस कथाको उद्देश्य देखिन्छ ।

### ४.२.८.६ लोकतŒव

यस लोककथामा पशुपंक्षीहरू पनि मान्छेसँग बोल्नु, कागको पुर्नजन्मपछि राजासँग बदला लिनु, गाग्रीभित्र फर्सी पाक्नु, खरानीको डोरी बाँटनु लोकतत्त्वको रूपमा आएको पाइन्छ ।

### ४.२.८.७ अभिप्राय

बुधनी कथामा बुधनीले आकाशमा महल बनाउनु, राजा चलाख हुँदाहुँदै आफैं लाटो भएर मृत्युको मुखमा पुगनु यस कथाको अभिप्रायका रूपमा रहेको पाइन्छ ।

## ४.२.९ मामा ओ भैंने कथाको विश्लेषण

### ४.२.९.१ कथानक

मामा मान्जा कैलाली जिल्लाको थारू समुदायबिच लोकप्रिय छ । यस कथामा प्रारम्भ, मध्य र अन्त्यको श्रृङ्खला रहेको छ । सामाजिक विषयवस्तुमा आधारित रहेको छ । प्रारम्भ भागमा कुनै गाउँमा धनी किसान बसेको हुन्छ । पर गाउँमा वीरबल नामक भान्जा बस्छन् । उसले भान्जालाई दुध खान भनेर भैंसी दिन्छ । मामा भान्जाको हालखबर बुझ्न उसको घर जान्छ । भैंसी मोटाएको देखेर भैंसी माग्न पुग्छ । भैंसी नदिए पछि राति गएर  भैंसीलाई मारिदिन्छ । भैंसी मरेको देखेर भान्जा रून थाल्छ । मामाको करतुत थाहा पाएपछि मरेको भैंसी खेतमा फालेर भैंसीको छाला चिर्न लगाएर छाला आफूसँग राखेको पाइन्छ ।

मध्य भागमा छाला सुकेपछि छाला बेच्न भनेर जंगलको बाटो भएर जान्छ । बाटोमा रात पर्दा रूखमाथि बसेर तल केही मानिसको गुनगुन सुन्न पुग्छ । चोरहरू आपसमा विवाद गरिरहेको देखेर छाला बजाउने काम गर्छ । डरले चोरहरू भागेपछि, रूपियाँ पैसा प्राप्त गरेर घर गएर घर र सम्पति जोडने काम गरेको पाइन्छ । फेरि मामा आएर भान्जाको हाल हेरेर दंग पर्छ । भान्जाले उसलाई भैंसी मारेर छाला बेच्दा पैसा कमाएको बताउँछ । त्यस्तै काम गर्न खोज्दा बेवकुफ साबित हुन्छ र रिसाउँछ । मामाले रिसले राति गएर भान्जाको घर पोलिदिन्छ । सम्पत्ति स्वाहा पारिदिन्छ ।

अन्त्य भागमा वीरबल घर पोलिएको खरानी लिएर हिँडिरहेको हुन्छ । बाटामा भेटिएको मूर्ख व्यापारीलाई झुक्याएर धनसम्पत्ति हात पारेर ऊ धनी बन्नपुग्छ । मामा आएर सोध्दा खरानी बेचेर यस्तो भएको भन्दा मामाले त्यस्तो गर्न खोज्दा हाँसोको पात्र बन्नपुग्छ । त्यसपछि रिसले भान्जालाई मार्न खोजे तापनि भान्जाले सपरिवार मामाका परिवार सबैलाई कुवामा जान प्रेरित गरेर मार्नु र सुखपूर्वक बाँच्नु लगायतका घटना रहेको पाइन्छ ।

### ४.२.९.२ पात्र/चरित्र

यस कथामा मामा, वीरबल नामक भान्जा पात्र प्रमुख पात्रको रूपमा रहेका छन् । त्यस्तै सहायक पात्रमा व्यापारी, यादव रहेका छन् भने गौण पात्रको रूपमा कमैयाहरू, चोरहरू, नोकर रहेका छन् । कथामा प्रस्तुत भैंसी, घोडा आदि मानवेत्तर पात्रको रूपमा रहेका छन् । यस लोककथामा वीरबल सत पात्र हो भने मामा, कमैयाहरू असत पात्र हुन् ।

### ४.२.९.३ परिवेश

मामा मान्जा कथाको परिवेश प्राचीन कृषि एवम् पशुपालन युग रहेको पाइन्छ । यसमा बिस्तार-बिस्तार व्यापारले प्रवेश पाएको समय देखाइएको छ । गाउँघरको समाजका साथै वन जङ्गलको परिवेशले कथामा रोचकता थपेको छ ।

### ४.२.९.४ भाषाशैली

भाषाशैली वर्णनात्मक र संवादात्मक छ । कथा पढदै जाँदा यसपछि के होला ? भन्ने जिज्ञासा उत्पन्न भइरहन्छ । षडयन्त्र र त्यसका विरूद्ध संघर्षलाई यस कथामा रोचक ढंगले प्रस्तुत गरेको पाइन्छ ।

### ४.२.९.५ उद्देश्य

मानव जीवनका विभिन्न घटना-परिघटनाहरूको इतिवृत हो । सुख-दुःख, पीडा-सङ्घर्ष र प्राप्तिलाई बोध गराउन विभिन्न पात्रहरूको उपस्थित गराइएको छ । यस कथाको मूल उद्देश्य सङ्घर्षबाट विजय प्राप्त हुने र गलत कामको अन्त्य नराम्रो हुने देखाउनु रहेको छ ।

बाँच्ने क्रममा आइपर्ने विभिन्न दुःखकष्ट र सङ्घर्षले मानिसलाई बलियो बनाउँछ र गलत बाटोमा हिँडनु हुँदैन भन्ने सन्देश यस कथामा पाइन्छ । यस कथामा सङ्घर्ष र विकासलाई क्रमिक रूपमा देखाइएको छ ।

### ४.२.९.६ लोकतŒव

यस लोककथामा वीरबलले छाला बजाएर चोर भगाउनु लोकतत्वको रूपमा आएको पाइन्छ । कमैया प्रथा, अर्थलोलुपता, जादुमन्त्र, भुतप्रेत, स्वर्गमा पुगेर सुख पाइन्छ भन्ने सोच लोक विश्वासको रूपमा आएको पाइन्छ ।

### ४.२.९.७ अभिप्राय

भैंसीको छाला, खरानी बेचेर धन कमाउनु, तलाउमा पसेर स्वर्ग जानु आदि यस कथाको अभिप्रायको रूपमा रहेको छ ।

## ४.२.१० हगु कहा“ कथाको विश्लेषण

### ४.२.१०.१ कथानक

यो कैलाली जिल्लाको प्रमुख थारू लोककथा मध्ये एक हो । सामाजिक, हास्यव्यङ्ग्यात्मक विषयवस्तु समेटेको यस कथामा एक चलाख केटाले चतुरताका साथ जीवनका विभिन्न मोडमा सफलता पाएको देखाइएको छ । कथा रोचक एवम् मनोरञ्जक रहेको पाइन्छ । कथा आदि, मध्य र अन्त्यको श्रङ्खलामा विभाजन गर्न सकिन्छ । कथामा प्रारम्भमा एउटा गाउँमा दुई चोर पस्दछन् । एउटा घरमा गएर ठग्न खोज्दा केटोले चलाखीपूर्ण तरिकाले चोरलाई बेच्दछ ।

मध्य भागमा केटो जङ्गलको बाटामा गइरहँदा सिपाहीलाई ठगेर हिँडछ । बन्जाराहरूलाई पनि ठग्न पुग्छ । धोबीको घोडा लगेर गएपछि बुढीकी जवान नातिनीलाई भगाउन पुग्छ ।

अन्त्य भागमा केटो दुलही सहित मेलामा गइरहेको हुन्छ । आफूले ठगेका सबै व्यक्तिसँग एकैपल्ट भेट भएपछि ऊ समातिन्छ । राजाकहाँ पुऱ्याए पनि चलाखी गरेर त्यहाँबाट फुत्किन्छ । कथामा रोचकता र उत्सुकता अन्त्यसम्म रहिरहन्छ । कथा संयोगान्त छ ।

### ४.२.१०.२ पात्र/चरित्र

यस लोककथामा केटा प्रमुख पात्रको रूपमा आएको छ भने सहायक पात्रमा दुई चोर, साहु, सिपाही, बञ्जाराहरू, धोबी, बुढी, महाजन, तेली आदि रहेका पाइन्छन् भने गौण पात्रमा केटाको आमा, साहुका नोकरहरू, धोबीको छोरा रहेका पाइन्छन् । मानवेत्तर पात्रमा घोडा, चरा, भालु, कुकुर रहेका पाइन्छन् । सत पात्रका रूपमा आइमाई, छोरा रेहेका छन् भो असत पात्रका रूपमा चोरहरू रहेका छन् ।

### ४.२.१०.३ परिवेश

यस कथाको परिवेश पारिवारिक एवम् सामाजिक रहेको छ । यसमा घरपरिवार, वनजंगल र राजदरबारलाई वातावरणको रूपमा देखाइएको छ । कथामा कौतहुलता र मनोरञ्जकता पाइन्छ ।

### ४.२.१०.४ भाषाशैली

कथामा वर्णनात्मक र संवादात्मक शैली अपनाइएको छ । भाषिक प्रयोग सरल र जिज्ञासामूलक रहेको छ । साहस र चार्तुय यस कथामा पाइन्छ । कथा संयोगान्त रहेको पाइन्छ ।

### ४.२.१०.५ उद्देश्य

नराम्रो काम गर्ने आफै फस्छ भन्ने सन्देश चोरहरू आफै बेचिनुपरेको घटनाबाट देखिन्छ भने अरूलाई ठग्न खोज्दा एकदिन आफै फसिन्छ र फुत्किन गाह्रो हुन्छ भन्ने सन्देश केटाले अन्त्यमा समातिनु परेको घटनाबाट थाहा हुन्छ भन्ने मूल सन्देश कथाले दिएको पाइन्छ ।

### ४.२.१०.६ लोकतŒव

यस कथामा परम्परित चिन्तन, ठग्ने प्रवृति लोकतत्वको रूपमा आएको पाइन्छ भने पाहुनालाई देवता सरह मान्नु, अपराधीलाई राजाले दण्ड दिन्छन भन्ने धारणा राख्नु लोकविश्वासको रूपमा रहेको पाइन्छ ।

### ४.२.१०.७ अभिप्राय

केटाले झुक्याएर चोरहरू बेच्नु, सबैलाई झुक्याएर जेलबाट छुट्नु अभिप्रायको रूपमा रहेको पाइन्छ ।

## ४.२.११ सत्तलसिँह राजा कथाको विश्लेषण

### ४.२.११.१ कथानक

कैलाली जिल्लाको थारू समुदायबिच थारू समुदायबिच लोकप्रिय कथा मध्ये सत्तलसिँह राजा पनि एक हो । ऐतिहासिक पौराणिक विषय वस्तुमा आधारित रहेको छ । यस कथामा प्रारम्भ, मध्य र अन्त्यको श्रृङ्खला रहेको छ । प्रारम्भ भागमा रानीले भँगेराले दोस्रो विवाह गरेपछि उसका पहिलेकी श्रीमतीका बच्चाहरूको दुःखद मृत्यु देख्न पुग्छिन् । रानी चिन्तित हुन्छिन् । राजाले सम्झाउन खोज्दा चिन्ताको कारण बताउँछिन , राजाले आफूले आफ्ना सन्तानलाई त्यसो नगर्ने वचन दिनु पनि रानी चिन्ताले मर्छिन । राजाले अर्को बिहे गरेपछि नयाँ रानीले सुरुमा माया गरे पनि पछि राजकुमारलाई राम्रो नमानेको पाइन्छ । एकदिन सामान्य झगडामा राजालाई रानीले कुरा लगाएपछि राजाले राजकुमारलाई देश निकाला गर्दछन् ।

त्यसरी नै राजकुमार वनतिर साथमा साथीहरू पनि लिएर जान्छन् । सबै बिच आ-आफ्ना विशेषता बारे चर्चा हुन्छ । राती आलोपालो पहरा दिन पुग्छन् । सत्तलसिँहले आफ्नो पालामा अनौठो आवाज सुनेर उठद्छन् । हेर्दै जाँदा आफ्नै भैंरानन्द हात्तीलाई भेटाउँछन् । साथीहरूसँग छुट्टिन पुग्छन् । साथीहरूले भात तिन भाग खाएर एक भाग छोडेको हुन्छ । बाबरी फुललाई सत्तलसिँहले नओइलाउन भनेको घटनाका साथै राजकुमार राक्षसकहाँ पुगेका घटनाहरू मध्य भागमा रहेको छ

राक्षस्नीसँग भेट भएपछि सत्तलसिँहले बास माग्छन् । राक्षस्नीले भगाउन खोज्दा पनि नभागे पछि उनी उसको साहसबाट प्रभावित भएर उसलाई जुम्रा बनाएर कपालमा लुकाउँछिन् । राक्षसले मान्छेको गन्ध थाहा पाएपनि उसकी छोरीले आलटाल गर्छे । राक्षस्नी र सत्तलसिँह बिच प्रेम भएपछि दुवैको सल्लाहमा राक्षस मारिन पुग्छ । उनीहरू बिहे गरेर बस्न थाल्छन् । कुटनी बुढीको षडयन्त्रमा परेर सत्तलसिँह मारिन पुग्छ । रानीलाई अर्कै देशमा पुऱ्याइन्छ । त्यहाँको राजाले रानी बनाउन चाहेपनि उनले केही दिन पर्खन भन्छिन । उनले दिएको भोजमा सत्तलसिँहका साथी भेटेपछि सल्लाह गरेर षडयन्त्रकारी बुढी र राजालाई मारेर सत्तलसिँह जीवित पार्नु र अन्त्यमा आफ्नै देशमा गएर राज्य सञ्चालन गर्नु लगायतका घटना अन्त्य भागमा रहेका छन् । कथा वर्णनात्मक, संवादात्मक एवम् रोचक रहेको पाइन्छ ।

### ४.२.११.२ पात्र/चरित्र

यस कथामा सत्तलसिँह राजा र उनकी रानी प्रमुख पात्र हुन भने सत्तलसिँहका बुबा राजा, सत्तलसिँहकी आमा, सौतेनी आमा, तिन जना साथी, कुटनी बुढी, भौँदु राजा, राक्षस सहायक पात्र हुन् । मानवेत्तर पात्रमा भौंरानन्द हात्ती, भँगेरा भँगेरी, परेवा आदि रहेका छन् । यस कथामा सत्तलसिँह राजा, उनकी रानी सत पात्र हुन भने सौतेनी आमा, कुटनी बुढी, भौदु राजा असत पात्र हुन ।

### ४.२.११.३ परिवेश

सत्तलसिंह राजा कथामा दरबार, जंगल र राक्षसको दरबार परिवेशको रूपमा आएको पाइन्छ । षडयन्त्र, द्वन्द र साहसका घटना कथामा पाइन्छन् । यसमा वियोगको पक्ष प्रभावी भएर पनि अन्त्यमा संयोग पाइन्छ ।

### ४.२.११.४ भाषाशैली

भाषाशैली वर्णनात्मक र संवादात्मक छ । कथा रोचक एवम् मनोरञ्जक रहेको छ ।

### ४.२.११.५ उद्देश्य

दुःख गरेपछि सुख पाइन्छ । षडयन्त्रकारीको अन्त्य षडयन्त्रबाटै हुन्छ र हत्पति कसैमाथि विश्वास गर्दा ज्यान जान्छ भन्ने कुरा देखाउनु यस कथाको उद्देश्य रहेको पाइन्छ ।

### ४.२.११.६ लोकतŒव

यस लोककथामा नयाँ भँगेरीले विषालु काँडाको बिउ बचेरालाई ख्वाउनु, विश्वकर्माले सडेगलेको हात जोडनु, कायस्थले एकपल्ट मरिसकेको मानिस बचाउनु, बडहीले उडने खाट बनाउनु, भात लामो समयसम्म बफाइरहनु, बाबरीको फुल नओइलाउनु, बाँदरले सन्देश दिनु, गीत गाउने बित्तिकै डुंगा चल्नु आदि लोकतत्त्वको रूपमा रहेको पाइन्छ ।

### ४.२.११.७ अभिप्राय

सत्तलसिँह राजा लोककथामा सत्तलसिँहलाई जुम्रा बनाएर लुकाउनु, दुई परेवा मार्दा राक्षस मर्नु अभिप्रायको रूपमा रहेको पाइन्छ ।

## ४.२.१२ अगम जानकी कथाको विश्लेषण

### ४.२.१२.१ कथानक

स्वैर कल्पनात्मक र सामाजिक दुई छुट्टाछुट्टै विषयवस्तुमा आधारित कथा हो । यो कथा कैलाली जिल्लामा प्रचलनमा रहेको कथा हो । यसको कथानक लामो समयको संरचनामा रहेको नभइ सानो समयावधिमा घटित भएको छ । यस कथमा आदि, मध्य र अन्त्यको श्रृङ्खला रहेको छ । लोग्ने मान्छे आफ्नो श्रीममतीसँग रिसाएर घर छाडेर जानु आदि भाग रहेको छ भने श्रीमतीले जुक्ति निकाले जादुगरको रूपधारण गरी राजाको घर गएर राजालाई खुसी पार्नु, राजाले प्रशन्न भएर  श्रीमानलाई दिनु मध्य भाग रहेको छ भने श्रमितीले ठिकको कुरा थाहा पाउनु पछि गएर

दुबैको मिलन हुनु यस कथाको अन्त्य भाग रहेको छ । लघु आकारमा संरचित यो कथा मिठासका दृष्टिले उत्कृष्ट रहेको छ ।

### ४.२.१२.२ पात्र /चरित्र

यस कथामा बुढाबुढी र छोरा बुहारी पात्र छन् । उनीहरूकै घटनाबाट कथानकको निर्माण भएको छ । अन्य सहायक पात्रका रूपमा मानवीय र मानवेतर पात्रहरू रहेका छन् । मानवीय पात्रका रूपमा बुढाबुढी र छोरा बुहारी रहेका छन् भने मानवेतर पात्रका रूपमा कागको उपस्थिति रहेको छ ।

### ४.२.१२.३ परिवेश

यस कथामा पात्रको रूपमा उभ्याएको प्रस्तुत कथा मान्छे मात्र नभई पशुपंक्षीहरू पनि बोलेको पाइन्छ । यस कथाको परिवेश तलाउ नजिक जङ्गल, मान्छेको घरको सेरोफेरोमा केन्द्रीत रहेको छ ।

### ४.२.१२.४ भाषाशैली

अगम जानकी कथाको भाषाशैली सरल तथा सहज एवम् वर्णनात्मक शैली प्रयोग गरिएको कथा हो । यस कथामा खरायो र बाघका बिचमा भएको कुराकानीलाई संवदात्मक शैलीमा ठिक बढाएको छ । कथाको भाषा मनोरञ्जपरक रहेको छ भने वक्रतापूर्ण शैली पनि भेटिन्छ । मानवेत्तर प्राणी पनि मानवसँग संवाद गरेको भाषा रहेको पाइन्छ ।

### ४.२.१२.५ उद्देश्य

सामाजिक मनोरञ्जन प्रदान गर्नु यस कथाको मूल उद्देश्य हो । आर्थिक अभाव समस्या पीडालाई कथाका माध्यमबाट चित्रण गर्न खोजिएको छ । कथामा प्रयुक्त भाषाशैलीले कथा श्रवणकर्तालाई मनोरञ्जन र मिठास दिने काम गरेको छ ।

### ४.२.१२.६ लोकतŒव

ठिकको कुरा जान्नु, मान्छे भेष धारण गर्नु, मान्छे र पशुपंक्षी बिच संवाद हुनु यस कथाको लोकतत्त्व रहेको छ ।

### ४.२.१२.७ अभिप्राय

आमाबाबुले खोजेको बुहारी मन नपराउनु, घर छोडेर राजाको घरमा नोकर बस्नु,राजाले जादुगरलाई प्रशन्न भएर नोकरलाई उपहार दिनु नोकर छुट्कारा पाएपछि खुसी हुनु, पछि लोग्ने स्वास्नीले खुसी जीवन बिताउनु यस कथाको अभिप्राय रहेका छन् ।

## ४.२.१३ नमहा ओ बघुवा कथाको विश्लेषण

### ४.२.१३.१ कथानक

स्वैर कल्पनात्मक विषयवस्तुमा आधारित नमहा ओ बघुवा कथा हास्यमूलक र मनोरञ्जन परक कथा हो । यो कथा कैलाली जिल्लामा प्रचलनमा रहेको कथा हो । यसको कथानक लामो समयको संरचनामा रहेको नभइ निश्चित समयावधिमा घटित भएको छ । खरायो र बाघ बिच भएको मित्रताले कथाको प्रारम्भिक भाग ओगटेको छ अन्तमा दुवै बिच सुरु भएको कटुता र दुःखान्त परिणतिको चर्चा गरिएको छ । आदि, मध्य र अन्त्य धारा प्रवाह गरी ठिक बढेको पाइन्छ ।

### ४.२.१३.२ पात्र /चरित्र

नमहा ओ बघुवा कथामा खरायो र बाघ दुवै मानवेतर पात्र हुन् । उनीहरू कै घटनाबाट कथानकको निर्माण भएको छ । अन्य सहायक पात्रका रुपमा मानवीय र मानवेतर पात्रहरू रहेका छन् । दुबै मानवेतर पात्रका रूपमा जङ्गल पर्वतको उपस्थिति रहेको छ । खरायो मित्रताको साइनोमा नजिक हुन चाहेन सोझो र असल पात्रका रूपमा देखिएको छ भने बाघ अति धूर्त, बदमास र धोकेबाज पात्रका रुपमा कथामा आएको छ । मानिसको कारणले खरायो ज्यान जोगिएको छ ।

### ४.२.१३.३ परिवेश

पशुपंक्षीलाई कथामा पात्रको रूपमा उभ्याएको प्रस्तुत लाटो कागको कथा मान्छे मात्र नभई पशुपंक्षीहरू पनि बोलेको पाइन्छ ।यस कथाको परिवेश तलाउ नजिक जङ्गल, मान्छेको घरको सेरोफेरोमा केन्द्रीत रहेको छ ।

### ४.२.१३.४ भाषाशैली

नमहा ओ बघुवा कथाको भाषाशैली सरल तथा सहज एवम् वर्णनात्मक शैली प्रयोग गरिएको कथा हो । यस कथामा खरायो र बाघका बिचमा भएको कुराकानीलाई संवदात्मक शैलीमा ठिक बढाएको छ । कथाको भाषा मनोरञ्नपरक रहेको छ भने वक्रतापूर्ण शैली पनि भेटिन्छ । मानवेत्तर प्राणी पनि मानवसँग संवाद गरेको भाषा रहेको पाइन्छ ।

### ४.२.१३.५ उद्देश्य

सामाजिक मनोरञ्न प्रदान गर्नु यस कथाको मूल उद्देश्य हो । मान्छे जस्तै पशुपंछीले पनि मौका पाए आफ्नो स्वार्थ पूर्ति गर्न लालायिक हुन्छन् भन्ने मूल मर्म कथामा आएको छ । वक्ताले कथा भन्दै गर्दा श्रोतामा आउने कौतुहलताले अत्याधिक मनोरञ्जन प्रदान गर्छ ।

### ४.२.१३.६ लोकतŒव

खरायो र बाघ बिच सहज रूपमा संवाद हुनु, दुबै बिच मानव जस्तो मित्रताको साइनो हुनु, खरायो र बाघ जनावर भएर पनि मानवसँग सहज रूपमा संवाद गर्नु यस कथाका लोकतत्त्व रहेको छ ।

### ४.२.१३.७ अभिप्राय

बाघले लखेट्दा खरायो मान्छेको शरणमा पर्नु मान्छे खरायोलाई लुकाउनु, पछि बाघले मान्छेसँग भेट हुदाँ यो कुरा कसैलाई नभन्नु उसको इज्जतको सवाल हुनु, मान्छे र बाघ बिच कुरा हुनु बाघ मान्छेको घरमा गएर कुरा सुन्नु  जस्ता अभिप्राय रहेका छन् ।

## ४.२.१४ गिदरा ओ टुवर लौरा कथाको विश्लेषण

### ४.२.१४.१ कथानक

स्वैर कल्पनात्मक र सामाजिक दुई छुट्टाछुट्टै विषयवस्तुमा आधारित कथा हो । यसको कथानक लामो समयको संरचनामा रहेको नभइ सानो समयावधिमा घटित भएको छ । यस कथामा आदि, मध्य र अन्त्यको श्रृङ्खला रहेको छ । सुरुमा केटा भोकभोकै बस्नु, केटाको खाना स्याल खानु पछि स्याललाई पासोमा पारी स्यालसँग मित्रता लगाउनु यस कथाको आदि भाग रहेको छ । स्यालले बुद्धि निकालेर राजाकी छोरीँग विवाह गराई दिनु धनाढ्य राक्षसलाई मार्न लगाउनु, उसको दरबार कब्जा गर्नु र सुख शयल का साथ जीवन बिताउनु मध्य भाग रहेको छ । स्यालको मृत्युसँगै राजा शोकमा पर्नु यस कथाको अन्त्य भाग रहेको छ ।

#### ४.२.१४.२ पात्र /चरित्र

यस कथामा मानवीय र मानवेतर पात्र रहेका छन् । प्रमुख पात्रका रूपमा टुवर लौरा रहेको छ भने सहायक पात्रका रूपमा गिदरा रहेको छ । गिदरा धूर्त गरी अनाथ केटालाई राजा बनाई दिएको छ । मानव र पशु बिच संवाद रहेको छ ।

#### ४.२.१४.३ परिवेश

यस कथामा पात्रको रूपमा उभ्याएको प्रस्तुत कथा मान्छे मात्र नभई पशु पनि बोलेको पाइन्छ । यस कथाको परिवेश महल, जङ्गल, मान्छेको घरको सेरोफेरोमा केन्द्रित रहेको छ ।

#### ४.२.१४.४ भाषाशैली

गिदरा ओ टुवर लौरा कथाको भाषाशैली सरल तथा सहज एवम् वर्णनात्मक शैली प्रयोग गरिएको कथा हो । यस कथामा अनाथ स्यालका बिचमा भएको कुराकानीलाई संवदात्मक शैलीमा ठिक बढाएको छ । कथाको भाषा मनोरञ्नपरक रहेको छ । मानवेत्तर प्राणी पनि मानवसँग संवाद गरेको भाषा रहेको पाइन्छ ।

#### ४.२.१४.५ उद्देश्य

सामाजिक मनोरञ्जन प्रदान गर्नु यस कथाको मूल उद्देश्य हो । आर्थिक अभाव समस्या पीडालाई कथाका माध्यमबाट चित्रण गर्न खोजिएको छ । कथामा प्रयुक्त भाषशैलीले कथा श्रवणकर्तालाई मनोरञ्जन र मिठास दिने काम गरेको छ ।

#### ४.२.१४.६ लोकतŒव

मानव र जनावर बिच संवाद हुनु, स्यालको कुरा राजासम्म पट्याउनु, स्याल अनाथ केटालाई राजासम्म बनाउने, स्यालको सिङ राखेर जुवा खेल्यो भने कहिल्यै पनि हार नहुने धार्मिक विश्वास आदि लोकतत्त्व रहेको छ ।

#### ४.२.१४.७ अभिप्राय

केटा अनाथ हुनु, केटाले स्यालको कुरामा विश्वास गरेर, अनाथ केटा राजासम्म हुनु, राजाले पनि विश्वास गरेर आफ्नो छोरी दिनु, स्यालको कुरा मानेर राक्षस मर्नु अनाथ केटालाई राजासम्म बनाउन पुग्नु जस्ता यस कथाको अभिप्राय रहेको छ ।

### ४.२.१५ गोंगहा कौवा कथाको विश्लेषण

#### ४.२.१५.१ कथानक

स्वैर कल्पनात्मक विषयवस्तुमा आधारित लाटो कागको कथा हास्यमूलक र मनोरञ्जन परक कथा हो । यो कथा कैलाली जिल्लामा प्रचलनमा रहेको कथा हो । यसको कथानक लामो समयको संरचनामा रहेको नभइ निश्चित समयावधिमा घटित भएको छ । भँगेरा र काग बिच भएको मित्रताले कथाको प्रारम्भिक भाग ओगटेको छ अन्तमा दुवै बिच सुरु भएको कटुता र दुःखान्त परिणतिको चर्चा गरिएको छ । आदि, मध्य र अन्त्य धारा प्रवाह गरी ठिक बढेको पाइन्छ ।

#### ४.२.१५.२ पात्र/चरित्र

लाटो काग कथामा भँगेरा र काग दुवै मानवेतर पात्र हुन् । उनीहरू कै घटनाबाट कथानकको निर्माण भएको छ । अन्य सहायक पात्रका रुपमा मानवीय र मानवेतर पात्रहरू रहेका छन् । मानवीय पात्रका रूपमा कुमाले र कामी रहेका छन् भने मानवेतर पात्रका रूपमा तलाउ पर्वतको उपस्थिति रहेको छ । काग मित्रताको साइनोमा नजिक हुन चाहेन सोझो र असल पात्रका रूपमा देखिएको छ भने भँगेरा अति धूर्त, बदमास र धोकेबाज पात्रका रूपमा कथामा

आएको छ । भगेराकै कारणले उनीहरू दुबै बिचको मित्रता भङ्ग भएको र कागले अनाहकमा ज्यान गुमाउनु परेको छ। काग छट्टु हुँदाहुँदै पनि भँगेराको ठिक लाटो भएको छ।

### ४.२.१५.३ परिवेश

पशुपंक्षीलाई कथामा पात्रको रूपमा उभ्याएको प्रस्तुत लाटो कागको कथा मान्छे मात्र नभई पशुपंक्षीहरू पनि स्वार्थ सिद्धीका रूपमा देखिन्छन् भने कुरा राख्ने लोक प्रचलनमा रहेको कथा हो । यस कथाको परिवेश तलाउ नजिक जङ्गल, पर्वत, तलाउ, कुमालले घर, कामीको घरको सेरोफेरोमा केन्द्रित रहेको छ ।

### ४.२.१५.४ भाषाशैली

लाटो काग कथाको भाषाशैली सरल तथा सहज एवम् वर्णनात्मक शैली प्रयोग गरिएको कथा हो । यस कथामा भँगेरा र कागका बिचमा भएको कुराकानीलाई संवदात्मक शैलीमा ठिक बढाएको छ । कथाको भाषा मनोरञ्जनात्मक रहेको छ भने वक्रतापूर्ण शैली पनि भेटिन्छ । मानवेत्तर प्राणी पनि मानवसँग संवाद गरेको भाषा रहेको पाइन्छ।

### ४.२.१५.५ उद्देश्य

सामाजिक मनोरञ्न प्रदान गर्नु यस कथाको मूल उद्देश्य हो । मान्छे जस्तै पशुपन्छीले पनि मौका पाए आफ्नो स्वार्थ पूर्ति गर्न लालायिक हुन्छन् भन्ने मूल मर्म कथामा आएको छ । वक्ताले कथा भन्दै गर्दा श्रोतामा आउने कौतुहलताले अत्याधिक मनोरञ्जन प्रदान गर्छ।

### ४.२.१५.६ लोकतŒव

भगँरा र कागका बिच सहज रूपमा संवाद हुनु, दुबै बिच मानव जस्तो मितको साइनो हुनु, कागले पशुपंक्षी भएर पनि मानवसँग सहज रूपमा संवाद गर्नु यस कथाका लोकतत्त्व रहेको छ।

### ४.२.१५.७ अभिप्राय

भँगेरा कागलाई छक्याएर कागको अण्डा खानु, आफ्नो खाने बेलामा कागलाई झुक्याएर चुच्चो धुन पठाउनु, काग चलाख हुँदाहुँदै आफै लाटो भएर मृत्युको मुखमा पुग्नु यस कथाको अभिप्रायको रूपमा रहेको पाइन्छ।

# पाँचौ परिच्छेद

## उपसंहार

लोककथा लोक जीवनको सुख दुःखको अनुभूतिलाई प्रभावकारी रूपमा अभिव्यक्त गर्ने एउटा सशक्त लोक साहित्यिक विधा हो । लोककथाको विषयवस्तु यथार्थ धरातलदेखि काल्पनिक धरातलतर्फ उन्मुख हुने हुनाले यसले मानव हृदयलाई मनोरञ्जनका साथै कौतुहल पैदा गराइ दिन्छ । यो गद्यात्मक आख्यान मूलक विधा भएकाले यसले आफ्नै किसिमको अभिप्राय बोकेको हुन्छ । ऐतिहासिक, राजनैतिक, सामाजिक धार्मिक, आर्थिक र सांस्कृतिक कुनै पनि किसिमको अभिप्राय हुन सक्छ । परम्परासँग जोडिएको लोकमानसको तत्त्व बोकेको मौलिक कथा नै लोककथा हो । यस किसिमको अभिप्राय बोकेको लोककथामा उपयुक्त मानव तथा मानवेतर पात्रहरूले श्रोतालाई विमुग्ध पारी आफूतिर आकर्षण गर्दै काल्पनिक लोकमा पुऱ्याइ रहेका हुन्छन् । नेपाली लोककथमा एकादेशबाट सुरु भई सुन्नेलाई सुनको माला, भन्ने लाई फुलको माला भन्दै टुङ्गिन्छ । भने थारू लोककथामा हँसिया लेबो कि बेंट, बेंट तोहार मोर सध्यें हुई भेंट भनेर टुङ्गिन्छ । नेपालीहरू प्राय : नब्बे प्रतिशतभन्दा बढी खेतीमा निर्भर रहनु पर्ने भएकाले दिनमा कथा भन्ने फुर्सद हुदैन दिनमा कथा भनेमा सन्तान लाटा गाँडा हुन्छन् भन्ने लोकविश्वास पनि छ । कथावाचकले हाउभाउका साथ वातावरणलाई नै मनोरञ्जनात्मक बनाइ दिन्छन् । यसले लोकलाई अर्ती उपदेश नीतिमूलक शिक्षा दिइरहेको हुन्छ । लोक जीवनको आँसु हाँसो, आवेग संवेग, आस्था विश्वास, धर्म संस्कृति, रीति रिवाज आदिसँग सम्बन्धित घटनाहरूको आख्यानात्मक अभिव्यक्ति नै लोककथा हो ।

लोक साहित्य लोक जन जीवनको ढुकढुकी हो । मानव सभ्यताको प्रारम्भदेखि नै लोकजीवनमा अनुभव र अनुभूतिलाई स्वर प्रदान गर्ने कार्य हुँदै आएको छ । जबदेखि मानिसले चेतना हासिल गऱ्यो, त्यसै समयदेखि आफ्ना जीवनका तिता-मिठा अनुभव र भोगाइलाई कला र गलाको माध्यमबाट समाजसामु प्रस्तुत गर्दै आयो । यसरी नै लोकसाहित्यको विकास हुँदै आयो ।

कैलाली जिल्ला सुदूर पश्चिमाञ्चलको सबैभन्दा सुगम जिल्ला हो । यस जिल्लामा विभिन्न जातजाति, भाषाभाषीको बसोबास रहेको यस जिल्लामा सांस्कृतिक विविधता पाइन्छ ।

प्रस्तुत शोधपत्रमा कैलाली जिल्लाका थारू लोककथाहरूको सङ्कलन र विश्लेषण गरिएको छ । यस शोधपत्रमा १५ वटा लोककथाहरू सङ्कलन गरिएको छ । कैलाली जिल्लाका विभिन्न स्थानबाट सङ्कलन गरी तयार गरिएको यस शोधपत्रमा लोककथाका क्षेत्रमा कैलाली जिल्लाको योगदानलाई र उपलब्धीलाई समेट्ने प्रयास गरिएको छ ।

यस शोधपत्रमा ५ वटा परिच्छेदहरू दिइएको छ । पहिलो परिच्छेदमा शोध परिचय दिइएको छ । यसमा यसभन्दा ठिक भए गरेका कार्यहरूको विवरण दिइएको छ भने त्यस्तै प्रस्तुत शोधको विषय परिचय, समस्या कथन, शोधकार्यका उद्देश्यहरू, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, शोधकार्यको सीमाङ्कन, शोधविधि र शोधपत्रको रूपरेखा रहेको छ ।

दोस्रो परिच्छेदमा थारूहरूको सामान्य परिचय, थारूहरूको मूलस्थान तथा प्रसार साथै लोककथाको सैद्धान्तिक परिचय, परिभाषा, विशेषता, तत्त्वहरू, वर्गीकरण र लोककथाको अध्ययन परम्परा दिइएको छ ।

तेस्रो परिच्छेदमा कैलाली जिल्लामा प्रचलित थारू लोककथाहरूको सङ्कलन गरिएको छ । चौथो परिच्छेदमा कैलाली जिल्लाका थारू लोककथाहरूको वर्गीकरण एवम् विश्लेषण प्रस्तुत गरिएको छ ।

कैलाली जिल्लाका थारू लोककथामा प्राचीन कृषियुगको समय देखाइएको छ । विभिन्न अन्धविश्वास, कुरीतिका साथै भुतप्रेत, बोक्सीमाथि विश्वास गरिएको पाइन्छ । नायकले अविश्वसनीय कार्य गरेको पाइन्छ । विभिन्न मानव र मानवेत्तर पात्रहरू हुनु, खराबको पराजय र राम्रो काम गर्ने नायकको विजय यी लोककथाहरूमा देखाइएको छ । लोककथाका पात्रहरू एवम् स्थानका नाममा थारू शब्द रहेको पाइन्छ । स्वर्ग-नर्क, पृथ्वी-पातालको वर्णन पाइनु, मानव र दानवका द्वन्द देखाउनु लगायतका विशेषताहरू यी लोककथामा पाइन्छ । सामन्ती युग, राजा र वीर पुरूषको केन्द्रियतामा घटनाक्रम अघि बढेको देखाएको पाइन्छ । वीरपुजाको प्रवृति रहनु यी लोककथाका विशेषता हुन् ।

कैलाली जिल्ला लोक साहित्य र लोक संस्कृतिको क्षेत्रमा धनी जिल्ला हो । यहाँको संस्कृति, परम्परा र लोक साहित्यमा विविधता पाइनुका साथै यसको मौलिक पहिचान पनि छ । प्रस्तुत शोधपत्र मूलतः कैलाली जिल्लाका थारू लोककथाको सङ्कलन र विश्लेषणमा केन्द्रित छ । कैलाली जिल्लाको लोक साहित्यको विकासमा यी लोककथाहरूको महत्व अझ व्यापक हुँदै जाने निश्चित छ । थारू जातिको लोक साहित्य, संस्कृतिको विकासका निमित्त यसले महत्त्वपूर्ण भूमिका खेल्ने कुरा प्रायः निश्चित छ ।

**सम्भावित शोधशीर्षकहरू**

१-कैलाली जिल्लाका लोककथाको अध्ययन

२-कैलाली जिल्लाका लोककथामा जनजीवन

३-कैलाली जिल्लाका लोककथाको समाजशास्त्रीय अध्ययन


४-कैलाली जिल्लाका लोककथामा नारी पात्र

## परिशिष्ट १

लोककथा वाचकहरूको परिचय

| क.स. | लोककथाको शीर्षक | वाचकको नाम | ठेगाना |
|---|---|---|---|
| १ | सपरजुवा कथा | धिकराम चौधरी | दोदोधरा गा.वि.स.वार्ड नं. ४ कैलाली |
| २ | हिटवा कथा | भिखु डगौंरा थारू | बलिया गा.वि.स. वार्ड नं. ९ कैलाली |
| ३ | दंगीशरण राजा | लौटन डगौंरा | पथरैया गा.वि.स. वार्ड नं. २ कैलाली |
| ४ | एकबित्ते कथा | रामकिसुन चौधरी | मुनुवा गा.वि.स. वार्ड नं. ५ कैलाली |
| ५ | मेघिया रानी कथा | सुखरानी थारू | जोशीपुर गा.वि.स. वार्ड नं. ४ कैलाली |
| ६ | नकबिलरी कथा | बिश्राम कुश्मी | नारायणपुर गा.वि.स. वार्ड नं. २ कैलाली |
| ७ | हास्तापान बोल्ता सुपारी कथा | नारायण चौधरी | दुर्गौली गा.वि.स. वार्ड नं. ६ कैलाली |
| ८ | बुधनी कथा | मीना चौधरी | कोटातुल्सीपुर गा.वि.स.वार्ड नं. ३ कैलाली |
| ९ | मामा ओ भैंने कथा | रामप्रसाद चौधरी | धनसिंहपुर गा.वि.स. वार्ड नं. २ कैलाली |
| १० | हग्गु कहाँ ? कथा | सुरज चौधरी | चुहा गा.वि.स. वार्ड नं. १ कैलाली |
| ११ | सत्तलसिंह राजा कथा | रामधनी डगौंरा | जानकीनगर गा.वि.स. वार्ड नं. ५ कैलाली |
| १२ | अगम जानकी कथा | मसतरानी डगौंरा | थापापुर गा.वि्.स. वार्ड नं. ६ कैलाली |
| १३ | नमहा ओ बघुवा कथा | शिवानु थारू | प्रतापपुर गा.वि.स. वार्ड नं. २ कैलाली |
| १४ | गिदरा ओ टुवर लौरा कथा | रामभरोसे डगौंरा | बौनिया गा.वि.स. वार्ड नं. ९ कैलाली |
| १५ | गोंगहा कौवा कथा | बिकटलाल चौधरी | टीकापुर न.पा.वार्ड नं.४कैलाली |

# परिशिष्ट २
## अध्ययन क्षेत्रको जिल्ला कैलाली



# सन्दर्भ ग्रन्थ सूची

## पुस्तकको सूची


आचार्य, गोविन्द, **राप्ती लोक साहित्य,** काठमाडौं : पैरवी प्रकाशन, २०६३ ।

…………………, **दाङ देउखुरी उपत्यकाको थारू लोक साहित्य,** काडमाडौं : ने.रा.प्र.प., २०६२ ।

आचार्य, बाबुराम, **थारू जातिको मूल घर कहाँ ?** काठमाडौं : प्राचीन नेपाल, श्री ५ को सरकार पुरातत्त्व विभाग २०२९ ।

उपाध्याय, कृष्णदेव, **लोकसाहित्यकी भूमिका,** इलाहावाद : साहित्य भवन, इ.सं. १९७७ ।

ओझा, देवीप्रसाद, **सुदूर पश्चिमाञ्चलमा साहित्य र साहित्यकारहरू,** कञ्चनपुर : सु.प.सा.स., २०६० ।

कर्मा, लीलासिंह, **हाम्रो लोककथा,** काठमाडौं : साझा प्रकाशन, २०३८ ।

गिरी, जीवेन्द्र देव, **लोकसाहित्यको अवलोकन,** काठमाडौं : एकता प्रकाशन, २०५७ ।

……………., **हाम्रा लोकगाथा**, काठमाडौं : एकता प्रकाशन, २०५७ ।

……………., **नेपाली लोक साहित्यमा जन जीवन**, काठमाडौं : एकता प्रकाशन, २०६७ ।

गौतम, टेकनाथ, **थारू जातिको इतिहास तथा संस्कृति,** दाङ : सुशीलकुमार चौधरी, २०४४ ।

चौधरी, लक्की, **तिहुवार,** कैलाली : स्वयम्, २०६२ ।

जोशी, तीर्थराज, "डोटी जिल्लामा प्रचलित लोककथाको अध्ययन," अप्रकाशित नेपाली स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर, २०६५ ।

जोशी, सत्यमोहन, **हाम्रो लोकसंस्कृति,** काठमाडौ : रत्न पुस्तक भण्डार, २०१४ ।

त्रिपाठी, वासुदेव, **विचरण,** काठमाडौं : भानु प्रकाशन, २०२८ ।

…………………,"लोककथाको मूल्यलाई औंल्याउन खोज्दा" **हाम्रो लोक संस्कृति,** काठमाडौं : भानु प्रकाशन, २०२५ ।

थापा, धर्मराज र सुवेदी हंसपुरे, **नेपाली साहित्यको विवेचना,** काठमाडौं : त्रि. वि. पाठ्यक्रम विकास केन्द्र, २०४१ ।

थारू, अशोक, **थारू लोकसाहित्यमा इतिहास कला र दर्शन,** दाङ : परिवर्तनका संवाहकहरूको मञ्च नेपाल, २०६३ ।

दहित, गोपाल, **थारू संस्कृतिको संक्षिप्त परिचय,** ललितपुर : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, २०६२ ।

दिवस, तुलसी, **नेपाली लोककथा : केही अध्ययन,** काठमाडौं : रत्न पुस्तक भण्डार, २०३२ ।

…………….,**थारू लोकवार्ता तथा लोकजीवन,** काठमाडौं : नेपाल लोकवार्ता समाज, २०६५ ।

पराजुली, कृष्णप्रसाद, **नेपाली लोकगीतको आलोक,** काठमाडौंः वीणा प्रकाशन, २०५७ ।

पराजुली, मोतीलाल, **नेपाली लोकगाथा,** पोखरा : श्रीमती तारादेवी पराजुली, २०४९ ।

बन्धु, चूडामणि, **नेपाली लोकसाहित्य**, काठमाडौ : एकता प्रकाशन, २०५८ ।

बस्नेत, देवी बहादुर, "सोलुखुम्बु जिल्लामा प्रचलित लोककथाहरूको सङ्कलन र वर्गीकरण" अप्रकाशित नेपाली स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर, २०६० ।

भट्ट, पुष्करराज, **सुदूर पश्चिममा मातृभाषा र साहित्य,** काठमाडौं : जनमत प्रकाशन, २०६५ ।

भाइसाब, वासुदेव, **थारू लोकसाहित्य परिचय कोश** महेन्द्रनगर : स्वयम्, २०६५ ।

.............., **डोटी प्रदेशको वाङ्मय कोश,** काठमाडौं : साझा प्रकाशन, २०६५ ।

यात्री, यज्ञराज र अन्य **साहित्यकार र परिचय कोश,** कञ्चनपुर : सु.प.सा.स., २०६० ।

शाखा तथ्याङ्क कार्यालय, **जिल्ला वस्तुगत विवरण,** कञ्चनपुर : शाखा तथ्याङ्क कार्यालय, २०६३ ।

शर्मा, मेदिनी प्रसाद, **थारू जातिको एक अध्ययन,** काठमाडौं : साझा प्रकाशन, २०६४ ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल, **लोकवार्ता विज्ञान र लोकसाहित्य** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार २०६३ ।

सर्वहारी, कृष्णराज, **मामा भान्जा,** काठमाडौं : विवेक सर्जिनशील प्रकाशन २०६१ ।

सुवेदी, राजेन्द्र र धरणी गौतम, "मेची अञ्चलका लोककथको सङ्कलन वर्गीरण र विश्लेषण," इलाम , २०३८ ।

श्री ५ को सरकार सञ्चार मन्त्रालय, **मेचीदेखि महाकाली, भाग-४,** काठमाडौं : सूचना विभाग, २०३१ ।

श्रेष्ठ, दयाराम, **प्रारम्भिक कालको नेपाली साहित्य : इतिहास र परम्परा,** काठमाडौं : त्रि. वि. पाठ्यक्रम विकास केन्द्र, २०३८ ।

ज्ञवाली, सविना, "गुल्मी जिल्लाका लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण," अप्रकाशित नेपाली स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर, २०६१ ।

## पत्रिका सूची

चौधरी, राजेन्द्र कुमार, "थारुनके संस्कृति," **असरक डगर,** ५ : २०, २०६३ कुवाँर, पृ.२१-२२ ।

चौधरी, रामलौटन, 'थारुनके लोककथा,' **हमार पहुरा,** ३३ : ६, २०५९ पुष, पृ. २-३ ।

चौधरी, विकास, 'थारू आवाज,' **उँकुवार भैंट,** ७ : ३, २०६२ माघ, पृ. ३५ ।

सर्वहारी, कृष्णराज, **बत्कुही विशेषांक, बिहान,** १५ : ११, २०६० कार्तिक ।